# बिली ग्राहम



## ईश्वरले विश्वास गर्नुभएका व्यक्तिहरू

**THE MEN WHOM GOD TRUSTED**



# बिली ग्राहम

(सन् १९१८ - सन् २०१८)

**प्रकाशक**
**ट्याबरनेकल अफ गड मिनिस्ट्रीज**
**बाह्रबिसे - ९, सिन्धुपाल्चोक,**
**नेपाल**
**फोन : ०११-४८९००५**
**email: togmission@gmail.com**

पहिलो प्रकाशन : वि.सं. २०८१ (२०२५ A.D.)
अनुवादक : के.एम.दास
टाइपिङ्ग : सहदेव श्रेष्ठ

**Original Work Details:**
Title: Billy Graham: America's Pastor
Authors: Janet and Geoff Benge
Copyright © 2014 by Janet and Geoff Benge
Original Publisher: Emerald Books
Published with permission. For more information about the original publication, visit : https://www.ywampublishing.com/default.aspx

**Visit us @ www.togmission.com**
All our books are freely available for download on our website.
The contents of this book can be used only for non-commercial purposes.
All rights reserved ©
www.togmission.com

# विषय सूची


| विषय | पृष्ठ |
| --- | --- |
| १. फार्ममा | ५ |
| २. आगोको बिचमा | १५ |
| ३. गनगनाउनु सहने छैन | २५ |
| ४. उनका सपनाहरूको युवती | ३५ |
| ५. सम्भावनाहरू हेर्दै | ४३ |
| ६. युथ फर क्राइष्ट | ५४ |
| ७. पुरानो समयको धर्म लस एन्जलसभरि फैलिनु | ६५ |
| ८. एउटा बढ्दो सेवकाइ | ७५ |
| ९. संयुक्त राज्यले चाहेको मानिस | ८४ |
| १०. साझा आधार | ९५ |
| ११. युरोप र त्योभन्दा पर | १०७ |
| १२. न्यू योर्क | १२१ |
| १३. बदलाब | १३३ |
| १४. मित्रता र निराश | १४२ |
| १५. बन्द गरिएका ठाउँहरूको लागि बन्द नगरिएका ढोकाहरू | १५६ |
| १६. एउटा राष्ट्रिय धन | १६६ |
| १७. जीवन र प्रभाव | १७५ |
| १८. अन्तिम समयहरू (अनुवादकद्वारा परिशिष्ट) | १७८ |


www.togmission.com

# धन्यवाद

हामीलाई यहाँसम्म डोऱ्याउनुभएको परमेश्वरलाई सम्पूर्ण महिमा र प्रशंसा दिन चाहन्छौँ, र यो पुस्तक उहाँकै चरणमा समर्पण गर्दछौँ। हाम्रो सेवाका लागि प्रार्थना गर्ने हरेकजनप्रति हामी आभार व्यक्त गर्न चाहन्छौँ। परमेश्वरले उहाँहरूलाई प्रसस्त आशिष् दिनुभएको होस्।

www.togmission.com

***Bibliography*** **(सन्दर्भ सामग्री)**

*Billy Graham: America's Pastor : By Janet and Geoff Benge*

*&*

*Billy's Final Years (2013–2018) - Translator's Addendum*

## अध्याय - १

# फार्ममा

"बिली फ्र्याङ्क, तिमी र तिम्री बहिनीलाई घर लैजान यता कोही आउनुभएको छ, तिमीलाई छुट्टी।" बिली फ्र्याङ्कले हेरे। यो साँचो हुन सक्छ? बिहानको विश्रामपछि कक्षा भर्खरै सुरु भएको थियो, र अहिले उनी र उनकी बहिनी क्याथरिनलाई घर लैजान बोलाइँदै छ। बिली फ्र्याङ्कले अनुहार खुम्च्याए। उनको १२ वर्षको जीवनमा यस्तो केही पहिले घटेका थिएन। फार्ममा केही नराम्रो भएको थियो? उनका अभिभावकहरू ठिक थिए कि?

बिली फ्र्याङ्क आफ्नो खाजाको भाँडोलाई बोकेर कक्षाकोठाबाट बाहिर निस्कँदा कक्षाका अन्य विद्यार्थीहरूका आँखा उनीमाथि थियो। उनीभन्दा दुई वर्षकी कान्छी क्याथरिन उड्लान विद्यालयको गेटमा उनको दाजुसँग भेट्दा चिन्तित देखिन्थिन्।

फार्ममा तिनीहरूको बुवाको दाहिने हात मानिने मानिसलाई उल्लेख गर्दै क्याथरिनले भनिन्, "हेर, हामीलाई लैजानको लागि रीस आउनुभएको छ। के भयो होलाजस्तो तिमीलाई लाग्छ?"

बिली फ्र्याङ्क आफ्नो काँध खुम्च्याए। "म आशा गर्छु, केही खराब भएको छैनँ।" एउटा ए मोडलको फोर्डकार तिनीहरूको आँखा अगाडि आएर रोकिँदा तिनीहरू दुवै चढे। बिली फ्र्याङ्क रीस ब्रउनको छेउमा अगाडि सिटमा बसे।

तिनीहरू विद्यालयबाट जाँदै गर्दा बिली फ्र्याङ्कले सोधे, "के भयो रीस?"

रीस आफ्नो कालो मोटो हात पसारेर बिली फ्र्याङ्कको खैरो कपाललाई मसार्दै भने, "मलाई लाग्छ, तिमीलाई भन्नु ठिकै हुन्छ, तिमीले चाँडै थाहा



www.togmission.com

पाउनेछौँ। चिकित्सक भर्खरै आउनुभएको थियो र भन्नुहुन्छ, कि तिम्री हजुरआमा केही घण्टाहरू मात्र बाँच्नुहुन्छ।"

उत्तर क्यारोलाइना मिक्लनबर्ग जिल्लाको साना डाँडाहरूलाई हेर्दै बिली प्र्याङ्कले यस खबर बुझ्दै थिए। उनकी आमाकी आमा, हजुरआमा कफी मात्र उनको आमाबुवाका अभिभावकहरूमध्ये उनले देखेको हजुरआमा थिइन्। अरूहरू उनी जन्मनुअघि बितिसकेका थिए। उनले आफ्नो हजुरआमालाई मन पराउँथे। तिनी वृद्ध थिइन् र अक्सर युद्धको कुरा गर्थिन्, जुनचाहिँ अमेरिकाको गृहयुद्ध थियो, र युरोपको विशाल युद्धको बारेमा होइन, जुनचाहिँ बिली प्र्याङ्क जन्मेको त्यही हप्ता अन्त भएको थियो।

१० वर्षकी केटीको सोझोपनसहित क्याथरिनले भनिन्, "चिन्ता नलिनू। तिनी स्वर्ग जाँदै छिन्।"

बिली प्र्याङ्कले टाउको हल्लाए। उनलाई स्वर्गको बारेमा अलि थाहा थियो। उनकी दिदी मार्गरेट बालिका हुँदा नै बितिन्, र उनकी आमा एक दिन कसरी तिनीहरू सबै एकसाथ हुनेछन् भन्ने कुराको बारेमा प्रायः कुरा गर्नुहुन्थ्यो। त्यो उमेरको केटोको रूपमा बिली प्र्याङ्कले यो विषयमा पक्कै चाहिँदो प्रवचनहरू सुनेकै थिए। हरेक आइतबार बिहान उनको परिवार पाँच माइल टाढा शार्लटमा रहेको एसोसिएटेट रिफार्मड प्रेस्बिटेरियन मण्डलीमा सहभागी हुन्थे। त्यहाँ रेभरेन्ड लिन्ड्सेले कहिल्यै नहाँसीकन प्रवचनमाथि प्रवचन प्रचार गर्नुभयो। कोही बेला किन श्रीमान् लिन्ड्से सेवक हुनुको सट्टामा अन्तिम संस्कार गर्ने व्यक्ति हुने निर्णय गर्नुभएन भनी बिली प्र्याङ्कले सोच्थे। साँच्ची नै उनमा त्यसको लागि चाहिने गुण थियो।

मण्डलीमा कसरी सबै कुरा निराशाजनक छ भन्ने कुराको बारेमा बिली प्र्याङ्क भर्खरै धेरै सोच्दै थिए। तिनीहरूले गाएका गीतहरू सङ्गीतसँग मिल्ने गरी बनाएका भजनसंग्रहका अध्यायहरू मात्रै थिए। उनी जवान झुन्डको अगुवा भए तापनि त्यसलाई पनि रोचक बनाउन बिली प्र्याङ्कले बाटो पत्ता लगाउन सकेनन्। उनले यो पनि महसुस गरे, कि उनकी आमा उनको

बुवाभन्दा बढी इसाइत्वमा चासो राख्नुहुन्थ्यो। उनकी आमा मार्रो ग्राहम नै बच्चाहरूलाई मण्डली जान तयार गर्ने र सेवाको समयमा चुप बस्न लगाउने व्यक्ति हुनुहुन्थ्यो। र यदि दूध दुहुने कामले गर्दा परिवारले आइतबार रातिको सेवामा सहभागी हुन सकेन भने तिनले बिली फ्र्याङ्क, क्याथरिन र तिनीहरूको कान्छा भाइ मेल्विनलाई भान्साको टेबुल वरिपरि जम्मा गर्नुहुन्थ्यो र तिनीहरूको लागि एउटा बाइबल कथा पढेर सुनाउनुहुन्थ्यो।

फोर्ड कार पार्क सडकमा मोडिँदा आफ्नो दुई तला इँटाको घरको अगाडि कसको कार राखिएको छ भनी हेर्न बिली फ्र्याङ्कले घाँटी तन्काए। उनले आफ्नो काका टमको कार र अर्को एउटा उनले चिन्न नसक्ने कारलाई देखे। आफू दुःखित हुनुपर्छ भनी बिली फ्र्याङ्कलाई थाहा भएको भए पनि उनी अन्तिम संस्कारको लागि भेला हुन गइरहेका सबै आफन्तहरूको बारेमा सम्झँदा गुप्त रूपमा उनी खुसी पनि थिए। ग्राहमको परिवार साना डाँडाहरू भएको तीन सय एकडको खेती गर्ने जमिनमा बसोबास गरिरहेका थिए, जुनचाहिँ उनका बुवा र काकाले तिनीहरूका बुवाबाट उत्तराधिकारको रूपमा पाएका थिए। आफ्ना आफन्त भाइ बहिनीहरूलाई जङ्गलमा आफ्नो खेल्ने ठाउँ देखाउन लैजान समय मिल्छ भनी बिली फ्र्याङ्कले आशा गर्थे। लहराहरूमा झुन्डिने उनका प्रयासहरू देखेर क्याथरिन हाँस्थिन्, तर त्यस कलामा आफू परिपक्वताको नजिक आएको जस्तो बिली फ्र्याङ्कले ठान्थे।

घरको अगाडि कार रोकिँदा बिली फ्र्याङ्कको ठुलो रातो बाख्रा बिली जुनियर तिनीहरूलाई भेट्न दौडेर आयो, जसको पछि ६ वर्षको मेल्विनको नेतृत्वमा हाँसहरूको हुल आयो।

बिली फ्र्याङ्क ओर्लिंदै गर्दा मेल्विनले भने, “हजुरआमा धेरै बिरामी छिन्। उहाँहरूलाई लाग्छ, अब उनको बित्ने बेला भएको छ।”

बिली फ्र्याङ्कले भने, “हामीलाई थाहा छ, रीसले भन्नुभयो।”

ग्राहमका तीन जना बच्चा इँटाले बनेको खेतघरको अगाडिको सिँढी चढे,

जहाँ तिनीहरूका आमा मूल ढोका अगाडि पर्खिरहनुभएको थियो। तिनले बिली फ्र्याङ्क र क्याथरिनलाई अँगालो मारिन्। बच्चाहरूलाई घरको पछिल्लो सुत्ने कोठामा लैजाँदै गर्दा आमाले भनिन्, "हजुरआमा तिनको सांसारिक यात्राको अन्तको नजिक छिन्। यो अलबिदा भन्ने समय हो।"

सुत्ने कोठामा बिली फ्र्याङ्ककी हजुरआमा ओछ्यानमा थिइन्। उनी हलुका सास फेर्दै थिइन्, र उनको मुख खुला थियो। बिली फ्र्याङ्क नजिक गएर उनको हड्डी र छाला मात्र भएको हात समाए।

"धेरै बेर लाग्दैन," उनकी आमाले भनिन्।

वास्तवमा लुसिन्डा कफी रात पर्दै जाँदासम्म बिच-बिचमा रोक्दै हल्का सास फेर्दै रहिन्। उनको जीवन अन्त हुने बेलामा बिली फ्र्याङ्क र तिनका आमाबुवा कोठामा थिए। एक्कासि शान्त माहौल टुट्यो, जब बिली फ्र्याङ्ककी हजुरआमा चट्याङले हानेजस्तै उठेर सीधा बसिन्। तिनले घोषणा गरिन्, "म येशूलाई देख्दै छु। उहाँका हातहरू मतिर पसार्नुभएको छ। त्यहाँ बेन छन्! तिनको दुइटै हात र खुट्टाहरू छन्। तिनीहरू मलाई लिन आउँदै छन्!" तिनी मुस्कुराइन्, र हात फैलाइन्, त्यसपछि सिरानीमा मृतक अवस्थामा पल्टिन्।

बिली फ्र्याङ्क मौन बसे। तिनी स्वयम्लाई चट्याङले हानेजस्तो तिनलाई लाग्यो। यो अविश्वसनीय थियो, कि तिनकी हजुरआमाले येशूलाई तिनको मरेका हजुरबाको साथमा देखिन्। बिली फ्र्याङ्क आफै पनि उनलाई देख्ने इच्छा गर्नुभएको थियो होला। हजुरबा बेन्जामिन कफी त्यो क्षेत्रमा एउटा प्रख्यात व्यक्ति हुनुहुन्थ्यो। सर्जेन्टको पदको साथ उनी पेटिग्रु ब्रिगेटको साथ यान्कीहरूको विरुद्धमा एघारौँ उत्तर क्यारोलाइना रेजिमेन्टमा रहेर लड्नुभएको थियो। रेजिमेन्टले पश्चिमबाट गेटिस्बर्गतिरको आक्रमणलाई नेतृत्व गरेको थियो। त्यसपछिको युद्धमा बिली फ्र्याङ्कको हजुरबाका खुट्टाहरूमा विस्फोट भएको बमको एउटा टुक्रा लागेको थियो। युद्ध मैदानमा रक्तस्राव भएर उहाँ लडिरहेको हुँदा एउटा गोली उनको दायाँ आँखालाई छोएर गयो। तिनलाई त्यहाँ रहेको अस्थायी अस्पतालमा लगियो र सिरक

www.tomission.com

ओढाइ राख्यो, जसलाई तिनकी फुपू ह्याटीले आफ्नो घरको हलमा गर्वका साथ प्रदर्शित गरिराखेकी छिन्। बेन्जामिन कफीले त्यो कठिन परीक्षालाई पार गर्नुभयो, तर तिनको बायाँ खुट्टा काट्यो र तिनको दायाँ आँखा अन्धो भयो।

बिली फ्र्याङ्कले आफू जन्मनुभन्दा दुई वर्ष अगि बित्नुभएको हजुरबा कफीलाई देख्न पाएको भए हुन्थ्यो भनी चाहना गरेका थिए। तर अहिले प्रत्यक्ष रूपमा हजुरमा कफीले तिनका खुट्टाहरू फेरि बढेको र दायाँ आँखा काम गर्ने अवस्थामा येशूको साथ तिनलाई लिन आइरहेको फेरि देखेकी छिन्। तिनकी हजुरमा मर्ने बेलामा हजुरबालाई देखेको कुरालाई विश्वास गर्नु धेरै गाह्रो कुरा हो, तर बिली फ्र्याङ्कले त्यो सत्य हो भन्ने कुरामा शङ्का गरेनन्। लुसिन्डा कफी एउटी कट्टर प्रेस्बिटेरियन थिइन्, जो सानोभन्दा सानो कुरामा पनि कहिल्यै झूट बोलिनन्। यदि बिली फ्र्याङ्कले केही गल्ती गरेको तिनले देखेको खण्डमा परमेश्वरले देखिरहनुभएको छ भनी बिलीलाई मनन गराउँथिन्, र अब तिनी स्वर्गमा थिइन्।

त्यो रात बिली फ्र्याङ्क ओछ्यानमा पल्टिँदा तिनकी हजुरमाले येशू र तिनका श्रीमान्लाई देखेकी दृश्यलाई तिनले मनबाट हटाउन सकेनन्। बाइबलबाट तिनलाई सिकाएको सबै कुरा साँच्चै सत्य थियो। तिनले विश्रामको अनुभव गरे, किनभने तिनमा सधैँ नै मृत्युको बारेमा सानो डर रहँदै आएको थियो। तिनकी आमाले तिनलाई यो प्रार्थना सिकाएकी थिइन्, “अहिले निदाउन म ओछ्यानमा जाँदै छु। मेरो प्राणलाई सुरक्षित राख्न प्रभुलाई प्रार्थना गर्दै छु, र यदि बिउँतनुभन्दा अगि म मरेँ भने मलाई आशिष् दिनुहोस्, प्रभु, मेरो प्राणलाई लिनुहोस्।” र हरेकपल्ट उनले यो प्रार्थना गर्दा बिली फ्र्याङ्क चिन्तित हुन्थे। उनलाई थाहा थियो, कि यी शब्दहरू एउटा बालकलाई सान्त्वना दिनको लागि थियो, तर भोलि बिहान बिउँझन्छन् कि र यदि बिउँझेन भने तिनी कहाँ पुग्छन् भनी ती शब्दहरूले तिनलाई सधैँ सोच्न लगाए।

सन् १९३१ मार्च महिनाको एक शीतल बिहानको अन्तिम संस्कार सेवा पछाडि हजुरमा लुसिन्डा कफीको शरीर स्टिल क्रिक प्रेस्बिटेरियन

मण्डलीको जमिनमा तिनको श्रीमान्को नजिक गाडियो। बाकस रातो माटोमा झराइरहेको बिली प्र्याङ्कले देख्दा हजुरमा स्वर्गमा हुनुहुन्छ भनी थाहा पाएको कुराले तिनलाई सजिलो बनायो।

अन्त्येष्टि सेवा पछाडि बिली प्र्याङ्क  दूध दुहुन जानुपर्नेभन्दा अगि उनी र उनका काकाका छोराहरूलाई जङ्गलमा खेल्न पर्याप्त समय भयो। दूध दुहुनु तिनको नियमित काम थियो। बिली प्र्याङ्कले हप्ताको सात दिन बिहान बेलुका यो काम गर्थे। उनले मध्याह्नको दूध दुहुने कामलाई त्यति वास्ता गरेनन्। दिनभरि मेचमा बसेर विद्यालयबाट आउँदा अलिअलि व्यायामको आवश्यकता पर्दा उनले त्यो काम गर्थे। बिहान दूध दुहुने काम नै सबैभन्दा कठिन काम थियो, किनभने त्यसको लागि बिहान साँढे दुई बजे उठ्नुपर्थ्यो। बिली प्र्याङ्क कहिल्यै त्यो समयमा उठ्न तयार थिएनन्। तर उनको बुवा सधैँ त्यति बेला उठिसक्नुहुन्थ्यो, र आफ्नो छोरो तुरुन्तै उठेर आफ्ना नियमित कामहरू गरेको उहाँ चाहनुहुन्थ्यो।

लुगा लगाइसकेपछि दूध दुहुन गोठमा जानुभन्दा अगि, जहाँ एक जना कामदारले गाईहरूलाई ठिक्क तयार पारिराख्नुहुन्थ्यो, अर्को कामदार पेड्रोलाई उठाउन तिनको घरमा जान्थे। बिली प्र्याङ्कले आफ्नो तीनखुट्टे पिरा र फलामको बाल्टिन लिन्थे र बीस वटा गाई दुहुने आफ्नो काम सुरु गर्थे। दुई घण्टापछि उसले काम सिद्ध्याइसकेका हुन्थे, र त्यसपछिको समयचाहिँ गोबर हटाएर गाईहरूलाई ताजा पराल हाल्नको लागि थियो। बिहानको दिनचर्यामा बिली प्र्याङ्क साँच्ची नै रमाउने कुरा यसपछि आउँथ्यो - बिहानको खाजा। पुरुषहरू दूध दुहिरहेको हुँदा मार्रो ग्राहम र नोकर्नीले दाउरा काटेर आगो सल्काउँथे र तिनीहरू सबैको लागि एउटा मिठो नास्ता पकाउँथे। बिली प्र्याङ्क बिहानको नास्ता खान आइपुग्दा आमाले पकाएको दुधखोले र मासुको रस, अण्डा, सुँगुरको मासु र रोटीको ठुलो भाग खान सधैँ तयार हुन्थे। उनले खाएका सबै कुरालाई एक गिलास ताजा दूधले तल पेटमा पठाउँथे।

बिहान त्यति चाँडै उठेकाले विद्यालयमा बिहानको विश्रामको समयमा

आइपुग्दा आफ्नो पढाइमा ध्यान दिन उनलाई गाह्रो हुन्थ्यो। उनलाई चाहेको सबै निद्रा हुन्थ्यो। भाग्यवश मध्याह्नको खाजाको समयको खेलकुद(बेस बल)ले  दिउँसोको कक्षाको लागि उनलाई जगाउँथ्यो।

हजुरमा कफीको मृत्युपछिको छोटो समयमै बिली फ्र्याङ्कले थाहा पाए, कि ग्राहम कुलमा अर्को एक जना सदस्य थपिनेछ। चालीस वर्षको उमेरमा तिनकी आमाले अर्को एउटा बच्चा पाउन लागेकी थिइन्। सन् १९३२ को वसन्त ऋतुमा जीन (Jean) जन्मिन्। सुरुमा बिली फ्र्याङ्कलाई जीनलाई आफ्नी बहिनीको रूपमा मान्न गाह्रो भयो। तिनी तेह्र वर्ष पुगिसकेका थिए र तिनले हिसाब निकाले कि जीन एक कक्षामा जानु अगि तिनी घर छोडेका हुन्छन्।

जीन जन्मेको एक हप्तापछि ग्राहमको परिवारलाई दुःखले आक्रमण गऱ्यो। बिली फ्र्याङ्क विद्यालयमा हुँदा फेरि तिनलाई कक्षाबाट बोलाइ निकाल्यो। यसपल्ट तिनलाई लिन आएको रीस ब्राउन थिएन तर पेड्रो थिए।

"के भयो?" कारमा चढ्दै गर्दा बिली फ्र्याङ्कले पेड्रोलाई सोधे।

पेड्रोले टाउको हल्लाए, र तल हेरे। "तिम्रो बुवा।"

बिली फ्र्याङ्कले आफ्नो घाँटीमा डर उठिरहेको अनुभव गरे। "बुवा? उहाँ बित्नुभयो  हो?"

पेड्रोले भने, "होइन, उहाँ नराम्रो अवस्थामा हुनुहुन्छ।"

पछाडिको सिटबाट क्याथरिनले सोधिन्, "के भयो?"

"तिम्रो बुवा रीससँग कुरा गर्न काठ काट्ने ठाउँमा जानुभएको थियो। रीस काठ काट्ने यन्त्र चलाउँदै थिए, र तिम्रो बुवाले के भन्नुभयो भनी सुन्नको लागि तिनी फर्के। यन्त्रले काठलाई हुत्त्याइदिएकाले उनको काठमाथिको पक्राइ खुकुलो भएको हुनुपर्ने, र त्यो तिम्रो बुवाको बङ्गारामा सिधै लाग्यो।"

"उहाँ घरमा हुनुहुन्छ?" बिली प्र्याङ्कले सोधे।

पेड्रोले टाउको हल्लाए, "सिधै उहाँलाई अस्पताल पुऱ्याएको छ।"

घरतिरको यात्राको बाँकी समयहरूमा बिली प्र्याङ्कले झ्यालबाट एकोहोरो कुदिरहेको लुड्सन घाँसका मैदानहरूलाई हेरिरहे। अनियमित विचारहरू उनको मनमा बग्न थाल्यो। यदि उनको बुवा मरेको भए के गर्ने? काका क्लाइडेलाई ग्राहम दूध फार्म चलाउन कोले सहायता गर्ने? तिनी चौध वर्ष पुग्ने बित्तिकै विद्यालय छोडेर गाई दुहुन जानुपर्ने हुन्छ कि? तिनका आमा बुवाविना कसरी बाँच्नुहुन्छ? उनका विचारहरूलाई शान्त बनाउन बिली प्र्याङ्कले वेस्टमिन्स्टर इसाई सारांशलाई मनमनै दोहोऱ्याउन थाले। यो उनकी आमाले दश वर्ष पुग्नुभन्दा अगाडि सिकिसक्न माग गरेको कुरा थियो, जसमा एक सय सात वटा प्रश्नोत्तरहरू थिए।

तिनीहरू घर पुग्दा बिली प्र्याङ्क अठतीसौँ प्रश्नमा आइपुगेका थिए : "पुनरुत्थानमा विश्वासीहरूले ख्रीष्टबाट के फाइदा पाउँछन्? उत्तर : पुनरुत्थानमा विश्वासीहरू महिमाको साथ उठाइँदा न्यायको दिनमा खुला रूपमा तिनीहरूलाई स्वीकार गरिन्छ र निर्दोष घोषणा गरिन्छ, र परमेश्वरको पूर्ण आनन्दमा अनन्तकालको लागि परिपक्व रूपमा आशिषित बनाइन्छन्।" कार रोक्दा बिली प्र्याङ्कले आफ्नो मेरुदण्डमा चिसो तल गएको अनुभव गरे। के यो तिनको बुवा मर्न र स्वर्ग जान गइरहनुभएको छ भनी भन्ने परमेश्वरको तरिका हो?

ग्राहमको फार्ममा रहेको घरमा सन्देश राम्रो थिएन। बिली प्र्याङ्कको बुवा अस्पतालमा कोमा अवस्थामा हुनुहुन्थ्यो। उहाँको बङ्गारो फुटेर धेरै टुक्रा भइसकेको थियो र झन्डै गिदीसम्म पुग्ने गरी टाउकोमा गहिरो चोट लागेको थियो। यति धेरै रगत गयो कि पुरानो ट्रकमा राखेर अस्पताल लैजाँदा झन्डै बाटोमा रगत गएकाले मात्र मृत्युमा पुग्न लागिसक्नुभएको थियो।

पछिल्लो हप्ता बिली प्र्याङ्कको लागि पूर्ण रूपमा पीडाको हप्ता थियो,

जो आफ्नो बुवालाई बचाउन परमेश्वरलाई बिन्ती गर्दै भण्डार घरभित्र डुलिरहे। तिनकी आमाले आफ्ना साथीहरूलाई बोलाउनुभयो, र फ्र्याङ्क ग्राहमको स्वास्थ्यलाभको लागि दिनभरिको प्रार्थना सभाहरू सञ्चालन भयो। कोही बेला चिकित्सकहरूले आशापूर्ण कुरा गरे। अरू समयहरूमा फ्र्याङ्क यदि बाँचेको खण्डमा पक्कै दिमागी क्षति सहन परेको हुँदा मर्नु कृपा हो भनी बातचित गरे।

दोस्रो हप्ताको अन्ततिर लहर उल्टियो, र फ्र्याङ्कको स्वास्थ्यमा सुधार देखिन थाल्यो। त्यो एउटा लामो ढिलाइपूर्ण सुधार थियो, तर केही समयपछि बिली फ्र्याङ्कको बुवा अस्पतालबाट घर आउनुभयो, र फार्ममा हलुका काम गर्न सक्ने हुनुभयो। समयसँगै उहाँ पूर्ण रूपमा निको हुनुभयो, यद्यपि बिली फ्र्याङ्क उनको बुवाको मुहार फरक देखिनुमा बानी बसाल्नुपर्थ्यो। फ्र्याङ्कको बङ्गारो थोरै बाङ्गो राखिएको थियो र उहाँको अनुहारमा केही गहिरा दागहरू थिए। तर उहाँको बारेमा अरू केही कुराहरू फरक थिए – फ्र्याङ्क ग्राहम आत्मिक कुराहरूमा धेरै रुचि राख्न थाल्नुभएको थियो।

ग्राहमको परिवार सधैँ नै मण्डलीमा गए तापनि बिली फ्र्याङ्कलाई यस्तो लाग्थ्यो कि यो बुवाद्वाराभन्दा आमाको कारणले हो। तर अहिले परिस्थितिहरू बदलिसकेका थिए। फ्र्याङ्क ग्राहमले फार्ममा प्रार्थना सभा चलाउनको लागि एउटा इसाई व्यापारीहरूको समूहलाई निम्तो दिनुभयो, जब उहाँले बिली फ्र्याङ्कलाई प्रार्थना सभामा सहभागी हुने निम्तो दिनुभयो, बिली फ्र्याङ्कले बहाना बनाए। किशोर उमेरको केटोलाई विद्यालयका साथीहरूले आफू "पवित्र समुदाय" मा जोडिएको थाहा पाउनु शरम लाग्ने कुराहरूमध्ये अन्तिम कुरा थियो।

त्यो रातपछि बिली फ्र्याङ्कले कसरी एक जना वेर्नन प्याटरसन भन्ने मानिसले प्रार्थना सभामा प्रार्थना गरी शार्लट क्षेत्रबाट पृथ्वीको अन्तसम्म सुसमाचार प्रचार गर्ने कसैलाई उठाउन परमेश्वरलाई आग्रह गरे भनी बुवाले आमालाई बताउँदै गरेको कुरा सुन्न पुगे। शार्लट क्षेत्रको कुरालाई छोडिदिऊँ, उत्तर क्यारोलाइनाभरि नै त्यस्ता एक जना हुन सक्छ भन्ने कुरा बिली

फ्र्याङ्कको लागि शङ्काको कुरा थियो। जब बिली फ्र्याङ्क १५ वर्ष पुगे, उनको आमाबुवाले प्रचारको भ्रमणको क्रममा त्यहाँ आउनुभएको डा. मोर्दकै ह्याम भन्ने प्रचारकको प्रचार सुन्न आफूसित जान आग्रह गरे। क्याथरिन र मेल्विन आज्ञाकारी रूपमा आफ्ना आमाबुवासँग जान सहमत भए, तर धार्मिक कुराहरूमा बाँधिन बिली फ्र्याङ्कलाई मन थिएन। बिली फ्र्याङ्कको एक जना साथी अल्बेर्ट मेक्मेकिनले शार्लटको सेन्ट्रल हाई स्कूलबाट केही विद्यार्थीहरू डा. मोर्दकै ह्यामको सभामा दुःख दिन जाँदै छन् भन्ने कुरा बताउँदा उनको विचार बद्ल्यो। अल्बेर्टले सोधे, "तिनीहरूले भन्छन्, कि यी दिन र समयहरूमा आफ्नो कसरी जीवन जिउनुपर्छ भनी तिनीहरूलाई बताउन प्रचारकलाई कुनै अधिकार छैन। प्रतिबन्धहरू हटाएको छ, र यो मानिसहरूलाई आफ्नो इच्छाअनुसार रमझम गर्न दिने समय हो। तिमी पनि सँगै आएर के हुँदैछ भनी हेर्न चाहँदैनौ?"

बिली फ्र्याङ्कले केही समय सोचे। शायद उनले परिस्थितिलाई गलत बुझेका थिए। सम्भवतः घरमा भन्दा त्यहाँ सभामा धेरै गतिविधि हुनेछ।

"आऊ, बुवाले पुरानो तरकारी ट्रकलाई सहरमा लैजान अनुमति दिनुभएको छ। यदि तिमी आयौ भने म तिमीलाई चलाउन दिन्छु," अल्बेर्टले आग्रह गरे।

बिली फ्र्याङ्कलाई चाहेको प्रोत्साहन त्यति नै थियो। तिनले उच्च विद्यालयका विद्यार्थीहरूलाई देख्न पाउँछन्, र प्रचारकलाई विरोधको बिचमा देख्न पाउँछन्, र उनले फार्मको ट्रकलाई त्यहाँसम्म चलाएर लान्छन् र फर्की आउँदा पनि। उनले कसरी इन्कार गर्न सक्छन्?

# अध्याय - २
# आगोको बिचमा

गाडी राख्ने ठाउँमा अल्बेर्टको तरकारी ट्रकलाई रोक्दा बिली फ्र्याङ्कले फेरि एकपल्ट हेरे। अल्बेर्ट तिनको छेउमा बसिरहेका थिए। बिली फ्र्याङ्कले सुनेका थिए, कि मोर्दकै ह्यामले आफ्नो सभामा ठुला भिडहरू खिच्थे, तर तिनले यस्तो केही कहिल्यै कल्पना गरेका थिएनन्। सयौँ कारहरू र ट्रकहरू लामो लहरहरूमा राखिएको थियो। १२ हप्ताको सभाहरूको लागि विशेष रूपमा खडा गरिएको फलाम र काठले बनाएको विशाल तम्बुभित्र हजारौँ मानिसहरूको भिड पसिरहेको थियो। धेरैले ठुलो बाइबल बोकेका थिए, र कोही हिँडिरहेको हुँदा शान्त रूपमा मनमनै प्रार्थना गरिरहेको देखियो। यसले बिली फ्र्याङ्कलाई आफू पाँच वर्षको हुँदा उनको बुवाले उनलाई लगेको बिली सन्डेको सभाको समयहरूलाई सम्झनामा ल्यायो।

बिली सन्डे सिकागो बेस बल टिमको मध्य खेलाडी थिए। बिली फ्र्याङ्कले त्यो सभाको दिनमा त्यो सभास्थल कति गर्मी थियो, र बिली सन्डेले कति समय प्रचार गरे भन्ने कुरालाई सम्झे। आफू अशान्त भएको र उनको बुवाले यदि उनी शान्त रहेनन् भने बिली सन्डेले पुलपिटबाट चर्को स्वरले उनको नाम काट्नेछन्, र एउटा प्रहरी जवान उनलाई कैद गर्न आउनेछन् भनी भनेको सम्झना उनलाई थियो। त्यो सम्झनाले बिली फ्र्याङ्कलाई मुस्कुराउन लगायो। उनी उनकी आमाले उनलाई बोलाउन मन पराउने नाम "चकचके"अनुसार सधैँ चकचके नै थिए। वास्तवमा एकपल्ट उनकी आमाले उनको सधैँ चलिरहन पर्ने स्वभावको बारेमा के गर्न सकिन्छ कि भनी बुझ्न चिकित्सककहाँ लैजानुभएको थियो। चिकित्सकले टाउको हल्लाउनुभयो र भन्नुभयो, "श्रीमती ग्राहम, तिनी पूर्ण रूपमा ठिक छन्। यो उनी बनाइएको तरिका मात्र हो।"

ट्रकबाट ओर्लिसकेपछि बिली फ्र्याङ्कले वरिपरि हेरे। शार्लटको सेन्ट्रल हाई स्कूलका विद्यार्थीहरू कहाँ छन्? तिनीहरू ह्यामको सभालाई हैरान पारिरहेका हुन पर्थे। बिली फ्र्याङ्क त्यो कोलाहललाई हेर्न आएका थिए, तर त्यहाँ केही पनि भएको जस्तो देखिएन। हेर्नको लागि दुःख दिने विद्यार्थीहरू कोही नभएकाले मोर्दकै ह्याम को रहेछन् भन्ने कुरालाई आफै थाहा पाउनको लागि बिली फ्र्याङ्कले सभामा जाने निर्णय गरे।

बिली फ्र्याङ्कले प्रचारकले उनलाई छुट्टै पहिचान गर्न सक्ने दुरीबाट धेरै टाढा पालको पछिल्लो भागमा एउटा कुर्सी भेट्टाए। भजनहरूको साथ सभा सुरु भयो। वाल्टर रम्से (Walter Ramsay) भन्ने एक जनाले भजन-झुन्डलाई अगुवाइ गरिरहेका थिए, र उनले आफू र मोर्दकै ह्याम (Mordeccai Ham) "परमेश्वरको ह्याम र रमको टोली" भनी चिनिन्छन् भनेर हँसाए। बिली फ्र्याङ्क हाँसे। लयमा गाउन नसके पनि उनी ठुलो भिडको साथ गाउनुमा रमाए। उनले उच्च स्वरले र आफ्नो इच्छाअनुसारको लयमा गाउन पाए, र सरम मान्न पर्दैन थिए।

भजनको अन्तिम भाग गाएर सिद्धिँदा मोर्दकै ह्याम मञ्चमा आउनुभयो। उहाँ पुराना खालको चस्मा र उहाँको खुइलिएको तालुमा थोरै सेतो केशको साथ एउटा सानो वृद्ध बाजेजस्तो देखिनुभयो। तर जब उहाँले मुख खोल्नुभयो र बोल्न थाल्नुभयो, उहाँको आवाज कुनै प्रकारले सानो वृद्ध बाजेको जस्तो थिएन। उहाँले आफ्ना औँलाहरूले श्रोताहरूतिर देखाउँदै गर्दा उहाँको आवाज प्रतिध्वनित हुन्थ्यो।

सुन्दै गर्दा डा. ह्यामको हरेक क्रिया र शब्द सिधै आफ्नै दिशातिर हो भनी बिली फ्र्याङ्कले सोचेँ। परमेश्वरले हरेकलाई कति प्रेम गर्नुभएको छ भन्ने बारे र ख्रीष्ट येशूको क्रूसको मृत्युद्वारा दिएको अनन्त जीवनको वरदानको बारेमा डा. ह्यामले धर्मशास्त्रबाट प्रचार गर्नुभयो। निस्सन्देह, बिली फ्र्याङ्कले यी सबै पहिले नै सुनेका थिए। उनी कसरी नसुनेको हुन सक्छ र? उनी सानैदेखि मण्डलीमा जान्थे। उनका आमाबुवाले हरेक भोजन अगि प्रार्थना गर्नुहुन्थ्यो, हरेक दिन रातको खाना खाएपछि उनको घरमा बाइबलबाट पाठ गरिन्थ्यो,

र उनकी आमाले ग्राहमको बच्चाहरूले विद्यालय जाँदा आउँदाखेरि याद गर्न एउटा पद दिनुहुन्थ्यो। तर कसै गरी मोर्दकै ह्यामले त्यही कुराहरूलाई फरक तरिकाले प्रस्तुत गरे, र बिली फ्र्याङ्कले ध्यानसित सुने। फार्मतिर फर्की आउने यात्रामा प्रचारकले जे बोलेका थिए त्यो बाहेक बिली फ्र्याङ्कले अरू केही सोच्न सकेन, र उनलाई थाहा थियो कि उनी अझ बढी सुन्न चाहन्छन्।

भोलिपल्ट राति बिली फ्र्याङ्क फेरि पनि सभा सञ्चालन हुने पालमा बसिरहेका थिए, र त्यसपछिको रात पनि। सभाहरूमा सहभागी हुने खिचाइको अनुभव तिनले गरे, यद्यपि त्यही समय डा. ह्यामका प्रचारहरूले तिनलाई असजिलो बनाए। डा. ह्याम सधैँ पाप र परमेश्वर विरुद्धको विद्रोहको बारेमा बोल्नुभयो, र बिली फ्र्याङ्कले प्रचारकले सिधै आफैलाई नै हेरिरहेको जस्तो अनुभव गरे।

मोर्दकै ह्यामका शब्दहरूको आगोको बाटोमा कम पर्नको लागि बिली फ्र्याङ्क जागृति भजन–झुन्डमा जोडिन तिनले स्वयंसेवकको रूपमा आफूलाई अगि सारे। यो तरिकाले प्रचारकको पछाडि सजिलो ठाउँमा रहेर आफूले प्रचार सुन्न पाउँछु भनी उनले पत्ता लगाए।

भजन–झुन्डमा उनको पहिलो रातमा बिली फ्र्याङ्कको छेउमा अर्को एक जना ग्र्याडी विल्सन भन्ने जवान भाइ उभिएका थिए। ग्र्याडीले तिनलाई सानो स्वरमा भने, “मैले यहाँ के गर्दै छु थाहा छैनँ। एक क्षण म बाहिर उभिरहेका थिएँ र एकै क्षणमा एकजना बूढो मानिसले मेरो पाखुरामा समात्यो र यहाँ उभिनु भन्यो। म पानीभन्दा बाहिरको माछाजस्तो महसुस गर्दै छु। म योभन्दा अगि कहिल्यै भजन–झुन्डमा सहभागी भएको थिइनँ।”

बिली फ्र्याङ्क दाँत देखाएर हाँसे, र भने, “म पनि हो। मैले पनि एउटा शब्द पनि गाउन सक्दिनँ। म शब्दहरूको साथ ओठ चलाउने मात्र गरेको छु। त्यही गर्नू। हामीलाई समस्या हुँदैन।”

रातैपिच्छे अस्थायी पालमा जम्मा हुने भिड बढ्दै गयो। डा. ह्यामले आफ्नो

प्रचारमा विभिन्न प्रकारको पापको बारेमा बोल्नुभयो। त्यसमध्ये अधिकांशमा बिली प्र्याङ्कको कुनै अनुभव थिएन। यद्यपि अरू पापहरू थिए, जसको बारेमा बिली प्र्याङ्कले लामो समय कठिनता साथ सोचे। अमेरिकामा सन् १९२० देखि सन् १९३० को सुरुवातको समयसम्म रक्सीको उत्पादन, बिक्री अथवा ओसारपसारलाई अवैध बनाएको "निषेधन" संशोधन एक सालभन्दा अगि खारेज गरिएको थियो। अहिले यी कुराहरू कानुन सम्मत भइसकेका थिए। बिली प्र्याङ्कले एकपल्ट रक्सी चाखेर हेरेका थिए र त्यसलाई घृणा गरेका थिए। तिनले सोचे, कतै यो रक्सी पिएको कुरा पाप मानिन्छ कि, किनभने तिनको बुवाले नै तिनलाई र तिनकी बहिनी क्याथरिनलाई रक्सी दिनुभएको थियो। बिली प्र्याङ्कको बुवा रक्सी खाँदै खानुहुन्न थियो, तर जब निषेधन हटाइएको थियो, उहाँले आफ्ना छोराछोरीलाई भान्सा कोठामा बोलाउनुभयो, र दुवैलाई एक एक बोतल (बियर) रक्सी दिनुभयो, र पूरै पिउन आदेश दिनुभयो। कडा स्वादले गर्दा बिली प्र्याङ्कलाई बान्ता आउलाजस्तो भयो र क्याथरिनलाई पनि सहन सजिलो थिएन। बोतल खाली हुन लाग्दा बिली प्र्याङ्क र क्याथरिनले शपथ खाए कि तिनीहरू कहिल्यै रक्सी खाने छैनन्। तिनीहरूको बुवाले भन्नुभयो, "राम्रो, र अहिलेदेखि जब कहिल्यै तिमीहरूका कुनै साथीहरूले रक्सी पिउनेतिर खिच्न खोज्दा तिमीहरूले तिनीहरूलाई भन, कि तिमीहरूले पहिले नै त्यसलाई चाखिसक्यौ र तिमीहरूले त्यसलाई मन पराउँदैनौ।"

यद्यपि रात्रि सभाहरू अगाडि बढ्दै जाँदा बिली प्र्याङ्कले बुझ्न थाले कि मोर्दकै ह्याम अरू प्रकारका पापहरूको बारेमा पनि प्रचार गर्दै हुनुहुन्थ्यो – अझ सूक्ष्म पापहरूजस्ता घमन्डको पाप। बिली प्र्याङ्कलाई त्यसको अनुभव कस्तो हुन्छ भनी थाहा थियो। कुनै योजना असल छ कि छैन भनी परमेश्वरलाई सोध्न उनी कहिल्यै प्रार्थना गरेका थिएनन्। उनी अगाडि बढ्थे, र उनलाई गर्न जे असल लाग्थ्यो त्यो गर्थे।

अनि त्यहाँ मूर्तिपूजाको पाप पनि थियो, जुनचाहिँ परमेश्वरबाहेक अरू कुनै थोकलाई तपाईंहरूको जीवनमा सबैभन्दा महत्त्वपूर्ण कुरा हुन दिनु हो भनी डा. ह्यामले भन्नुभयो। उनी बेसबल खेललाई मन पराउँथे। उनका मनपर्ने

खेलाडीहरूमध्ये बेबे रूथ, जो डिम्याजियो र मेल ओट थिए। बिली फ्र्याङ्कको सबैभन्दा मनपर्ने खेलाडी न्यु योर्क यान्कीजका लु गेह्रिग थिए। गेह्रिगले सन् १९३४ मा ट्रिपल क्राउन ब्याटिङको उपाधि जितेका थिए, र उनको तस्बिर व्हीटीज ब्रान्ड खाजाको बाकसको पछाडि राखिएको थियो। बिली फ्र्याङ्कले आफ्नै बाकस किनेका थिए र होसियारीपूर्वक त्यो तस्बिर काटेका थिए, जुन उनले आफ्नो कापीमा राखेर बोक्थे। के त्यो मूर्तिपूजा हो? बिली फ्र्याङ्कलाई पक्का थाहा थियो कि उनी मण्डली जानु वा आफ्नो बाइबल पढ्नुभन्दा क्रिस्टल रेडियोमा बेसबलको रोमाञ्चक खेल सुन्नमा धेरै उत्साहित थिए।

केही हप्ताहरू पछाडि नोभेम्बर महिनाको सुरुमा उनको सोह्रौँ जन्म दिनको अलि अगि बिली फ्र्याङ्कले अब थाम्न सकेनन्। प्रचारकले भनेअनुसार उनी परमेश्वरसित सही सम्बन्धमा थिएनन् भन्ने कुरा थाहा पाउने गरी अहिले उनी पर्याप्त रूपमा मोर्दकै ह्यामको प्रचार सुनिसकेका थिए। बाइबल धर्मशास्त्रको परमेश्वरसित उनी दुई तर्फी सम्बन्धमा थिएनन्, र डा. ह्यामले भनेझैँ, "परमेश्वरको नातिनातिना छैनन्। जब तिनीहरू मोतीको ढोका अगाडि पुग्छन्, कसैले पनि तिनीहरूका आमा अथवा तिनीहरूका बुवा अथवा तिनीहरूका पास्टर अथवा अरू कोही विश्वास गरेको कारण भित्र प्रवेश गर्न सक्ने छैनन्। बाइबल धर्मशास्त्रले बताउँछ कि विश्वासले तिमी बाँच्छौ। तिमी, तिमीहरू हरेक, तिमीलाई बदल्नको लागि तिमीलाई पृथ्वीमा उहाँको काममा प्रयोग गर्नको लागि येशू ख्रीष्टलाई व्यक्तिगत रूपमा निम्त्याउनुपर्छ।"

www.togmission.com

अन्तिम भजनका शब्दहरू, "झन्डै मनाइएकाहरू हो, विश्वास गर्ने समय अहिले नै हो," लाई उच्चारण गर्दै बिली फ्र्याङ्क सीधा अग्लो भएर उभिरहेका थिए।

"झन्डै मनाइएकाहरू हो, आऊ, आजै आऊ;
झन्डै मनाइएकाहरू हो, फर्केर नजाऊ;
येशूले तिमीलाई निम्त्याउँदै छन्,
स्वर्गदूतहरू छेउमा पर्खिरहेका छन्।"

भजनको दोस्रो चरणहरूतिर पुग्दा बिली फ्र्याङ्कले आफ्नो मुटुको धड्कनको गति बढेको अनुभव गरे। यदि आफू एउटा इसाई भएमा के हुन्छ होला भनी उनले सोच्न थाले। "के मेरा साथीहरू मसित रहनेछन्, अथवा म तिनीहरूको लागि अनौठो देखनेछु? साँच्चै मैले मेरा सपनाहरू र भविष्यलाई परमेश्वरको हातमा दिन चाहेको हो त? यदि मलाई उहाँले एउटा मिसनरी अथवा त्योभन्दा अझ कठिन काम गर्न माग गर्नुभयो भने के गर्ने?" भजन गाइँदै गर्दा अगाडि नजानको लागि बिली फ्र्याङ्कले सयौँ कारणहरू सोच्न सके तापनि भजन तेस्रो चरणमा पुग्दा उनी आफ्नो भजन किताबलाई तल राखे र पालको अघिल्लो भागतिर हिँड्न थाले।

"झन्डै मनाइएकाहरू हो, कटनीको समय सिद्धियो!
झन्डै मनाइएकाहरू हो, अन्तमा विनाश आउँदैछ!"

काठको धुलोले भरिएको साँघुरो बाटोमा कदम अगाडि बढाउँदा बिली फ्र्याङ्कले आफ्ना जुत्ताहरू फलामले बनाएको जस्तै अनुभव गरे। अरू मानिसहरू – पुरुषहरू र स्त्रीहरू, केटाहरू र केटीहरू – उहाँसँग जोडिए। भजन अन्त हुँदा बिली फ्र्याङ्कले आफूलाई मञ्चको सामु भेट्टाए। उहाँको नजिक भएकी एउटी स्त्री रुँदै थिइन्। बिली फ्र्याङ्क निराश भए। उनलाई रुने मन भएन। यथार्थमा अरू केही कुराको अनुभव भएन। "के म साँच्ची नै उद्धार पाउँदै छु? अथवा आफूलाई मूर्ख बनाइरहेको छु?" तिनले आफैलाई सोधे। तिनले फर्केर आफ्नो कुर्सीतिर हिँड्ने बारे सोचे, तर तिनी त्यहीँ रहे। चाँडै नै एउटा पारिवारिक साथी जे. डी. प्रिव्याट तिनको पछिल्तिर आएर उभिनुभयो, र आफ्नो हात बिलीको काँधमा हालेर सोध्नुभयो, "के तिमी ख्रीष्टलाई पछ्याउने निर्णय गर्न यहाँ छौ?"

बिली फ्र्याङ्कले टाउको हल्लाए।

जे. डी. ले भन्नुभयो, "परमेश्वरलाई स्तुति होस्, के तिमी बुझ्दै छौ कि परमेश्वरले तिमीलाई आफ्नो पापबाट फर्केको र येशू ख्रीष्टलाई आफ्नो जीवनमा निम्त्याएको चाहनुहुन्छ?"

फेरि बिली फ्र्याङ्कले बिस्तारै प्रस्ट जवाफ दिने गरी टाउको हल्लाए। जे. डी. ले सुसमाचारलाई बुझाउनुभयो, र उनको साथ प्रार्थना गर्नुभयो। त्यहाँ आँसु नभए तापनि बिली फ्र्याङ्कले थाहा पाए कि त्यो रात उनमा केही कुरा बदलिएको छ। हप्ताैँहरूमा पहिलोपल्ट उनले शान्तिको अनुभव गरे। कसैले नहेर्दा पनि तिनी बाइबल पढ्न चाहन्थे, र सानो एउटा भजन किताब साथमा बोक्थे। (यद्यपि तिनी भजनहरू गाउनुको सट्टामा पढ्थे।) तिनले आफ्ना आमाबुवालाई आफूलाई के भयो भनी बताए, र उहाँहरू आनन्दले भरिए। बिली फ्र्याङ्कले आफ्नो परिवर्तनलाई विशेष तरिकाले चिन्ह लगाउन चाहन्थे, र आफ्नो नामको फ्र्याङ्क भन्ने भागलाई हटाइदिने निर्णय गरे। अबदेखि उनलाई बिली ग्राहम भनी बोलाइने छ। त्यो अझ बढी सम्मानजनक सुनिन्छ भनी तिनले सोचे।

जब उनले आफ्ना विद्यालयका साथीहरूलाई उनी एउटा नयाँ नामको साथ एउटा इसाई हो भनी बताए तिनीहरूमध्ये धेरैले उनलाई बिली भनी बोलाउनुको सट्टामा प्रचारक केटा भनी बोलाउन सुरु गरे। तीमध्ये कोही उनीसित समय बिताउन इच्छा गर्न छोडे, तर चाँडै नै नयाँ साथीहरूले तिनीहरूको ठाउँ लिए। बिलीको नयाँ साथीहरूमध्ये एक जना ग्र्याडी विल्सन थिए, त्यो केटा, जो डा. ह्यामको सभामा उनको छेउमा भजन-झुन्डमा उभिएका थिए। ग्र्याडी र उनको दाजु थोमस वाल्टर, जसलाई सबैले टी. डब्ल्यु भनी चिन्थे, दुवै बिली अगाडि गएको पछिल्लो दिन ख्रीष्टलाई स्वीकार गर्न अगाडि गएका थिए। तिनीहरू पनि अब इसाई जीवन जिउन प्रयास गरिरहेका थिए। डेढ वर्षपछि विद्यालयबाट निस्कँदा आफूहरूले के गर्नुपर्छ भनी परमेश्वरले चाहनुहुन्छ भन्ने कुराको बारेमा बिली र ग्र्याडी अक्सर कुरा गर्थे, तर त्यो के हुन सक्छ भनी दुवैलाई थाहा थिएन।

पछिल्लो साल अर्को एक जना सुसमाचार प्रचारक त्यो क्षेत्र हुँदै प्रचारको यात्रामा हुनुहुन्थ्यो, र ग्राहमको घरमा वास बस्नुभयो। उहाँको नाम जिमी जोन्सन थियो, र उहाँ मोर्दकै ह्यामभन्दा धेरै फरक हुनुहुन्थ्यो। उहाँ जवान, फुर्तिलो र सुन्दर हुनुहुन्थ्यो। उहाँ चलचित्रको नायकजस्तो देखिनुहुन्थ्यो। जिमी टेनसीको बाब जोन्स कलेजबाट स्नातकोपाधि लिनुभएको थियो, र

दक्षिणतिरको एउटा प्रचारको यात्रामा हुनुहुन्थ्यो। जिमी आफ्नो घरमा रहेको समयमा बिली सकभर उहाँको पछि लाग्नुहुन्थ्यो। एक दिन तिनीहरू उत्तर क्यारोलाइनामा भएको मन्रोमा रहेको एउटा कारागारमा गए, र जिमीले त्यहाँका कैदीहरूलाई प्रचार गर्नुभयो। जिमी आफ्नो प्रचारको आधा भागमा पुग्नुभएको थियो, जब उहाँले अचानक बिलीलाई हेर्नुभयो, र उनलाई सिधै औँल्याउँदै भन्नुभयो, "यहाँ एक जना छ, जसलाई उद्धार पाउनुको अर्थ के हो भनी थाहा छ। तिनले तपाईंहरूलाई येशू ख्रीष्टले तिनको जीवनमा के गर्नुभयो भनी भन्नेछन्।"

१६ वर्षको बिली ग्राहम ती मानिसहरूलाई आफूले के भन्न सक्छ भन्ने कुराको निश्चयविना झसङ्ग भएर आत्तुरीसहित उठे। उनको सुरुवातको वाक्य अप्ठ्यारो र अव्यवहारिक थियो: "यो मध्याह्नको समयमा तपाईंहरू यति धेरैलाई यहाँ देख्न पाउँदा मलाई खुसी लाग्यो।" आफू कारागारमा रहेका कैदीहरूसित बोल्दै छु भन्ने कुराको महसुस गर्नुभन्दा अगि यी शब्दहरू उनको मुखबाट निस्किसकेका थिए। लज्जित महसुस गर्दै उनले फेरि सुरु गरे। योपल्ट बिलीले ठुला सुसमाचारीय सभाहरूमा तिनले सुनेका गवाहीको शैलीलाई पछ्याए। उनले भने, "म पापी थिएँ, र एउटा अयोग्य थिएँ। म परमेश्वर, धर्मशास्त्र अथवा मानिसहरूको वास्ता गर्दिन थिएँ। येशूले मेरो जीवनलाई बदल्नुभयो। उहाँले मलाई शान्ति र आनन्द दिनुभयो। उहाँले तपाईंहरूलाई पनि शान्ति र आनन्द दिन सक्नुहुन्छ। यदि तपाईंहरूले उहाँलाई आफ्नो हृदयमा आउन अनुमति दिनुभयो भने उहाँले मेरो पापलाई क्षमा गरेझैँ तपाईंहरूको पापलाई पनि क्षमा गर्नुहुनेछ।" बोल्दै गर्दा बिलीले आफ्नो कोटको छेउलाई यति धेरैपल्ट घुमायो कि त्यो डोरीजस्तै देखिन्थ्यो।

बिली त्यसपछि बसे, र आफैलाई वाचा गरे कि उनले कहिल्यै यो काम गर्नेछैन। मानिसहरूको सामु बोल्नु अप्ठ्यारो थियो। उनले त्यो काम ग्र्याडी विल्सनलाई छोड्ने थिए, जो एउटा राम्रो प्रचारक बनिरहेका थिए। ग्र्याडीसँग कार नभएकोले बिलीले उनलाई प्रचार गर्न विभिन्न ठाउँहरूमा लैजाने गर्थे। यी सबै गतिविधिहरू साथै बिहान साँढे दुई बजे उठेर दूध दुहुने, यी सबै मिलेर विद्यालयमा ध्यान दिने बिलीको क्षमतामा असर ल्यायो। वास्तवमा सन्

१९३५ को ख्रीष्टमससमा बिली स्नातक हुने सत्रान्तको अगि, बिलीको शिक्षिका श्रीमती ग्राहमलाई भेट्नुभयो। उहाँले भन्नुभयो कि उहाँको ११ बजेको अङ्ग्रेजी कक्षामा बिली प्रायः सुत्थे। तैपनि यो परिस्थितिको बारेमा कसैले गर्न सक्ने केही थिएन। बिलीले प्रार्थना गरे कि उनले कसै गरी परीक्षालाई पार गरेर कक्षाका अन्य २४ जना सदस्यको साथ स्नातकोपाधि लिन पाएको होस्। तिनी दीक्षान्त समारोहमा गर्वसाथ मञ्चमा हिँड्दै कसै गरी त्यसो गर्न सफल भए। अब उनी उच्च विद्यालयबाट स्नातक भइसके, प्रश्नचाहिँ अब के गर्ने भन्ने रह्यो। उनकी आमाले उनी इलनाइमा रहेको विटन कलेजमा गएको चाहनुहुन्थ्यो, तर उनको ग्रेड पर्याप्त थियो कि अथवा विटनजस्ता कलेजमा उनी जति कठोर परिश्रमको साथ अध्ययन गर्नुपर्छ त्यसमा उनी रमाउँछन् कि भन्ने कुराको बारेमा गम्भीरतापूर्वक बिलीले शङ्का गरे। ग्र्याडीको दाजु टी. डब्ल्यु पहिले नै बाब जोन्स कलेजमा अध्ययनरत थिए। बिलीले जिमी जोन्सनको साथ बिताएको उनका समयहरूको बारेमा सोचे, जो बाब जोन्स कलेजबाट स्नातक भएका थिए। जिमी एउटा उत्कृष्ट प्रचारक थिए, र तिनी विश्वस्त र शान्त स्वभावका थिए – दुई वटा कुराहरू, जुन बिली एक दिन बन्ने चाहनामा थिए। उनले आफूलाई भने, "हुन सक्छ, बाब जोन्स कलेजमा जानुले मलाई एउटा जिमीजस्तो मानिस बनाउँछ।"

www.togmission.com

बिलीले चाँडै नै बाब जोन्स कलेजमा एउटा आवेदन पठाए। यसले गर्मी याममा के गर्ने भन्ने प्रश्न साथ उनलाई छोड्यो। तिनीहरूका छिमेकीहरूभन्दा आर्थिक रूपमा ग्राहमहरूको परिवार राम्रो अवस्थामा थियो, र बिलीलाई तिनको शिक्षण लागतमा सघाउन सक्ने थिए, तर उनलाई अझै पनि खर्च गर्ने पैसाको आवश्यक थियो। यसको उत्तरचाहिँ बिलीले कहिल्यै विचार नगरेको कुराको रूपमा थियो – फुलर बुरुस कम्पनीको लागि घर घर गएर सामग्रीहरू बेच्ने।

बिलीको पुरानो साथी अल्बेर्ट मेकम्याकिन फुलर बुरुस कम्पनीमा बिक्री प्रबन्धक थिए, र तिनले बिलीलाई गर्मी यामको काम दिए। बिली सुरुमा अनिच्छुक थिए, तर अल्बेर्टले तिनलाई राम्रो पैसा कमाउन सक्ने आश्वासन दिए। अल्बेर्टले भने, त्यो रमाइलो र सजिलो थियो। बिलीले गर्नुपर्ने सबैचाहिँ

अपरिचित व्यक्तिको ढोका ढकढक्याउनु पर्ने र तिनीहरूलाई केही किन्न लगाउन प्रयास गर्नुपर्ने। त्यो बिलीलाई रमाइलोजस्तो सुनिएन। वास्तवमा यो एकदम डरलाग्दो सुनियो।

www.togmission.com

## अध्याय - ३

# गनगनाउनु सहने छैन

१७ वर्षको बिली ग्राहम उनको फुलर बुरुसको आधिकारिक सुटकेस हातमा बोक्दै घरको मूल ढोकामा पुऱ्याउने बाटोमा हिँड्नुभन्दा अगि एउटा लामो सास लिए। उनी कामको लागि तयार थिए। कम्पनीले बेच्ने दुई सय वटा बुरुसहरूको बारेमा तिनले जान्नेसम्म कम्पनीको रातो र सेतो सामग्री विवरण किताबलाई ध्यानसित अध्ययन गरेका थिए। अब ती कुराहरूलाई बेच्नुमा आफ्नो सिपलाई परीक्षण गर्ने समय थियो। तिनले ढोका ढकढक्याए, एक जना मध्य उमेरकी स्त्रीले ढोका खोलिन्। आफ्नो टोपी उठाउँदै तिनले भने, "नमस्ते म्याडम, म यहाँ फुलर बुरुस कम्पनीको प्रतिनिधिको रूपमा छु, र मसँग तपाईंको लागि एउटा उपहार छ, के तपाईंले नौनी बुरुस वा तरकारी बुरुस रुचाउनुहुन्छ?"

त्यो महिला मुस्कुराइन्, "धन्यवाद जवान मानिस, मलाई लाग्छ, मलाई नौनी बुरुस चाहिन्छ" भन्दै त्यो महिलाले तिनको हातबाट बुरुस खोसिन्, "र शुभ दिन" भन्दै ढोका बन्द गरिन्।

बिली चलेनन्। तिनले आफ्नो बिक्रीको वार्ता सुरु गर्ने अवसर नै पाएका थिएनन्, त्यति मात्र होइन, त्यो स्त्रीद्वारा उनको १० सेन्ट खर्च भइसक्यो, किनभने परिचयात्मक उपहारको खर्च उनकै गोजीबाट आएको थियो। तिनले अर्को ढोका ढकढक्याए, तर उत्तर आएन। बिली फर्केर सडकतिर जाँदै गर्दा उनले महसुस गरे कि यदि उनलाई केही पैसा कमाउनु छ भने उनले आफ्नो बिक्री गर्ने तरिकालाई बदल्नुपर्छ।

पछिल्लो केही हप्ताहरूमा बिली आफ्नो बिक्री प्रविधिलाई तिखार्न कडा मेहनत गरे। पहिले उनले पक्का गरे कि उनको खुट्टा घरभित्र राख्न पाएका

छन्। कसैले ढोका खोल्ने बित्तिकै तिनले आफ्नो खुट्टा भित्र राखे, ताकि त्यो व्यक्तिले उनको सामु ढोका बन्द गर्न नसकेको होस्। त्यसपछि तिनले सिके कि उपहारलाई सुटकेसको तल्लो भागमा राख्नु उचित हुन्छ। यो तरिकाले घरकी महिलाले निःशुल्क बुरुस पाउनलाई बिलीले सुटकेस खोल्नको लागि उनलाई भित्र आउन निम्तो दिनुपर्थ्यो। उनले टेबुलमा अरू बुरुसहरूलाई राख्दा घरकी महिलाले तीप्रति चासो दिन्छिन् भनी उनले आशा गर्थे।

बिलीले सङ्केतहरू चिन्न पनि सके। कहिलेकाहीँ उनले एउटा जासुसजस्तो अनुभव गरे। यदि उनले घरको कुनामा कुकुरलाई खाना राख्ने कचौरा देखे भने त्यो घरको महिलालाई कुकुरको बुरुस चाहिन्छ कि भनी सोध्थे। यदि उनले ह्याङ्गरमा कोट झुन्डिरहेको देखे भने सायद उनकी पतिलाई लुगाको बुरुस चाहिन्छ। यदि उनले भान्सा कोठामा फ्रिजको आवाज सुने भने उनले भन्थे कि महँगो र आधुनिक सामग्रीहरूलाई फुलर बुरुसले हप्तामा एकपल्ट सफा गरेकोमा ती फारो हुन्छन्।

बिलीले बुरुस बिक्री गर्नुमा कडा मेहनत गरे। राति उनी दक्षिण क्यारोलाइनाभरि सस्तो रूपमा पाइने भाडा–कोठाहरूमा आल्बेर्टसँग बस्थे। अन्य बिक्रीदाता र स्थायी घर नभएका केही डुलिरहने मानिसहरूको साथमा आफ्नो भोजन लिँदै तिनीहरू दुवै दैनिक एक डलरमा जिउन सफल भए। बिलीको दिनको मुख्य आकर्षण भेला भएको ठाउँमा अन्य पाहुनाहरूसँग जम्मा भएर जर्मनमा भइरहेको सन् १९३६ को ओलम्पिक खेलकुदको खबर सुन्नु थियो। जेसी आवेन्सले संयुक्त राज्य अमेरिकाको टोलीको लागि पदकमाथि पदक जित्दा उनको साहसपूर्ण खेलको खबरलाई पछ्याउनु रोमाञ्चक थियो।

ओलम्पिक खेल मनोरञ्जन साथमा हुँदा पनि घरबाट टाढा रहेकाले न्यास्रो लाग्न थाल्नको लागि बिलीलाई धेरै समय लागेन। उनी ओक्लहोमामा रहेको आफ्नो काका टमको घर जाँदा पनि घरबाट टाढा रहेका थिए, तर ती समयहरूमा उनी आफ्नो परिवारको साथ यात्रा गरेका थिए। उनी कहिल्यै एक्लै घरबाट लामो समयको लागि टाढा रहेका थिएनन्। बेलुकीको समयमा

अल्बेर्ट साथमा हुँदा पनि उनी एक्लै महसुस गरे।

एकपल्टभन्दा बढी अवसरहरूमा बिलीले सामानहरू बोकेर घरतिर जानु बारेमा सोचे, जबसम्म उनमा नयाँ एउटा योजना आएको थिएन। उनले यदि ग्र्याडी र टी. डब्ल्यु काममा आफूहरूसित जोडिनु मिल्छ कि भनी अल्बेर्टलाई सोधे। अल्बेर्ट सहमत भए, र चाँडै बिलीले आफ्ना साथीहरूलाई साथमा पाए। यसले धेरै भिन्नता ल्यायो। यी तीन जना साथीहरू एक अर्कालाई जिस्काउन मन पराउँथे, तर तिनीहरूमा एउटा गम्भीर पक्ष पनि थियो। हरेक रात तिनीहरू आफ्नो कोठामा एक साथ मिलेर प्रार्थना गर्थे र बाइबल पढ्थे। दिनमा बुरुस बेच्ने क्रममा तिनीहरूले भेटेका परिवारहरूले यी जवान भाइहरूले आफ्नो इसाई विश्वासको बारेमा बताउने कुरा सुन्न पनि पाए। हरेक हप्ता बिलीले यो गर्दै जाँदा नौला मानिसहरूसँग बातचित गर्नुमा उनको आत्मविश्वास बढ्दै गयो, र उनको बिक्री बढ्यो। हप्तामा ७५ डलर कमाउने ठाउँमा पुग्न उनलाई धेरै समय लागेन, जुनचाहिँ भर्खरै उच्च विद्यालयबाट निस्केर आएको एउटा केटोको लागि एउटा सानो भाग्य नै थियो।

गर्मी यामको अन्तमा बाब जोन्स कलेजमा जानुको बारेमा बिली उत्साहित थिए। उनलाई पक्कै थाहा थियो कि उनी उनको बाँकी जीवनभरिको लागि फुलर बुरुस कम्पनीको बिक्रीकर्ता हुन चाहेनन्। शरद् ऋतु सुरु हुने बेलामा बिली र विल्सन दाजुभाइहरू घर फर्के, जहाँ तिनीहरू कलेजमा जानुभन्दा अगि एक हप्ता परिवारसँग बिताए।

सेप्टेम्बर महिनाको एक उज्यालो दिनमा बिली र उनका बुवा पुरानो प्लाइमाउथ कारमा सामानहरू हाले, र विल्सन दाजुभाइहरूलाई पनि लिएर पश्चिमतिर टेनेसीको क्लीभल्यान्ड तर्फ यात्रा गरे । उनीहरू बाब जोन्स कलेजमा आएर रोके, जहाँ सेता खाँबाहरू र एउटा विशाल बरन्डा भएको दुई तलाको इँटाका भवनहरूको प्रभुत्व थियो। "हामी त्यसलाई पुरानो मुख्य भवन भन्छौँ," टी. डब्ल्यू.ले जानकारी दिए। "तिमीले यसलाई मन पराउने छौ।"

एक घण्टापछि बिली अनिश्चित भए। उनी दुई वटा खाटहरू भएको आफ्नो कोठाभित्र गए, र उनलाई "गनगनाउनु सहने छैन!" भनी लेखिएको सूचना पाटीले स्वागत गऱ्यो। उनले एकटक लगाएर हेरिरहे। एउटा इसाई कलेजमा त्यो अति असुहाउँदो देखिरहेको थियो। आउने विद्यार्थीहरूलाई यो सूचनाको सट्टामा एउटा बाइबल पदद्वारा किन स्वागत गरिएन होला भनी उनी आश्चर्यचकित भए।

एक हप्ताभित्र नै बिलीले त्यहाँ गनगनाउनु पर्ने कुराहरू धेरै भएको महसुस गरे। उनका आमाबुवाले आफ्ना छोराछोरीबाट सधैँ नै असल व्यवहारको अपेक्षा गरेका थिए, तर बाब जोन्स कलेजले अपेक्षा गरेको जस्तो केही थिएन। नियमहरूको सूची अति लामो थियो। जवान केटा र केटीहरू एक अर्कासित प्रेम सम्बन्ध बसाल्नको लागि बातचित गर्न अनुमति दिइन्थ्यो, तर त्यो समय अवधिभरि नै उनीहरूभन्दा ज्येष्ठ उमेर भएको कोही साथमा रहेको खण्डमा मात्र थियो। त्यस्तो भए पनि उनीहरूलाई एउटै सोफामा सँगै बस्न दिँदैन थियो। त्यस्ता बातचितहरू शिक्षकबाट पूर्व अनुमति पाएको हुनुपर्थ्यो, र तिनीहरूको आधिकारिक त्यो बातचित बाहिर त्यो जोडी एक अर्कासँग कुरा गर्न अनुमति थिएन। कक्षाहरूको बारेमा पनि नियमहरू थिए। धेरै वटा नियमहरू सोच विचारलाई उत्साह दिने र विभिन्न पक्षको बारेमा विवाद गर्ने खालको थिएन भनी बिलीलाई लाग्यो। बिली र उनको कोठाका तीन जना साथीहरू आफ्नो चिन्ताको बारेमा बत्तीहरू निभिसकेपछि सानो स्वरले छलफल गर्थे, यसरी अँध्यारोमा तिनीहरूले गनगनाउनु सहने छैन भन्ने सूचनालाई देखेनन्।

बिलीको कोठाका साथीहरूमध्ये एक जना वेन्डेल फिलिप्सले निर्णय गरे कि यति कडा तालिकालाई उनी अझ लामो सहन सक्दैन, र कुनै सूचनाविना एक दिन बिहान कलेज छोडेर गए। केही समयपछि फ्लोरिडामा भएको एउटा बाइबल कलेजबाट पत्र पठाएर भने कि तिनले तिनको नयाँ कलेजलाई अझ बढी मन पराए। जब उनी र ग्र्याडी दुवै रुघाले गम्भीर रूपमा तल परे बिली आफै पनि बाब जोन्स कलेजलाई छोड्ने विचार गरिरहेका थिए। तिनीहरूलाई कलेजको बिरामी राख्ने कोठामा पठायो, जहाँ तिनीहरू उत्तानो

परेर सुतेर छानालाई हेरिरहनुपर्छ भनी माग गरिन्थ्यो। बिली यसबाट चाँडै नै दिक्क भए, र कसैलाई चलचित्र प्रोजेक्टर र मिक्की माउस चलचित्रको प्रतिलिपि त्यहाँ छिराउन लगाए। जब तिनले बिरामी कोठामा चलचित्र हेरेका थिए भन्ने पत्ता लगायो, बिलीले एक सय दुर्गुण अङ्क पाए। चलचित्र हेर्नु हुँदैन भन्ने त्यहाँको अर्को नियम थियो।

कलेजको अनुशासन प्रणालीमा एउटा नियम थियो, कि एक सय पचास दुर्गुण अङ्क प्राप्त गरेको विद्यार्थी स्वतः कलेजबाट निष्कासन हुन्छ। बिली त्यस अङ्कको नजिक हुँदै थिए। उनले बाब जोन्स कलेजलाई छोड्न चाहे तापनि त्यो निष्कासनद्वारा भएको उनले चाहेनन्। कलेजको पहिलो छ महिनाको अवधि अन्त हुने बेलासम्म तिनी आफ्नो शिर झुकाएर बसे, जब ती अवधि भयो, उनी ख्रीष्टमसको लागि उत्तर क्यारोलाइनामा आफ्नो घरतिर जानुमा खुसी भए।

बिदाका दिनहरूमा ग्राहमको परिवार बिलीको फुपू र फुपाजुलाई भेट्नको लागि फ्लोरिडामा भएको ओर्लान्डो गए, जसले त्यो सहरमा एउटा घर किनेका थिए। बिली आफ्नो परिवारमा रहन पाउँदा खुसी थिए। उनले छोडेर गएको समयभित्र अहिले चार वर्ष भइसकेको जीनको साथ सबै बढेको जस्तो तिनलाई लाग्यो। तिनीहरू दक्षिणतिर यात्रा गर्दा बिलीलाई जीनले हजारौँ प्रश्नहरू सोधिन्।

सडकको छेउमा सहरको नजिक भएको सुन्तलाका रूखहरू, न्यानो जाडो यामको मौसम र पौडी खेल्ने कुण्डहरू यस्ता ओर्लान्डोको सबै कुरालाई बिलीले मन पराए। बिलीले आफ्ना आमाबुवालाई करिब सात किलोमिटर टाढा टम्पा सहर नजिक रहेको फ्लोरिडा बाइबल इन्स्टिच्युटमा भएको आफ्नो पुरानो साथी वेन्डेल फिलिप्सलाई भेट्न जान दिन मनाए।

बिली कलेज परिसरमा प्रवेश गर्ने बित्तिकै घरमा रहेको जस्तो अनुभव गरे। फ्लोरिडा बाइबल इन्स्टिच्युट स्प्यानिस शैलीमा बनाएको एउटा होटेल भवनमा थियो, जुन १९२९ को आर्थिक सङ्कटमा दिवालिया भएको थियो।

त्यो सुन्दर भवनमा गुलाबी रङ लगाएको थियो, भवनको वरिपरि हिल्सबोरो नदीको किनारमा १८ वटा प्वालहरू भएको गल्फ मैदान थियो। सम्पूर्ण वातावरण शान्त थियो, जस्तो कि एउटा ठुलो परिवारसँगै बसिरहेको जस्तै। बिलीले तुरुन्तै महसुस गरे कि फ्लोरिडा बाइबल इन्स्टिच्युट नै उनी रहन चाहेको ठाउँ हो। यद्यपि बाब जोन्स कलेजमा अर्को छ महिनाभरिको लागि उनका आमाबुवाले पैसा तिरिसकेको कारण उनी त्यहाँ नै फर्किनु पर्ने महसुस गरे।

ख्रीष्टमसको बिदा अन्त हुँदा बाब जोन्स कलेजमा जानु बारे आफूमा कति डर छ भन्ने कुरालाई उनले महसुस गरे। बिलीले आफ्ना आमाबुवासँग आफ्नो परिस्थितिको बारेमा कुरा गरे, र उहाँहरू सहमत भए कि उनी फ्लोरिडा बाइबल इन्स्टिच्युट जानु उनको लागि सुहाउँदो हुन्छ। बारम्बार दोहोरिरहेको उनको रुघाखोकीको बारेमा उनकी आमा चिन्तित हुनुहुन्थ्यो, र आफ्नो छोरा न्यानो मौसममा रहने योजना उनलाई मन पर्‍यो।

फेरि टेनासीतिर यात्रा गर्दा बिलीलाई डा. बाब जोन्ससित कुरा गर्ने साहस जुटाउनु पर्ने थाहा थियो। क्लीभल्यान्डमा रहेको कलेजमा उनी नङ टोक्दै अध्यक्षको कार्यालयअगाडि पर्खिरहेका थिए, र अन्तमा सचिवले उनलाई डा. जोन्सको कार्यालयभित्र बोलाए।

बिली आफ्नो कार्यालयभित्र प्रवेश गर्ने बित्तिकै बाब जोन्सले भन्नुभयो, “के भयो? म तिम्रो बारेमा सुनिरहेको छु।”

बिलीले बोल्नको लागि मुख खोले, र शब्दहरू आएन। उनले फेरि प्रयास गरे। बिस्तारै उनले कलेजलाई मन पराएनन्, र त्यो ठाउँमा आफू अनौठो र ईश्वरबाट टाढा भएजस्तो महसुस गरेको कुरा अध्यक्षलाई भन्न सफल भए।

उनको हृदयको गहिराइमा बिलीलाई थाहा थियो कि बाब जोन्स कलेजमा उनको समय सिद्धिसक्यो। उनी आवश्यक परेको भन्दा एक दिन पनि बढी त्यहाँ रहन चाहेनन्। जनवरी महिनाको मध्य भागमा उनी फ्लोरिडा बाइबल

इन्स्टिच्युटमा पढ्न अनुमति पाए, र बाब जोन्स कलेजबाट उनलाई लिन उनको बुवा आउनुभयो। उनको बुवाको नयाँ प्लाइमाउथ कार टेनासीको क्लीभल्यान्डबाट टाढा अगडि बढ्दै जाँदा पार गरेको हरेक माइलको साथ उनले राम्रो महसुस गरिरहेका थिए।

यात्रा गर्दै जाँदा टेम्पल टेरसमा रहेको फ्लोरिडा बाइबल इन्स्टिच्युट परिसरको जीवनको बारेमा बिलीले कल्पना गरे। चिसो ओसिलो कक्षा कोठाहरू अब छैन, कडा नियमहरू अहिले छैन, र गनगनाउनुको विरोधमा सूचना पाटीहरू अब छैन। अब त्यो आनन्द हुन गइरहेको थियो।

उनले आशा गरेको जस्तै नै सबै कुरा थिए। फ्लोरिडा बाइबल इन्स्टिच्युटमा जम्मा ७० जना भर्ना भएका थिए, ३० जना छात्र र ४० जना छात्रा। विद्यार्थीहरूलाई पढ्न, काम गर्न र मनोरञ्जन गर्न प्रशस्त समय थियो। विद्यार्थीहरू थोरै भएकाले कलेजका प्रायः भागहरू विद्यार्थीहरूको प्रयोजनको लागि आवश्यक थिएन, यसैले बढी भएका कोठाहरू हिउँ र बरफबाट बच्नको लागि हिउँदमा उत्तरी भागबाट आउने इसाईहरूलाई भाडामा दिइन्थ्यो। हिउँदभरि नै लगभग ५० जना पाहुना त्यहाँ रहन्थे, र मण्डलीका समूहहरू छोटो अवधिको लागि त्यहाँ आउँथे। पाहुनाहरूको व्यवस्थापनमा काम गर्दा विद्यार्थीहरूलाई एक घण्टाको लागि २० सेन्ट दिइन्थ्यो। बिलीलाई थप पैसाको लागि आवश्यक थिएन। उनको बुवाले दिनको एक डलर भएको कलेजको शुल्क खुसी साथ तिर्नुभएको थियो, र उनलाई अन्य खर्चको लागि पैसा पनि दिनुभएको थियो। तर बिली कलेजको जीवनलाई पूर्ण रूपमा अनुभव गर्न चाहन्थे, र पाहुनाहरूलाई खाना बाँड्ने, भाँडाहरू धुने र आँगनमा भएका घाँसहरू काट्ने कामहरूमा आफ्नो पालो लिए। चाँडै नै उनले आफूलाई अति मनपर्ने काम भेट्टाए, जसको लागि पैसा पाउँछ कि पाउँदैन भनी वास्ता नै गर्दैन थिए, जुनचाहिँ गल्फ मैदानमा खेलाडीहरूलाई सघाउने।

गल्फको गह्रौँ भएका सामग्रीहरू बोकेर मैदानमा धेरै टाढासम्म हिँड्नुले बिलीलाई आफ्नो शक्तिलाई प्रयोग गर्ने मौका दियो, तर जुन मानिसहरूलाई

बिलीले सघाउँथे तिनीहरूले नै त्यो कामलाई आकर्षक र आनन्दपूर्ण बनाए। कति जना पाहुनाभने वृद्ध उमेरका प्रख्यात सुसमाचार प्रचारकहरू थिए, र उहाँहरू सबैलाई (खेल्ने क्रममा) लामो समय अवधिको लागि आफ्नो साथमा पाउँदा त्यसलाई विश्वास गर्नै बिलीलाई गाह्रो भयो। उनले मूडी बाइबल इन्स्टिच्युटका जिप्सी स्मित, विलियम इभान्स र नर्थवेस्टेर्न विद्यालयहरूका स्थापक र अध्यक्ष डब्ल्यु. बी. रइलेसँग चिनजान गर्ने मौका पाए। गल्फ मैदानमा एउटा प्वालदेखि अर्को प्वालसम्म हिँडेर जाँदा बिलीले प्रश्नहरू सोध्न पाए, र उनका केही प्रवचनहरूलाई पनि उनीहरूको सामु परीक्षा गरेर हेरे। यो एउटा असल कुरा थियो, किनभने कलेजले आफ्ना सबै विद्यार्थीहरूले वरिपरिको समुदायको बिचमा अस्थायी घरहरू भएका स्थलहरू, कारागार, दोबाटाहरू, मण्डलीहरू र युवा झुन्डहरूको माझ साथै विभिन्न ठाउँमा प्रचार गरेको चाहन्थ्यो।

उनी अग्लो र दुब्लो लज्जालु स्वभावको भए तापनि आफ्नो प्रचार गर्ने क्षमतालाई बिलीले सुधार्न चाहन्थे, र सो गर्नको लागि कठिन परिश्रम गरे। उनी सानो डुङ्गामा हिल्सबोरो नदीको माझमा गोहीहरू र बकुल्लाहरूले भरिएको एउटा सानो टापुतिर अक्सर जाने गर्थे। त्यो टापुमा उनले आफ्ना प्रवचनहरूलाई स्वाभाविक नसुनेसम्म ठुलो स्वरले दोहोऱ्याइ दोहोऱ्याइ प्रचार गरे। उनी फेरि डुङ्गा चलाएर फर्केर आउँदा उनका सह–विद्यार्थीहरूले उनलाई, “बिली, आज कति जनालाई उद्धारमा डोऱ्यायौ?” भनी सोधेर जिस्काउँथे।

बिली फ्लोरिडा बाइबल इन्स्टिच्युटमा प्रगति गर्दै जाँदा उनले इसाई विश्वासमा केही मानिसहरूलाई ल्याउन पाए। प्रायः तिनीहरू अस्थायी घरहरू भएका ठाउँका थिए, जहाँ उनी सधैँ प्रचार गरेको देखिन्थ्यो। दुई जना स्त्रीहरूले त्यहाँ खुला आकाशमुनि आराधना सेवाको आयोजना गरे, जुन सेवाले दुई सयदेखि एक हजार जनासम्मका मानिसहरूलाई खिच्यो। उनको प्रवचनमा वर्तमान घटनाहरूलाई समावेश गर्नु कति प्रभावकारी रहेछ भनी बिलीले चाँडै थाहा पाए। संसारमा के भइरहेको थियो र धर्मशास्त्रले त्यसबारे के भन्छ भन्ने कुरा सुन्नेतिर साधारण मानिसहरू पनि आकर्षित भए। बिलीलाई

बताउन धेरै कुरा थिए। सन् १९३९ सेप्टेम्बरमा जर्मनले पोल्यान्डलाई आक्रमण गऱ्यो, र युरोपमा दोस्रो विश्वयुद्ध सुरु भयो। एसियामा जापानले पूर्वी चीनको ठुलो भूभागहरू कब्जा गऱ्यो। युद्ध सुरु भएको खण्डमा संयुक्त राज्य अमेरिका निष्पक्ष रहनेछ भनी राष्ट्रपति फ्र्याङ्कलिन डी. रोस्वेल्टले अमेरिकीहरूलाई आश्वासन दिनुभयो। राष्ट्रपतिको आश्वासनको बाबजुद अमेरिकी जनता भविष्यमा के हुन्छ भन्ने कुरा बारे चिन्तित थिए।

बाइबल कलेजमा दोस्रो वर्ष पूरा हुँदा घर जानुको सट्टामा बिलीले टेम्पल टेरसमा नै रहने निर्णय गरे। उनी गर्मी यामभरि प्रचार गरिरहन चाहन्थे, र त्यसो नै गरे। जवान सङ्गति र मण्डलीका सेवाहरूमा प्रचार गर्नुको साथै उनले टम्पाका गल्लीहरूमा कोही बेला दिनको सात पल्टसम्म प्रचार गरे। बिलीलाई प्रवचनको भाग दिएको धेरै वटा मण्डलीहरू दक्षिणी ब्याप्टिस्ट सम्प्रदायका थिए। समय बित्दै जाँदा बिली वयस्क भएर पानीमा डुबेर बप्तिस्मा लिनुको सट्टामा प्रेस्बिटेरियन मण्डलीमा बाल–बप्तिस्मा लिएका थिए भन्ने कुरा समस्याको मुद्दा भयो। बिलीको परामर्शदाता सिसिल अन्डरउडले ब्याप्टिस्ट परम्पराअनुसार बप्तिस्मा लिनुको बारेमा विचार गर्ने सल्लाह बिलीलाई दिनुभयो, जसमा बिली सहमत भए। त्यसपछि लगत्तै बिली एउटा अभिषेक गरिएको ब्याप्टिस्ट सेवक बन्ने सल्लाह सिसिलले दिनुभयो। यसको पनि व्यवस्थापन भयो, र एक्काइस वर्षको उमेरमा बिली ग्राहम एउटा अभिषिक्त दक्षिणी ब्याप्टिस्ट सेवक बने।

बिली अब विवाह र दफन सेवा चलाउन सक्ने र अझ बढी प्रचारकको स्थानहरू लिन सक्ने भए। यद्यपि उनीसँग ठुला योजनाहरू थिए। फ्लोरिडा बाइबल इन्स्टिच्युट एउटा राम्रो कलेज थियो, तर त्यो मान्यताप्राप्त थिएन, जसको अर्थ अन्य कलेजहरू र विश्वविद्यालयहरूले त्यसका स्नातक उपाधिहरूलाई मान्यता दिँदैन थिए। दीक्षान्त हुन लाग्दा एउटा मान्यताप्राप्त स्नातकोपाधि प्राप्त गर्नुपर्छ भनी बिलीले महसुस गरे। यो कसरी हुन पुग्छ भनी उनलाई निश्चित रूपमा थाहा थिएन, किनभने उनका उच्च विद्यालयका अङ्कहरू अति कम थिए। यो समस्या टेम्पल टेरसमा भएको कलेजमा दुई जना वास बस्न आउँदा समाधान भयो। त्यसमध्ये एक जनाचाहिँ

सिकागोबाटको वकिल पाल फिसर थिए, अर्कोचाहिँ सिकागोको एउटा व्यापारी एल्नेर एड्मन थिए। एल्नेरको काका विटन कलेज समितिको अध्यक्ष थिए, र उनको भाइ रे त्यहाँको एउटा प्राध्यापक थिए। दुवैले बिलीको प्रचार सुने, र यति प्रभावित भए कि बिलीलाई एउटा विद्यार्थीको रूपमा स्वीकार गर्न विटन कलेजलाई सिफारिस पत्र लेखिदिने प्रस्ताव राखे। अझ उत्तम यदि तिनले स्विकारिएको खण्डमा उनको शैक्षिक शुल्क र अन्य खर्चहरू तिर्ने प्रस्ताव राखे। बिलीले कल्पना गरेको भन्दा यो अझ बढी थियो।

सन् १९४० मे महिना जब बिली फ्लोरिडा बाइबल इन्स्टिच्युटबाट स्नातक भए, विटन कलेजको स्वीकृति उनको हातमा थियो। सिकागोतिर यात्रा गर्नुभन्दा अगि उनले आफ्नो गर्मी यामलाई पेन्सिलभेनियामा प्रचार गर्नुमा बिताए।

# अध्याय - ४

# उनका सपनाहरूको युवती

सिकागोबाट २० माइल पश्चिममा रहेको विटन कलेजमा ग्राहम आइपुगे। कलेजको परिसर त्यसको इँटाका भवनहरू र लस्करै भएको कटुसका रुखहरूसहित सुन्दर थियो। विटन कलेजको इतिहास लामो र प्रतिष्ठित थियो। यो ८० वर्ष पहिले जोनाथन ब्लान्चार्ड नामको एक कट्टर दासत्व विरोधी कङ्ग्रिगेसनल सेवकद्वारा स्थापना गरिएको थियो, र एक सम्मानित र पूर्ण मान्यताप्राप्त स्वतन्त्र कला र विज्ञानको संस्थाको रूपमा विकास भएको थियो। यद्यपि त्यसले आफ्नो इसाई जराहरू गुमाएको थिएन। त्यसको ठिक विपरीत हरेक विद्यार्थीले कलेजमा रहने समयभरि बाइबल अध्ययन गर्थे, र सबै सङ्कायका सदस्यहरू सक्रिय इसाईहरू थिए।

बिलीले इटनमा साहस रूपमा सामेल भइहाल्ने आशा गरेका थिए, तर त्यहाँ आइपुग्दा आफू त्यो ठाउँको लागि नमिलेको देख्दा निराश भए। २२ वर्षको उमेरमा उनी सबैभन्दा बढी उमेरको विद्यार्थी थिए, र उनलाई लाग्थ्यो कि आफू एउटा अनौठो नयाँ विद्यार्थी। उनी ६ फुट २ इन्च अग्लो थिए, उनको तौल लगभग ७० किलो थियो र आफ्नो दुब्लो शरीरमा चम्किलो वस्त्र लगाएका थिए, जुनचाहिँ फ्लोरिडामा सुहाउँदो थियो, तर यो उत्तरी भूभागको महँगो कलेजमा अध्ययन गर्ने चिटिक्क लुगा लगाउने विद्यार्थीहरूको माझ असामान्य देखिएको थियो। जब बिलीले बोल्न प्रयास गरे, कडा उच्चारणको साथ बिस्तारै बोल्ने उनको दक्षिणी शैली देखेर अन्य विद्यार्थीहरू छक्क परेको जस्तो देखिन्थ्यो। कसै कसैले उनलाई भने कि उनीहरूले उनले बोलेको एक शब्द पनि बुझ्न सकेनन्। धेरै जसो नयाँ विद्यार्थीहरू उत्तर र पूर्वमा रहेका शीर्ष उच्च विद्यालयहरू र निजी विद्यालयहरूबाट आएका थिए, बिली उनको हृदयमा अझै पनि उत्तर क्यारोलाइनाबाटको खेती गर्ने केटा थिए।

जब बिलीले आफ्नो कोठामा आफ्ना केही सामानहरू राखिसकेका थिए, उनलाई उदासी भावनाले घेरेको महसुस गरे। उनले विटनमा साँढे तीन वर्षको अध्ययन कसरी पूरा गर्ने भनी सोच्न थाले। (फ्लोरिडा बाइबल इन्स्टिच्युटको उनका अङ्कहरूले उनलाई कलेजको अध्ययनको पहिलो अवधिलाई छोड्न अनुमति दियो।) परिस्थिति झन् खराब हुने गरी विटन कलेजमा पनि बाब जोन्स कलेजमा जत्तिकै धेरै नियमहरू थिए। नृत्य गर्न नपाउने, तास खेल्न नपाउने, गोप्य समाजहरूमा सहभागी हुन नपाउने र कुनै पनि रूपमा सुर्ती वा मदिरा सेवन गर्न नपाउनेजस्ता नियमहरू यसमा समावेश थियो।

बिली सुसमाचार प्रचारक बन्ने उद्देश्यमा विटन कलेजमा भर्ना लिएका भए पनि उनी मानव शास्त्र (मानवहरू र तिनीहरूका संस्कृतिहरूको अध्ययन) लाई प्रमुख विषयको रूपमा लिने निर्णय गरे। यसले उनलाई संसारभरि भएका मानिसहरूलाई बुझ्न मदत गर्ने विश्वास उनले गरे। यदि उनी प्रचारक वा मिसनरीको रूपमा विदेशी मुलुकहरूमा जान परेको खण्डमा त्यहाँका मानिसहरूलाई कसरी राम्रोसँग सुसमाचार पुऱ्याउने भन्ने कुरामा राम्रो ज्ञान प्राप्त हुने आशा गरे। मानव शास्त्रको अध्ययन बाहेक बिलीले ग्रिक नयाँ करार, भू-विज्ञान र अर्थशास्त्रका कक्षाहरू पनि लिए। समग्रमा यी सबैले अध्ययनको धेरै समय लियो।

बिलीलाई बिस्तारै आफू विटनको हो जस्तो लाग्न थाल्यो। आइतबारको बिहानीहरूमा उनी उनको एक जना प्राध्यापक मार्टाइमर लेनलाई भेट्ने गर्थे। डा. लेन र उनका परिवार प्लाइमाउथको ब्रदरन सम्प्रदायका थिए। तिनीहरूले आफ्नो घरमा प्रार्थना, आराधना र बाइबल अध्ययनमा रुचि राख्ने ब्रदरनहरू र अन्यहरूको लागि सानो एउटा झुन्ड सङ्गति आयोजना गर्थे। बिली कतै जान पाएकोमा खुसी थिए। उनी लेनको परिवारसँग रहँदा घरमा भएको महसुस गरे।

कलेज परिसरबाट लगभग एक माइल टाढा एक सभागृह थियो, जहाँ आइतबारको दिन करिब ३०० जना आराधना सेवाको लागि जम्मा हुन्थे। मण्डलीलाई औपचारिक रूपमा युनाइटेड गोस्पल ट्याबरनेकल भनिन्थ्यो।

तर सबैले यसलाई "द ट्याब" भनी मात्र बोलाउँथे। बिलीलाई चाँडै नै नियमित रूपमा द ट्याबमा प्रचार गर्न निमन्त्रणा गरियो, जसको लागि उनलाई १५ डलरको सम्माननीय रकम दिइन्थ्यो। बिलीले अक्सर वर्तमान घटनाहरूलाई आफ्नो प्रचारमा उदाहरणको लागि प्रयोग गर्थे। युरोपमा भइरहेको युद्ध सधैँ नै एउटा चासो जनाउने विषय थियो। सन् १९४० जुनमा जर्मनको सेनाले प्यारिसलाई जितिसकेको थियो, र इटालीले फ्रान्स र बेलायतको विरोधमा युद्ध घोषणा गरिसकेको थियो। युरोपको कलह अझै पनि धेरै टाढाको कुराजस्तो महसुस भइरहेको थियो।

जबकि द ट्याबमा प्रचार गरेबापत बिलीले प्राप्त गरेको सम्माननीय रकम १५ डलर उपयुक्त थियो, उनलाई अझै अन्य खर्चको लागि पैसा कमाउनु आवश्यक थियो। यो गर्नको लागि उनी एउटा जोनी स्ट्रिटर नामक विद्यार्थीसँग मिलेर काम गरे। जोनीसँग एउटा पुरानो पहेँलो रङ्को सामान बोक्ने गाडी थियो, जसलाई उनले विटनको वरिपरि भएका सहरहरूमा मालसामानहरू ओसारपसारमा प्रयोग गरे। उनले बिलीलाई प्रतिघण्टा ५० सेन्टमा प्रत्येक दिउँसो काम गर्ने प्रस्ताव गरे, जुन नयाँ तोकिएको अनिवार्य न्यूनतम ज्यालाको दोबर थियो। बिली चाँडै नै सिकागोको पश्चिमी भागमा घुमफिर गर्न सिके।

सन् १९४० नोभेम्बर महिनाको एक दिन बिली र जोनी विलिस्टन हल छात्रावासको आसपासमा कुरा गरिरहेका थिए। त्यति बेला जोनी चिच्याए, "हे रूथ, यता आऊ !"

बिलीले हेर्दा एउटा दुब्लो लामो बाटेको कालो कपाल भएकी एक जना युवती सिँढीबाट ओर्लेर आइरहेकी थिइन्। तिनले बिलीले पत्ता लगाउन नसक्ने उच्चारण शैलीले भनिन्, "नमस्ते जोनी," जोनी डिच्च हाँसे। "बिली, तिमीलाई मैले बताएको केटी यिनी नै हुन्, रूथ बेल।" बिलीले आफ्नो मुहार रातो भइरहेको महसुस गरे। उनी अकमकीकन केही अभिवादनका शब्दहरू बोलेर पछि सरे। उनले रूथको बारेमा जोनीले बताएको कुरा सम्झे। जोनीले भनेका थिए कि तिनी नै विद्यालयमा हुँदा सबैभन्दा रूपवती थिइन्, र अति

भक्ति गर्ने पनि। रूथ कति भक्ति गर्थिन् भनी बिलीलाई थाहा थिएन, तर विद्यालयमा सबैभन्दा रूपवती हुन सक्ने कुरामा उनी सहमत हुनुपर्थ्यो। चाँडै नै बिली र जोनी ग्लेन एलिनतिर एउटा खाट लिनको लागि जानुपरेको थियो। गाडी चलाउँदै गर्दा बिलीले रूथको बारेमा सोच्नुलाई रोक्न सकेनन्।

विटनमा फर्किंदा बिली रूथको बारेमा उनले पत्ता लगाउन सक्ने कुरा पत्ता लगाउनको लागि वरिपरि भएकाहरूलाई सोध्न सुरु गरे। उनी डा. नेल्सन बेल र उनकी श्रीमती बेल्जिनीयाकी कान्छी छोरी थिइन्। बेलको परिवार चीनमा चिकित्सा मिसनरीहरू थिए, र रूथ उनको जीवनभरि एसियामा जिएकी थिइन्, सुरुमा शाङ्घाइबाट ३०० माइल उत्तर पश्चिममा रहेको सिङ्कियाङमा आफ्ना आमाबुवा र आफ्नी दिदी रोसाको साथ, त्यसपछि उत्तर कोरियाको प्योङयाङमा रहेको एउटा इसाई विद्यालयमा। रूथ आफ्नी दिदी रोसालाई पछ्याउँदै विटन आइपुगेकी थिइन्, जबकि उनका आमाबुवा र दुई जना भाइबहिनी, क्लेटन र भर्जिनिया, चीनमा थिए।

रूथको पृष्ठभूमिले बिलीको चासोलाई बढायो, साथै तिनको अनुशासनपूर्ण इसाई जीवनको प्रतिष्ठाले पनि। बिहान सबेरै उठेर खाजा खानुभन्दा अगि बाइबल पढ्ने र प्रार्थना गर्ने बानी पनि यसमा समावेश भएको थियो। उनीहरूको पहिलो भेटघाट भएको एक महिनापछि बिली ब्लान्चार्ड हल पुस्तकालयमा आफूलाई भेट्टाए, जहाँ रूथ पढिरहेकी थिइन्। बिलीको साथी हवर्ड भ्यान बुरेनले टेबुलमुनि बिलीको खुट्टामा लात दिएर भने, “अघि बढ बिली। सङ्गीत सम्मेलनमा जान तिनलाई बोलाऊ। तिमीलाई थाहा छ, तिमी चाहन्छौ। उठ, जाऊ, सोधिहाल।”

बिली उठेर रूथको छेउमा जानुअघि धेरै बेरसम्म आफ्ना किताबहरूमा झुकेर बसे, अनि उठेर रूथकहाँ गए। उनी बिस्तारै, “हे रूथ, म तिमीलाई आउँदो आइतबार सङ्गीत सम्मेलनमा लैजान सक्छु?” भनी सोध्दै गर्दा पुस्तकालयको प्रमुखले उनलाई हेरिरहे।

रूथले टाउको हल्लाउँदा तिनको खैरो आँखा झिम्क्यो। “अवश्य, म जान

चाहन्छु।" लामो समयपछि बिलीले सुनेको सबैभन्दा राम्रा शब्दहरू यिनै थिए।

अर्को आइतबारमा बिली र रूथ ह्यान्डलको मेसिया नामक सङ्गीत प्रदर्शन सुन्न गए। सङ्गीत अद्भुत थियो, र बिलीले त्यसलाई खासै सुनेनन्। उनको ध्यान उनीसँग रहेकी युवतीमाथि नै थियो। बिलीले रूथको सबै कुरा मन पराए: उनको बोल्ने तरिका, हाँस्ने तरिका र सङ्गीत सुन्दा टाउको हल्लाउने तरिका।

त्यो रात बिलीले आफ्नी आमालाई पत्र लेखे: "मैले एउटी अद्भुत केटी भेटेको छु। उनको नाम रूथ बेल हो। उनी अलिअलि तपाईंजस्तै देखिन्छिन्, र उनको आवाज पनि तपाईंको जस्तै सुनिन्छ। यही केटीलाई नै म विवाह गर्न गइरहेको छु।

तर साँचो प्रेमको यात्रा बिलीको लागि सजिलो भएन। एक भागमा त्यसको कारण यो थियो कि उनी यस्तो एक युवतीसँग प्रेममा परेका थिए, जसको जीवनभरिको लक्ष्यचाहिँ तिब्बतमा एकल अविवाहित महिला मिसनरी हुनु थियो। उनलाई फर्काउनु सजिलो थिएन, यद्यपि रूथ बिलीसँग सम्बन्ध राख्नुमा खुसी थिइन्, तर उनी बिलीको श्रीमती हुने कल्पना पनि गर्न सक्दिनन्। छिट्टै बिलीले बुझ्न थाले कि उनी आफैले रूथको हृदयलाई बदल्न सक्दैनन्, र उनले परमेश्वरलाई आफ्नो सम्बन्धको जिम्मा लिन प्रार्थना गर्न थाले।

सन् १९४१ मार्चमा रूथकी दिदी रोसालाई क्षयरोग लागेको पत्ता लाग्यो, र तिनी ओछ्यानमै रहन बाध्य भइन्। रूथ पढाइलाई छोडेर उनको हेरचाहको लागि घर गइन्। गर्मी याम नजिकिँदै थियो। बिली फ्लोरिडामा केही सुसमाचारीय सभाहरू सञ्चालन गर्न जान योजना बनाइरहेका थिए। त्यहाँबाट जानुभन्दा अगि उनले रूथलाई विवाहको प्रस्ताव राखे, तर तिनले बिलीलाई सीधा उत्तर दिइनन्। बिली सामान गाडीमा हालेर विटनबाट दक्षिणतिर यात्रा गर्दा उनको हृदय भारी भइरहेको थियो। उनले आशा गरे कि उनका अन्तिम

शब्दहरूले रूथलाई पूर्ण रूपमा टाढा पारेका छैनन्। उनले भनेका थिए, "मलाई लाग्छ, तिमीले आफ्नो बाल्यकालका आदर्शहरू, तिम्रा पागल विचारहरू र तिम्रा साथीहरूको सल्लाह बिर्सिदिनु अति राम्रो कुरा हुनेछ। ती सबै बिर्स। र केही समयको लागि सिर्फ रूथ बेल बन।"

बिली सुरक्षित फ्लोरिडा आइपुगे, र टेम्पल टेरसको फ्लोरिडा बाइबल इन्स्टिच्युटमा एउटा शिविर बसाले। उनको पुरानो प्राध्यापकहरूलाई देख्न पाउँदा उनलाई खुसी लाग्यो, र मेक्सिकोको खाडीबाट आउने न्यानो हावाले उनलाई र उनको प्रचारलाई ताजा बनायो। जब रूथबाट चिठीहरू आउन थाले, बिली आभारी भए। तिनले आफ्नो दैनिक दिनचर्याको बारेमा रोसाको स्वास्थ्य स्थिति र आफ्ना अभिभावकसँगको भेटघाटको आनन्दबारे लेखिन्। जापानी कब्जामा रहेको चीनको स्थिति यति बिग्रिएको थियो कि पश्चिमी मिसनरीहरूका लागि देशमा बस्नु सुरक्षित रहेन। अनिच्छापूर्वक डा. बेल चीनमा आफ्नो चिकित्सा सेवा छोडेर परिवारसहित संयुक्त राज्य अमेरिका फर्किएका थिए।

सन् १९४१ जुलाई ६ तारिख बिलीले रूथबाट अर्को पत्र प्राप्त गरे। सधैँझैँ गोप्य ठाउँमा खोल्न आफ्नो कोठामा दौडिए। जब उनले "म तिमीलाई विवाह गर्नेछु," भनी लेखिएको पढे, बिलीको हृदय झन्डै फुट्नै लाग्यो। त्यो रात बिलीले स्थानीय मण्डलीमा जोसका साथ प्रचार गरे, यद्यपि वास्तवमा उनको सोच रूथ र उनीहरूको भविष्यको जीवनमा थियो। प्रवचन समाप्त भएपछि बिली पास्टरको छेउमा बसे।

"तपाईंले अहिले के भन्नुभएको थियो थाहा छ?" पास्टरले अलिकति उनीतिर झुकेर सोध्नुभयो।

"थाहा छैनँ।" बिलीले इमानदारीपूर्वक जवाफ दिए।

"म पनि पक्का छैनँ, कि यहाँको कसैले बुझ्छन् !" पास्टरले भन्नुभयो।

बिली ङिच्च हाँसे। उनी यति खुसी थिए कि कुनै पनि कुराले उनको

खुसीलाई बाधा पुऱ्याउन सक्दैन थियो।

जुलाई महिनाको मध्यतिर बिली स्यारोन प्रेस्बिटेरियन चर्चमा हुने शृङ्खलाबद्ध जागृति सभाहरूमा प्रचार गर्न उत्तर क्यारोलाइनाको शार्लटतिर गए। सभाहरू समाप्त भएपछि मण्डलीले उनको लागि भेटी सङ्कलन गऱ्यो। जम्मा १६५ डलर उठ्यो, र त्यो पैसाले बिलीले किन्न चाहेको एउटा मात्र कुरा थियो – मगनीको औँठी। औँठी हातमा लिएर उत्तर क्यारोलाइनामा रहेको ब्लाक माउन्टेन गए, जहाँ रूथ चीनबाट आएका केही साथीहरूसँग एउटा सानो घरमा बसिरहेकी थिइन्। पहाडको टाकुरोमा बिलीले रूथलाई मगनीको औँठी प्रस्तुत गरे, जसले तिनलाई त्यो लगाउनु अगि आफ्नो आमाबुवाको अनुमति लिनुपर्नेछ भनी बताइन्। भोलिपल्ट रूथले भर्जिनियामा भएको आफ्ना आमाबुवालाई टेलिग्राम पठाउँदै सोधिन्, "बिलीले मलाई एउटा औँठी दिएका छन्, के यो म लगाउन सक्छु?"

"हुन्छ, यदि सुहाउँदो छ भने।" उनका आमाबुवाको जवाफ चाँडै आयो।

रूथले औँठी लगाइन्, र दुवै आफ्नो विवाहको बारेमा योजना बनाउन थाले, जुनचाहिँ दुई वर्षमा उनीहरू विटन कलेजबाट स्नातक भएपछि हुनेछ।

सन् १९४१ को गर्मी याम अन्त हुन लाग्दा बिलीले अन्तमा रूथको आमाबुवालाई भेट्ने मौका पाए। उहाँहरूलाई भेट्न उनी भर्जिनियाको व्येनेसबोरो गए, र डा. बेल र उनकी श्रीमतीसँग तुरुन्तै नाता जोडिएको महसुस गरे। उहाँहरूलाई भविष्यको सासू ससुराको रूपमा पाउँदा आफू अति आशिषित भएकोमा उनलाई विश्वासै लागेन।

बिली थपिएको जोससहित विटन कलेजमा फर्किए। सबै कुरा उनको पक्षमा भइरहेको थियो। उनले आफ्नो सपनाको युवती प्राप्त गरेका छन्, र समयमा स्नातकोपाधि प्राप्त गर्न उनी सही मार्गमा थिए। यतिखेरको समयमा युरोपको युद्ध र एसिया र पूर्वी प्यासिफिक क्षेत्रमा जापानको आक्रमणले समाचारपत्रहरूमा प्राथमिक ठाउँ पाइरहेको थियो। त्यसपछि सन् १९४१ को

डिसेम्बर ७ तारिख बेलुकी द ट्याब मण्डलीमा हुँदा कसैले बिलीलाई जापानले अमेरिकाको पेर्ल बन्दरगाहलाई आक्रमण गरेको खबर दिए। त्यो कता हो भनी बिलीलाई थाहा थिएन, तर मण्डलीको सेवाबाट घर फर्किंदै गर्दा बाटोमा एक जना केटोले "सिकागो ट्रिबुन" समाचारपत्रको विशेष संस्करण बेचिरहेको देखे। पहिलो पृष्ठको शीर्षक यस्तो थियो, "जापानसँग युद्धमा अमेरिका।"

छोटो समयपछि बिली डा. लेनको घरमा रेडियोसँग टाँसिएर भएको आक्रमणका गम्भीर विवरणहरू बुझ्दै थिए। बिहान ७:५५ मा हवाईमा जापानको युद्ध विमानहरूले पेर्ल हार्बरमा आक्रमण गरी त्यहाँ रोकिराखिएको अमेरिकाको प्रशान्त महासागर जल सेनाको २१ वटा जहाजहरूलाई डुबाए अथवा नोक्सान पुऱ्याए, र जल सेनाको २४०२ जनालाई मारे। भोलिपल्ट संयुक्त राज्य अमेरिकाले जापानको विरुद्ध युद्ध घोषणा गऱ्यो। तीन दिनपछि सन् १९४१ डिसेम्बर ११ तारिख जर्मनी र इटाली आफ्नो विरुद्ध युद्ध घोषणा गरेकाले तिनीहरूको विरुद्ध पनि अमेरिकाले युद्ध घोषणा गऱ्यो।

अहिले देश युद्धमा थियो। बिलीको तुरुन्तैको प्रतिक्रियाचाहिँ सेनामा भर्ती हुनु थियो। उनलाई थाहा थियो कि सेनामा पादरीको आवश्यकता हुन्छ, र उनले युद्ध विभागलाई आफ्नो सेवा दिने प्रस्ताव राखे। उनले चाँडै नै एउटा चिठी प्राप्त गरे, जसमा सेनाको पादरी बन्न चाहेमा दुई वटा विकल्पहरू छन् भनी बताइएको थियो। कि त उनले स्नातक तहको पढाइ पूरा गरेपछि एउटा बाइबल विद्यालयमा पाठ्यक्रम पूरा गरेर सेनाको पादरी हुन निवेदन दिन मिल्थ्यो, अथवा उनले पास्टरको रूपमा एक वर्ष काम गरेपछि हार्वार्ड विश्वविद्यालयमा पादरी तालिम लिएर भर्ना हुन मिल्थ्यो। बिली काम सुरु गर्नुमा खुसी थिए।

## अध्याय - ५

# सम्भावनाहरू हेर्दै

सन् १९४३ वसन्तको एक न्यानो दिनमा एउटा कालो लिङ्कन कन्टिनेन्टल गाडी घरको अगाडि रोक्यो, जुन घरमा बिलीले कोठा भाडामा लिएका थिए। जब एउटा घुम्रेको कपाल भएको मानिस कारबाट ओर्लिएर अगाडिका सिँढीहरू चढ्यो, बिली दोस्रो तलाको आफ्नो सुत्ने कोठाको झ्यालबाट हेरिरहेका थिए। एक मिनेटपछि बिलीको घरबेटीले उनको ढोकामा ढकढकाइन्। "यहाँ तिमीलाई भेट्न एक जना आउनुभएको छ। उहाँको नाम बाब भ्यान क्याम्पेन हो भनी उहाँ भन्नुहुन्छ।"

बिली घरबेटीलाई पछ्याउँदै तल ओर्ले। उनले त्यो नाम पहिले कहिल्यै सुनेको सम्झन पनि सकेनन्, र बाबले कसरी आफ्नो ठेगाना पत्ता लगाए भनी आश्चर्य मान्दै थिए। दुई जनाले बस्ने कोठामा हात मिलाए, र बाबले सिधै कुरा सुरु गरे। "म वेस्टर्न स्प्रिङ्ग ब्याप्टिस्ट मण्डलीको डिकन हुँ। मलाई थाहा भएन, यदि तपाईंलाई मेरो याद छ कि छैन।"

बिलीले एक छिन ध्यानसित सोचे। उनले विटनको दक्षिण पूर्वमा लगभग १२ माइल टाढा रहेको एउटा सानो मण्डलीमा केही प्रचारका सेवाहरू गरेको सम्झिए। बिलीले जवाफ दिए, "हो, हो, मलाई याद छ, म तपाईंको लागि के गर्न सक्छु?"

बाब मुस्कुराए। "हामीलाई नयाँ पास्टर चाहिएको छ। हाम्रो मण्डलीको समिति तपाईंको प्रचार सुनेर प्रभावित भएको थियो, र तपाईंलाई यो जिम्मा दिन चाहँदै छ। मलाई थाहा छ, तपाईं यो वर्ष स्नातक बन्नुहुन्छ।"

बिलीले भने, "हो, र म त्यसपछि चाँडै विवाह पनि गर्दै छु। के त्यो

समस्या होला?"

बाबले भने, "हुँदै होइन। विवाहित दम्पतीलाई व्यस्त राख्न प्रशस्त काम छ। हाम्रो लगभग १०० जना सदस्यहरू छन्, तर जुनसुकै आइतबार करिब ५० जना मात्र सहभागी हुन्छन्। मानिसहरूलाई मण्डलीमा फर्किन मनाउन प्रशस्त काम गर्नु परेको छ।"

बिलीले टाउको हल्लाए। उनलाई बाबको सीधा बोल्ने शैली मन परेको थियो।

बाबले कुरा जारिराखे। तपाईं पैसाबारे थाहा गर्न चाहनुहुन्छ होला। हामीले हप्तामा ४५ डलर दिन सक्छु, र तपाईंको फोन खर्चको लागि डेढ डलर र सबै सामानहरू हालेको एउटा घर दिन सक्छु। यदि मण्डलीले भाडा तिऱ्यो भने त्यसमा कर लाग्नेछैन। किन तपाईं र तपाईंको हुनेवाली दुलही आउने हप्ता आएर तपाईंलाई कस्तो लाग्छ भनी हेर्नुहुँदैन?"

बिलीले भने, "त्यो राम्रो योजना हो। तर तपाईंलाई थाहा हुनुपर्छ, कि युद्ध सुरु भएकाले म एक वर्ष एक पास्टरको रूपमा सेवा गर्न चाहन्छु, र त्यसपछि सेनाको पादरी हुन तालिमको लागि हार्वार्ड विश्वविद्यालय जानेछु। एक वर्षको लागि नियुक्ति गर्नुबारे तपाईं के भन्नुहुन्छ?"

बाबले हात उठाउँदै भने, "युद्धको अवस्थामा केही कुरा निश्चित हुँदैन, होइन र? हामीले प्रार्थना गर्नेछौँ, तबसम्म युद्ध सकियोस्, तर पास्टर पाउन गाह्रो छ, एक वर्षको लागि भए पनि। यदि तपाईं आएर काम सुरु गर्नुभयो भने हामी खुसी हुनेछौँ।"

त्यसपछिको आइतबार बिली र रूथ वेस्टर्न स्प्रिङ्ग ब्याप्टिस्ट मण्डलीमा सहभागी भए। सेवाहरूको आयोजना तहखानामा भएको थियो, जहाँचाहिँ पछिको समयमा मण्डली बन्नेछ, र मण्डलीले भवन निर्माणको कामलाई सम्पन्न गराउन पैसा सङ्कलन गरिरहेको थियो। बिलीले प्रचार गरे, र मण्डली परिवारले उनलाई र रूथलाई न्यानो स्वागत गऱ्यो।

सेवापछि बिली र बाब सँगै बातचित गर्नुमा अझ बढी समय बिताए। बिलीले थाहा पाउन आए, कि डिकन सिकागोमा रहेको हिट्चकाक प्रकाशन कम्पनीको अध्यक्ष हुनुहुन्थ्यो, र नेसनल गिदोन एसोसिएसनको, जुनचाहिँ अमेरिकाभरि होटेल कोठाहरूमा बाइबल राख्ने गर्थ्यो, कोषाध्यक्ष हुनुहुन्थ्यो।

पछिल्लो महिना बिली बाबलाई भेट्न गए, र वेस्टर्न स्प्रिङ्ग ब्याप्टिस्ट मण्डलीको पास्टर हुन सहमति जनाए। यद्यपि उनले निर्णय गर्नुभन्दा अगि रूथसँग सल्लाह गर्न बिर्से, र जब रूथले उनले यसरी व्यवस्थापन गरिसके भनी थाहा पाइन्, उनी क्रोधित भइन्। "तिमीले त्यो जिम्मेवारी स्वीकार गरेकोमा मलाई त्यति समस्या छैन, बिली। मेरो समस्या यो हो, कि त्यसले मलाई कसरी असर पार्छ भन्ने कुराको बारेमा तिमीले कहिल्यै सोचेनौ। तिमीले हामी दुवैको बारेमा सोच्नुपर्छ। यदि म तिम्रो श्रीमती हुन गइरहेकी छु भने म तिम्रो साझेदार पनि हुँ।" तिनले भनिन्।

बिली अन्यौलतामा परे। उनको बुवा सधैँ नेतृत्व गर्ने गर्नुहुन्थ्यो, र उनकी आमाले पछ्याउने गर्नुहुन्थ्यो। डा. बेलको परिवारमा कुराहरू फरक तरिकाले गरिन्थ्यो जस्तो देखियो। एउटा दम्पतीको रूपमा उनीहरूको बीचमा हुने कुनै पनि कुरामा आफ्नो मत दिन पाउँछ भनी रूथ ठान्थिन्। बिलीले आफ्नी भावी पत्नीलाई क्षमा मागे, र भविष्यमा उनले सकेसम्म असल तरिकाले निर्णय गर्ने प्रतिज्ञा गरे, तर उनलाई थाहा थियो, कि आफ्नो स्वेच्छाअनुसार निर्णय गर्ने बानीलाई तोड्नु कठिन कुरा हो।

जुन महिना बिली र रूथ दुवै विटन कलेजबाट स्नातक भए। दुई महिनापछि सन् १९४३ अगस्ट १३ तारिख शुक्रवार बेलुकी अहिले रूथको आमाबुवा बसोबास गर्ने मान्ट्रिटमा रहेको प्रेस्बिटेरियन मण्डलीमा उनीहरूको विवाह भयो। (रूथले बिलीलाई तिनीहरूको विवाहभन्दा अगि भनेकी थिइन्, कि आफ्नो प्रेस्बिटेरियन पृष्ठभूमिलाई छोडेर बिलीजस्तो ब्याप्टिस्ट बन्ने योजना उनलाई छैन।) विवाह गरे लगत्तै दम्पतीहरू जाने यात्रामा तिनीहरू ब्लु रिड्ज माउन्टेन गए, र त्यहाँ स्थानीय भोजन खाँदै एक रातको लागि एक डलर लाग्ने भाडा घरहरूमा बस्दै समय बिताए। तिनीहरूसित धेरै पैसा

नभएको मतलबको कुरा भएको थिएन। अन्तमा विवाहित जीवन सुरु गरेकोमा बिली र रूथ खुसी थिए।



**बिली र रूथ**

त्यो यात्रापछि तिनीहरू सिकागो फर्के, जहाँ मण्डलीले वेस्टर्न स्प्रिङ्गको नजिकै रहेको एउटा उप–नहर हिन्सडेलमा उनीहरूको लागि एउटा माथिल्लो तलाको घर भाडामा लिएको थियो। नयाँ घरमा उनीहरूको सबै सामान निकालेर मिलाउन दुई घण्टा मात्रै लाग्यो। मण्डलीका ५० जना सक्रिय सदस्यहरूले ग्राहमको परिवारलाई दुई दर्जन गुलाफका फूलहरूको गुच्छा, केही ताजा फलफूल र सब्जीहरू, एउटा ४८ डलरको भेटी र एउटा विवाह केकको साथ न्यानो स्वागत गरे।

बिली र रूथले मण्डलीको सेवामा परिश्रमको साथ आफूहरूलाई लगाए। बिली प्रवचन तयार गर्नुमा घण्टौँहरू बिताए, जबकि बिलीले प्रयोग गर्न सक्ने उदाहरणका घटनाहरू खोज्दै रूथ रिडर्स डइजेस्टको पुराना प्रतिहरू र विभिन्न समाचारपत्रहरू पढ्न सुरु गरिन्। बिलीले आइतबारको दिनमा दुई पल्ट प्रचार गरे, र हप्ताको बिचमा एउटा प्रार्थना सभा सञ्चालन गरे, र बुधवार बेलुकी रूथको साथ बालक सुसमाचार कक्षाहरूमा सिकाए। साथसाथै मण्डलीको सम्पर्कमा आउने हरेक परिवारसँग बिली र रूथले भेटघाट गरे। उनीहरूको परिश्रमले फल फलाउन थाल्यो। चाँडै हरेक

आइतबारको सङ्गतिमा अझ बढी मानिसहरू सहभागी हुन सुरु गरे, र ख्रीष्टमस आइपुग्दा १०० जना नियमित रूपमा मण्डलीमा आउने गर्थे।

विशेष रूपमा बेलुकी घुमघाम गर्न जाँदा बिली र रूथ सिकागो जान मन पराउँथे, जहाँ टेलिन्युजमा छोटो समाचार भिडियोहरू हेर्थे। हुन त प्रायः समाचारहरू युद्धको बारेमा नै थियो, र यो दम्पतीले अमेरिकी सेनाका सिपाहीहरू युरोपमा जर्मनीहरूसँग र प्रशान्त महासागरमा जापानीहरूसँग भिडेको समाचार भिडियोहरू हेर्थे।

सन् १९४३ को ख्रीष्टमसमा एउटा विशेष कारणले बिली र रूथ हिन्टेलमा नै रहने निर्णय गरे। सन् १९४४ को जनवरी २ तारिख बिलीले "रात्रिका गीतहरू" भन्ने नाउँको रेडियो कार्यक्रमको जिम्मा लिनुपरेको थियो। अर्को एक जना पास्टर टोरी जोन्सनले त्यो कार्यक्रमलाई सञ्चालन गर्दै आउनुभएको थियो, तर उहाँको मण्डलीको लागि त्यो ज्यादै ठुलो भार बन्न पुग्यो। यसैले टोरीले बिलीलाई खोजी आएर यदि उनले त्यसको जिम्मा लिन चाहनुहुन्छ कि भनी सोध्नुभयो। त्यसमा एउटा समस्या थियो। कार्यक्रम प्रसारण हुने समय अवधिको लागि सिकागोको डब्ल्यु. सी. एफ. एल. रेडियो स्टेसनलाई एक हप्ताको लागि १५० डलर तिर्नुपर्थ्यो। कार्यक्रमको जिम्मेवारी लिनु एउटा जवान पास्टरको लागि अति ठुलो निर्णय थियो, तर बिलीले आफ्ना सीमाहरूलाई हेरेनन्। त्यसको सट्टामा प्रसारणले प्रस्तुत गर्ने सम्भावनाहरू हेरे। डब्लु. सी. एफ. एल.को प्रसारण मध्य–पश्चिमभरि सुन्न सकिन्थ्यो, र दक्षिण र पूर्वमा पनि।

जब बिलीले पहिलोपल्ट यो योजनालाई मण्डलीका डिकनहरूको अगाडि राखे, तिनीहरूले त्यसको विरोधमा मतदान गरे। सिङ्गो मण्डलीको महिनाभरिको बजेट बिलीको तलबसहित १८० डलर मात्रै थियो। "रात्रिका गीतहरू" कार्यक्रमको जिम्मा लिँदा अर्को ६०० डलर त्यसमा थपिन्छ। मण्डली परिवारको धेरैले त्यस्तो पैसा कहाँबाट आउँछ भनी कल्पना गर्न सकेनन्, विशेष गरी किनभने उनीहरूले मण्डली भवन निर्माणको लागि अझै पैसा सङ्कलन गरिरहेका थिए। तर बिलीले जस्तै बाबले पनि मण्डलीबाट

प्रसारण गर्ने एउटा कार्यक्रमले दिने सम्भावनाहरूलाई देख्न सक्नुभयो, यसैले उहाँले कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने रकम दिने निर्णय गर्नुभयो। उहाँले मण्डलीलाई भन्नुभयो, "हामीले बिलीलाई सहायता गर्नुपर्छ। परमेश्वरले उहाँलाई एउटा विशेष वरदान दिनुभएको छ। उहाँ अर्को बिली सन्डे अथवा ड्वाइट एल. मूडी बन्नुहुनेछ।" बिलीले सुन्नुपर्ने सबै त्यति मात्रै थियो। विटन कलेजका महिलाहरूको समूहलाई हरेक आइतबार राति आएर कार्यक्रमको लागि गीत गाउन उनले निम्तो दिए, तर अझै कार्यक्रमलाई प्रख्यात तुल्याउन एक आकर्षक गायक चाहिएका थिए।

बिली त्यो व्यक्तिको बारेमा प्रार्थना गर्दै सोचिरहँदा उनको मनमा एक जनाको नाम आयो – जर्ज बेवेर्ली शे। बेव, जुन नामले उनलाई मानिसहरूले चिन्थ्यो, एउटा शक्तिशाली गायक थिए, र मूडी बाइबल इन्स्टिच्युटको रेडियो स्टेसनमा उद्घोषक थिए। बिलीले बुझ्न आए कि "रात्रिका गीतहरू" कार्यक्रमको लागि जे आवश्यक थियो त्यो उनले दिनेछन्, एउटा नाम, जसलाई मानिसहरूले चिनेका छन्। समस्याचाहिँ गायकलाई कार्यक्रममा आउन सहमत गराउनुमा थियो।

बिली सधैँ प्रत्यक्ष रूपमा संवाद गर्नुलाई रुचाउँथे, र डिसेम्बरको सुरुवातमा हुने सिकागोको नर्थ साइडतिर लागे। गाडी चलाउँदै गर्दा उनले आफ्नो भाषणको अभ्यास गरे। बिलीलाई लाग्यो कि बेवेर्लीलाई आफूसँग रेडियो कार्यक्रममा सामेल गराउने कुरामा धेरै कुराहरूको सफलता निर्भर थियो। उनले नर्थ लासेल गल्लीमा मोडेर मूडी बाइबल इन्स्टिच्युटको अगि रोके। उनलाई रेडियो स्टुडियो मुख्य भवनको माथिल्लो तहमा रहेको बताइएको थियो।

दुई दुई सिँढी चढ्दै माथिल्लो तला पुगिसकेपछि काँचको ढोकाबाट बिलीले बेवलाई देखे। सचिवले बेव बैठकमा व्यस्त रहेको र बिली भेट्ने समय लिएर पछि आउनुपर्ने जानकारी दिए। तर बिलीले आफ्नो उत्कृष्ट फुलर बुरुस बिक्रेता सिपलाई प्रयोग गरेर कार्यालयको ढोका नखोलुन्जेल सचिवलाई बातचितमा राखिराखे। त्यसपछि उनी तुरुन्तै काममा लागे।

सचिवलाई छलेर सिधै बेवको बाटोमा छिरे।

उनले सुरु गरे, “श्रीमान् शे, म तपाईंलाई दुःख दिन चाहन्न, तर तपाईंलाई मेरो एउटा प्रश्न छ।”

अहिले आश्चर्यचकित हुँदै बेवले भने, “भन्नुहोस्।”

बिली अगि बढे, “मेरो नाम बिली ग्राहम हो, र म वेस्टर्न स्प्रिङ्गस ब्याप्टिस्ट चर्चको पास्टर हुँ।”

“हो, मैले तपाईंको बारेमा सुनेको छु,” भन्दै बेव शेले बिलीसँग हात मिलाउन अगि सरे।

बिलीले बेवको हात मिलाउँदै आफूले तयार पारेको भाषण अगाडि बढाएर बुझाए, कि कसरी टोरे जोन्सनले उनलाई “रात्रिका गीतहरू” कार्यक्रमको जिम्मा दिने प्रस्ताव गरेका थिए, कसरी उनलाई कार्यक्रम चर्चित देखाउनलाई जर्ज बेवेर्ली शेजस्तो महत्त्वपूर्ण नामको जरुरी थियो। सुरुमा बेव सहमत हुन हिचकिचाए, तर बिलीले बेवले केही हप्ताको लागि प्रयास गर्ने सहमति नदिएसम्म कुरा गरिरहे। बिली घर फर्किंदै गर्दा अत्यन्तै खुसी थिए। रेडियो कार्यक्रमलाई सफल बनाउन उनीसँग गर्न धेरै काम बाँकी थिए, तर जर्ज बेवेर्ली शेको साथले सबै फरक पार्ने कुरा पक्का थियो।

बिली जसरी नै घटना क्रमहरूको बारेमा रूथ पनि उत्साहित थिइन्, र दुई जनाले कार्यक्रमको लागि लेखोटहरू तयार गर्न थाले। उनीहरूले चाँडै थाहा पाए, कि ४५ मिनेटको प्रसारण समय भर्नु निकै मिहिनेतको काम थियो। बिली एउटा लोकप्रिय विषयको बारेमा सोच्थे, र रूथले त्यससम्बन्धी केही सान्दर्भिक कथाहरू अथवा समाचारपत्रका खबरहरू ल्याउँथिन्। त्यसपछि लेखोट हातले लेख्थे, किनकि टाइपराइटरको पहुँच थिएन। बिलीले लेखोटलाई सकेसम्म सफा राख्नुपर्थ्यो, ताकि उनले प्रसारणको समयमा आफूले लेखेको पढ्न सकून्। उनीहरूसँग कार्यक्रमको लेखोट तयार भएपछि त्योसँग मेल खाने गीतहरू पनि तयार गरे। कार्यक्रममा तीन मिनेटको

www.ogmission.com

बातचित त्यसपछि गीतहरू गरी समय पूरा नहुन्जेल पालैपालो गरिन्थ्यो।

सन् १९४४ जनवरी २ तारिख आइतबार बेलुकी "रात्रिका गीतहरू" कार्यक्रम वेस्टर्न स्प्रिङ्गसको एउटा गाउँले मण्डलीबाट प्रसारण भयो, जसलाई वेस्टर्न स्प्रिङ्गस ब्याप्टिस्ट चर्च भनिन्थ्यो। बेव शे त्यहाँ गीत गाउन आएका थिए, तर त्यो कुरालाई कसैले प्रचारप्रसार गरेन, किनभने मण्डलीभित्र एक सय पच्चीस जना मानिसहरू बसेर मण्डली भरिभराउ थियो। थप प्रत्यक्ष दर्शकहरू बस्न ठाउँ नै थिएन।

बिलीको नेतृत्वमा रेडियो कार्यक्रम सुरुमै सफल भयो। केही हप्ताहरूभित्र प्रत्यक्ष रूपमा कार्यक्रममा सहभागी हुन चाहने भिडलाई अटाउन मण्डलीले ठाउँ विस्तार गर्ने योजनाहरू बनाउन थाल्यो। चाँडै नै सबै प्रकारका मानिसहरूले ५० सेन्टदेखि ५० डलरसम्मको भेटी पठाउन थाले। कोही बेला त्यो हप्ताको भेटी नै त्यो हप्ताको प्रसारण खर्चलाई पूरा गर्न पर्याप्त हुन्थ्यो। सिकागो ट्रिबुन समाचारपत्रले "रात्रिका गीतहरू" कार्यक्रमको बारेमा लेख्न पत्रकार पठायो। कार्यक्रम धेरै ठुलो क्षेत्रमा प्रसारण हुँदा छिमेकी प्रान्तहरूमा भएका मण्डलीहरूले सुसमाचारीय सभाहरूमा बिली आएर बोल्नको लागि निम्तो पठाउन थाले। बिलीले यस्ता निम्तोहरूमध्ये धेरैलाई स्वीकार गरे, जसले मण्डलीका सदस्यहरूसितको उनको सम्बन्धमा ठुलो असर पुऱ्यायो, जो धेरै वटा आइतबारका दिनहरू उनी बाहिर रहेकोमा निको मानेका थिएनन्।

सन् १९४४ मे महिना बिलीले टोरे जोन्सनबाट सिकागोल्यान्ड युथ फर क्राइष्ट भन्ने एउटा नयाँ प्रयासमा बोल्नको लागि निम्तो पाए। यो नयाँ समूहको उद्देश्यचाहिँ शनिवारका रात्रिहरूमा सिकागोको व्यापारिक क्षेत्रको मिसिगन सडकहरूमा थुप्रिने सैनिकहरू र जवानहरूलाई सुसमाचार पुऱ्याउनु थियो। योजनाचाहिँ मिसिगन सडकको साङ्गीतिक हलमा सुसमाचारीय सभाहरू आयोजना गर्नु थियो, र प्रचारकको रूपमा बिलीले निम्तो पाएका थिए।

मे २७ तारिख शनिवार बेलुकी साङ्गीतिक हलको मञ्चमा उभिएर बिलीले विशाल जवान समूहको मुहारहरूलाई देखे। त्यो हलले ३,००० जना अटाउँथ्यो, र झन्डै भरिसकेको थियो। यो बिलीले अहिलेसम्म प्रचार गरेको सबैभन्दा ठुलो भिड थियो। बिलीले प्रचार सुरु गर्दा अलि तनावको महसुस गरे, तर उनी चाँडै नै आरामदायी लयमा पुगे। सभाको अन्तमा गरिएको अपिलपछि चालिस जना जवान मानिसहरू ख्रीष्टलाई स्वीकार गर्न अगि आए।

बिली अति खुसी भए, यथार्थमा त्यो रात बिलीले हजारौँ युवकहरूलाई सुसमाचार पुर्‍याउने दर्शन पाए। चाँडै नै इन्डियानापोलिस, फिलाडेल्फिया, र डेट्रोइटमा अन्य सुसमाचारीय सभाहरूमा बोल्न निमन्त्रणा आए। बिलीले निमन्त्रणाहरू स्वीकार गरे। पहिलो पटक गाडीमा नभई उनी विभिन्न सहरहरूमा बोल्न विमानमा उडे।

प्रचार सभाहरूको सफलताको बाबजुद र उनको पास्टरीय जिम्मेवारीको साथसाथै बिली युद्ध लडिरहेका मानिसहरूमा ध्यान राख्न जारी राखे। अगस्टमा उनको लागि खुसीको कुरा, उनी सेनाको पादरी तालिम कार्यक्रममा स्विकारिए। तर चाँडै नै उनको खुसी निराशमा बदल्यो, जब उनले थाहा पाए, कि सेनाको स्वास्थ्य जाँचमा उनी असफल भए। उनको वजनमा डेढ किलो पुगेन। बिलीले बढी खाने र स्वास्थ्य जाँच एक महिनापछि फेरि लिने प्रतिज्ञा गरे।

डेढ किलो बढ्नु सरल काम हुनुपर्थ्यो। चाहेको चाहिँ अलि बढी खाजा, अलि बढी सोडा मात्र थियो। तर एक महिनापछि बिली अझ डुब्लाएका थिए, र भलाइको लागि भन्नुपर्छ, उनलाई हाँडे रोग लागेको थियो। सुरुमा सबैले बच्चाहरूसँग सम्बन्धित रोग २६ वर्षको पुरुषलाई लाग्नु हास्यास्पद कुरा भनी सम्झे, तर चाँडै नै त्यो खेलाँची अन्त भयो। बिलीको हाँडे रोग अर्काइटिस रोगको रूपमा बदल्यो, जुन सम्भावित रूपमा एउटा घातक जटिलता हो। बिली ज्वरोले जलिरहेका थिए, र एक जना डाक्टरले उनको हेरचाहको अनुगमन गर्न उनलाई दैनिक रूपमा भेटे। एक हप्ता बित्यो, र

अर्को हप्ता पनि, र अर्को पनि, बिलीको वजन अझ घट्यो, र ५९ किलोमा उनको वजन झर्‍यो, र उनी कङ्कालजस्तै देखिन थाले। नोभेम्बर महिनातिर उनी बिस्तारै निको हुन थालेको जस्तै देखिन्थ्यो।

बिली अस्वस्थ रहेको अवधिभरि "रात्रिका गीतहरू" कार्यक्रमको उद्घोषकको स्थानलाई आउँदो साल अफ्रिकामा जान लागिरहेको मिसनरी पिटर स्ट्याम्प ३ (III) ले लिए। उनको अस्वस्थ अवस्थाको बारेमा सुनेको एक जना रेडियो श्रोताले बिलीलाई १०० डलरको चेक पठाए। बिली र रूथले त्यो पैसालाई इलिनोइसको कठोर जाडोबाट बच्न र फ्लोरिडा भ्रमण गर्न प्रयोग गर्ने निर्णय गरे। उनीहरू मण्डली र रेडियो कार्यक्रमलाई असल हातहरूमा जिम्मा लगाएर दक्षिणतिर लागे। उनीहरू मियामी आइपुग्दा बिली अझै कमजोर थिए। दम्पतीले समुद्र तटबाट लगभग एक माइलको दुरीमा सस्तो एउटा होटेलमा कोठा भाडामा लिए। हरेक दिन रूथले बिलीलाई समुद्रको छेउसम्म हिँडेर जान सहायता गरिन्, जहाँ उनी न्यानो घाममा बस्थे, र समुद्रको नुनिलो हावा लिन्थे। हरेक दिन बिली अलिकति निको भए।

मियामिमा तिनीहरू चार हप्ता बिताएपछि बिलीले पत्ता लगाए, कि टोरे जोन्सन र उनको परिवार तीन घर पर बसेका छन्। बिलीले उनीहरूलाई भेटे, र टोरेले उनलाई माछा मार्न जान निम्तो दिए। दुई जना गहिरो निलो समुद्रको पानीमा बल्छी हान्दा बातचित भविष्यतिर फर्क्यो। "तिमीले मलाई युथ फर क्राइष्टलाई उठाउन मदत गर्नुपर्छ," टोरेले भने। बिली आफू बिरामी हुनुभन्दा अगि सिकागोल्यान्डमा युथ फर क्राइष्ट कार्यक्रममा बोलेको कुरालाई सम्झिँदै सोधे, "के भन्नुभयो? के त्यो पहिले नै राम्रोसँग चलिरहेको छैन?"

टोरेले टाउको हल्लाए। "सिकागोल्यान्ड युथ फर क्राइष्ट सुरुवात मात्र हो। त्यसपछिको समयमा मैले पत्ता लगाएँ, कि  सैनिक कामबाट बिदामा आएका अथवा सिद्ध्याएर निस्केका जवान युवा र युवतीहरूलाई मदत गर्न देशभरि नै कार्यक्रमहरू र संस्थाहरू सुरु भइरहेका छन्। तिनीहरू सबैले सुसमाचार सुन्न आवश्यक छ। मेरो योजनाचाहिँ न्यु योर्कदेखि सान फ्रान्सिससम्म यी समूहहरूलाई एउटा ठुलो अन्तर सम्प्रदाय सङ्गठनको रूपमा

जोड्नु हो। हामीले अमेरिकामा भएको हरेक सहरमा ठुला सभाहरू पालमा सञ्चालन गर्नेछौँ। तपाईं के भन्नुहुन्छ बिली?" बलिरहेका आँखाको साथ टोरेले भने।

बिलीले सोधे, "मैले के गरेको तपाईं चाहनुहुन्छ?"

टोरेले जवाफ दिए, "हामीसँग जोडिनुहोस्, र हाम्रो पहिलो पूर्ण काल कामदार बन्नुहोस्। मलाई लाग्छ, मेरो मण्डलीलाई मैले आधा समय काम गर्न सहमतिमा ल्याउन सक्छु, र बाँकी समयलाई मैले युथ फर क्राइष्ट कार्यालय खोल्न पैसा उठाउन प्रयोग गर्न सक्छु। तर हामीलाई एउटा प्रमुख मानिसको आवश्यकता छ, राम्रो राष्ट्रिय संयोजक बन्नको लागि कोही एक जना अथवा त्योभन्दा पनि ठुलो हाम्रो विश्वव्यापी आयोजक।

उनको माछा मार्ने बल्छी समुद्रमा हल्लिँदा बिलीले क्षितिजतिर हेरे। उनले हृदयको गहिराइमा कतै केही हलचल भएको महसुस गरे। उनलाई सय प्रतिशत निश्चय थियो, कि उनी यही गर्नको लागि नै जन्मेको हो।

www.togmission.com

# अध्याय - ६

# युथ फर क्राइष्ट

सन् १९४५ फेब्रुअरी महिना बिली ग्राहम जर्जियामा रहेको अट्लान्टाको सभाघरमा ५,००० जना जवान मानिसहरूको सामु उभे। उनी त्यहाँ युथ फर क्राइष्टलाई सुरु गर्न थिए। उनीसँग मञ्चमा स्याल्वेसन आर्मीको भजन–झुन्डको साथ अरू केही सङ्गीतकारहरू थिए। केही सैनिक जवानहरूले आफ्नो गवाही बाँडे, र बिलीले त्यसपछि भिडलाई प्रचार गरे। बिली र टोरे मियामीमा माछा मार्न गएदेखि दुई महिनामा धेरै कुरा भइसकेको थियो। बिलीले रूथसित युथ फर क्राइष्टको पूर्ण काल कर्मचारी हुने टोरेको अनुरोधबारे बातचित गरिसकेको थिए, र दुवै मिलेर सहमत भए, कि उनीहरूको अर्को कदम यही नै हो। सिकागोमा फर्किसकेपछि बिलीले आफ्नो वेस्टर्न स्प्रिङ्गसको पास्टरीय सेवकाइलाई राजीनामा गरे। अब पास्टरहरूलाई युथ फर क्राइष्ट के हो भनी बुझाउँदै र उनीहरूको सहयोग माग्दै साथसाथै युथ फर क्राइष्ट (वाइ.एफ.सी) सभाहरूमा प्रचार गर्दै उनी देशभरि यात्रा गर्दै थिए।

यति नै खेर सङ्घीय सेनाले युरोपमा जर्मनीलाई पछाडि धकेल्दै ठुला प्रगतिहरू गरिरहेको थियो। ग्रिस र बेल्जियमलाई स्वतन्त्र गरिसकेको थियो, र बम खसाल्ने विमानहरू ठुलो क्षति पार्दै जर्मनीका सहरहरूमाथि नियमित रूपमा उडिरहेका थिए। सबैले विश्वास गरे, कि जर्मनीले आत्मसमर्पण गर्ने समय अब धेरै टाढा छैन। एसिया र प्रशान्त महासागरमा जापानको विरुद्ध सङ्घीय सेनाको प्रगति सफलतापूर्वक थियो। जापानीहरूले पनि आत्मसमर्पण गर्नु केही बेरको कुरा मात्र थियो।

चाँडै सयौँ अमेरिकी युवाहरू साथै नर्सको रूपमा र अन्य सहयोगी कामहरूमा काम गरेका महिलाहरू आफ्नो घर फर्किनेछन्। बिलीझैँ यी पुरुष

र स्त्रीहरूमध्ये कोही ग्रामीण पृष्ठभूमिबाट आएका थिए, जबकि अरूहरू ठुला सहरहरूबाट आएका थिए। युद्धको क्रममा उनीहरूलाई सबै प्रकारका स्थानहरूमा लगिएको थियो। कोहीलाई मध्य–प्रशान्त महासागरमा रहेको विकट टापुहरूमा पठाएको थियो, जहाँ युद्धको वास्तविकताले उनीहरूलाई गहिरो प्रभाव पारिरहेको थियो। बिलीलाई थाहा थियो, कि यीमध्ये धेरै पुरुष र स्त्रीहरूलाई युद्धबाट सामान्य जीवनमा फर्किनु सजिलो हुँदैन। टोरेले जस्तै नै उहाँले पनि विश्वास गर्नुभयो, कि यी सेनाबाट फर्किएका स्त्री र पुरुषहरू तिनीहरूको अनुभवले गर्दा आत्मिक रूपमा भोकाउने छन्। वाइ. एफ. सी. स्थापित भएर अमेरिका र क्यानडाभरि काम गरेको देख्न उहाँ इच्छुक हुनुहुन्थ्यो।

श्रोताहरूलाई खुसी पार्ने साथै चुनौती दिने खालको सुसमाचारीय र्‍यालीहरू गर्नुमा सावधानीपूर्वक सन्तुलनको आवश्यक पर्थ्यो। टोरेले बिलीलाई भन्नुभयो, "हामी सावधान हुनुपर्छ, परमेश्वरलाई प्रार्थना गरौँ, कि आकर्षणपूर्ण शैलीहरूलाई बढी प्रयोग नगर्ने समझदारी र पर्याप्त रूपमा प्रयोग गर्न साहस दिनुभएको होस्।" यो चुनौतीपूर्ण नै साबित भयो। विभिन्न र्‍यालीहरूमा काठको क्रूसअगाडि घोडाहरू झुक्दै, ४०० जना नर्सहरू क्रूसको आकारमा र्‍याली गर्दै एक पूर्व विजेता भिडको एक माइल अगाडि दौडिँदै, साथै जादुगरहरू, स्वर बदलेर बोल्नेहरू, विभिन्न गायकहरू र गायक समूहहरूले जोडीको रूपमा साथै झुन्डको रूपमा प्रदर्शन गर्दै थिए, उल्लेख गर्न अवश्यक नपर्ने कुरा : सबै प्रकारका युद्धका नायकहरू, प्रख्यात मानिसहरू र व्यापारीहरू आफ्नो गवाही बाँड्दै थिए। यसरी सबै कुरा समावेश भएको थियो। बिलीले देखेअनुसार, तिनीहरूले भीडलाई आकर्षित गर्न र उपस्थित हरेक व्यक्तिलाई सुसमाचार ग्रहण गर्ने बनाउन आवश्यक पर्ने जुनसुकै माध्यम प्रयोग गर्नुपर्छ।

बिली व्यस्त भएर देशभरि भ्रमण गरिरहँदा वाइ. एफ. सी.ले क्यानडाबाट आएका दोस्रो सुसमाचार प्रचारक चार्ल्स टेम्पलटनलाई थप्यो। चार्ल्स अथवा चक, जसरी उहाँलाई सबैले बोलाउँथे, र बिली प्रायः सँगै यात्रा गरे। उनीहरू दुवैमा धेरै मनोरञ्जन गर्ने शैली थियो। बिली निलो जुत्ता लगाउन्थे, जबकि

चकले साना रातो बत्तीहरू चम्किने सानो खालको टाई लगाउन्थे। मनोरञ्जन गर्ने तत्त्वहरूको बाबजुद यी दुवै जना हरेक सभामा सुसमाचारलाई ठुलो स्वर र सफा ढङ्गले प्रचार गर्नुमा साँचो रूपमा समर्पित थिए। दुवै बिली र चकले इसाई हुन चाहेको अथवा ख्रीष्टप्रतिको आफ्नो समर्पणतालाई नवीकरण गर्न चाहेको जो कसैलाई पनि अगाडि आउन निमन्त्रणा गर्ने एउटै शैलीलाई प्रयोग गरे।




उनीहरूले पछ्याएको ढाँचा एउटा सरल ढाँचा थियो, तर त्यसले असल रूपमा काम गऱ्यो। चाँडै बिली र चकले विशाल भिडहरूलाई खिच्न थाले। देशभरि र क्यानडाबाट सुसमाचारीय ऱ्याली सञ्चालन गर्न र विभिन्न समुदायमा वाइ.एफ.सी.को स्थापना गर्न निमन्त्रणाहरू ओइरिन थाले। यसमा सबै यात्राका कारण वाइ. एफ. सी.का समर्थक वाल्टर ब्लाकले उनीहरूलाई युनाइटेड एल्र्यान्सको आफ्नो खातालाई प्रयोग गर्न दिँदा आभारी भए। उहाँहरू संयुक्त राज्य महादेशभरि उड्न सक्थे, र वाल्टरले त्यसको पैसा तिरिदिनुहुन्थ्यो। उनीहरूले यो अवसरलाई पूर्ण रूपमा प्रयोग गरे। पहिलो वर्षभित्र नै बिली दुई लाख माइलहरू उडिसकेका थिए – देशभरिका जो कोहीभन्दा बढी। त्यो बाहेक उनले ऱ्यालीहरूमा प्रचार गर्न र मण्डलीका सेवाहरूमा बोल्न अमेरिकाको ४७ वटा प्रान्तहरू र क्यानडाको हरेक प्रान्तहरूमा बस र रेल गाडीहरूमा अनगिन्ती घण्टाहरू बिताए। त्यति बेलासम्म प्रशान्त महासागरलाई कहिल्यै नदेखेको अथवा क्यानडाको सिमाना पार नगरेको गाउँले केटोको लागि यो एउटा ठुलो बदलाब थियो।

अरू परिवर्तनहरू पनि भए। सन् १९४५ मे महिनाको सुरुवातमा सङ्घीय सेनाको सामु जर्मनीले आत्मसमर्पण गऱ्यो। युरोपको युद्ध विराम भयो। सेप्टेम्बर दुई तारिख जापानीहरूले पनि आत्मसमर्पण गरे। चाँडै सेनाका मानिसहरू नदीको बाढीजस्तो अमेरिका फर्किन थाले। बिलीको लागि सबैभन्दा ठूलो परिवर्तनचाहिँ रूथ गर्भवती छिन् भन्ने खबर थियो। बिली यस कुरामा अति खुसी र धन्यवादी भए, किनभने डाक्टरले उनको अर्काइटिस रोगले गर्दा सायद उनी कहिल्यै बुवा नबन्ने बताउनुभएको थियो। अहिले सेप्टेम्बर महिना उनी बुवा हुन गइरहेका थिए।

बालक जन्मिने यो खबरले ग्राहमको परिवारलाई केही गम्भीर सोच र प्रार्थनामा पुऱ्यायो। बिली र रूथ धेरै समय छुटेर बिताउनु परेको थियो – वर्षमा आधा समयसम्म। रूथ अब पास्टरकी श्रीमती थिइनन्। उनी एउटा सुसमाचार प्रचारककी श्रीमती थिइन्। आफू र बच्चालाई जहाँ धेरै सहयोग मिल्छ त्यो ठाउँमा बस्नु रूथलाई समझदारी देखियो। त्यो ठाउँको बारेमा निर्णय गर्नु सजिलो थियो। रूथ उनको आमाबुवासित उत्तर क्यारोलाइनाको मान्ट्रिटमा बस्न चाहिन्, जहाँ बिली सम्भव भएसम्म अक्सर भेट्न आउन सकिन्छ। यो एउटा अनौठो व्यवस्थापन थियो, तर बिलीलाई थाहा थियो, रूथलाई बच्चाको साथमा सहयोगको आवश्यकता थियो, साथै परिवार स्थापनाको लागि एउटा ठाउँको पनि आवश्यक थियो।

बिली र रूथले मान्ट्रिटमा बसाइँ सरे, र सन् १९४५ सेप्टेम्बर २१ तारिख भर्जिनिया ग्राहमको जन्म भयो। यति बेला बिली अलाबामा प्रान्तमा प्रचारको यात्रामा थिए। उनी आफ्नी छोरीलाई भेट्नको लागि जति सक्दो त्यति चाँडो घर फर्किए, जो उनी आउनुभन्दा अगि नै गिगि भन्ने बोलाउने नाम पाइसकेकी थिइन्। युथ फर क्राइष्ट युद्धपछिको कालमा छिटो रूपमा विस्तार हुँदै थियो, र एक वर्षभित्र उत्तर अमेरिकाभरि ३०० वटा समूहहरू फैलिएका थिए। अझै टाढा ठाउँहरूको लागि पनि निमन्त्रणा आइरहेको थियो।

सन् १९४६ मार्च र अप्रिल महिना बिली, चक, टोरे र स्ट्रेटन, जो मूडी मण्डलीको सङ्गीत निर्देशक हुनुहुन्थ्यो, हेर्स्ट समाचारपत्रका समाचारदाता

वेस्ली हार्टजेलको साथ बेलायत र युरोप महादेशमा वाइ. एफ. सी. सुरु गर्न यात्रा सुरु गरे। अर्को एक जना ग्याविन ह्यामिल्टन सभाहरूको व्यवस्थापनको लागि अगि नै बेलायत गइसक्नुभएको थियो। यो बिलीको पहिलो वैदेशिक यात्रा थियो, र केलाई सामना गर्नुपर्ने हुन्छ भन्ने कुरामा उनलाई थोरै ज्ञान थियो।

कुराहरू राम्रोसँग सुरु भएन। युद्ध विरामपछिका परिस्थितिहरूमा वैदेशिक यात्रा गर्नु साहसपूर्ण कामको रूपमा स्थापित भयो। यो समूह सिकागोबाट एउटा पूर्व सैनिक विमान डी. सी. – चारमा यात्रा सुरु गरे। विमानमा अझै पनि सिपाहीहरूलाई लैजानको लागि प्रयोग गरिने कडा खालका कुर्सीहरू थिए। यात्राको क्रममा समूहले टोरन्टो, मान्ट्रियल र त्यसपछि गन्डरमा इन्धन भर्नको लागि रोक्न परेको थियो। त्यहाँबाट उनीहरू आन्ध्र महासागर पार गर्नुपर्थ्यो, र इन्धन भर्नको लागि आयरल्यान्डको स्याननमा रोकिएर लन्डनमा अवतरण गर्नुपर्थ्यो। तर उनीहरू गन्डर नजिक पुग्दा कुराहरू बिग्रियो। त्यति बेला मध्यरात भइसकेको थियो, र सहर हिउँ आँधीले घेरिएको थियो। चाँडै विमान चालकले नजिकको एउटा अमेरिकी सैनिक विमानस्थलमा अवतरण गर्नुपर्ने कुराको सूचना दिए।

विमान सुरक्षित अवतरण गर्नुमा सफल भयो, तर सबैले आश्चर्य मान्ने गरी युथ फर क्राइष्टको समूहका मानिसहरूलाई आत्तुरी साथ विमानबाट ओर्लायो, र मध्यरातमा त्यहाँका सैनिक सिपाहीहरूलाई एउटा सङ्गीत सभा सञ्चालन गर्न अनुरोध गर्‍यो। बिलीलाई लाग्यो, त्यो सैनिक विमानस्थलमा मनोरञ्जनको अभाव भइरहेको हुनुपर्थ्यो, किनभने हल सिटी बजाउने र उत्साहले चिच्याउने भिडले भरिएको थियो। चक बिस्तारै मञ्चमा आएर भिडलाई तयार पार्न एक दुई वटा कथाहरू बताए। बिली पर्दा पछाडिबाट हेर्दै थिए। उनले भिड बेचैन भइरहेको देख्न सके। कसैले चिच्यायो, "केटीहरू कहाँ छन्?" अर्कोले चिच्यायो, "हो, हामी केटीहरू हेर्न चाहन्छौँ।"

अचानक बिलीलाई सम्झना आयो। उनीहरू सिकागोबाट उड्न लाग्दा

टोरेले विमान चालकलाई भनेका थिए, कि उनीहरू एउटा मनोरञ्जनको टोली हो। उनले अनुमान गरे, विमान चालकले उनीहरूलाई नाटक र नृत्य गर्ने टोली भनी बुझिएको हुनुपर्ने, र अगिबाट नै त्यो विमानस्थलको सैनिक कमान्डरलाई रेडियोमार्फत खबर दिएको हुनुपर्ने, जसले उनीहरूलाई सिपाहीहरूको सामु प्रस्तुति देखाउन निमन्त्रणा दिए।

स्ट्रेटन आत्तुरीसहित मञ्चमा गए, र एउटा भजन गाए। भिड चिच्यायो। बिलीले गहिरो प्रार्थना गरे। यसपछिको पालो उनको थियो।

बिली मञ्चमा गए, र हल्ला बन्द हुन पर्खे। त्यसपछि ती मानिसहरूले सोचेको समूह आफूहरू नभएकोमा माफी मागे, र माफीपछि आफूहरू को हो भनी विवरण दिएर आफू किन इसाई भएको हुँ भनी बताए। त्यसले पनि काम गरेन। कमान्डर भित्र आएर कार्यक्रमलाई बन्द गरे। मञ्चको पछिल्लो भागमा उनको घाँटीका नसोहरू धड्किरहेको हुँदा कमान्डरले उनीहरूलाई भने, “मलाई यसरी गलत खबर दिएकोमा तिमीहरूलाई मैले कारागारमा हाल्नुपर्थ्यो। एक मध्य उमेरका पुरुषहरूको समूहले येशूको बारेमा बताउने कुरालाई सुन्न कोही पनि मध्यरातमा बाहिर आउन चाहँदैन।”

भोलि बिहान बिली र अरू मानिसहरू फेरि पनि विमानमा चढ्न अनुमति दिएकोमा आभारी थिए।

तर उनीहरूका समस्याहरू अझै सकिएको थिएन। उनीहरू इन्धन भर्नको लागि स्यानन सुरक्षित पुगे, तर लन्डन नजिक पुग्दा अझ ठुलो हिमपातमा परे। विमान अवतरणको लागि अनुमति पाएन, र यसको सट्टा स्कटल्यान्डको एडिन्बर्गमा फर्कायो। जब विमान अन्ततः अवतरण भयो, समूह रेल स्टेसनतिर दौडियो र दक्षिणतर्फ जाने लन्डनको रेल समात्यो। जब उत्तर अमेरिकाबाट आएका पाहुनाहरू मण्डलीमा पुगे, तब ठुलो समूहका पास्टरहरूको सभा पहिले नै सुरु भइसकेको थियो।

बिली नै विशेष वक्ता थिए, जब उनी मञ्चमा उग्ले, उनले लामो सास

फेरे। उनले कहिल्यै बेलायतीहरूलाई प्रचार गरेका थिएनन्, र तिनीहरूको प्रतिक्रिया कस्तो हुन्छ भनी सोच्दै थिए। उनले चाँडै पत्ता लगाए कि अमेरिकी श्रोताहरू हाँस्ने खालका चुट्किलाहरूमा तिनीहरू हाँसेनन्, न त उनले बुझाउन प्रयोग गरेका वर्तमान घटनाहरूलाई रोचक माने। यद्यपि बिली त्यो साँझको सभालाई पूरा गरे, र काम सिद्धिँदा खुसी माने।

भोलिपल्ट बिलीको मेजमानले उनलाई लन्डन सहर घुमाए। जर्मनीको बम खसाल्ने विमानहरूले सहरमा पारिएको नराम्रो प्रभावलाई देखेर बिली आश्चर्य माने। केही भवनहरू बमले ध्वस्त भएर थोत्रो भइसकेका थिए र अन्य भत्केर धुलोको थुप्रो भइसकेका थिए, र जुन बिस्तारै सफा हुँदै थियो।

अलिअलि गरेर बिली बेलायतीहरूको बोल्ने र काम गर्ने भिन्नै तरिकाहरूसित परिचित भए। उनलाई सधैँ पाइने चिया पिउनुमा पनि बानी बस्यो, जसलाई उनले कफीभन्दा बढी रुचाउन थाले। युद्धपछि अन्य धेरै खान्कीहरू जसरी नै बेलायतमा कफी पनि रासनको रूपमा बाँडिन्थ्यो र अपुग थियो। अझ गाह्रो हुने गरी कफीमा (Chicory) चिकोरी मिसाइन्थ्यो, र बिलीले छिट्टै पत्ता लगायो कि कफीभन्दा बढी चिकोरी थियो। ताजा अण्डाहरू भेट्नु अति कठिन थियो, कम्तीमा सहरी क्षेत्रमा, र अण्डाजस्तो स्वाद आउने उनलाई कहिलेकाहीँ पस्काएका अण्डाहरू पनि धुलो पारिएको अण्डाबाट बनाइएको थियो। आलुहरू पनि रासनको रूपमा बाँडिन्थ्यो।

बेलायतमा आइपुगेपछि समूह साना टोलीहरूमा विभाजित भयो। आगामी तीन हप्ताहरूमा बिली र चक इङ्गल्यान्ड, स्कटल्यान्ड र वेल्स भ्रमण गरे, जबकि अन्य टोलीहरू युरोप महादेश भ्रमण गरे। बिली र चक अप्रिल महिनाको सुरुमा तिनीहरूसँग जोडिए, र तिनीहरू सबै मिलेर हल्यान्ड, डेनमार्क, बेल्जियम र फ्रान्स भ्रमण गरे। उनीहरू यात्रा गरेको परिदृश्य सबै युद्धले खाल्टो र दागले भरेको थियो। र लन्डनमा जस्तै धेरै भवनहरू, पुलहरू र सडकहरूसहित, भग्नावशेषमा परिणत भएका थिए। साहसी पुनर्निर्माणका प्रयासहरू प्रगतिमा थिए, तर बिलीले देखे कि त्यो परिदृश्यबाट दोस्रो विश्वयुद्धका दागहरू हटाउन केही समय लाग्नेछ। बेलायतमा बिलीले

देखेझैँ युद्धको अन्त्यले केही मानिसहरूमा भविष्यको लागि आशा जगाएको थियो, र अरूहरूमा निराशा। उनले यो कुरा थाहा पाए कि संयुक्त राज्य अमेरिका कति धन्यको छ कि युरोपले भोगेको व्यापक क्षतिको अनुभव गर्न परेको छैन।

उनले घरको बारेमा सोच्दा अरू सबैभन्दा बढी बिलीले चाहन्थे कि रूथ उनको छेउमा आओस्। उनी बच्चा गिगिको साथ उत्तर क्यारोलाइनामा घरमा थिइन्, र उनी दुवैलाई भेट्न उतै फर्किने चाहनामा थिए।

संयुक्त राज्य अमेरिकामा फर्किने विमान–यात्रा कुनै घटनाविना नै भयो। मान्ट्रिटको एक भ्रमणपछि बिलीले फेरि यात्रा गरे। अहिले यो गर्मी याम थियो, र वाइ. एफ. सी.ले देशभरि नै र्‍यालीहरूको आयोजना गर्‍यो। यद्यपि प्रचार गर्दै बिली देशभरि यात्रा गर्दा उनको मन युरोपको त्यो भ्रमणबाट कहिल्यै टाढा थिएन, विशेष गरी बेलायतको। त्यहाँ गरिनुपर्ने काम अति धेरै थियो – धेरै मानिसहरू एक्लो थिए, र सुसमाचार सुन्न आतुर थिए। परमेश्वरले उनलाई त्यहाँ फेरि पठाउन प्रार्थना सुरु गरे। उनी ती योजनालाई टोरेसँग छलफल गरे, तर टोरेले उत्साह दिएनन्। उनले भने, “त्यसको लागि धेरै पैसा खर्च हुन्छ बिली। हामी सक्छौँ भनी मलाई लाग्दैन। यदि तपाईं त्यहाँ जान चाहनुहुन्छ भने तपाईं आफैले नै पैसा सङ्कलन गर्नुपर्छ।”

बिली काममा लागे। गर्मी यामको अन्ततिर उनले पैसा सङ्कलन गरिसकेका थिए र साथमा जाने एउटा टोली पनि तयार पारिसकेका थिए। फेरि पनि ग्याविन ह्यामिल्टन सभाहरूको आयोजनाको लागि अगि गए, र बिलीले एउटा दम्पती क्लिफ र बिली ब्यारोसलाई सङ्गीतको जिम्मा लिन अनुरोध गरे। उनले रूथलाई पनि बच्चा उनको परिवारसित छोडेर बेलायतमा र्‍यालीहरू सुरु हुँदा आफूसँग आएर सामेल हुन मनाइसकेका थिए।

सेप्टेम्बर महिनाको अन्ततिर बिली ग्राहम र ब्यारोस दम्पती न्यु योर्कमा बेलायतको साउथएम्पटन जाने एउटा जहाजमा चढे। यसपालि बिली विश्वस्त थिए कि बेलायती श्रोताहरूलाई कसरी प्रभाव पार्ने भनी उनलाई

थाहा छ, र उनी सही थिए। वाइ. एफ. सी.का र्‍यालीहरू चाँडै एउटा आकर्षण भए र मानिसहरू बिली ग्राहमले प्रचार गरेको सुन्न ओइरिए। र्‍यालीहरू हलहरू, मण्डलीहरू र रातको चलचित्र प्रदर्शन सिद्धिसकेपछि चलचित्र हलहरूमा पनि आयोजना गरिन्थ्यो। बिली ब्यारोसले पियानो बजाउँथिन् भने क्लिफले भिडलाई प्रेरणादायक भजनहरूमा अगुवाइ गर्थे। जसपछि बिली उठेर सकेसम्म सरल र प्रस्ट रूपमा सुसमाचार प्रचार गर्थे। हरेक प्रवचनपछि बिलीले वेदीको बोलावट दिन्थे, र मानिसहरू ख्रीष्ट येशूलाई ग्रहण गर्न प्रार्थनाको लागि अगाडि जान्थे।

रूथ सन् १९४६ डिसेम्बर ९ तारिख ठिक एक असाधारण चिसो हावाले देशलाई घेरेको बेला बिलीसँग सामेल हुन बेलायत उडिन्। जमिन हिउँले ढाकेको थियो, र मौसम अत्यन्तै चिसो थियो। रूथको आगमनपछि मौसम यति चिसो थियो, कि एउटा ढुङ्गाको मण्डली भवनमा बिलीले भवनको पछिल्लो भागलाई देख्नु असम्भव हुने गरी कुहिरो जम्यो।

मण्डलीहरू र हलहरू मात्र चिसो थिएन। ग्यासको आपूर्तिले गर्दा धेरै घरहरूमा न्यानो राख्ने सुविधा थिएन। यस्ता परिस्थितिहरूमा सुत्नु बिली र रूथलाई चुनौतीपूर्ण भयो। बिली सुत्नु जान अगि आफ्नो पाइजामा मुनि उनको कोट लगाए, जसमाथि उनले एउटा बाक्लो स्वेटर लगाए, र त्यसमाथि एउटा ओभरकोट लगाए। उनको छेउमा रूथ आफ्नो पाइजामा मुनि स्वेटर र दुई वटा पाइन्टको साथ खुट्टामा चप्पल र खरायोको रौँको टोपी लगाएर सुतेकी थिइन्। तापनि ती दुवै जना नै रातको लामो समयसम्म चिसोले कामिरहेका थिए।

चालिसभन्दा बढी र्‍यालीहरूपछि ग्राहम र ब्यारोस दम्पतीहरू विश्राम लिई फ्रान्स उडे, जहाँ उनीहरू प्यारिस भ्रमण गरे। त्यसपछि उनीहरू भूमध्य सागरको किनारमा ख्रीष्टमस मनाउन दक्षिणतर्फ नीस गए, जहाँ मौसम तातो र घमाइलो थियो। जब उनीहरू त्यहाँ पुगे, उनीहरूले थाहा पाए, कि उनीहरूले कोठा प्रतिबन्ध गरेको होटेलमा त्यो विवरण नै छैन। उनीहरूलाई यो बतायो, कि त्यो क्षेत्रमा ख्रीष्टमसको आसपासमा कोठा खाली भएको

होटेलचाहिँ त्यही किनारमा अलि पर मोन्टे क्यार्लोमा भएको सानदार बालमोरल होटेल मात्र हो। बिली उदास भए। तिनीहरूसित त्यस्तो पैसा थिएन, र यदि भएको भए पनि त्यसलाई महँगो होटेलमा खर्च गर्नु सही हुन्छ त?

बिलीले आफ्नो सुटकेसमा बोक्दै यात्रा गरिरहेको एउटा चिजलाई सम्झे। अमेरिकाबाट निस्कनुभन्दा अगि उत्तर क्यारोलाइनामा भएको एउटा मोजा उत्पादकले उनलाई धेरै जोर केटीहरूको लामो नाइलनको मोजा दिएका थिए। लामो नाइलनका मोजाहरू युरोपमा अपुग थियो र बिलीले चाँडै एउटा योजना बनाए। दम्पतीहरू मोन्टे क्यार्लो जानको लागि रेलमा चढे, जहाँ बिली होटेल प्रबन्धकसँग कुरा गर्न आग्रह गरे। परिणाम उनले जस्तो सोचेका थिए त्यस्तो भयो। उनीहरूको दुइटा कोठा र तीन पल्टको खानाको लागि बिलीले दैनिक चार जोडी लामो नाइलनको मोजा होटेललाई दिए। यो व्यवस्थापनले राम्रो तरिकाले काम गर्‍यो, र वाइ. एफ. सी. समूहले सानदार होटेलको अण्डा, फलफूल, मक्खन, कफी र मासु खान पाए।

नयाँ वर्षको सुरुवातमा समूह अत्यन्तै चिसो बेलायतमा फर्क्यो। फेब्रुअरीमा पैसा घट्दै जान थाल्दा रूथ गिगिसँग रहनको लागि घर फर्किन्। बिलीको सभाको योजना अझ दुई महिनासम्म रहेकोले उनलाई भ्रमण पूरा गर्न चाहेको $७,००० भएको उनले चिनेको एक मात्र व्यक्तिलाई पत्र पठाए। आर. सी. ले टुर्नेउ (R.C. Le Tourneau) ले ठुला जमिन खन्ने यन्त्रहरू आविष्कार गर्नु र बेच्नुद्वारा आफ्नो पैसा कमाउँदै थिए। बिलीले त्यो व्यक्तिलाई राम्रोसँग चिन्नु हुन्न थियो, तर उनले आशा गरे कि श्रीमान् ले टुर्नेउले युथ फर क्राइष्टको नामलाई चिनेर सहायता गर्छन्। दुई हप्तापछि $७,००० को चेक हुलाकमार्फत आइपुग्यो, र बेलायतभरिको सुसमाचारीय र्‍यालीहरू अगि बढे।

सधैँ अपरिचित व्यक्तिहरूसँग उनीहरूको घरमा बस्दै, उनीहरूको दैनिक जीवनका क्रियाकलापहरूलाई हेर्दै र मान्ट्रिटमा रूथ र गिगि के गर्दै छन् भनी सोच्दै समय बिताउनु कहिलेकाहीँ बिलीको लागि यो एक एक्लोपनको समय

थियो। रूथबाट उनले प्राप्त गरेका पत्रहरू एउटा आशाको स्रोत थिए, विशेष गरी तिनले यस्तो लेखेको एक पत्र, "म पहिले कहिल्यैभन्दा तिम्रो नजिक भएको महसुस गर्छु ... तिमी जहाँ भए पनि मन र हृदयमा म तिम्रो साथमा जाँदछु – तिम्रो लागि निरन्तर प्रार्थना गर्दै ... आफ्नो बहुमूल्य व्यक्तित्वको असल वास्ता गर्नू। परमेश्वरको लागि गर्न अझै धेरै कुराहरू छन्, र हाम्रो लागि अझै थाहा नभएको र अनुभव नगरेको धेरै प्रेम छ।"

बिली संयुक्त राज्यमा रहेको आफ्नो घर फर्किनको लागि तयारी गर्दा उनले रूथका शब्दहरूमा ठुलो सान्त्वना पाए। उनी धन्यवादी थिए, कि उनकी श्रीमती उनको बोलावटलाई बुझेकी थिइन्। उनलाई थाहा नभएको कुरा र उनले पत्ता लगाउन गइरहेको कुरा यो थियो, कि उनको मिसनको बारेमा उनमा भन्दा रूथमा एउटा प्रस्ट बुझाई थियो।

## अध्याय - ७

# पुरानो समयको धर्म लस एन्जलसभरि फैलिनु

सन् १९४७ सेप्टेम्बर महिनाको एउटा मध्याह्नको तीन बजेको समय त्यो थियो। बिली एउटा अति वृद्ध मानिस बिली, बेल राइलेसँग बसेर बातचित गर्दै थिए, जो उनको घरको हलमा ओछ्यानमा थिए। बिलीले डा. राइलेलाई फ्लोरिडा बाइबल इन्स्टिच्युटमा विद्यार्थी हुँदा टेम्पल टेरसमा पहिलोपल्ट भेटेका थिए। डा. राइले र उनकी पत्नीले जाडो यामको केही समयलाई त्यहाँ बिताउन रुचाएका थिए, र बिलीले डा. राइलेलाई गल्फ खेल्दा केही समय सघाएका थिए। विलियम बेल राइलेलाई एउटा महान् वृद्ध फन्डमेन्टलिस्ट भनी चिनिन्थ्यो, र अहिले ८६ वर्षको उमेरमा उहाँ एउटा जिउँदो प्रसिद्ध व्यक्ति हुनुहुन्थ्यो। सन् १९०२ मा जब उहाँ ४१ वर्षको हुनुहुन्थ्यो, डा. राइलेले आफ्नो मण्डलीका जवान जवानीहरूका लागि एउटा बाइबल विद्यालय स्थापना गर्नुभएको थियो। त्यो विद्यालय नर्थ वेस्टर्न स्कुलस नामको एउटा संस्थाको रूपमा विकास भयो, र पछिल्लो समयमा मिनेसोटाको मिनियापोलिसमा रहेको नर्थ वेस्टर्न उच्च विद्यालयको रूपमा परिवर्तन भयो। डा. राइले स्थापना कालदेखि नै उच्च विद्यालयको अध्यक्षको रूपमा रहँदै आउनुभएको थियो।

डा. राइलेले बिलीलाई निम्त्याएको कारणलाई बताउन सुरु गर्नुमा समय खेर फाल्नुभएन। उहाँले भन्नुभयो, "मेरो लागि धेरै समय छैन भन्छन्, छोरो र मेरो मनमा ठुलो भारको रूपमा रहेको कुराचाहिँ म गएपछि नर्थ वेस्टर्नको जिम्मा कसले लिनेछ।" बिलीले सहानुभूतिपूर्वक टाउको हल्लाए। डा. राइलेले ४५ वर्षसम्म कलेजलाई बलियो हातले नेतृत्व गरेका थिए। अर्को व्यक्तिले सँभाल्ने कुरा कसैले कल्पना गर्न गाह्रो थियो।

सिरानीबाट आफ्नो टाउको उठाउँदै डा. राइलेले आफ्नो हड्डीदार औँला

सिधै बिलीतर्फ देखाउनुभयो र कडा आवाजले भन्नुभयो, "बिली, जब म मर्छु, म चाहन्छु, कि तिमीले अध्यक्ष पद सँभाल्नुपर्छ।"

बिली स्तब्ध भए। उनको दिमागमा सबै प्रकारका विचारहरू चल्न थाल्यो। उनी २८ वर्षको एउटा सुसमाचार प्रचारक थिए, जसले स्नातकोपाधि पाएका थिए, कलेजको अध्यक्ष पदको लागि सबैले स्वीकार गर्न सकिने आदर्श उम्मेदवार थिएनन्। अन्तमा बिलीले प्रतिक्रिया दिए। उनले भने, "मसँग अनुभव छैनँ। मलाई कलेज चलाउनुबारे केही थाहा छैनँ, मसँग स्नातकोपाधि मात्र छ। तपाईंले यो पहिले नै थाहा पाउनुपर्छ।"

वृद्ध प्रचारक मुस्कुराउनुभयो, र उहाँको आँखा उत्साहले चम्क्यो। "हो मलाई थाहा छ, तर कलेजले चाहेको व्यक्ति तिमी नै हो। मैले तिमीले प्रचार गरेको सुनेको छु। तिमीमा मानिसहरूलाई ख्रीष्टको लागि जित्न एउटा जोस छ। हाम्रा विद्यार्थीहरूले त्योबाट सिक्नु आवश्यक छ। र युथ फर क्राइष्टद्वारा तिमीसँग देशभरि साथीहरूको समुदाय छ। प्रार्थना सहयोग र ख्रीष्टिय विश्वासमा बढ्न तिमीले प्रभाव पार्न सक्ने जवान मानिसहरूको सङ्ख्याको बारेमा सोच्नू।" उहाँ एक छिनको लागि सास फेर्न रोक्नुभयो, र त्यसपछि हात हल्लाउनुभयो, र भन्नुभयो, "व्यवस्थापनका कामहरूको बारेमा चिन्ता लिँदै नलिनू। मसित एउटा बलियो कर्मचारीहरूको समूह छ र समितिमा ५० जना निर्देशकहरू छन्। तिनीहरू नै हो, जसले कामहरू गरेर सिद्ध्याउँछन्। तिमी एउटा प्रमुख व्यक्तिको रूपमा रहनको लागि मात्र हुन्छौ – एउटा बलियो बनाउने शक्ति – सुसमाचारको झन्डालाई आउने पुस्तालाई दिँदै। सोचेर हेर, हामीसँग ७५० जना विद्यार्थीहरू छन् – ती प्रभाव पार्न र तालिम दिन पर्ने ७५० जना भविष्यका सुसमाचारीय प्रचारकहरू हुन्!"

यस्तो प्रकारले प्रस्ताव राखिँदा बिलीले नयाँ अध्यक्ष पदको लागि उनी एउटा योग्य व्यक्ति हुन्छन् भनी सोच्न थाले। त्यो सोच क्षणिकको लागि मात्रै रह्यो, जसपछि उनी तुरुन्तै वास्तविकतातिर फर्के। उनको मनले यस्तो एउटा प्रस्तावलाई स्वीकार गर्न उनलाई ठाउँ नै छैन भनी बतायो, तर उनी फसेको अनुभव गरे। उनलाई आफूभन्दा ठुलाहरूलाई आदर गर्न सिकाएको थियो,

विशेष गरी डा. राइलेजस्तो परमेश्वरका जनहरूलाई।

बिलीले नरमतासाथ भने, "डा. राइले, म यो जिम्मेवारीलाई स्वीकार गर्न सक्दिनँ। परमेश्वरले मलाई यो देखाउनुभएको छैनँ। तर यदि यसले तपाईंको मनलाई हलुका बनाउँछ भने म यसलाई आपत्कालीन आउने १० महिनाको लागि समितिले अर्को एउटा उचित र स्थायी अध्यक्ष भेट्टाउने बेलासम्म अन्तरिम जिम्मेवारीको रूपमा लिन्छु।"

"मलाई थाहा छ, तिमीले स्विकार्छौ, छोरो। तिमीले स्विकार्छौ," डा. राइलेले मुस्कुराइको साथ भन्नुभयो।

बिली डा. राइलेको घरबाट एउटा पछ्यौराको सट्टामा टाइम बम आफ्नो हातमा दिएको अनुभवका साथ निस्के। उनलाई थाहा थियो, उनी टाढा र विशाल क्षेत्रहरूमा सुसमाचार प्रचार गर्न बोलाएका हुन्, तर जवान मानिसहरूलाई सुसमाचार प्रचारक बन्न सिकाउन र प्रेरणा दिन उनको शक्तिलाई प्रयोग गर्न परमेश्वरले चाहनुभएको हो कि भन्ने प्रश्न उनमा आयो। यो प्रश्नले उनलाई अन्योलमा पारेको थियो, र उनले प्रार्थना गरे, कि नर्थ वेस्टर्न कलेजले एउटा नयाँ अध्यक्ष सक्दो चाँडो पाएको होस्।

मान्ट्रिटमा रूथले, जसले उनी फेरि गर्भवती भएको कुरा भर्खरै थाहा पाएकी थिइन्, बिलीले के भयो भन्ने कुरा बताउँदा कडा शब्द प्रयोग गर्न पछि हटिनन्। "एउटा कलेजको अध्यक्ष हुनुमा तिमीलाई कुनै सम्बन्धै छैन," उनले कडा जवाफ फर्काइन्।

आफ्नी श्रीमतीका शब्दहरूको कडापनलाई महसुस गर्दै बिलीले सुधारे, "अन्तरिम अध्यक्ष र यदि राइले आगामी १० महिनाभित्र बित्नु भए मात्रै।"

रूथले भनिन्, "त्यसो भए अन्तरिम, तर यो तिम्रो बोलावट होइन, र एउटा उच्च विद्यालयको अध्यक्षकी श्रीमती हुनु मेरो बोलावट होइन। तिमीले के सोच्दै थियौ, बिली?"

उनको प्रश्नको उत्तर कसरी दिने भनी बिलीले थाहा पाएनन्।

तीन महिनापछि सन् १९४७ डिसेम्बर ५ तारिख एउटा फोनबाटको सन्देशले डा. राइले बित्नुभयो भनी बिलीलाई खबर दियो। उहाँको स्थानलाई भर्न अरू कुनै नामको प्रस्ताव भएको थिएन, र यसैले अब बिली नर्थ वेस्टर्न स्कुलसको अध्यक्ष "विलियम फ्र्याङ्कलिन ग्राहम" भए। अहिले २९ वर्षको उमेरमा संयुक्त राज्यभरि उनी नै सबैभन्दा जवान र हुन सक्छ, सबैभन्दा कम शिक्षित उच्च विद्यालयको अध्यक्ष थिए।

के गर्न सकिन्छ भनी हेर्नको लागि बिली मिनेसोटा गए। उनको लागि एउटा झट्का पर्खिरहेको थियो। कलेज ४० वर्षसम्म जेक्सन हललाई, जुनचाहिँ फस्ट ब्याप्टिस्ट चर्चको स्वामित्वमा थियो, आफ्नो परिसरको रूपमा प्रयोग गर्दै असल तरिकाले चलिएको थियो। तर त्यो सालभन्दा अगिको साल डा. राइलेले एउटा निर्माण काममा अगाडि बढ्ने योजना बनाउनुभएको थियो। बिली लरिन पार्कमा रहेको एउटा सानो तालको वारिपट्टि रहेको निर्माण स्थल भ्रमण गरे, उनले जमिनमा खाल्टोहरू खनेको र माटो थुपारिएको देखे, तर बाँकी केही थिएन। बिलीलाई त्यो ठाउँ घुमाउँदै गरेको प्रबन्धक जर्ज विल्सनले भने, "डा. राइलेको मृत्युको आसपासमा हामी योजनालाई पूरा गर्न चाहेको रकमको अभावमा पर्‍यौँ।" बिली उदास भए। यस कामलाई पूरा गर्न हजारौँ डलर पैसा लाग्छ।

बिलीलाई थाहा थियो, उनलाई सहायताको आवश्यकता छ। उनले आफ्नो बाल्यकालको साथी टी. डब्ल्यू. विल्सनलाई फोन गरे र उनी आफ्नो उपाध्यक्ष हुन सक्छन् कि भनी सोधे। टी. डब्ल्यू.ले हुन्छु भने। बिलीले जिस्काएर भने अब एक होइन तर दुई जना उत्तर क्यारोलाइनाबाटको गाउँले केटाहरूले प्रदर्शनलाई चलाउँदै छन्। टी. डब्ल्यू. र उनकी श्रीमती मेरी हेलनले कलेज परिसरमा बस्नको लागि मिनेसोटामा बसाइँ सरे। रूथले बसाइँ सर्न इन्कार गरिदिइन्, र किन भनी बिलीले बुझ्न सके। उनी गर्भवती थिइन्, र सन् १९४८ मे महिना दोस्रो एउटी छोरी जन्माइन्, जसको नाम उनीहरूले एनी राखे। परिवारको सङ्ख्या बढ्ने सम्भावना देखेर त्यो सालको सुरुवातमा

बिली र रूथले एउटा दुई तलाको घर ठिक रूथका आमाबुवाको घरको सामु मान्ट्रिटमा किनेका थिए। त्यसको लागि $४५०० लाग्यो, जुन रकम उनीहरूले बैङ्कबाट ऋणको रूपमा लिएका थिए। अर्को एउटा बच्चालाई पनि वास्ता गर्नुपर्दा सहायता गर्नको लागि रूथको आमाबुवा भएकोमा बिली पहिलेभन्दा अझ बढी धन्यवादी भए। युथ फर क्राइष्टको समूहसितको उनको यात्रालाई थोरै कटौती गरिसकेको हुँदा पनि बिलीले आफ्नो खाली भएका प्रायः समयलाई मिनेसोटामा बिताइरहेका थिए।

कसै गरी बिली र रूथले सबै कुराको व्यवस्थापन गरे। उनको चिनजानद्वारा नयाँ भवनलाई चाहेको रकम बिलीले सङ्कलन गर्न सके। हजुरबा, हजुरमा, मामाहरू र सानीमाहरूको सावधानीपूर्वक वास्ताद्वारा गिगि र एनी बढ्न थाले, र सुसमाचार प्रचारकको रूपमा बिलीको काम निरन्तर बढी रह्यो।

सन् १९४९ सेप्टेम्बर २५ तारिख बिली ग्राहम, क्लिफ ब्यारोस र जर्ज बेवेर्ली शे साथै ग्र्याडी र विल्मा विल्सन सबै लस एन्जलसमा भेटे। उनीहरू "क्राइष्ट फर ग्रेटर लस एन्जलस" भन्ने एउटा स्थानीय समूहद्वारा वासिङटन बुलेभर्ड र हिल्स्ट्रिटको कुनामा लगाएको एउटा विशाल तम्बुमा तीन हप्ताको लागि सुसमाचारीय कार्यक्रम सञ्चालन गर्न निम्त्याएका थिए।

सभा सुरु भइसकेपछि बिली डराए। पालले ६,००० जना मानिसहरूलाई अटाउन सक्ने भए तापनि पहिलो दुई हप्ता देखा परेको भिड सानो थियो। परिणामस्वरूप त्यहाँ थोरै मात्रै पत्रपत्रिकाको ध्यान थियो। बिलीलाई अझै उदास बनाउने कुरा यो थियो कि, जुन मानिसहरू त्यहाँ हरेक रात जम्मा हुन्थे, तिनीहरू प्रायः इसाई थिए। बिली मण्डलीमा नजाने मानिसहरूसम्म पुग्न चाहन्थे। ती सबै कुरा बद्लियो, जब एउटा तास खेल्ने र मतवाला रेडियो कार्यक्रमको उद्घोषक स्टुआर्ट ह्याम्ब्लेनले बिलीलाई आफ्नो रेडियो कार्यक्रममा आउन निम्तो दिए। पश्चिम तट भूभागमा त्यो नै प्रख्यात रेडियो कार्यक्रम भए तापनि बिलीले आनाकानी गरे। यदि एउटा सुर्ती कम्पनी प्रायोजकको रूपमा रहेको रेडियो कार्यक्रममा उनी जाँदा कस्तो देखिन्छ

होला भनी बिलीले सोच्न थाले। जब उनले येशू उहाँको समयका पापीहरूसित समय बिताएको सम्झे, उनी सहमत भए।

कार्यक्रममा स्टुआर्टले बिलीलाई उनको जीवनको बारेमा सबै प्रकारको प्रश्न सोधे। त्यसपछि उनले आफ्ना श्रोताहरूलाई बताएको यो भनाइद्वारा बिलीलाई चकित पारे। "बिली ग्राहमको पालमा जानुहोस्, र उहाँको शिक्षा सुन्नुहोस्। म पनि त्यहाँ हुनेछु।" बिलीले सुन्न आशा गरेको अन्तिम कुरा त्यही नै थियो, तर उनले स्टुआर्टलाई त्यो रात आउन उत्साह दिए।

स्टुआर्ट साँच्चै सभामा आफ्नो सयौँ रेडियो कार्यक्रमका श्रोताहरूको साथ देखा परे। पछिल्लो रात अघिल्लो रातभन्दा पाल अझ ठुलो भिडले भरिएको थियो। र सभाहरूलाई लम्ब्याउनु असल हुन्छ भनी बिलीले सोचे। सबै सहमत भएनन्। सभालाई सञ्चालन गर्नको लागि भजन-झुन्ड, स्वयंसेवक, सल्लाह दिनेहरू र सफा गर्नेहरू गरी धेरै सङ्ख्यामा मानिसहरूको आवश्यक हुन्थ्यो, र यीमध्ये धेरै मानिसहरू थाकिसकेका थिए। आइतबार बिहानको अन्तिम सभाभन्दा अगि परमेश्वरले तिनीहरूलाई कार्यक्रमलाई निरन्तरता दिनुपर्छ कि पर्दैन भन्ने प्रस्ट चिन्ह दिनुभएको होस् भनी बिलीले प्रार्थना गरे।

लन्गाम होटेलमा उनको कोठामा साँढे चार बजेको एउटा फोनको घण्टीले बिलीलाई उठायो। धमिलो आँखासित उनी फोन उठाए। उनले उतापट्टि बोल्ने आवाजचाहिँ स्टुआर्ट ह्याम्ब्लेनको आवाज हो भनी पत्ता लगाए। गहिरो रुवाइको साथ बोल्दै स्टुआर्टले तुरुन्तै आफूलाई भेट्न बिलीलाई अनुरोध गरे। चाँडै स्टुआर्ट र उनकी श्रीमती सुजी, जो इसाई थिइन्, बिलीको कोठामा बसेर बातचित गर्दै थिए, जबकि रूथ र ग्र्याडी र विल्मा विल्सन पल्लो कोठामा प्रार्थना गर्दै थिए। उनीहरू प्रार्थना गर्दै गर्दा र बिली कुरा गर्दै गर्दा स्टुआर्ट रोए, र आफ्नो जीवनलाई येशू ख्रीष्टमा समर्पण गरे। त्यो एउटा छक्क पार्ने क्षण थियो, र जब एक घण्टापछि सबै गए, बिली निश्चित भए कि लस एन्जलसको कार्यक्रम अगाडि बढ्नुपर्छ।

त्यही आइतबार बिहान केही समयपछि कार्यक्रमको पालमा हजारौँ मानिसहरूको सामु स्टुआर्ट ह्याम्ब्लेनले आफ्नो नयाँ विश्वासलाई घोषणा गरे। उनले आफ्नो रेडियो कार्यक्रममा त्यसको बारेमा निरन्तर कुरा गरे। चाँडै पश्चिम तटका हजारौँ मानिसहरू खासै बिली ग्राहमको सभामा केही भएको थियो भनी आश्चर्य मान्न थाले। त्यसमध्ये धेरै जना आफैँ त्यसलाई पत्ता लगाउन त्यहाँ आए।

एक बिहान सभालाई निरन्तरता दिने निर्णय भइसकेपछि बिली पालमा आइपुग्दा यहाँ सञ्चारकर्मीहरूको भिड देखे। त्यो उनको लागि एउटा आश्चर्यपूर्ण कुरा थियो, किनभने समाचारपत्रहरूले अधिकांश रूपमा सभालाई बेवास्ता गरेका थिए। "के भइरहेको छ?" उनले एउटा पत्रकारलाई सोधे।

"र्‍यान्डोल्फ हेर्स्टले तपाईँलाई चुम्बन गर्नुभएको छ," पत्रकारले जवाफ दिए।

बिलीले कहिल्यै हेर्स्टलाई भेटेका थिएनन्, र कसरी पत्रपत्रिका प्रकाशकले उनको बारेमा र सभाको बारेमा थाहा पाउन आए भनी आश्चर्य माने। तैपनि उनले चाँडै बुझे, कि विलियम र्‍यान्डोल्फ हेर्स्टले चुम्बन गर्नुको अर्थचाहिँ सञ्चारको ध्यान धेरै पाउनु हो। उनीहरूले चाँडै 'कपडाको गिर्जाघर' भनी नामाकरण गरेको त्यो ठाउँमा पत्रकारहरू जम्मा हुन थाले र सभाको बारेमा खबरहरू लेख्न थाले। हेर्स्ट देशभरि धेरै पत्रपत्रिका कम्पनीहरूको मालिक भएकाले यी खबरहरू देशभरि फैलिए। चाँडै प्रतिस्पर्धा गर्ने समाचारपत्रहरूले सभाहरूको बारेमा खबरहरू लेख्न थाले।

नोभेम्बरको सुरुवातमा सभा आफ्नो छैटौँ हप्तामा थियो। राष्ट्रिय समाचारपत्रहरूका शीर्षकहरूले घोषणा गरे, "पुरानो समयको धर्म लस एन्जलसलाई ढाक्दै।" र त्यो सत्य थियो। हरेक दिन राति सयौँ मानिसहरू इसाई बन्दै थिए। प्रायः मानिसहरू साधारण दैनिक काम गरी कमाउने मानिसहरू थिए। अरूहरू त्यहाँ सधैँ उपस्थित हुने पत्रकारहरूको ध्यानलाई

खिच्न सक्नेसम्म प्रख्यात थिए। विशेष गरी एक जना मानिस – जिम वासको उद्धारले देशको विचारलाई नै पक्रियो। एउटा सभाको अन्तमा अगि आएर ख्रीष्टलाई स्वीकार गर्ने निमन्त्रणापछि गालाहरूमा आँसु बगिरहेको हुँदा जिम आफ्नी श्रीमतीको साथ अगि आए। जिम, विद्युतीय क्षेत्रमा एउटा प्रतिभाशाली, गुन्डा मिक्की कोहेनको निजी टेलिफोन जासुसीको रूपमा मानिएका थिए। पत्रकारहरूले उनी अगाडि जाँदै गर्दा उनलाई चिने, र भोलिपल्ट बिहान एउटा समाचारपत्रको शीर्षकले यस्तो घोषणा गर्‍यो, "सुसमाचार प्रचारकले फोन जासुसी ध्वनि इन्जिनियर वासलाई उद्धारमा डोर्‍याए।"

आफ्नो उद्धारको केही दिनहरूपछि जिमले बिलीलाई भेटे, र मिक्की कोहेनले उनको उद्धारको बारेमा आफ्नो खुसी व्यक्त गरेको खबर दिए। साथै जिमले बिलीलाई सोधे, कि यदि उनी मिक्कीलाई भेट्न तयार छन्। बिलीले भेट्छु भने। भोलिपल्ट राति सभा सकेपछि उनी र जिम रहस्य रूपमा पालबाट निस्के। उनीहरू सँगै ब्रेन्टवोडमा रहेको मिक्कीको घर गए। एक बोतल कोकाकोला पिउने क्रममा बिलीले मिक्कीलाई सुसमाचार प्रचार गरे, र उनका लागि प्रार्थना गरे।

सन् १९४९ नोभेम्बर १४ तारिख टाइम समाचारपत्रले बिली र लस एन्जलसको सभाको बारेमा एउटा खबर छापियो। त्यो खबरको परिणामस्वरूप अझ बढी मानिसहरू हरेक रात सभामा जम्मा हुन थाले – साँच्चै यति बढी कि पाललाई बढाउनुपर्ने भयो, र अझै तीन हजार वटा कुर्सीहरू ल्याउनुपर्ने भयो। त्यसपछि त्यसलाई फेरि बढाउनुपर्ने भयो।

जब सभा आठौँ र अन्तिम हप्तामा प्रवेश गर्‍यो, अर्को एक जना प्रसिद्ध व्यक्ति परिवर्तन भए, जसले सञ्चार माध्यममा हलचल थप्यो। लुईस जाम्पेरिनी एउटा पूर्व दौड खेलाडी थिए, जो सन् १९३६ मा बेर्लिनमा भएको ओलम्पिक खेलकुदमा संयुक्त राज्य अमेरिकाको प्रतिनिधित्व गरेका थिए। खेलहरूको बिचमा सबैको भनाइअनुसार उनी झन्डाको खाँबोमा चढेर एडल्फ हिटलरको व्यक्तिगत झन्डालाई चोरे। दोस्रो विश्वयुद्धको समयमा

लुईसले बी २४ विमानमा बम खसाल्ने व्यक्तिको रूपमा काम गरे, जुन विमान प्रशान्त महासागरमाथि उड्दा जापानीहरूद्वारा खसालिएको थियो। ४७ दिनहरूसम्म उनी र उनका दुई सहकर्मीहरू रबरको नाउमा बग्दै र कम उचाइमा उडेर उनीहरूलाई गोली हान्ने जापानी विमानहरूबाट बच्दै रहे। एक जना सहकर्मी ३७ दिनपछि मरे, जबकि लुईस र अन्य मानिसहरूलाई समात्यो र जापानी युद्ध–कारागारमा दुई वर्षसम्म थुनिराख्यो। एउटा प्रख्यात खेलाडी र सम्माननीय युद्ध–नायक भएको बाबजुद जाम्पेरिनीले बिलीलाई जीवन खाली भएको बताए, त्यसपछि उनले सुसमाचार प्रचारिएको सुने र उनलाई थाहा थियो, कि उनी प्रतिक्रिया दिनुपर्छ र आफ्नो जीवन ख्रीष्टलाई दिनुपर्छ। जिमको परिवर्तन जसरी नै लुईसको परिवर्तनको खबर पनि देशभरिको समाचारपत्रहरूमा छापियो।

सन् १९४९ नोभेम्बर २० तारिख आइतबार दिउँसो बिलीले लस एन्जलस अभियानको आफ्ना अन्तिम प्रवचन दिनको लागि खडा भए। सभाको लागि कपडाको गिर्जाघरमा एघार हजार मानिसहरू भेला भएका थिए। बाहिर हजारौँ मानिसहरू उभिएर बिली बोलेको सुन्न प्रयास गरिरहेका थिए। अभियान आठ हप्तासम्म सञ्चालन भइसकेको थियो, लाखौँ मानिसहरूले सुसमाचार प्रचारिएको सुने, र हजारौँहरू प्रतिक्रिया जनाउँदै येशू ख्रीष्टलाई स्विकार्न अगाडि आए। यीमध्ये बयासी प्रतिशत मानिसहरू कहिल्यै मण्डली गएका थिएनन्। अझ हजारौँ इसाईहरू प्रभुप्रतिको आफ्नो समर्पणतालाई नवीकरण गर्नको निम्ति अगाडि आए।

लस एन्जलसको अभियानपछि बिली मिनियापोलिस फर्किन "शान्टा फे सुपर चिइफ" रेलगाडीमा चढे। रेलगाडीमा विश्राम लिन मौका पाउँदा उनी खुसी थिए। अभियानको मागले उनलाई पूर्ण रूपमा थकित तुल्याएको थियो, यद्यपि जे जति घटे ती सबैले उनलाई अति आनन्दित तुल्याएको थियो। दुई महिना अगि उनी लस एन्जलसमा एउटा सानातिना प्रचारकको रूपमा आएका थिए। अहिले उनी देशभरिको एउटा परिचित इसाई मानिसको रूपमा फर्किँदै छन्। यो बिलीले खोजेको कुरा थिएन। उनी सिर्फ परमेश्वरले प्रयोग गर्नको लागि खुला मात्र थिए। उत्तरतिरको यात्रामा हरेक ठाउँमा रेल गाडी

रोक्दा लस एन्जलसलाई हल्लाएको जवान सुन्दर सुसमाचार प्रचारकको अझ एउटा तस्बिर अथवा एउटा घटना पाउने चाहनाले रेल गाडीलाई घेरे। उनी यात्रा गर्दै जाँदा बिलीले सोच्दै थिए, कि यो उनको प्रसिद्धिको उच्च बिन्दु हुनेछ, कि अथवा केही ठुलो हुन लागेको छ।

# अध्याय - ८

# एउटा बढ्दो सेवकाइ

६ हप्तापछि बिली ग्राहम र उनका सुसमाचारीय समूह बास्टनमा थिए। सन् १९४९ डिसेम्बर ३० तारिख बास्टन हेराल्ड समाचारपत्रको एउटा लेखको शीर्षक यस्तो थियो, “नयाँ वर्षको मनोरञ्जनसँग भिड्न सुसमाचार प्रचारकहरू यहाँ आएका छन्।” लेखले अझ यस्तो बतायो, कि बिली ग्राहम “एउटा जवान सुसमाचार प्रचारक, जसले नयाँ वर्षको समयको आनन्ददायी आकर्षणहरूलाई भोलि रातको मेकानिक हल धार्मिक र्‍यालीहरूद्वारा उछिन्न सक्छन् भनी सोच्दै छन्।”

दुई दिनपछि बास्टन ग्लोब समाचारपत्रले घोषणा गर्‍यो, “सहरमा होटेलहरू, रात्रि क्लबहरू र भट्टीहरू हिजो राति भिडले भरिए तापनि ग्रेटर बास्टनको सबैभन्दा ठुलो भिड मेकानिक हलमा ख्रीष्टको लडाकु रेभरेन्ड बिली ग्राहमलाई सुन्न भेला भएको थियो...” भिड हलमा निरन्तर ओइरिरह्यो, र त्यसपछि ओपेरा हाउसमा र अन्तमा बास्टन गार्डनमा, जहाँ सन् १९५० जनवरी १६ तारिख अभियानको सभामा तेह्र हजार मानिसहरू सहभागी भएका थिए। पत्रकारहरू बिली ग्राहमको लस एन्जलसको अभियान आखिर एउटा भाग्य होइन भन्ने निष्कर्षमा पुगे। बिली देशको ध्यानमा लामो समय रहे।

यद्यपि जब टाइम र लाइफ समाचारपत्रको स्थापक सम्पादक र प्रकाशक हेन्ड्री लुसले साउथ क्यारोलाइनाको कोलम्बियामा हुने बिलीको आगामी क्रूसेडमा आफू तीन दिन बिताउने घोषणा गरे, बिली आफैँ चकित भए। बिलीले थाहा पाए, कि हेन्ड्री, जो अमेरिकाको धनी र अति प्रभावशाली मानिसहरूमध्ये एक थिए, चीनमा सेवा गरेको प्रेस्बिटेरियन मिसनरीहरूको छोरो थिए। हेन्ड्री, हड्सन टेइलरले स्थापना गरेको चेफूमा रहेको चाइना

इनल्यान्ड विद्यालयमा अध्ययन गरेका थिए। मिसनरीहरूका बच्चाहरूको रूपमा र पूर्व एसियामा हुर्किएका व्यक्तिहरूको रूपमा भएको उनीहरूको समान अनुभवहरूको बारेमा हेन्ड्रीले रूथसित घण्टौँ बातचित गरे।

अगिका दुई वटा अभियानहरूजस्तै नै कोलम्बियाको क्रूसेड सबै चाहनाभन्दा माथि हुन पुग्यो। हेन्ड्री लुस बिलीको प्रचारद्वारा प्रभावित भए। उनले बिलीलाई आश्वासन दिए, कि उनले टाइम र लाइफ दुवै समाचारपत्रमा बिलीको र्‍यालीलाई अनुमोदन र प्रवर्द्धन गर्छन्। बिलीले अहिले महसुस गर्न थाले, कि सुसमाचार प्रचारकको रूपमा यात्रामा बितिरहेको उनको यो जीवन स्थायी हुनेछ। परिणामस्वरूप कुराहरूलाई अझ व्यवस्थित तुल्याउनुको बारेमा यो सोच्ने समय हो।

धन्यवाद दिनुपर्ने गरी क्रूसेडको व्यवस्थापन गर्ने एउटा समूह तयार हुन थाल्यो। कोलम्बियामा एउटा पूर्व बैङ्कको कर्मचारी बिल्लिस हेमेकर र एउटा पियानो बजाउने प्रतिभाशाली व्यक्ति टेड स्मित, जसमा व्यवस्थापनमा एउटा अचम्मको कौशल पनि थियो, दुवैले आफ्नो विशेष योग्यतालाई क्रूसेडमा सघाउन दिन समर्थन भए। तुरुन्तै बिलीले टेडलाई आगामी क्रूसेडको स्थलमा अगि गएर समूहको आगमनको लागि तयारी गर्न नियुक्ति गरे।

बिली त्यसपछि फर्किएर एउटा पुनरावृत्ति क्रूसेडको लागि र एउटा न्यु इङ्ग्ल्यान्डभरिको प्रचार भ्रमणको लागि बास्टन गए। उनले न्यु इङ्ग्ल्यान्डमा आफ्नो समयलाई सन् १९५० अप्रिल २३ तारिख बास्टन कमनमा आयोजित एउटा ठुलो सभाद्वारा अन्त गर्ने योजना बनाए। उनले त्यसलाई शान्तिको र्‍याली भनी नामाकरण गरे, किनभने धेरै अमेरिकीहरूले अनुभव गरिरहेको डरको बारेमा बोल्न उनले योजना बनाएका थिए। दोस्रो विश्वयुद्धको अन्तले एउटा शान्तिपूर्ण र एकीकृत विश्वको आगमनलाई घोषणा गरेको थिएन। ठिक विपरीत विश्व पहिलेभन्दा अझ बढी विभाजित भएको जस्तो देखिन्थ्यो। अगिको वर्ष मात्रै कम्युनिस्टहरूले चीनलाई आफ्नो नियन्त्रणमा ल्याएका थिए, र कोरियामा तनाव भइरहेको थियो, कि त्यो संयुक्त राज्य निश्चित रूपमा सहभागी हुने एउटा युद्धको रूपमा विस्फोट

हुन्छ जस्तो देखिन्थ्यो। यसको साथ एउटा शीतयुद्ध भन्ने पनि सुरु हुँदै थियो, जसमा संयुक्त राज्य र पश्चिमी युरोप एक पक्ष र सोभियत सङ्घ र पूर्वी युरोपका कम्युनिस्ट राष्ट्रहरू अर्को पक्ष थिए।

तनाव उच्च अवस्थामा थियो, विशेष गरी किनभने सोभियत सङ्घ र संयुक्त राज्य दुवैसित अणुबम थियो। दोस्रो विश्वयुद्धको अन्ततिर अमेरिकाको दुइटा अणुबमले जापानमा पारिएको क्षति मानिसहरूको मनमा ताजा थियो। सोभियत सङ्घ र संयुक्त राज्यको बिचमा एउटा पूर्ण अणु युद्धको विस्फोट भयो भने के हुन्छ भन्ने कुराको बारेमा धेरै जना आतङ्कित थिए। बिलीले येशू ख्रीष्टको आशाको प्रस्ताव राखेर मानिसहरूको मनलाई शान्त तुल्याउन चाहन्थे।

शान्ति र्‍याली हुने आइतबारको बिहान बास्टन कमनका खुला र्‍यालीलाई बाधा पुर्‍याउन सक्ने ठुलो पानी परिरहेको हुँदा बिली उठे। उनी आफ्नो समूहका केही सदस्यहरूलाई जम्मा गरे, र मध्यान्ह र्‍याली हुने समयभन्दा अगि वर्षालाई हटाई दिनुहुन परमेश्वरलाई प्रार्थनामा अनुरोध गरे। उनीहरूले प्रार्थना गरिसकेपछि मौसमको बारेमा बिली निश्चित भए, उनी त्यो सभाको लागि भेला भएका पचास हजार मानिसहरूको भिडलाई प्रचार गर्न उठ्दा सूर्य तेजको साथ चम्किरहेको थियो।

बास्टनबाट बिली र उनको समूह पश्चिम ओरेगनको पोर्टल्यान्ड गए। पोर्टल्यान्डमा स्वयंसेवकहरूले बाह्र हजार मानिसहरू बस्न सक्ने एउटा काठको तम्बु खडा गरेका थिए, तर त्यो अति सानो स्थापित भयो। ६ हप्ताको क्रूसेडमा पाँच लाख मानिसहरू सहभागी भए, र जम्मा नौ हजार मानिसहरू आफू इसाई हुन चाहेको कुरालाई जनाउन सभाहरूको अन्तमा अगि आए।

बिली र उनको समूह अझै व्यवस्थित हुँदै जाँदा पोर्टल्यान्डको क्रूसेडमा उनीहरूले धेरै नयाँ अनुभवहरू पाए। यो पहिलो पल्ट थियो, कि साङ्केतिक भाषा अनुवादकहरू प्रयोग गरिए, पहिलो पटक पुरुष र महिलाहरूको लागि

अलगअलग सभाहरू आयोजना भएका थिए, र पहिलो पटक क्रूसेडको भिडियो खिचेर सम्पादन गरिएको थियो। पोर्टल्यान्डको क्रूसेडको समयमा बनाएको भिडियोले बिलीलाई सोच्न लगायो। युवाहरूलाई लक्षित गरेर एउटा काल्पनिक पात्रमा, जो इसाई बन्छ, आधारित एउटा चलचित्र बनाउँदा कस्तो हुन्छ। यो विचार बलियो भयो, आगामी क्रूसेड टेक्ससको पोर्टवोर्तमा आयोजित गर्ने तालिका बनाएको हुँदा बिली र उनको समूहले टेक्ससको एउटा प्रदर्शनकारी बिली ग्राहमको क्रूसेडमा इसाई भएको जस्तो एउटा चलचित्र बनाउने निर्णय गरियो। चाँडै 'मिस्टर टेक्सस' नामक चलचित्रको निर्माण सुरु भयो। प्रमुख पात्रहरू जिम र के(Kay)को अभिनय गर्नको लागि दुई जना अभिनेताहरू भाडामा लिइए। चलचित्रमा बिली, क्लिफ ब्यारोस, जर्ज बेवेर्ली शे र ग्र्याडी विल्सनको पनि भूमिका थियो।

अन्य सञ्चार माध्यमहरूले पनि आह्वान गर्न थाल्यो। सन् १९५० मा टेलिभिजन एउटा नयाँ चिज थियो। देशभरि लगभग ५५ लाख टेलिभिजनहरू थिए, साथै १०३ टेलिभिजन स्टेसनहरू सहरहरूमा फैलिएका थिए। जबकि टेलिभिजन हेर्नेहरूको सङ्ख्या छिट्टै बढिरहेको थियो, अधिकांश अमेरिकनहरू समाचार र मनोरञ्जनको लागि अझै पनि रेडियोमा नै निर्भर भइरहेका थिए।

त्यस समयमा सबैभन्दा ठुलो रेडियो प्रसारण, चाहे सांसारिक होस् वा धार्मिक, वाल्टर मेयरले उद्घोषण गर्ने 'द लुथरन आवर' थियो। मध्य जनवरीमा डा. मेयर हृदयाघातले मर्नुभयो। उहाँको मृत्युको खबर सुनेर डा. मेयरको स्थानलाई लिन परमेश्वरले कसैलाई उठाउनुभएको होस् भनी बिलीले प्रार्थना गरे। उनले कहिल्यै कल्पना गरेका थिएनन्, कि त्यो मानिस उनी आफै हुन सक्छन्।

बिली पोर्टल्यान्डमा हुँदा  फ्रेड डायनर्ट र वाल्टर बेनेट एउटा राष्ट्रिय रेडियो कार्यक्रम 'द लुथरन आवर' को (Lutheran Hour) शैलीमा सुरु गर्ने बारेमा कुरा गर्न बिलीलाई भेट्न आए। उनीहरूले अनुमान गरे, कि त्यस्ता एउटा कार्यक्रमलाई देशभरि प्रसारण गर्नको लागि हरेक हप्ता $७,००० खर्च

हुन्छ, र बिलीको बढी समयलाई लिन्छ। बिली उनीहरूको प्रस्तावमा इच्छुक थिएनन्, र जब यी दुई जना जवान मानिसहरू होटेलमा, लिफ्टमा र मञ्चको पछाडि र उहाँको ध्यानाकर्षण गर्न सक्ने भनी तिनीहरूले सोच्न सक्ने जहाँ पनि तिनीहरूको प्रस्तावको बारेमा कुरा गर्न देखा पर्दा बिली झर्को मान्न थाले। अन्तमा बिलीले ग्र्याडी विल्सनलाई ती मानिसहरूसित बसेर आफूलाई एउटा रेडियो कार्यक्रममा इच्छा छैन भन्ने कुरा बुझाइदिन अनुरोध गरे। अन्तमा ती जवान मानिसहरूले कुरा बुझे। बिली होटेलको कोठाबाट आत्तुरीसाथ निस्कँदै गर्दा तिनीहरूले भने, “हामी अलबिदा भन्न आएका छौँ। हामी आज राति सिकागो फर्किंदै छौँ।”

“ठिक छ,” बिलीले हाँस्दै भने। “यदि आज मध्यरातभन्दा अगि मलाई $२५,००० तपाईंहरूको रेडियो प्रसारणमा जोडिन दिइयो भने म त्यसलाई समर्थनको रूपमा लिनेछु, र तपाईंहरूलाई सम्पर्क गर्नेछु।”

ती दुवै मानिसहरू पनि हाँसे। केही घण्टामा $२५,००० जम्मा गर्न असम्भव रकम थियो। सबैलाई थाहा थियो, कि त्यो पाउनु असम्भव थियो।

त्यो रात क्रूसेडमा सत्तरी हजार मानिसहरू सहभागी भए। युथ फर क्राइष्टको पूर्व सुसमाचार प्रचारक बाब पियर्सले, जो भर्खरै ‘वल्ड मिसन’ नामक एउटा नयाँ संस्था स्थापना गरेका थिए, पूर्वी राष्ट्रहरूको आफ्नो यात्रामा अवलोकन गरेका कुराहरूको बारेमा बोल्न लागेका थिए। तर पहिले बिलीले माइक्रोफोन लिए, र फ्रेड डायनर्ट र वाल्टर बेनेटसँग भएको आफ्नो भेटको बारेमा र कसरी उनले ठट्यौली गर्दै $२५,००० मध्यरातभित्र प्राप्त गरेमा एउटा रेडियो कार्यक्रम गर्ने समर्थन जनाए भन्ने कुरालाई बताए।

सभा सिद्धेपछि मानिसहरू बिलीसँग कुरा गर्न आए। उनले एउटा रेडियो कार्यक्रमको बारेमा जे बताए त्यो गम्भीर रूपमा लिनको लागि नभए तापनि यीमध्ये धेरै मानिसहरू उनलाई सो गर्ने विचार गर्न आह्वान गरे। तिनीहरूले उनको हातमा पैसा, चेक र प्रतिज्ञाहरू दिए। बिली आश्चर्यले स्तब्ध भए। उनले आफ्नो गोजीमा कति पैसा खाँदियो होला भनी सोच्न थाले।

www.tcgmission.com

जब बिलीले पैसा गन्ने मौका पाए, त्यो $२४,००० थियो। अब बिली दुबिधामा परे। उनले मध्यरातभित्र चाहिने भनी बताएको भन्दा जम्मा रकममा $१,००० अपुग थियो। यदि उनले $२५,००० पाएनन् भने आफूले गरेको प्रतिज्ञालाई पूरा गर्ने हो कि अथवा उनी अगाडि बढ्न हुँदैन भन्नको लागि यसलाई एउटा चिह्नको रूपमा मानिने? बिली जब होटेलमा फर्के, उनले अझै पनि त्यही समस्याको बारेमा सोचिरहेका थिए। होटेलको दलान हुँदै हिँड्दै गर्दा त्यहाँ मेचमा बसेको एक जना कर्मचारीले उनको हातमा दुई वटा खामहरू दिए। बिलीले त्यसलाई खोले। ती उनले चिन्नै नसक्ने मानिसहरू होवर्ड बट र बिल मेडबाट थियो। ती दुवैले झन्डै एउटै सन्देश लेखेका थिए। ती दुवैले बिली रेडियो कार्यक्रममा अगि सर्नुपर्छ भनी विश्वास गर्थे, र तिनीहरू उनलाई सहायता गर्न चेक दिनुमा पहिलो हुन चाहन्थे। हरेक मानिसले $५०० को एउटा चेक साथमा राखेका थिए। रकमलाई $२५,००० पुऱ्याउनको लागि चाहिने $१,००० अब हातमा थियो। बिलीले आफूलाई चाहेको उत्तर पाइसकेका थिए।

लिफ्टमा पस्न फर्किंदा बिलीले फ्रेड डायनर्ट र वाल्टर बेनेट लिफ्टको सामु उभिरहेको देखे। उनले भने, "मैले सम्झे, आज रातिको विमानमा चढिसक्नुभयो।"

फ्रेडले टाउको हल्लाए र जवाफ दिए, "हामी विमानस्थलसम्म गयौँ, तर हामी विमान चढ्न सकेनौँ। केही कुराले फर्केर आउन र तपाईंलाई भेट्न हामीलाई भन्यो।"

उनीहरूलाई धाप मार्दै बिलीले भने, "भाइहरू, ठिक छ, हामीलाई १३ हप्तासम्म रेडियो कार्यक्रमको लागि सम्झौता मिलाउनू। हामीसँग $२५,००० छ, यसैले हामी विश्वासमा कदम अगाडि बढाउने छौँ।"

होटेलको कोठामा फर्किसकेपछि बिलीले आफूलाई एउटा समस्या रहेको कुरा पैसालाई एउटा जुत्ताको बक्सामा हालेर खाटमुनि घुसार्दा महसुस गरे। उनलाई थाहा थियो, त्यहाँ रहन सक्दैन, तर उनले त्यसलाई के गर्ने? त्यो

www.togmission.com

एउटा विशेष उद्देश्यको लागि दिइएको सेवाको पैसा थियो। यदि उनले यसलाई आफ्नो बैङ्क खातामा जम्मा गरे भने त्यो पैसाको कर लाग्छ। यद्यपि उनले यसलाई क्रूसेडको खातामा जम्मा गर्न सक्दैनन्, किनभने उनले पोर्टल्यान्डमा निम्त्याएको आयोजक समितिले त्यो खाता खोलेको थियो, र त्यसमा भएको पैसा क्रूसेडको खर्चको लागि प्रयोग गर्नुपरेको थियो। त्यसो भए नयाँ कार्यक्रमको लागि, जसलाई 'आवर अफ डेसिसन' (Hour of Decision) भनिने छ, दिएको त्यो पैसालाई उनले के गर्ने? बिलीलाई थाहा थियो, कि रेडियो कार्यक्रम, चलचित्र र अन्य भविष्य परियोजनाहरूलाई निरीक्षण गर्न एउटा छुट्टै संस्था स्थापना गर्ने समय यो हो।

भोलिपल्ट बिलीले नर्थवेस्टर्न स्कुल्सका व्यापार प्रबन्धक जर्ज विल्सनलाई फोन गरे, र उनलाई यो विषयको बारेमा हेर्न अनुरोध गरे। चाँडै एउटा औपचारिक गैर नाफामूलक संस्था मुख्यालय मिनियापोलिसमा नर्थवेस्टर्न स्कुल्सको ठिक सामु हुने गरी स्थापना गरियो। नयाँ संस्थाको नाम बिली ग्राहम इभान्जेलिस्टिक एसोसिएसन राख्ने सुझाव जर्जले दिए, तर बिलीले आफ्नो नाम अगाडि र केन्द्रमा भएको चाहेनन्। समूहका अरू सदस्यहरू जर्जसँग सहमत भए। उनीहरूले बनाइरहेको चलचित्रको मुटु र प्राण बिली थिए, र नयाँ रेडियो कार्यक्रमको उद्घोषक पनि उनी नै थिए । संयुक्त राज्यभरिका मानिसहरूले उनलाई चिन्थे र विश्वास गर्थे। बिली अन्ततः त्यही नाम राख्न सहमत भए, यद्यपि उनलाई असजिलो भइरहेको थियो।

बिली ग्राहम इभान्जेलिस्टिक एसोसिएसनका पहिलो निर्देशक समितिका सदस्यहरू क्लिफ ब्यारोस, ग्र्याडी विल्सन, जर्ज विल्सन, र बिली ग्राहम थिए। यस्तो बलियो साथ दिने समूह पाउँदा बिली आभारी थिए, जो सबैलाई उनले साथी र सहकर्मी मान्थे। समिति ठिक समयमा गठन गरियो। जब 'आवर अफ डेसिसन' रेडियो शो प्रसारणमा आयो, त्यहाँ धेरै काम गर्नुपर्ने थियो। कार्यालयमा पत्रहरू र भेटीहरू ओइरिन थाले, प्रत्येक पत्रको उत्तर दिइयो, र प्रत्येक भेटीलाई रसिद र धन्यवादको जवाफ साथ स्वीकार गरियो। चाँडै जर्ज विल्सनले नर्थवेस्टर्न स्कुल्समा आफ्नो पदबाट राजीनामा दिए र

बी.जी.इ.ए. को व्यापार प्रबन्धकको रूपमा पूर्ण समय काम गर्न थाले।

एसोसिएसनको स्थापनाले संस्थाको सम्पूर्ण पैसासम्बन्धी समस्याहरूलाई समाधान गरेन। सन् १९५० नोभेम्बर महिना अट्ल्यान्टामा सञ्चार माध्यमहरूले क्रूसेडपछि पैसालाई विभाजन गर्ने बिलीको तरिकालाई चुनौती दियो। केही सदस्यहरूले भत्ता प्राप्त गरे, जबकि क्रूसेडको दुई जना वक्ताहरू बिली र क्लिफ ब्यारोसको जीविकाका सम्पूर्ण खर्चहरू भेटीबाटै गरिन्थ्यो। बाँकी पैसा प्रचारप्रसार, पाल टाँग्नु र बत्तीजस्ता कुराहरूलाई जान्थ्यो। यदि सबै खर्चहरू पूर्ण रूपमा  तिरेपछि भेटी बाँकी रह्यो भने बिली र क्लिफको बिचमा त्यसलाई बाँडिन्थ्यो – बिलीलाई ६० प्रतिशत, क्लिफलाई ४० प्रतिशत। अट्ल्यान्टामा बाँकी बचेको भेटी अति धेरै भयो – प्रायः मानिसहरूको वार्षिक आर्जनभन्दा बढी। सदा जसरी बिली र क्लिफले त्यसलाई बाँडफाँड गरे। बिलीले उनले पाएको रकमको तीन भागको एक भाग इसाईसम्बन्धी कामहरूको लागि बाँडिदिए, बाँकीलाई उनीहरूको अहिलेको घरको पछाडि रहेको पहाडमा उनी र रूथको लागि जमिन किन्न राखिछोडे।

भेटी र त्यो पैसालाई उनले कसरी खर्च गरे भन्ने कुराको बारेमा बिलीको विवेक स्पष्ट हुँदा पनि उनलाई थाहा थियो, कि अरू मानिसहरूले यसलाई फरक तरिकाले देख्न सक्छन्। सुसमाचार प्रचार गरेर धनी हुने उद्देश्य उनले बोकेका थिएनन्, र त्यो त्यसरी देखिन उनले चाहेनन्। उनी सल्लाहको लागि साथीहरूसित कुरा गरे, र उनीहरू मिलेर एउटा समाधान निकाले। बी.जी.इ.ए. मा उप्रान्त प्रचारकहरूलाई भेटी दिइनेछैन – बिलीलाई सहित। बरु सबै पैसा एउटा सामान्य कोषमा जानेछ, जसबाट बिली र क्लिफ र समूहका अन्य सदस्यहरूलाई तलब दिइनेछ। तलब एउटा ठुलो मण्डलीको एउटा पास्टरले पाउने बराबरको एउटा सुहाउँदो रकम हुनेछ। हरेकले यही नै एउटा ठिक समाधान हो भनी स्वीकारे, र बिलीले आराम पाएको अनुभव गरे। उनको प्रचारको उद्देश्यको बारेमा कुनै भ्रम अथवा गलत सोचाइ भएको उनले चाहेनन्।

सन् १९५० को अन्ततिर बिलीले आश्चर्यका साथ प्राप्त उपलब्धिहरूलाई हेरे। १५ लाखभन्दा बढी मानिसहरू उनको प्रचार सुन्न आएका थिए, र तीमध्ये करिब ५० हजार जना प्रार्थनाको लागि अगाडि आएका थिए। साथै बी.जी.इ.ए. को स्थापना भइसकेको थियो, एउटा चलचित्र निर्माण भइसकेको थियो, एउटा रेडियो कार्यक्रम सुरु भएको थियो, र सबैभन्दा महत्त्वपूर्ण कुरा बिलीको वरिपरि एउटा बलियो समूह तयार भएको थियो। यो एक वर्ष एउटा तुफानजस्तै बितिसकेको थियो। सन् १९५० को वृद्धिदरले नै यदि सबै कुराहरू बढिरह्यो भने के हुन्छ होला भनी बिलीले सोच्न थाले। यस बिचमा उनले ख्रीष्टमसलाई रूथ र बच्चाहरूको साथमा बिताउने आशा गरे, विशेष गरी ग्राहम परिवारको नयाँ सदस्य सानी रूथसँग अथवा उनलाई छिट्टै उपनाम दिएअनुसार बन्नीसँग। रूथ सन् १९५० डिसेम्बर १९ तारिखमा जन्मेकी थिइन्, र बिली अब गर्वका साथ तीन जना छोरीहरूका पिता थिए।



**ग्रेडी विल्सन र टि. डब्ल्यु. विल्सन, क्लिफ ब्यारोस, बिली, जर्ज बेवर्ली शे र लेटन फोर्ड। पियानोमा टेड स्मिथ।**

# अध्याय - ९

# संयुक्त राज्यले चाहेको मानिस

सन् १९५१ को सुरुवातमा बिली टेक्ससको पोर्टवोर्तमा एउटा ठुलो क्रूसेडको लागि थिए। यही समयमा नै चलचित्र 'मिस्टर टेक्सस' को विमोचन भयो। चलचित्रले राम्रो स्वागत पायो, तर बिलीले त्यसलाई हेर्दा उनले त्यसलाई अझै सुधार्ने सक्ने तरिकाहरूको बारेमा सोच्न थाले। उनी अर्को चलचित्र निर्माण गर्ने बारेमा सोच्न थाले।

सन् १९५१ को बाँकी समयहरूमा बिली र उनको समूह क्रूसेडहरू चलाउँदै हरेक महिना संयुक्त राज्यको विभिन्न सहरहरूमा पुगे। सन् १९५२ को तालिका भर्न लाग्दा अझै धेरै सहरहरूमा आउनको लागि निम्तोहरू ओइरिन थाले।

देशभरि यात्रा गर्दा कोरियाको युद्धमा के भइरहेको छ भन्ने खबर थाहा पाउनको लागि बिलीले अखबारहरू पढे। सन् १९१० देखि सन् १९४५ मा दोस्रो विश्वयुद्ध अन्त हुने बेलासम्म कोरिया जापानको शासनमुनि थियो। विश्वयुद्धको अन्त र जापानको हारको साथ कोरिया दुई भागमा विभाजित भयो। सोभियत युनियनको समर्थनको साथ उत्तरी भाग कम्युनिस्टहरूको नियन्त्रणमा डेमोक्र्याटिक पिपल्स रिपब्लिक अफ कोरिया भयो, जबकि दक्षिण भाग संयुक्त राज्य र संयुक्त राष्ट्रहरूको समर्थनको साथ रिपब्लिक अफ कोरिया भयो। दुई कोरियाहरूको बिचमा तनाव धेरै बढेको थियो, र सन् १९५० जुन २५ तारिख उत्तर कोरियाले दक्षिण कोरियालाई आक्रमण गर्‍यो। कोरियाको परिस्थितिको बारेमा छलफल गर्नको लागि आयोजना गरिएको संयुक्त राष्ट्र सुरक्षा परिषद्को एउटा आपत्कालीन बैठकलाई सोभियत युनियनले बहिष्कार गर्‍यो। त्यसपछि संयुक्त राज्य अमेरिकाले कोरियामा सैन्य हस्तक्षेपलाई अधिकृत गर्ने प्रस्ताव पारित गर्न सुरक्षा

www.tcgmission.com

परिषद्लाई दबाब दियो। प्रस्तावको विरोध गर्न सोभियतहरू अनुपस्थित रहेकाले प्रस्ताव सजिलै पारित भयो।

केही दिनभित्र लगभग ९० प्रतिशत अमेरिकी सैनिकहरूसहितको अन्तर्राष्ट्रिय सैन्य बल उत्तरका आक्रमणकारीहरूलाई पछि धकेल्न मदत गर्न कोरियाली प्रायद्वीपमा पुग्यो। अन्तर्राष्ट्रिय सैन्य बलले उत्तर कोरियाको सेनालाई उत्तर कोरिया र चीनको सिमाना छुटाउने यालु नदीसम्म धकेले। चीनको कम्युनिस्ट सेना उत्तर कोरियाको पक्षमा युद्धमा सहभागी भयो। सन् १९५१ को अन्ततिर युद्ध अठतीसौँ समानान्तरमा स्थिर भयो। लडाइँमा धेरै जना मानिसहरू मारिएको र घाइते भएकोमा बिली दुःखित भए, र अन्तको कुनै सङ्केत थिएन।

सन् १९५२ को सुरुवातमा वासिङ्टनको एउटा क्रूसेडपछि रूथ, क्लिफ र बिली ब्यारोस र टी. डब्ल्यू. विल्सनको साथ बिली बेलायत र जर्मनीमा क्रूसेड चलाउनको लागि व्यवस्थापन गर्न त्यहाँ गए।

अगस्टमा संयुक्त राज्यमा फर्केपछि कोलाराडोको डेनवरमा रहेको ब्राउन प्यालस होटेलमा एउटा बैठकको लागि कोठामा बसिरहेको अवस्थामा बिलीले आफैँलाई पाए। उनको सामु बसेको खैरो निलो आँखा भएको मानिसलाई हेरेर बिलीले भने, “हजुर, के तपाईं अझै पनि तपाईंको आमाबुवाको धार्मिक शिक्षालाई सम्मान गर्नुहुन्छ?”

त्यो मानिसले तल हेर्दै जवाफ दिए, “हो, तर म त्योबाट धेरै टाढा गइसकेको छु।”

बिलीले टाउको हल्लाए। केही सुसमाचार प्रचारकहरू संयुक्त राज्य अमेरिकाका सम्भावित राष्ट्रपति हुने मानिससँग कुरा गर्दा अधिक सतर्क हुने थिए, तर बिली ऊर्जाले भरिएको अनुभव गरेका थिए। उनलाई एउटा व्यक्तिको रूपमा जनरल ड्वाइट डी. आइजेनहावर मन पर्थ्यो, र तिनी किन मण्डली जान छोडेका छन् भन्ने पछाडिका कारणहरूलाई पुनः परीक्षण गर्ने

अवसर दिन उत्सुक थिए। बिलीलाई थाहा थियो, कि जनरल कट्टर रूपमा मण्डली जाने परिवारमा हुर्केका थिए, तर अहिले ड्वाइट र उनकी श्रीमती मामी (Mamie) कहिल्यै मण्डली गएका छैनन्।

"प्रारम्भिक समयमा मण्डलीमा केही प्रचारकहरूले आफ्नो विश्वासभन्दा पैसा र स्थानको बारेमा बढी चासो राखेको देख्दा म निराश भएँ। तर म त्यसको बारेमा सोचिरहेको छु, र चुनाव सकिनासाथ म एउटा मण्डलीमा सामेल हुनेछु," ड्वाइटले गोप्य रूपमा बताए।

बिलीले भने, "उत्तम! किन पर्खिनु? अहिले नै किन नगर्नु?"

जनरलले भने, "म चुनाव जित्नको लागि त्यो गर्दिनँ। म मण्डलीलाई राजनीतिक लाभको लागि प्रयोग गर्न चाहँदिनँ।"

"तपाईंको मनमा कुन सम्प्रदायको बारेमा सोचिरहनुभएको छ?" बिलीले सोधे।

"मामी एउटी प्रेस्बिटेरियन हुन्, यसैले म पनि एक प्रेस्बिटेरियन बन्छु भनी सोचेँ। तपाईंले वासिङ्टनमा कुनै मण्डलीको सुझाव दिन सक्नुहुन्छ?"

बिलीले केही मण्डलीहरू सिफारिस गरे, जसमा नेसनल प्रेस्बिटेरियन पनि थियो, जहाँ पूर्व सैन्य पादरी पास्टर थिए।

ड्वाइटले भने, "म गर्नेछु, र मेरो भाषणमा तपाईंले मसित काम गरेको चाहन्छु। म मेरो चुनावी भाषणमा अधिक धार्मिक कुराहरू चाहन्छु।"

बिलीले भने, "म खुसीसाथ मदत गर्न तयार हुनेछु, तर म यो सधैँ सबै ठाउँमा बताएको चाहन्नँ। म कुनै पनि दलमा आबद्ध भएको भनी प्रतिष्ठा प्राप्त गर्न चाहन्नँ।"

जनरल ड्वाइटले भने, "ठिक छ, तपाईंले मलाई दिन सक्ने जुनसुकै

मदतलाई पनि म कदर गर्नेछु।"

मदत पुऱ्याउनुमा आफूले सकेको गर्नुमा बिली खुसी थिए। उनलाई विशेष गरी जनरल ड्वाइट र उनको साथी रिचर्ड निक्सनले जाती, धर्म र राष्ट्रको आधारमा हुने भेदभावको विरोधमा खडा भएका थिए भन्ने कुरा मन पऱ्यो। कोरियाको युद्धपछि, जसलाई जनरल ड्वाइट राष्ट्रपति निर्वाचित भएमा अन्त्य गर्न वाचा गरेका थिए, संयुक्त राज्य अमेरिकामा सबैभन्दा ठुलो सङ्घर्ष जातीय समानताको लागि थियो। झन्डै सबै प्रकारले काला मानिसहरूसँग दोस्रो श्रेणीका नागरिकको रूपमा व्यवहार गरिन्थ्यो। सरकारी काममा भएकाहरूलाई उनीहरूको गोरा सहकर्मीहरूभन्दा कम तलब दिइन्थ्यो, र काला मानिसहरूलाई गोराहरूसँग एउटै होटेलमा खाना खान अथवा सार्वजनिक ठाउँहरूमा गोराहरूको बिचमा मिसिन दिइँदैन थियो। उनीहरूले सामना गरेको व्यापक जातिवादले गर्दा काला मानिसहरू परिवर्तनको आह्वान गर्दै एकजुट हुन थाले, तर त्यो भयानक मूल्यमा आयो। अघिल्लो वर्ष गोरा मानिसहरूको समूहले दक्षिण भागमा घरभित्र रहेका धेरै मानिसहरू मर्ने गरी ४० वटा काला मानिसहरूका घरहरूमा बम फ्याँकिदिए। जनरल ड्वाइटले काला मानिसहरूले सामना गर्ने भेदभावलाई स्वीकार गरेको र त्यसको बारेमा केही गर्ने वाचा गरेकोमा बिली धन्यवादी भए।

बिलीको पक्षबाट, यस्तो जातीय घृणालाई बुझ्नु कठिन भयो। जबकि उनी दक्षिण भूभागमा हुर्केका थिए, उनलाई सबै मानिसहरूलाई सम्मान गर्न सिकाएको थियो। उनको बुवाले आफ्नो दूधको फार्ममा काम गर्न काला जातिका मानिसहरू र मेक्सिकनहरूलाई राखेर एउटा नमुना छोड्नुभएको थियो। उनीहरूको श्रमको लागि उहाँले राम्रो ज्याला दिनुभएको थियो। वास्तवमा उहाँको फार्मको प्रमुख रीस ब्रोउन त्यो जिल्लामा बढी तलब पाउने प्रमुख थिए, अन्य काला प्रमुखहरूभन्दा चार गुणा बढी कमाउँथे। वरिपरिका धेरै किसानहरूले रीसलाई दिने पैसाको बारेमा बिलीको बुवालाई गुनासो गरे। बिलीको बुवाले उनीहरूलाई सिधा भन्नुभयो, कि एउटा राम्रो कामदारले आफ्नो श्रमबापत राम्रो पारिश्रमिक पाउन योग्य छ। त्यति बाहेक गोरो किसानहरूजस्तै नै रीसलाई पनि पोषण गर्नुपर्ने एउटा परिवार थियो।

मानिसहरूसँग कसरी व्यवहार गर्नुपर्छ भन्ने बिलीको बुवाको नमुनाले बिलीमा गहिरो प्रभाव पारेको थियो। यथार्थमा रीसकी श्रीमती उनको लागि एउटा दोस्रो आमाजस्तै थिइन्, र रीसको परिवारसँग समय बिताउन पाउँदा बिली रमाउँथे।

डेनवर्कबाट बिली आफ्नो ड्वाइट डी. आइजेनहावरसँगको भेटको बारेमा रूथलाई बताउने उत्सुकतासाथ मान्ट्रिटमा रहेको आफ्नो घरमा फर्के। साथै उनी ग्राहम परिवारको नयाँ सदस्य विलियम फ्र्याङ्कलिन ग्राहम ३ सँग समय बिताउन उत्सुक थिए, जो उनीहरूको पहिलो छोरोको रूपमा सन् १९५२ जुलाई १४ तारिख जन्मेका थिए। उनी नर्थ क्यारोलाइनामा भएको आफ्नो घरमा आइपुग्दा त्यो सालको सुरुवातमा नर्थवेस्टर्न स्कूलको अध्यक्ष पदबाट राजीनामा दिएकोमा बिली धन्यवादी थिए। कलेजलाई हेरचाह गर्न सधैँ मिनियापोलिस यात्रा गर्नुपर्ने थप भारविना नै उनलाई व्यस्त राख्न चाहेको भन्दा बढी प्रचारका कामहरू थिए।

घरको छोटो भेटघाटपछि फेरि बिलीले यात्रा सुरु गरे। उनले थप सहरव्यापी क्रूसेडहरू सञ्चालन गरे, र साप्ताहिक रेडियो कार्यक्रम “आवर अफ डेसिसन” पनि प्रसारण गर्दै थिए। “रात्रिका गीतहरू” कार्यक्रम पनि ठुलो रूपमा स्थापित भएको थियो, तर अहिले त्यो कार्यक्रम उनको सेवाको एउटा नियमित भाग बनियो। देशभरि टेलिभिजनहरू वृद्धि भएर गइरहेको हुँदा बिली धेरै वटा टेलिभिजन कार्यक्रममा देखा पर्न थालेका थिए। उनी एउटा किताब लेख्ने परियोजनामा पनि सामेल भएका थिए, जसमा रूथले मदत गरिरहेको थियो। किताबको उद्देश्यचाहिँ थोरै अथवा धार्मिक पृष्ठभूमि भएको अथवा धार्मिक पृष्ठभूमि नै नभएका पाठकहरूलाई सरल तर विस्तृत रूपमा सुसमाचार प्रस्तुत गर्नु थियो।

सन् १८५२ नोभेम्बर ४ तारिख बिलीले न्यु मेक्सिकोमा रहेको अलबुककेमा क्रूसेड सञ्चालन गरे, जबकि अमेरिकीहरू नयाँ राष्ट्रपति चुन्नको लागि मतदान केन्द्रमा गए। मतहरू गनिसक्दा ड्वाइट आइजेनहावर ठुलो मत परिणामसहित निर्वाचित भएका थिए, तीन करोड चालिस लाख

मतहरू पाएका थिए, र ३९ वटा प्रान्तहरू जितेका थिए। उनका प्रतिपक्षी एडले स्टिभेन्सन दुई करोड सत्तरी लाख मत पाएका थिए, र ९ वटा प्रान्तहरू जितेका थिए। बिली परिणामबाट खुसी थिए। उनले महसुस गरे, कि ड्वाइट आइजेनहावर नै संयुक्त राज्यले राष्ट्रपतिको रूपमा चाहेको मानिस हो।

बिली अब ख्रीष्टमसको दुई हप्ताको छुट्टीलाई उत्सुकतासाथ पर्खिरहेका थिए। यो उनले मिसनरीहरू, सैन्य पादरीहरू र सेनाका मानिसहरूबाट कोरिया भ्रमण गर्न आह्वान गर्दै आएका पत्रहरूको लस्कर प्राप्त गर्ने बेलासम्म थियो। जब उनले वल्ड मिसनका संस्थापक बाब पियर्सबाट कोरिया भ्रमणमा साथ जान प्रस्ताव गर्दै चिठी प्राप्त गरे, उनी दुबिधामा परे। उनले रूथ र चार जना बच्चाहरूको साथ गाउँमा शान्त रूपमा ख्रीष्टमस मनाउने योजना बनाएका थिए। आफ्नो देशको खातिर कोरियामा ख्रीष्टमसको समयमा सेवा गरिरहेका पुरुष र स्त्रीहरू सबैलाई उनले सम्झिँदा उनको हृदय उनीहरूतिर खिचियो। बिलीले रूथलाई सोधे कि आफूले के गर्नुपर्छ भनेर उनी सोच्दै थिइन्।

उनले भनिन्, “जानू, हाम्रो सेनासँग ख्रीष्टमस मनाउनू। हामी यहाँ हेरिहाल्ने छौँ।”

यस्ती सहयोगी पत्नी पाएकोमा बिली अत्यन्त आभारी महसुस गरे।

सन् १९५२ डिसेम्बर ७ तारिख बिली, बाब पियर्स र ग्र्याडी विल्सन उनीहरूको कोरिया भ्रमणको पहिलो विश्राम स्थलको रूपमा रहेको हवाईतिर उडे। वेक टापुमा इन्धन भरिसकेपछि फेरि पनि टोकियोतिरको लामो यात्रा सुरु गरे। विमान टोकियोमा धेरै घण्टाहरू ढिलो आइपुगे तापनि जापानी र विदेशी इसाईहरूको एउटा ठुलो समूह त्यहाँ भेट्न भेला भएको थियो। तिनीहरूले ब्यानरहरू बोकेका थिए, जसमा यस्तो लेखिएको थियो, “जापानमा बिली ग्राहमलाई स्वागत छ।”

संयुक्त राज्य र संयुक्त राष्ट्रको सुदूर पूर्व सेना बलको जनरल मार्क क्लार्कले पनि तिनीहरूलाई स्वागत गरे। जनरल क्लार्कले बिलीलाई मेजर जनरलको क्षेत्रीय पदक प्रदान गरे। यसको मतलब जापान र कोरियाको सबै सैन्य स्थलहरूमा बिलीलाई पहुँच थियो। यसको साथै जनरल क्लार्कले तिनीहरू सबैको आवश्यकताहरूको हेरचार गर्ने व्यवस्थापन गरे, जसमा खाना, यातायात र कोरियामा आवश्यक पर्ने बुटहरू र कोटहरू पनि समावेश थिए।

कोरियातर्फ जानु अगि बिली र अरूहरू टोकियोको जनरल अस्पतालमा घाइते अमेरिकी सैनिकहरूलाई भेट्न गए। युद्धको परिणामस्वरूप गम्भीर घाइते भएका ती मानिसहरूलाई देख्नु बिलीको लागि धेरै गाह्रो थियो। कोही पक्षाघात भएका थिए, अरू केहीका हात खुट्टाहरू विस्फोटमा परेर चुँडिसकेको थियो, र अरू कोही अन्धा भएका थिए। जापानमा हुँदा त्यहाँ सेवा गर्ने ७५० जना मिसनरीहरूको बिचमा एउटा भोजको समयमा बोलेका थिए, साथै उहाँले सैन्य पादरीहरूलाई पनि भेटे। डिसेम्बर १४ तारिख "आवर अफ डेसिसन" रेडियो कार्यक्रमलाई टोकियोबाटै प्रसारण गरिसकेपछि बिली, ग्र्याडी र बाब कोरियातर्फ उडे, त्यहाँ उनीहरू दक्षिण भूभागमा रहेको पुसनमा अवतरण गरे।

कोरियाको परिस्थिति जापानको भन्दा धेरै फरक थियो, जहाँ पनि बिलीले युद्धले भएको भग्नावशेषलाई देखे, र हतियार र चारैतिर भएका सिपाहीहरूको बारेमा उल्लेख गर्नै परेन। रूथले भने जसरी नै उनीहरूको देशलाई घेरेको अराजकताको बाबजुद उनले कोरियालीहरूलाई न्यानो स्वागत गर्ने र मैत्रीपूर्ण भेट्टाए। बालबालिकाहरूमा ठुलो मुस्कान थियो, र उनीहरूले पाएको कुनै पनि चिजको लागि आभारी थिए। तथापि बिलीले चाँडै थाहा पाए, कि न्यानो र मैत्रीपूर्ण मुस्कानहरूको पछाडि निराश र डर लुकेको थियो। युद्धको परिणामले उनीहरूको जीवनलाई कस्तो प्रकारले असर पार्छ भनी कोरियालीहरू निश्चित थिएनन्।

बिली दक्षिण कोरियामा स्थानीय मानिसहरू र सैनिकहरूलाई भेट्दै प्रचार

गर्दै सैन्य सुरक्षासहित यात्रा गरे। उनले कोरियाली मण्डलीहरू र संयुक्त राष्ट्रका सैन्य अड्डाहरू भ्रमण गरे, जहाँ तिनी सैनिकहरूलाई तिनीहरूको सेवाको लागि धन्यवाद दिँदै र प्रश्नहरूको उत्तर दिँदै भोजनको समयमा उनीहरूको बिचमा घुलमिल भए। उनी आराधना सेवाहरूमा प्रचार गरे, र घाइतेहरूसँग उनीहरूको स्वास्थ्यलाभमा उत्साह दिँदै भेटघाट गरे।

ख्रीष्टमसको पूर्व सन्ध्यामा बिली युद्ध हुने ठाउँबाट एक माइल टाढा रहेको एउटा अस्थायी सैन्य अस्पताल भ्रमण गरे। उनले एउटा ओछ्यानदेखि अर्को ओछ्यान गर्दै घाइते सिपाहीहरूलाई भेटे, उनीहरूलाई प्रोत्साहन दिए, र ख्रीष्टमसको शुभकामना पनि बाँडे। एक जना अमेरिकी जवान सिपाहीको शरीर उनका चोटहरूले गर्दा यति नराम्रोसँग क्षति भएको थियो, कि उनी फलाम र लुगाले ओछ्यानजस्तो बनाएको एउटा अस्थायी खाटमा घोप्टो पारेर सुत्न बाध्य पारिएका थिए। सिपाहीले गर्न सक्ने सबैचाहिँ एकटक लगाएर भुइँलाई हेरिरहने मात्रै थियो।

"ऊ हिँड्न सक्छ भन्नेमा मलाई शङ्का छ," एउटा डाक्टरले त्यो घाइते जवानलाई औँल्याउँदै बिलीलाई खुसखुसाए।

बिली नजिक गएर त्यो जवान मानिससँग कुरा गरे। उनी छुट्टिन लाग्दा त्यो मानिसले भने, "श्रीमान् ग्राहम, म तपाईंको अनुहार देख्न सक्छु? हामी सबै तपाईंको लागि प्रार्थना गरिरहेका थियौँ, र तपाईंको भ्रमणको बारेमा उत्सुक थियौँ। तर आज रात्रिको सेवामा म जान सक्दिनँ।"

भुइँमा सुतेर बिली ओछ्यानमुनि गए, ताकि उनले सिपाहीको आँखामा हेर्न सकून्। उनले जवान सैनिकको लागि प्रार्थना गर्दा त्यो जवान मानिसको आँखा आँसुले भरेको उनले देख्न सके।

धेरै घाइते जवानहरू देखेपछि बिलीले राष्ट्रपति आइजेनहावरले आफ्नो वचनमा साँचो रहने र युद्धलाई चाँडै अन्त्य गर्ने आशा गरे।

कोरियाको भ्रमण ख्रीष्टमसको दिनमा समाप्त भयो। त्यहाँबाट छुट्टिनुभन्दा

अगि बिलीले नयाँ चुनिएको राष्ट्रपतिको छोरा मेजर जोन आइजेनहावरलाई भेट्ने मौका पाए। भेटघाटमा दुवै जना सँगै तस्बिर खिचे, र संयुक्त राज्यमा फर्किसकेपछि जनरल आइजेनहावरलाई देखाउन बिलीले तस्बिरलाई आफ्नो झोलामा राखे।

कोरियाबाट फर्केको तीन हप्तापछि बिली न्यु योर्क सहरको खामोडोर होटेलमा जनरल ड्वाइट आइजेनहावरसँग थिए, जो अबको पाँचौँ दिन सन् १९५३ जनवरी २० तारिख संयुक्त राज्यको ३४ औँ राष्ट्रपतिको रूपमा शपथ ग्रहण गर्न गइरहेका थिए। जनरल झ्यालको छेउमा ग्रान्ड सेन्ट्रल स्टेसनलाई हेर्दै उभिरहेका थिए। उनले भने, "मलाई लाग्छ, मलाई चुनिएकोमध्ये एउटा कारणचाहिँ यो देशलाई आत्मिक रूपमा नेतृत्व गर्न सघाउनको लागि हो। हामीलाई एउटा आत्मिक जागृतिको आवश्यकता छ।"

बिलीले भने, "हो, महोदय, म त्यसलाई विश्वास गर्छु।"

आइजेनहावर अगाडि बढ्नुभयो, "म एउटा बलियो सुरुवात गर्न चाहन्छु। म स्थापना हुन लागेको प्रशासनको लागि एउटा आराधना सेवा सञ्चालन गर्न गइरहेको छु, र मेरो नियुक्तिको भाषणमा प्रयोग गर्नको लागि एक वा दुई उपयुक्त बाइबलका पदहरू खोज्न तपाईंले मदत गरेको चाहन्छु।"

बिलीले २ इतिहास ७:१४ र भजनसंग्रह ३३:१२  पदहरू प्रस्ताव गरे, जुन कुरामा ड्वाइट आइजेनहावर खुसी भएको देखिए। पछि त्यो हप्तामा वासिङटनको क्यापिटल भवनसामु भएको शपथ ग्रहण कार्यक्रममा जब बिली सहभागी भए, उनी आइजेनहावर अझ अगि गएको देखेर चकित र आनन्दित भए। राष्ट्रपति शपथ ग्रहण कार्यक्रममा प्रार्थनाहरू सामान्य थियो। सामान्य नभएको के थियो भने नयाँ निर्वाचित राष्ट्रपति आफै प्रार्थना गर्नु थियो। यद्यपि राष्ट्रपति आइजेनहावरले आफ्नो भाषण सुरु गर्दा बिलीले ध्यानसित सुने।

*"मेरा मित्रहरू, यो क्षणको लागि उपयुक्त ठानिएका विचारहरूको अभिव्यक्तिको सुरुवात गर्नु अगि के तपाईँहरूले मलाई मेरो आफ्नै सानो प्रार्थना गर्ने विशेष अधिकार*

*दिनुहुन्छ । र म अनुरोध गर्छु, कि तपाईँहरूले शिर निहुराउनुभएको होस् । 'सर्वशक्तिमान् परमेश्वर, हामी यहाँ यो क्षणमा उभिरहेको हुँदा सरकारको कार्यकारी शाखामा मेरा भावी सहयोगीहरूले यो बिन्तीमा मसित जोडिन्छन्, कि यो भिडका मानिसहरू र सबै ठाउँका यिनीहरूको सह-नागरिकहरूप्रतिको हाम्रो सेवाको समर्पणतालाई तपाईँले पूर्ण र सिद्ध तुल्याउनुभएको होस् । खराबबाट असललाई प्रस्ट रूपमा छुट्ट्याउने सामर्थ्य हामीलाई दिनुहोस्, र हाम्रो सम्पूर्ण शब्दहरू र कार्यहरू त्योद्वारा र यो भूमिको कानुनद्वारा शासित भएको होस् भनी हामी प्रार्थना गर्छौं । विशेष गरी हामी प्रार्थना गर्छौं, कि स्थान, जाति वा पेसालाई बेवास्ता गर्दै हाम्रो चासो सबै मानिसहरूप्रति भएको होस् । हाम्रो संविधानका अवधारणाहरू अन्तर्गत विभिन्न राजनीतिक आस्थाहरूमा विश्वास गर्ने बिचको सहकारिता अनुमति दिइयोस्, र त्यही नै परस्पर उद्देश्य होस्, ताकि सबै जना हाम्रो प्रिय देशको र तपाईँको महिमाको लागि काम गर्न सकून् । आमेन् ।'"*

एक क्षणको लागि बादल लागेको आकाशबाट सूर्य झल्क्यो, जब बिलीले आइजेनहावरको भाषणलाई ध्यानसित सुनिरहेका थिए।

*"हाम्रो आफ्नै देशको लागि यो बारम्बारको परीक्षाको समय भएको छ । हामी शक्ति र जिम्मेवारीमा बढेका छौँ । हामी उदासीनताको व्याकुलता र युद्धलाई पार गरेर मानव इतिहासमा अनुपम शिखरमा पुगेका छौँ । विश्वमा शान्ति सुनिश्चित गर्न खोज्दा हामी अर्गोनका जङ्गल हुँदै इवो जिमाको किनारसम्म र कोरियाको चिसो पर्वतहरूसम्म लड्न परेको थियो ।*

*"शीघ्रता साथ घटेका ठुला घटनाहरूको बिचमा हामी बाँचिरहेको यी समयहरूको पूर्ण महत्त्व र अर्थ पत्ता लगाउनको लागि छामछुम गरिरहेको अवस्थामा आफूलाई भेट्टाएका छौँ । हाम्रो बुझाइको खोजीमा हामी परमेश्वरको मार्गनिर्देशनको लागि बिन्ती गर्छौं । हामी विगतका हाम्रो सम्पूर्ण ज्ञानलाई समेट्छौँ, र भविष्यका सबै सङ्केतहरूलाई ध्यान दिन्छौँ । हामी हाम्रो सम्पूर्ण ज्ञान र सबै इच्छाशक्तिलाई यो प्रश्नको उत्तर दिन ल्याउँछौँ: मानव जातिको अन्धकारदेखि ज्योतितिरको लामो यात्रामा हामी कति टाढा आइपुगेका छौँ ? के हामी ज्योतिको नजिकिँदै छौँ – सबै मानव जातिको लागि स्वतन्त्र र शान्तिको एक दिन ? अथवा अर्को रातका छायाँहरू हामीमाथि पर्न लागेको छ ?"*

ती शब्दहरू सुन्दा बिलीले बिस्तारै टाउको हल्लाए। उनले महसुस गरे, कि राष्ट्रपतिमा देशको सामु भएका यथार्थहरूको एउटा राम्रो बुझाई छ। उनले महसुस गरे, कि संयुक्त राज्य ज्योतिको नजिकिँदै छ, तर "सबै मानव जातिको लागि स्वतन्त्र र शान्तिको दिन" को आनन्दलाई अनुभव गर्न पाउने त्यो ज्योतिमा पूर्ण रूपमा प्रवेश गर्नुभन्दा अगि देशले समाधान गर्नुपर्ने केही मुद्दाहरू थिए। मुद्दाहरूमध्ये आगामी केही वर्षहरूमा एउटा कठिन लडन्तको रूपमा रहन सक्छ भनी उनले महसुस गरेको एउटा कुराचाहिँ काला मानिसहरू संयुक्त राज्यको नागरिकको रूपमा पूर्ण अधिकार प्राप्त गर्नु थियो।

शपथ ग्रहण कार्यक्रमको १२ दिनपछि बिली जान्न आनन्दित भए, कि आफ्नो वाचाअनुसार नै ड्वाइट आइजेनहावर सन् १९५३ फेब्रुअरी १ तारिख वासिङटन डि.सी.को नेसनल प्रेस्बिटेरियन चर्चमा बप्तिस्मा लिए, जहाँ उनी एउटा सक्रिय सदस्य बने। उनी पदमा रहँदा नै बप्तिस्मा लिने पहिलो राष्ट्रपति बने।

## अध्याय - १०

# साझा आधार

मानिसहरू रङ्गशालामा ओइरिँदै गरेको बिली ग्राहमले बाहिर देखे। त्यो सन् १९५३ मार्च १५ तारिख टेनेसीको च्याटेनुगा क्रूसेडको पहिलो रात थियो। केही क्षण अगि बिली कोठामा एक्लै बसिरहेका थिए। आफ्नो नङलाई टोक्न इन्कार गर्दै बाइबल पल्टाउन थाले, यो आशाले कि कुनै पदले उनलाई आवश्यक भइरहेको भनी उनलाई थाहा भएको त्यो बल दिन्छ। आइजेनहावरको शपथ कार्यक्रममा सहभागी भएर दुई महिना भइसकेको थियो, र बिली बिचका महिनाहरूमा व्यस्त भएका थिए।

सधैँ बिलीको मनमा गत वर्ष मिसिसिपीको ज्याक्सनमा सामना गरेको विशाल असफलता रहिरहन्थ्यो। बिलीले उनका क्रूसेडहरूलाई एकीकृत गर्ने वाचा दिएका थिए। काला र गोरा मानिसहरू उनको प्रचार सुन्दै आपसमा बसेको उनले चाहन्थे। तर जब उनले क्रूसेडलाई एकीकृत बनाउनु पर्छ भनी जिद्दी गर्न प्रयास गरे, कुराहरू राम्रोसँग चलेनन्। क्रूसेडलाई आयोजना गर्न सहयोग गरेका स्थानीय मण्डलीका धेरै जना अगुवाहरूले उनलाई हप्काए। उनीहरूले भने, “तपाईं स्थानीय राजनीतिमा मुछिनु हुँदै छ। तपाईं गइसकेपछि मिलाउनुपर्ने एउटा ठुलो लफडा हामीलाई चाहिँदैन। हामी भिन्नै मण्डलीहरूमा जानु र आफ्नै तरिकाले आराधना गर्नुमा पूर्ण रूपमा सन्तुष्ट छौँ। तपाईं किन त्यसलाई बदल्न चाहनुहुन्छ?”

आफ्नो हृदयमा बिलीले महसुस गरे, कि छुट्ट्याउनु गलत हो, तर उनले समाजको बिचमा लफडा भएको चाहेनन् र यसैले “म बाइबललाई प्रचार गर्न मात्र आएको हुँ, र स्थानीय राजनीतिमा मुछिन होइन,” भन्दै पछि हटे। बिली सधैँ नै त्यो निर्णयको बारेमा पछुताएका थिए, र अहिले एक वर्षपछि च्याटेनुगामा आफ्नो स्थानको बारेमा पुनः सोचिरहेका थिए। राष्ट्रपति

आइजेनहावरले सङ्केत गरेका थिए, कि संयुक्त राज्यमा जातीय कुरामा पूर्ण एकीकरणको लागि आन्दोलन सुरु गर्नुपर्ने समय त्यही हो, र बिली आफ्नो पक्षको काम गर्नुमा उत्सुक थिए। उनले आफ्नो कापीमा लेखेका थिए, “आइतबारको दिन बिहान एघार बजे अमेरिकाको अति ठुलो छुवाछुतको समय हो, र अब त्यसलाई चुनौती दिने समय यही हो। छुवाछुतको कुनै धर्मशास्त्रीय आधार छैन, र अब मेरा क्रूसेडहरूमा मैले त्यसलाई सहने छैनँ। क्रूसेडमा आउने हरेक समान मानिसहरूको रूपमा आउँछन्। क्रूसको फेदको भूमि समतल छ। क्रूसको सामु गोरा र काला मानिसहरू बराबर उभिनुपरेको हुन्छ।”

अहिले उभिएर आइरहेको भिडलाई हेरिरहेको हुँदा आफ्नो कापीलाई गोजीमा हालेर भिडको बिचमा हिँड्दा सामर्थ्यको लागि बिलीले प्रार्थना गरे। धेरै मानिसहरूले उनको विज्ञापन पोस्टरद्वारा उनलाई चिने, र ६ फुट दुई इन्च अग्लो भएकाले उनी प्रायः मानिसहरूभन्दा अग्ला थिए। उनी चाहेरै पछिल्लो भागतिर हिँडे, जहाँ केही गोरा मानिसहरूले डोरी तन्काइरहेका थिए, जसमा झुन्डिरहेका बोर्डहरूमा यस्तो लेखिएको थियो, “यहाँदेखि उता कालाहरू र अन्य वर्णकाहरूलाई अनुमति छैन। गोराहरू मात्रै।” बिलीले डोरीको एक छेउलाई समाते र जोरले ताने।

भर्खरै डोरी बाँधेको एक जना गोरो मानिसले सोधे, “ए, के गर्दै हुनुहुन्छ?”

“म को हुँ भनी तपाईंले चिन्नुहुन्छ?” बिलीले सोधे।

त्यो मानिसले टाउको हल्लाए, र भने, “हो, तर बिली ग्राहम भएकाले यो डोरीलाई हटाउने अधिकार तपाईंलाई हुँदैन। आयोजक समितिले मलाई यो लगाउन भन्नुभएको छ। आधिकारिक व्यक्ति उहाँहरू नै हो, तपाईं होइन।”

बिलीले भने, “हुन सक्छ, तर म तपाईंलाई भन्दै छु, यी बारहरूलाई हटाउनू र त्यसलाई भुइँमा छोडिदिनू, अथवा तपाईंहरू अगाडि बढ्न

सक्नुहुन्छ र मविना नै आफ्नो जागृति सभा चलाउन सक्नुहुन्छ।"

त्यो रात र बाँकी क्रूसेडभरि नै डोरीहरू हटाइएकै थिए। काला गोरा मानिसहरू सँगै उभिए, सँगै गाए, सँगै सुने र सँगै प्रार्थना गरे। र जब बिलीले हरेक सभाको अन्तमा वेदीकहाँ आउन आह्वान गर्दा उनीहरू सँगै हिँडेर अगाडि आए, अक्सर हातहरू जोडेर। क्रूसेड सभामा सहभागी भएकाहरूलाई उत्साह दिएर बिलीले भने, "परमेश्वरको राज्यमा वर्ण छैन, जाती छैन। परमेश्वरले तपाईंको हृदयलाई हेर्नुहुन्छ, तपाईंको छालाको वर्णलाई होइन।"

एक महिनापछि च्याटेनुगा क्रूसेड अन्त हुने बेलामा बिली विश्वस्त भए, कि उनले सही गरेका थिए। दक्षिण भेगमा विद्यालयदेखि साजा खेलकुद मैदानहरूसम्म भोजन पाउने ठाउँसम्म पनि धेरै कुराहरू छुट्ट्याएको अवस्थामा रहे तापनि बिलीले थाहा पाए, कि इसाई सभाहरूको लागि उनले एउटा भिन्नै शैली स्थापना गरेका छन्। गर्न अझै धेरै कुराहरू बाँकी थियो, तर यो एउटा सुरुवात थियो।

च्याटेनुगा क्रूसेडपछि बिली संयुक्त राज्यभरि अन्य क्रूसेडहरू र सुसमाचारीय ऱ्यालीहरू गर्नुमा व्यस्त थिए। उनी मिसौरीको सेइन्ट लुईस, टेक्ससको डल्लास, न्यु योर्कको सिरक्युस, मिसिगनको डेट्ट्राइट र नर्थ क्यारोलाइनाको एस्वल भ्रमण गरे। साथै अवर अफ डेसिसन कार्यक्रमलाई टेलिभिजनमार्फत पनि प्रसारण गरे, जुन ए.बी.सी. टेलिभिजनमा प्रसारण भयो। र रूथको सहायताद्वारा उनले लेखिरहेको किताब सन् १९५३ अगस्ट महिना प्रकाशन भयो। बिलीले आशा गरे, कि "परमेश्वरसँग मिलाप" भन्ने शीर्षक भएको किताबले साँच्ची नै धेरैलाई परमेश्वरसँग मिलापमा आउन सहायता गर्छ।

वर्षको अन्त नजिकिँदा बिली आफ्नो परिवारसँग ख्रीष्टमस मनाउन उत्सुक थिए, विशेष गरी उनी गएको ख्रीष्टमसमा परिवारबाट टाढा कोरिया गएको कारण। बिलीले साथै नयाँ वर्षका चुनौतीहरूलाई पनि हेरे। उनको

सन् १९५४ को बेलायत र युरोप भ्रमणको लागि विशेष गरी लन्डनमा हुन लागेको सागरव्यापी क्रूसेडको लागि धेरै तयारीहरू भइरहेको थियो।

सन् १९५४ फेब्रुअरी १९ तारिख बिली र रूथ ग्राहम अन्य ६ जना बी.जी.इ.ए. टोलीका सदस्यहरूको साथ बेलायतको साउथएम्पटन जाने जहाजमा चढे। आफ्नो सामु रहेको कामको लागि आफू धेरै कम उमेरको र अनुभवहीन भएको बिलीले महसुस गरे। संयुक्त राज्यमा आफ्नो देशका मानिसहरूलाई प्रचार गर्नु एउटा कुरा थियो, र आन्ध्र महासागर पार गरेर संयुक्त राज्यभन्दा छुट्टै संस्कृति भएको विश्वको सबैभन्दा ठुलो सहरमा तीन महिनासम्मको लागि सहरभरि क्रूसेड चलाउनु अर्कै कुरा थियो। हो, उनी पहिले नै बेलायतमा प्रचार गरेका थिए, तर प्रायः मण्डलीहरू र साना सुसमाचारीय सभाहरूमा थियो। ती अहिलेको क्रूसेडको लागि तयार गरेको योजनाको तुलनामा केही पनि थिएन। बिलीलाई यो पनि प्रस्ट थाहा थियो, कि केही समाचारपत्रहरू र बेलायतको केही मण्डलीका अगुवाहरूले उनको असफलताको भविष्यवाणी गरेका छन्। एक जना एङ्गिलकन बिशपले घोषणा गरे, "बिली ग्राहम आफ्नो पुच्छर लुकाएर संयुक्त राज्य फर्किनेछन्।"

न्यु योर्कबाट यात्रा गर्नुभन्दा अगि बिलीले टाइम पत्रिकाको आफ्नो साथी हेनरी लुसलाई फोन गरेका थिए। हेनरीसँग उनको लागि एउटा सुझाव थियो, "यदि तपाईंले डेइली मिरर अथवा लन्डनको कुनै एक ठुलो समाचारपत्रमा एक इन्च ठाउँ पाउन सके पनि त्यसले सहायता गर्छ।" बिलीले उनलाई सुझावको लागि धन्यवाद दिए, र बेलायतमा उनीहरूले पत्रपत्रिकाहरूको ध्यान पाउन सकोस् भनी परमेश्वरसँग प्रार्थना गरे।

यहाँसम्म कि बेलायती समाचारपत्रहरूको ध्यान पाउन सुरु गर्न जहाज साउथएम्टनमा रोक्ने बेलासम्म पनि बिली पर्खिनु परेन। दुःखद रूपमा लगभग ती सबै नकारात्मक थियो। बिली आन्ध्र महासागर पार गर्दै गर्दा उनको नमुछिएको एउटा काण्ड लन्डनमा उम्लिने बिन्दुमा पुगिसकेको थियो। बिलीले त्यो काण्डको बारेमा पहिलो पल्ट सुनेको चाहिँ फेब्रुअरी २२ तारिख सोमबार बिहान थियो, जब कप्तानले रेडियोमार्फत पठाएको एउटा

खबर उनलाई देखाए। त्यो खबरले यस्तो बतायो, कि बेलायती संसद्को एक सदस्यले देशमा बिलीको प्रवेशलाई चुनौती दिन योजना बनाउँदै थिए। बिलीलाई किन भनी थाहा थिएन। तर जहाजदेखि मिनियापोलिसमा रहेको बिली ग्राहम इभाञ्जेलिस्टिक एसोसिएसनका कार्यालयमा फोन गरेपछि कुराहरू प्रस्ट भए। यो सम्पूर्ण स्थिति संयुक्त राज्यमा रहेका समर्थकहरूलाई कार्यालयबाट पठाएको प्रार्थना पात्रोमा गल्तीले प्रयोग गरेको ठुलो अक्षरको एस (S) को कारण उत्पन्न भएको थियो।

पात्रोको मूल लेख बेलायतको राजनीतिक परिस्थितिहरूको बारेमा अनभिज्ञ रहेको बी.जी.इ.ए. कार्यालयका एक जना कर्मचारीद्वारा लेखिएको थियो। परिणामस्वरूप लेखका एक वाक्यले यस्तो घोषणा गरेको थियो, "हिट्लरका बमहरूले गर्न नसकेको कुरालाई समाजवादले (Socialism), त्यससँग आउने दुष्टताहरूको साथमा चाँडै पूरा गऱ्यो।" कर्मचारीले समाजवाद शब्द प्रयोग गर्दा धर्म निरपेक्षता व्यक्त गर्न चाहन्थे। उनी अनभिज्ञ थिए, कि बेलायतको लेबर पार्टी ठुलो अक्षरका एस. का साथ सोसियलिस्ट पार्टी (Socialist Party) भनी पनि चिनिन्छ। छापाखानामा छाप्न मिलाउँदा छाप्ने मानिसले समाजवाद भन्ने शब्दको पहिलो अक्षर भएको एस. लाई ठुलो अक्षरको रूपमा राख्न निर्णय गरे, यसैले वाक्यमा सोसियलिजम भन्ने शब्द ठुलो एस. को साथमा छापियो।

जब अर्को एक जना बी.जी.इ.ए. का कर्मचारीले त्रुटि सुधार्ने क्रममा, जो बेलायतको राजनीतिको बारेमा जान्थे, र त्यो शब्द बेलायतको लेबर पार्टीलाई सङ्केत गरेको महसुस गरे, तुरुन्तै त्यसलाई सुधारे। तथापि छाप्ने व्यक्तिले त्यसलाई सुधार्न बिर्से, जुन त्रुटिचाहिँ २०० वटा पात्रोहरू छाप्ने बेलासम्म ध्यानमा परेन। त्यसपछि त्यो सुधाऱ्यो र अन्य पात्रोहरू छापिए। त्रुटिसित छापिएको २०० वटा पात्रोहरूमध्येमा एउटा कसै गरी बेलायत पुग्यो, जहाँ अक्षरको त्यो त्रुटिले एउटा ठुलो क्रोध उत्पन्न गरायो। बिली ग्राहम इभाञ्जेलिस्टिक एसोसिएसनले औपचारिक रूपमा त्रुटिका लागि माफी माग्यो र बिली आफैले पनि व्यक्तिगत रूपमा जहाजबाट एउटा माफको सन्देश पठाए।

जब जहाज फेब्रुअरी २४ तारिख साउथएम्टन आइपुग्यो, एउटा होहल्ला सुरु भइसकेको थियो। एउटा सानो डुङ्गा २५ जना पत्रकार र १२ जना फोटो खिच्ने व्यक्तिहरूसहित जहाजको छेउमा आइपुग्यो। पत्रकारहरूले बिलीलाई उच्च स्वरले प्रश्नहरू सोध्न थाल्दा क्यामेराहरू चल्न थाले। "तपाईंलाई यहाँ कसले निम्तो दियो?" "केले बेलायत अमेरिकाभन्दा आत्मिक रूपमा नराम्रो अवस्था छ भनी सोच्न लगाउँदै छ? घर फर्कनू, र आफ्नै समस्याहरू समाधान गर्नू।" "किन तपाईंकी श्रीमतीले शृङ्गार गर्नुभएको छ?" "के तपाईं रुसमा गएर प्रचार गर्न गइरहनुभएको छ?" "यहाँ कति पैसा उठाउने योजना गर्नुभएको छ?"

प्रश्नहरू आइरहे, र बिली र रूथ जहाजबाट ओर्ले। दम्पतीले जतिसक्दो त्यति नम्रतासाथ उत्तर दिए, तर हरेक उत्तरले अझ रिस साथको प्रश्न उत्पन्न गराएको जस्तो देखियो। अन्ततः बिली र रूथ भन्सार र अध्यागमन हुँदै निस्के। स्थानीय मानिसहरूबाट उनले  प्राप्त गरेको साना उत्साहहरूप्रति बिली आभारी भए। बन्दरगाहमा काम गर्ने एक जना चिच्याए, "म तपाईंको लागि प्रार्थना गर्दै छु, र एउटा भन्सार कर्मचारीले न्यानोपन साथ बिलीसँग हात मिलाए, "बेलायतमा स्वागत छ, हजुरलाई शुभकामना। हामीलाई तपाईंको आवश्यक छ।"

क्रूसेडको तयारीको लागि अगि नै आइसकेका क्लिफ ब्यारोस र अन्य केही क्रूसेड कर्मचारीहरूले बिली र रूथ, ग्र्याडी विल्सन र रेभ. पाल रीस र उनकी पत्नीलाई बन्दरगाहमा स्वागत गरे। हुन लागेको क्रूसेडले पाइरहेका समाचारपत्रहरूको सबै नकारात्मक ध्यानको बारेमा क्लिफ अनिश्चित थिए, र बिली पनि। हो, यो समाचारपत्रहरूको ध्यान नै हो, तर उनीहरूले आशा गरेको जस्तो होइन।

समूहले रातलाई साउथएम्टनमा नै बितायो, जहाँ परिस्थितिको बारेमा प्रार्थना गर्न तिनीहरूले समय लिए। भोलि बिहान लन्डन जानको लागि रेल गाडी चढे। रेलवे स्टेसनमा उनीहरूलाई पर्खिरहेको भिड विशाल थियो – चालिस वर्षहरूमा कसैलाई स्वागत गर्न आएको अति ठुलो भिड। बिली र

रूथ रेल गाडीबाट ओर्लँदा भजनहरू गुन्जिरहेको थियो। मानिसहरूले स्वागतका ब्यानरहरू हल्लाए, जबकि पत्रकारहरू र तस्बिर खिच्नेहरूले उनीहरूको आगमनको अभिलेख बनाउन थाले। समाचारपत्रहरूको अपराह्नका संस्करणहरूमा यस्ता शीर्षकहरू थिए, "चलचित्र अभिनेताहरू – त्यसो भए किन बिली हुँदैन?" र "अमेरिकाको आक्रमण सुरु भयो।"

धन्यवाद दिनुपर्ने गरी अगि आएको टोलीले आफ्नो काम राम्रो तरिकाले गरिसकेका थिए, र मार्च १ तारिख क्रूसेडको सुरु हुनको लागि सबैतिर तयार थिए। त्यति बेलासम्म बिली अन्य केही कामहरूमा व्यस्त थिए। पहिलो कामचाहिँ एक पत्रकार सम्मेलन, त्यसपछि बेलायती कुलीन वर्गका सदस्यहरूसँग रात्रि भोज, एक हजार सेवकहरूसँग दिउँसोको दिवा भोज, बेलायती संसद्हरूसँग हाउस अफ कमन्समा एक स्वागत समारोह। सन् १९५२ मा बिलीको अघिल्लो भ्रमणपछि ग्रेट ब्रिटनले नयाँ महारानीलाई मुकुट पहिराएको थियो। उनको पिता राजा जर्ज छैटौँको मृत्युपछि राजाकी ठुली छोरी सन् १९५३ जुन २ तारिख २५ वर्षको उमेरमा महारानी एलिजाबेत द्वितीयको रूपमा मुकुट पहिराइन्। बिली सहभागी भएको विभिन्न कार्यक्रममा बेलायतीहरूसँग बातचित गर्दा उनले फेला पारे, कि तिनीहरूले आफ्नो नयाँ महारानीलाई साँच्चै प्रशंसा गर्थे।

यदि मानिसहरू उनको प्रचार सुन्न भेला भएनन् भने निस्सन्देह बिलीका सबै कामहरूको अर्थ केही रहँदैन। यस कुरामा उनी थोरै चिन्तित थिए। बिली अझै धेरै नकारात्मक समेटाइ समाचारपत्रहरूबाट पाइरहेका थिए, र उनले सोचे, समाचारपत्रहरूको समेटाइले मानिसहरूलाई क्रूसेडबाट टाढा राख्छ कि। यदि मानिसहरू भेला भएनन् भने बिली, उनको टोली र आयोजक कमिटी सबै मूर्खहरूजस्तै देखिन्छन्, तर त्यही दिन बिहान बार्किङको बिशपसँगको भेटले बिलीलाई हौसला दिएको थियो। क्रूसेडप्रतिको उनको समर्थनको लागि बिशपलाई समाचारपत्रहरूमा निर्दयतापूर्वक आलोचना गरिएको थियो। मुस्कुराउँदै बिशपले भने, "मेरो बारेमा चिन्तित नहुनू बिली। यदि समाचारपत्रहरूले केही दिनको लागि तपाईंलाई ख्रीष्टको खातिर मूर्ख बनाएको छ भने, तपाईंसँगै मूर्ख देखिनुमा

म पनि खुसी नै हुनेछु।"

क्रूसेडको उद्घाटनको दिन आयो। त्यो दिन मात्र चिसो थिएन, बिलीलाई निराश पार्ने गरी दिन बित्दै जाँदा असिना पानी पर्न थाल्यो। सभाहरू भवनभित्रै सञ्चालन हुने भए तापनि मौसमले मानिसहरूलाई आउनुबाट रोक्छ कि भनी बिली डराए। उनको टोलीको एक जनाले थोरै मात्र मानिसहरू आएको र पत्रकारहरूले खाली कुर्सीहरूलाई फोटो खिच्नुमा व्यस्त भएको कुरा बताउन फोन गरे। बिली निराश हुन थाले। उनले फोन काटिसकेपछि आफ्नो घुँडा टेके, र सभाको परिणामलाई परमेश्वरको हातमा सुम्पे। यदि थोरै मानिसहरू मात्रै देखा परे, र पत्रिकाहरूले उनलाई ख्रीष्टको लागि मूर्खको रूपमा चित्रण गरे भनी बिली त्यो परिणामसँग सन्तुष्ट थिए।

बिली र रूथलाई उत्तरी लन्डनको ह्यारिङ्गे रङ्गशालामा पुऱ्यायो, जुनचाहिँ उनीहरूको होटेलबाट आधा घण्टा टाढा थियो। ह्यारिङ्गे रङ्गशाला लन्डनमा भवनभित्र रहने सबैभन्दा ठुलो रङ्गशाला थियो। बिलीले स्वीकार गर्नुपर्थ्यो, कि भवनमा हेर्न खासै केही थिएन, भित्र र बाहिर पनि। त्यो अधिकांश कुकुर दौड, बरफ हाकी, नेटबल र सर्कसको लागि प्रयोग गरिन्थ्यो, तर त्यसले आरामसँग दश हजार जना मानिसहरूलाई अटाउन सक्थ्यो। जब उनीहरूको कार रङ्गशालामा पुग्यो, बिलीले कारहरूको भिड अथवा मानिसहरू सभामा जानको लागि लस्करै उभिएको देखेनन्। उनी कारबाट ओर्लिंदा उनको सहकर्मी बिलिस हेमेकरले उत्सुकता साथ भने, "रङ्गशाला भरिएको छ।"

बिली चकित भए। उनले सोधे, "तपाईंले के भन्न खोज्नुभएको? म वरिपरि त्यस्तो धेरै मानिसहरू देख्दिनँ।"

बिलिसले भने, "हामी रङ्गशालाको पछाडि छौँ। अर्कोपट्टि मूल प्रवेशमा सयौँ मानिसहरू रङ्गशाला भरिएकोले बाहिर उभिरहेका छन्।"

जब बिली ह्यारिङ्गे रङ्गशालामा प्रवेश गरे, उनी स्तब्ध भए। त्यो ठाउँ आफ्नो पूर्ण क्षमतामा भरिएको थियो। बिली मञ्चतिर हिँडेर आफ्नो कुर्सीमा

बस्न जाँदा भिड उच्च स्वरले भजन गाइरहेको थियो। त्यो रात बिलीले आफ्नो पूर्ण हृदयले प्रचार गरे, र जब उनले ख्रीष्टलाई ग्रहण गर्न अगाडि आउन आमन्त्रण दिए, दुई सयभन्दा बढी मानिसहरू अगाडि आए।

क्रूसेडको पहिलो हप्ताको शनिवार रात आइपुग्दा ह्यारिङ्गे रङ्गशालालाई दश हजार मानिसहरूले भरिएका थिए, र अर्को तीस हजार मानिसहरू बाहिर भेला भएका थिए। मानिसहरू बेलायतका सबै भागहरूबाट बिलीको प्रचार सुन्नको लागि लन्डनमा ओइरिन थाले। तिनीहरूले सडक र रेलवे स्टेसनहरूलाई भरिदिए। यति धेरै मानिसहरू सभामा आउन थाले, कि टोलीले हप्ताको अन्तिम दिन दिनमा दुई वटा सभा सञ्चालन गर्न थाल्यो। छाल उल्ट्यो। सुरुमा शङ्कापूर्ण भएका सेवकहरूले आफ्ना मानिसहरूलाई बिली ग्राहमको प्रचार सुन्न आह्वान गर्न थाले। साथै समाचारपत्रहरूको नकारात्मक ध्वनि पनि बद्ल्यो। बिलीसित अन्तर्वार्ताको लागि आह्वानहरू बी.बी.सी. र बेलायती र युरोपेली टेलिभिजनहरू, रेडियो कार्यक्रमहरू र पत्रपत्रिकाहरूबाट आउन थाले। साथसाथै युरोपेली देशहरूका केही पत्रकारहरू क्रूसेडको खबरलाई समेट्न लन्डन आइपुगे।

क्रूसेडको लागि गरिने एउटा प्रार्थना सभामा बी.जी.इ.ए. को एक जना सदस्य चार्लि रिग्सले, जो सल्लाह दिने कामलाई हेर्ने गर्थे, क्रूसेड लिएर लन्डनभन्दा बाहिर पनि पुग्नको लागि परमेश्वरले एउटा बाटो दिनुभएको होस् भनी प्रार्थना गरे। एउटा रेडियो इन्जिनियरले उनको प्रार्थना सुने, र यो गर्नको लागि एउटा बाटो पत्ता लगाउने काम सुरु गरे। युद्ध कालमा हुलाक कार्यालयले बेलायतभरि टेलिफोनको तारजस्तो एउटा सन्देश तार लगाएको इन्जिनियरले पत्ता लगाए। त्यो तारहरूलाई ल्यान्ड लाइन रिले भनिन्थ्यो। ती तारहरूमा बेलायतका मानिसहरूलाई युद्धको खबरहरू प्रसारण गर्नको लागि स्पिकरहरू जोडिएको थियो। ती तारहरू अझै पनि काम गर्ने अवस्थामा थिए, र आयोजक समितिले क्रूसेडका सभाहरूलाई देशभरि मण्डलीहरू, हलहरू र चलचित्र मन्दिरहरूमा प्रसारण गर्नको लागि छिट्टै सम्झौता गर्न पायो। चाँडै क्रूसेडको सन्देशलाई बोक्दै चार सय वटा तारहरू चारैतिर ह्यारिङ्गे रङ्गशालाबाट निस्किन थाले।

सबैभन्दा उत्तम कुरा, क्रूसेड अगि बढ्दै जाँदा सुसमाचारको शक्तिद्वारा मानिसहरूको जीवन परिवर्तन भएका खबरहरू बिलीले सुन्न थाले। यीमध्ये अधिकांश सामान्य मानिसहरू थिए, तर कोही प्रख्यात व्यक्तिहरू थिए। तीमध्ये एक जनाचाहिँ लन्डनका एक प्रख्यात नायिका जोन विन्विल थिइन्। उनी ख्रीष्टलाई ग्रहण गर्न अगि आइन्, र कतैबाट रूथ उनलाई सल्लाह दिन पुगिन्। जोनलाई रूथ को थिइन् भनी थाहा थिएन, र उनीहरू प्रार्थना गरेर बातचित गरिसकेपछि रूथले जोनलाई यदि उनले आफ्नो श्रीमान्‌लाई भेट्न चाहन्छिन् कि भनी सोधिन्। जोनले टाउको हल्लाइन्, र रूथले उनलाई एउटा लामो द्वार हुँदै लगिन्, जहाँ उनी एउटा ढोका ढकढक्याइन्। जोन आश्चर्यचकित हुने गरी बिलीले ढोका खोले। रूथले भनिन्, "यिनी जोन हुन्। यिनले प्रभुलाई ग्रहण गर्ने निर्णय गरेकी छिन्।" बिलीले आश्चर्यचकित भएको स्त्रीको मुहार हेर्दै मुस्कुराउँदै उत्तर दिए, "त्यो उत्तम कुरा हो।"

सन्देशलाई ग्रहण गरेका अरू कोही युद्ध–नायकहरू थिए, जस्तैः रिचर्ड कार–गोम। रिचर्ड एउटा धनी परिवारका थिए, र अहिले बकिङ्घम दरबारमा महारानीको सुरक्षा बलको कप्तान थिए। उनी इसाई थिए, यद्यपि उनको इसाई जीवनमा अझै केही अर्थपूर्ण काम गर्ने समय यो हो भनी महसुस गरे। उनी यस कुरालाई स्वीकार गर्न लन्डनमा भएको क्रूसेडमा अगाडि आए।

केही घटनाहरू हास्यास्पद थिए। दुई जना अपरिचित व्यक्तिहरू सँगै उभिएका थिए, र एकै समयमा ख्रीष्टलाई स्वीकार गर्ने निर्णय गरे। दुई जना अगि मञ्चतिर (रङ्गशालामा माथिबाट ओर्लेर तल मञ्चतिर जाँदा) हिँडिरहेको हुँदा एक जनाले अर्कोलाई भने, "मलाई बिलीको प्रचार सुन्नुभन्दा अगि यो पथ हुँदै तल जाने कुनै मनसाय नै थिएन।"

दोस्रो व्यक्तिले जवाफ दिए, "मलाई पनि हो।" पहिलो व्यक्तिले खल्तीमा हात हाल्दै भने, "त्यसो भए, यो लिनुहोस् तपाईंको थैली। म एउटा गोजी–चोर हुँ। मैले यसलाई कार्यक्रम सुरु हुँदा (तपाईंको गोजीबाट) चोरेको थिएँ।"

र त्यहाँ एक व्यक्ति थिए, जो ढिलो पुगेका थिए, र सभामा जाने ढोका बन्द भएको भेट्टाए। त्यहाँ त्यतिकै उभिरहेको एक जना युवकले उनलाई केही सहयोग चाहिन्छ कि भनी सोधे। त्यो व्यक्तिले आफू ढिलो आएकोमा दुःख व्यक्त गरे। "त्यसको बारेमा चिन्ता नलिनुहोस्," भन्दै त्यो युवकले आफ्नो खल्तीबाट (चोरले प्रयोग गर्ने) एउटा उपकरण निकालेर ताल्चा खोलिदिए। त्यो मानिस क्रूसेडमा सहभागी हुन भित्र गए र त्यो रात एउटा इसाई भए।

हप्ताहरू बित्दै जाँदा क्रूसेडले गति लिन थाल्यो। बि.जी.इ.ए. का समर्थकहरू संयुक्त राज्यबाट सहायता गर्न त्यहाँ आए। तीमध्ये मनोरञ्जनकर्ताहरू राई रोजेर्स र डेल इभान्स पनि आफ्नो घोडा ट्रिगरको साथमा थिए। राई र डेलले नजिक भएको खुला रङ्गशालामा सभा चलाए, जसमा चालिस हजार बालबालिकाहरू सहभागी हुन आए। बिलीका साथी र लस एन्जलसका प्रख्यात बाइबल शिक्षिका हेन्ट्रीएटा मियर्स पनि बिलीको लागि प्रार्थना गर्न र नयाँ प्रवचनहरू तयार गर्न मदत गर्न आइन्।

सन् १९५४ मे २२ तारिख सुरु भएको १२ हप्तापछि क्रूसेड समाप्त भयो। अब बिली थाकिसकेका थिए, र धेरै कामहरूको कारण ७ किलो घटिसकेका थिए। अन्तिम दुई वटा सभाहरूमा जम्मा हुन सक्ने अनुमान गरिएको भिडलाई अटाउन सक्ने गरी लन्डनको कुनै पनि भवनहरू ठुलो नभएकाले सभाहरू खुला मञ्चमा आयोजित थिए। वाइट सिटी रङ्गशालामा आयोजित सभामा पैँसट्ठी हजार मानिसहरू सहभागी भए। केही घण्टाहरूपछि अन्तिम सभाको लागि वेम्वली रङ्गशालालाई १,२०,००० मानिसहरूले भरिदिए। सभामा क्यान्टनभरिको प्रमुख बिशपले आशिष् बोले। जर्ज बेवेर्ली शेले श्रोताहरूलाई "परमेश्वरलाई नै महिमा भएको होस्," भन्ने गीतमा डोऱ्याउँदा आँसु बिलीको गाला हुँदै बगिरहेको थियो। बिलीले सोचे, "हो, परमप्रभुलाई नै महिमा भएको होस्, उहाँले महान् काम गर्नुभएको छ।" बिली तीन महिना अगि शङ्काहरूका बादलहरूको मुनि बेलायत आएका थिए। अहिले बेलायतका मानिसहरूले उनलाई र उनका टोलीलाई आफ्नै परिवारजस्तै अँगालेका थिए। कुल मिलाएर बीस लाखभन्दा बढी मानिसहरू बिलीको प्रचार सुन्न आए, र अझै लाखौँहरूले सन्देश–तारमार्फत मण्डलीहरू

र हलहरूमा बेलायतभरि प्रत्यक्ष प्रसारणमार्फत उनको प्रचार सुने। र सभाहरूको अन्तमा अठतीस हजारभन्दा बढी मानिसहरू ख्रीष्ट येशूलाई आफ्नो जीवन समर्पण गर्न अगि आएका थिए।

त्यो रात बिली मञ्चबाट निस्किँदा क्यान्टरभरिका प्रमुख बिशपले ग्र्याडीलाई यसो भनिरहेको सुने, "हामीले आकाशमुनि यस्ता एउटा दृश्य फेरि कहिल्यै देख्नेछैनौँ होला।" ग्र्याडीले उनको उत्साहले प्रमुख बिशपलाई अँगालो हाले र भने, "त्यो ठिक छ, दाइ प्रमुख बिशप!" बिली मुस्कुराए। अमेरिकीहरू भएकोले उनीहरूले सधैँ मानिसहरूलाई उनीहरूको नाम प्रयोग गरेर बोलाउनुमा र आदर दिन झुक्नुमा बानी नभएको हुन सक्छ, अथवा औपचारिक रात्रि भोजहरूमा सही तरिकाले काँटा–चम्चाहरू प्रयोग गर्न नजानेको हुन सक्छ। वास्तवमा हेन्ट्रीएटा मियर्सले सुरुमा बेलायतमा आइपुग्दा डोर्चेस्टर होटेलमा भएको महँगो स्वागत समारोहमा सहभागी हुनको लागि तयार हुन समय पाइनन्, र उनले त्यो कार्यक्रमको लागि सुन्दर सामग्रीहरूको साथ रात्रिगाउन लगाएकी थिइन्। ती सबैको बाबजुद पनि ठाडो स्वभावका अमेरिकीहरू र होचिने स्वभावका बेलायतीहरूले आफ्ना इसाई विश्वासमा साजा आधार फेला पारेका थिए।

लन्डन क्रूसेड समाप्त भएपछि त्यो अगि बढ्ने समय थियो। बिली ग्राहम र उनको टोलीले घोषणा गर्ने सुसमाचारको पर्खाइमा अरू सहरहरू र अरू देशहरू थिए।



**वेम्वली रङ्गशाला - सन् १९५४**

# अध्याय - ११

# युरोप र त्योभन्दा पर

लन्डन क्रूसेड समाप्त भएको तीन दिनपछि बिली आफ्नो होटेलको कोठामा बसिरहेका थिए। त्यो दिन बेलुकी उनी उनको टोलीको साथ स्कटल्यान्ड जाने रेल गाडी पक्रिन परेकाले सामानहरू ठिक्क पार्न सुरु गरिसकेका थिए। फोनको घण्टी बज्यो र बिलीले उठाए। उताबाट बोल्ने व्यक्तिले यसो भने, "म जोक कोल्भिल, प्रधानमन्त्री विन्स्टन चर्चिलको सचिव हुँ। श्रीमान् चर्चिल भोलि उहाँसँग दिवा भोजन गर्नको लागि तपाईंलाई समय छ कि भनी जान्न चाहनुभएको छ।"

आफू कोसित बोलिरहेको छु भन्ने कुरालाई बुझ्नु बिलीलाई केही क्षण लाग्यो। बिलीले जवाफ दिए, "म सम्मानित छु, तर सम्भव हुनेछैन। म र मेरो टोली आज राति स्कटल्यान्ड जाने क्रममा छु।"

जोकले भने, "ठिक छ, म प्रधानमन्त्रीलाई तपाईंको पछुतोलाई बताउनेछु।" फोन राखेपछि बिलीले सोच्न थाले, कि उनले गरेको काम सही हो कि होइन। सामान्य अवस्थामा उनी बेलायतको दोस्रो विश्वयुद्धका समयको महान् युद्ध–नायक र प्रधानमन्त्रीलाई भेट्ने अवसर पाउँदा तुरुन्तै सहमत हुने थिए। तर वास्तवमा बिली पूर्ण रूपमा थकित थिए, स्कटल्यान्डको यात्रालाई एक दिनको लागि पनि ढिलो गर्ने कुरालाई कल्पना गर्न सक्दैन थिए, जहाँ उनलाई कमसेकम एक दिनको लागि भए पनि आराम गर्ने समय मिल्ने थियो।

उनले फोन कलको बारेमा अझै सोचिरहेको हुँदा फोन दोस्रो पल्ट बज्यो। फेरि जोक कोल्भिलले फोन गरेका थिए। "श्रीमान् ग्राहम, आज दिउँसो तपाईंले प्रधानमन्त्रीलाई भेट्न सक्नुहुन्छ? उहाँले साँढे बाह्र बजे विन्डसरका

राजकुमारसँग, जो फ्रान्सबाट विमानमार्फत आउँदै हुनुहुन्छ, दिवा भोज गर्ने तालिका मिलाउनुभएको छ, तर त्योभन्दा अगि तपाईंलाई भेट्न सक्नुहुन्छ।" यसपल्ट बिली सहमत भए।

मध्याह्न ११:५० मा बिलीले बेलायती प्रधानमन्त्रीको औपचारिक निवास भएको डाउनिङ्ग गल्लीमा रहेको १० अङ्कको घरको ढोका ढकढक्याए। जोक कोल्भिलले बिलीलाई चर्चिलसँग बातचितको लागि दुई मिनेट मात्र रहेको कुरा बताउँदै कोठामा डोऱ्याए। उनले बिलीलाई आफ्नो हाते घडी ठिक चल्दै छ कि भनी दोहोऱ्याएर हेर्न अनुरोध गरे। त्यसपछि बिलीलाई काठले बारेको कोठामा डोऱ्याए। त्यो कार्यालयको कोठामा बत्ती मधुरो थियो, र एउटा लामो मेच दुईपट्टि कुर्सीहरूसहित कोठाको बिचमा थियो। चर्चिल मेचको बिचमा रहेको छालाको कुर्सीमा आगो बाल्ने ठाउँको सामु बस्नुभएको थियो। बिली कोठाभित्र प्रवेश गर्दा उहाँ उठ्नुभयो, र दुई जनाले हात मिलाए। प्रधानमन्त्री होचो भएको देख्दा बिली छक्क परे, तर उनले युद्धको समयमा रेडियोहरूमा र समाचार भिडियोहरूमा सुनेको त्यो कडा आवाजलाई तुरुन्तै पहिचान गरे।

चर्चिलले आफ्नो नजिक भएको कुर्सी बिलीलाई देखाउँदै भन्नुभयो, "बस्नुहोस्, बस्नुहोस्।" बिली बसे, र उहाँ गार्डियन समाचारपत्रलाई हातमा लिँदै त्यसको शीर्षकलाई देखाउँदै भन्नुभयो, "तपाईंले खिचिरहनुभएको विशाल भिडको लागि तपाईंलाई बधाई छ।"

बिलीले भने, "यो परमेश्वरले गर्नुभएको हो, मैले होइन।"

प्रधानमन्त्रीले हँसाउँदै भन्नुभयो, "त्यो हुन सक्छ, तर मैले भन्नुपर्दा यदि मैले अमेरिकाको नायिका म्यारलिन मन्रोलाई यता ल्याएको भए, र म र उनी वेम्बली रङ्गशालामा उपस्थित भएको भए पनि हामीले त्यसलाई भर्न सक्दैन थियौँ।"

बिली मुसुमुसु हाँसे।

"यसैले मलाई भन्नुहोस् रेभरेन्ड ग्राहम, ह्यारिङ्गे रङ्गशालालाई एक रातपछि अर्को रात गर्दै भरिदिनेचाहिँ के थियो?"

बिलीले, "मलाई लाग्छ, त्यो क्रूसको सुसमाचार हो," भनी जवाफ दिँदै कसरी यी अनिश्चित समयहरूमा मानिसहरूले सिधै धर्मशास्त्रबाट एउटा वचन पाउन भोकाउँदै छन् भन्ने कुरा प्रधानमन्त्रीलाई बताउन अगि बढे।

चर्चिलले भन्नुभयो, "हो, कुराहरू बदलिसके। यी समाचारपत्रहरूलाई हेर्नुहोस्। यिनीहरू हत्या र युद्ध र कम्युनिस्टहरूले के गर्न गइरहेका छन् भन्ने कुराले भर्नु बाहेक अरू केही छैन। तपाईंलाई थाहा छ होला, निश्चय नै एक दिन यो विश्वलाई कम्युनिस्टहरूले शासन गर्नेछन्।"

विश्व राजनीतिसम्बन्धी विवादमा तानिन नचाहँदै बिलीले टाउको हल्लाए।

प्रधानमन्त्री अगाडि बढ्नुभयो, "म तपाईंलाई भन्छु, मसँग कुनै आशा छैन। म विश्वको लागि कुनै आशा भएको देख्दिनँ।"

बिलीले चर्चिलको आँखामा हेरे।

चर्चिलले भने, "म एउटा आशाहीन व्यक्ति हुँ। तपाईंसँग साँचो आशा छ त?"

बिलीले सोधे, "तपाईं व्यक्तिगत आशा पनि नभएको अवस्थामा हुनुहुन्छ? तपाईंको आत्माको लागि आशा?"

चर्चिलले टाउको हल्लाउनुभयो, "मैले हालका समयहरूमा त्यो कुराको बारेमा धेरै सोचेँ।"

बिलीलाई आवश्यक पर्ने त्यति नै थियो। उनले आफ्नो सानो नयाँ करार निकाले। उनले सुसमाचार र एउटा व्यक्तिले कसरी उद्धार पाउन सक्छ भन्ने

कुरालाई बुझाउँदा चर्चिलका आँखाहरू उज्यालो भएको उनले देखे।

ठिक बाह्र बज्दा जोकले ढोका ढकढक्याए, र विन्डसरको राजकुमार उनीहरूको दिवा भोजको लागि आइसकेको खबर प्रधानमन्त्रीलाई दिए।

"उहाँलाई पर्खिन दिनुहोस्," चर्चिलले कडा स्वरले भन्नुभयो, र जोकलाई कोठाबाट निस्कन इसारा गर्नुभयो।

बिली अझै १५ मिनेटहरू अगाडि बढे, र उहाँहरू छुट्टिनुभन्दा अगाडि प्रधानमन्त्रीसँग प्रार्थना गरे। दुई जना छुट्टिँदा चर्चिलले बिलीसँग बलियो रूपमा हात मिलाउनुभयो।

विन्स्टन चर्लिलसँग बातचित गर्ने र उहाँलाई आशाका शब्दहरू दिने मौका पाएकोमा बिली आनन्दित थिए। अब उनी स्कटल्यान्डमा केही दिन विश्राम गर्ने चाहनामा थिए, जहाँ आउँदो साल क्रूसेडको आयोजना गर्ने सम्भावनाको बारेमा बुझ्न सेवकहरूसँग ग्लासगौमा भेट गर्ने योजना पनि बनाएका थिए।

बिलीले केही असल समय विश्राम गर्दै रूथको साथ बिताउन पाए। जब उनीहरूको छोटो विश्रामको समय सिद्धियो, रूथ संयुक्त राज्यतिर फर्किन्। त्यही बेला बिली र उनको टोलीका तीन जना सदस्यहरू युरोप भ्रमण सुरु गर्न बेलायतको टिल्बरीबाट स्वीडेनतिर समुद्री यात्रा सुरु गरे।

युरोपमा बी.जी.इ.ए. टोलीले ग्रेटर युरोप मिसनसँग मिलेर काम गर्ने निर्णय गरेको थियो, जुनचाहिँ बिलीको दुई जना विटन कलेजका साथीहरू बाब इभान्स र जेरी बेवेनद्वारा सुरु गरिएको थियो। ह्यारिङ्गे रङ्गशालामा भेला भएको ठुलो भिडलाई मध्यनजर गर्दै युरोपको भ्रमणमा केही परिवर्तनहरू गर्नु परेको थियो। कार्यक्रमका स्थलहरू अति सानो भएकाले सभाको लागि ठुला रङ्गशालाहरू भाडामा लिए। पहिले योजना बनाएअनुसार एक सहरमा एक दिन बिताउने भन्ने कुराको सट्टामा हरेक ठाउँमा दुई दिन बिताउने निर्णय टोलीले गऱ्यो।

पछिल्ला दुई हप्ताहरू गतिविधिहरूको एउटा भुमरीजस्तो भयो। बिलीले हेलसिन्की, फिनल्यान्ड; स्टकहोम, स्वीडेन; एम्स्टर्डम, नेदरल्यान्डस; र जर्मनीका सहरहरू फ्र्याङ्कफर्ट, डसेलडोर्फ, र बेर्लिनमा प्रचार गरे। बिली र उनको टोली गएको हरेक ठाउँमा विशाल भिडहरू भेला भए। उनी युरोपमा हुँदा तीन लाखभन्दा बढी मानिसहरू उनको प्रचार सुन्न भेला भएका थिए। विभिन्न देशहरूका समाचारपत्रहरूले उनलाई स्वागत गर्ने अथवा उनको अमेरिकी तरिकाहरूको बारेमा आलोचना गर्ने लेखहरू प्रकाशित गरे। जर्मनीमा एउटा समाचारपत्रले बिलीलाई "परमेश्वरको मिसिनगन" भनी लेख्यो, र अर्कोले "परमेश्वरको ज्वाला फ्याँक्ने यन्त्र" भनी लेख्यो। त्यही बेला कम्युनिस्ट पूर्वी जर्मनीमा भएको समाचारपत्रहरूले बिलीलाई अमेरिकाको पुँजीवादको यन्त्र र अमेरिकी जासुस कार्यालयको गुप्तचर भनी लेखे। बिलीले वास्ता गरेनन्। उनी त्यहाँ सुसमाचार प्रचार गर्न गएका थिए, र उनले त्यही नै गरे।

अन्तिम सभा जर्मनीको बेर्लिनमा भएको ओलम्पिक रङ्गशालामा गरियो, जहाँ असी हजार जर्मनीहरू बिलीको प्रचार सुन्न भेला भए। अडोल्फ हिट्लरले मानिसहरूलाई घृणा र महादुष्ट्याइँको लागि प्रेरणा दिएको त्यही रङ्गशालामा आफू उभिरहेको कुरा थाहा पाउँदै बिली मञ्चमा गए र भने, "अरूहरू यहाँ उभिएका छन्, र तपाईंहरूसँग बोलेका छन्।" त्यसपछि उनको बाइबललाई माथि उठाएर उनले घोषणा गरे, "अब परमेश्वर तपाईंहरूसित बोल्दै हुनुहुन्छ!" सभा समाप्त हुँदा सोह्र हजार मानिसहरूले ख्रीष्टलाई पछ्याउने निर्णय गर्ने फारमहरू भरे।

जब बिली मध्य गर्मी याममा संयुक्त राज्य फर्के, रूथले उनको लागि एउटा चकित पार्ने कुरा राखेकी थिइन्। बिली अघिल्लो एउटा क्रूसेडको लागि घरबाट टाढा भएको बेला मान्ट्रिटभन्दा माथि एउटा पहाडमा एउटा घर बिक्रीको लागि आएको थियो, र रूथले त्यसलाई किन्न व्यवस्थापन गरिन्। ग्राहमको परिवारले एक दिन त्यहाँ एउटा नयाँ घर बनाउने योजना बनाएका थिए। अहिले बिली बेलायत र युरोपको भ्रमणबाट फर्किंदा आफूले त्यो जमिनमा के गरेको छु भनी उनलाई देखाउन रूथ उत्सुक थिइन्। तिनले

बिलीलाई एउटा पहाड नजिक कच्ची बाटोमा लगेर गइन्, र जिप एउटा पुरानो काठको घर अगाडि रोक्यो।

जब बिली भित्र पसे, उनी चकित भए। घरको भित्रीय भागहरू फराकिलो हुने गरी पूर्ण रूपमा आकार बद्लाएको थियो, र एउटा ढुङ्गाले बनाएको आगो ताप्ने ठाउँ पनि निर्माण भएको थियो। तल्लो तलामा एउटा ठुलो खाट राखेको थियो, र माथि बुइँगलमा बच्चाहरू सुत्नको लागि ओछ्यान लगाएको थियो। यो सबै अति ग्रामीण शैलीमा थियो। खाना आगो ताप्ने ठाउँमा र बाहिर राखेको एउटा फलामको चुलोमा पकाइन्छ। काठको घरबाट नजिकै दुरीमा शौचालयको साथ नुहाउने ठाउँ पनि निर्माण भएको थियो। बिली आफ्नी श्रीमतीले गरेको कामप्रति प्रभावित भए। रूथले उनलाई त्यो काठको घरलाई परिवारको लागि विश्राम स्थल बनाउन चाहेको कुरा बताइन्, जबसम्म त्यहाँ एउटा नयाँ घरको निर्माण हुँदैन।

बिली चाँडै विश्राम स्थललाई प्रशंसा गर्न सिके। लन्डनको क्रूसेडदेखि उनी एउटा विश्व प्रख्यात मानिस भएका थिए, र मानिसहरू उनी र उनको परिवारको सानो एउटा झलक पाउनको लागि मान्ट्रिटमा ओइरिन थाले। उनीहरूको घरको झ्यालबाट अपरिचित मानिसहरूले हेरिरहेको अथवा भ्रमण गर्ने बसहरू त्यो बाटोमा आएको देख्नु ग्राहमको परिवारलाई असामान्य थिएन। कोही मानिसहरूले सम्झनास्वरूप राख्नको लागि घरको अगाडिको बारबाट काँडाहरू भाँचेर पनि लाने थाले। चलचित्र नायकजस्तो आफूसँग व्यवहार गरिनु बिलीले चाहेको वा मन परेको कुरा थिएन, र पहाडमा भएको पारिवारिक विश्राम स्थलमा भाग्न पाउँदा उनी खुशी थिए।

बिली बेलायत र युरोपमा हुँदा संयुक्त राज्य अमेरिकामा धेरै कुराहरू भइसकेका थिए। लन्डनको क्रूसेड सुरु हुनुभन्दा एक दिन अगि संयुक्त राज्यले आफ्नो पहिलो हाइड्रोजन बमको परीक्षण पश्चिमी प्रशान्त महासागरमा रहेको विकट टापु बिकिनी एटोलमा गरिसकेका थिए। यो नयाँ प्रकारको बम दोस्रो विश्वयुद्धमा जापानमाथि खसालिएको अणुबमभन्दा धेरै गुणा बढी शक्तिशाली थियो। यदि युद्धमा प्रयोग भयो भने यो अणुबमहरू

एउटा देशको विशाल भूभागलाई नष्ट पार्ने क्षमताका थिए। संयुक्त राज्यसँग अहिले यी अणुबमहरू थिए भने सोभियत युनियनसँग पनि थिए। यी विनाशकारी हतियारहरू प्रयोग हुने एउटा युद्धको सम्भावनाको बारेमा बढेको डर र चिन्तालाई बिलीले देखे।

बिलीको काममा प्रभाव पार्ने अन्य विश्व समाचारहरू पनि थिए। सन् १९५४ मे १७ तारिखमा बिलीको लन्डनको क्रूसेडको साँढे दुई महिनापछि संयुक्त राज्यको सर्वोच्च अदालतले "ब्राउन वेर्सस बोर्ड अफ एजुकेसन" भनी चिनिने एउटा ऐतिहासिक निर्णय सुनाएको थियो, जसमा अदालतले अमेरिकामा सार्वजनिक विद्यालयहरूमा जातिय भेदभाव असंवैधानिक भएको ठहर गरेको थियो।

काला मानिसहरू र धेरै गोरा मानिसहरूले निर्णयको स्वागत गरे, र प्रगति र अवसरको नयाँ युगको प्रतीक्षा गरे। दुःखको कुरा सर्वोच्च अदालतको निर्णयको दक्षिणमा विरोध गरियो, जहाँ दैनिक भेदभाव एउटा जिउने तरिका थियो। मिसिसिपीमा, जसलाई धेरैले सबैभन्दा विभाजित दक्षिणी राज्य मान्दथे, निर्णयले राम्रो स्वागत पाएन। ज्याक्सन डेली न्युजको सम्पादकीयले अदालतको निर्णय "दक्षिणको लागि पूर्ण निर्माणका दिनहरूमा कार्पेटब्यागरहरू (carpetbaggers) (उत्तरबाट दक्षिणमा नाफा खोजेर आएकाहरू) र स्कालावागहरू (scalawags)ले (दक्षिणका गोरा मानिस, जो व्यक्तिगत नाफाको लागि उत्तरको मानिससँग मिल्छन्) हाम्रो नागरिक सरकारको जिम्मा लिएको बेलादेखिको सबैभन्दा खराब घटना" भनेर सम्बोधन गरेको थियो। यसले विभाजन हटाउनु "सबैभन्दा तितो किसिमको जातीय द्वन्द" ल्याउने बताएको थियो। मिसिसिपीको अर्को समाचारपत्र 'द डेली न्युज' ले निर्वाचित अधिकारीहरूलाई निर्णयको विरोधमा लड्न आह्वान गरियो। यसको सम्पादकीयमा यसो भनिएको थियो, "राष्ट्रको सर्वोच्च न्यायाधिकरणका नौ सदस्यहरूको सर्वसम्मतिले गरिएको निर्णय भए तापनि मिसिसिपीले यस्तो निर्णयको पालना गर्ने प्रयास गर्ने छैन।" यस निर्णयलाई दक्षिणी राज्यले स्वीकार गर्ने र विद्यालयहरूलाई एकीकृत गरेर राष्ट्र मेलमिलापमा अगाडि बढ्न सक्ने आशा बिलीले गरे। उनको तर्फबाट उनले

उनका सबै क्रूसेडहरू, गोरा र काला मानिसहरू सँगै बसेको अवस्थामा, एकीकृत भएको सुनिश्चित गर्ने सङ्कल्प गरेका थिए।

बेलायत र युरोपमा बिताएका समयहरूको बारेमा विचार गर्दा उनले बिली ग्राहम इभाञ्जलिस्टिक एसोसिएसनको मिसन र प्रभाव उत्तर अमेरिकाको किनारहरूभन्दा धेरै परसम्म गएको स्वीकार गरे। परिणामस्वरूप बी.जी.इ.ए. ले बेलायतमा एउटा स्थायी कार्यालय खोलियो, र सन् १९५५ मार्चमा स्कटल्यान्डमा छ हप्ताको लागि र लन्डनमा अर्को दुई हप्ताको लागि क्रूसेड आयोजना गर्ने योजना बनायो।

सभाहरू योजनाबद्ध रूपमा अगाडि बढे, र बिली र उनको सन्देशले फेरि पनि विशाल भिडलाई आकर्षण गर्‍यो। बी.बी.सी. द्वारा सभाहरू प्रसारित गरिए। सन् १९५५ गुड फ्राइडेको दिनमा बिलीको ग्लासगौ क्रूसेडको एउटा प्रवचन टेलिभिजन र रेडियोको प्रत्यक्ष प्रसारणद्वारा ठुलो सङ्ख्याका दर्शकहरूद्वारा हेरिएको थियो, जुन महारानी एलिशबेत द्वितीयको राजतिलक कार्यक्रमको दर्शकहरूको सङ्ख्याभन्दा बढी थियो। बिलीले चाँडै थाहा पाए, कि महारानी स्वयम् पनि प्रसारण हेरेकी थिइन्। त्यसपछि तिनले उनलाई विन्डसर दरबारमा प्रचार गर्न निम्तो दिइन्।

बेलायतमा हुँदा बिलीले 'क्रनिकल्स अफ नर्निया' शृङ्खला, द स्क्रुटेप लेटर्स र अन्य इसाई पुस्तकहरूको लेखक सी. एस. लुविससँग पनि भेट गरे। दुवै क्याम्ब्रिज विश्व विद्यालयको म्यग्डेलिन कलेजको भोजन हलमा भेटे, जहाँ तिनीहरू एक घण्टाभन्दा बढी बातचित गरे। समय समाप्त हुँदा सि. एस. लुविसले भने, "तपाईंलाई थाहा हुनुपर्ने, कि तपाईंका आलोचकहरू धेरै छन्, तर मैले तपाईंलाई व्यक्तिगत रूपमा चिनेको एक जना आलोचकलाई कहिल्यै भेटेको छैनँ।"

त्यस्तो एउटा विद्वान् र सम्मानित इसाईबाट आएका ती शब्दहरूको लागि बिली आभारी थिए। उनलाई थाहा थियो कि सुसमाचार प्रचार गर्नुमा उनको सिधा तरिकाबारे धेरैले, केही इसाईहरूले समेत, आलोचना गर्थे। उनले

आफ्ना क्रूसेडहरूको अर्को एउटा शृङ्खलाको लागि योजना बनाउँदै गर्दा उनी निश्चित थिए कि उनले अझै धेरै जनाका खुट्टा कुल्चने छन्। यसको कारण भने उनी एक नयाँ ठाउँमा जाँदै थिए – बलियो इसाई परम्परा भएको देशमा होइन, तर विभिन्न धर्म र संस्कृतिहरू भएका ४० करोडभन्दा बढी मानिसहरू भएको देशमा: भारत।

संयुक्त राज्य अमेरिकामा फर्किसकेपछि सन् १९५५ को अगस्टमा राष्ट्रपति आइजेनहावर र उनकी श्रीमती मामीको साथ पेन्सिलवेनियामा रहेको उनीहरूको फार्ममा बिलीले एक दिन बिताए। ड्वाइट र मामी सप्ताहान्तलाई वासिङटनबाट फार्ममा आएर बिताउन मन पराउँथे। बिली राष्ट्रपतिसँग उनीहरूको सेतो फार्म घरमा दिवा भोज लिए, र उनको साथ इसाई विश्वासको बारेमा अझ बढी कुरा गर्ने मौका पाए। त्यसपछि तिनीहरू माथिल्लो कोठामा गए, जहाँ बिलीले मामीको लागि प्रार्थना गरे, जो बिसन्चो थिइन्। ड्वाइटले त्यसपछि बिलीलाई गेट्टिसवर्ग युद्ध मैदानलाई भ्रमण गर्न चाहन्छन् कि भनी सोधे।

बिलीले जवाफ दिए, “हो, मेरा दुवै जना बाजेहरू त्यहाँ युद्धमा लडेका थिए।”

राष्ट्रपतिले सोधे, “उनीहरू कुन समूहमा थिए भनी तपाईंलाई थाहा छ – उत्तर कि दक्षिण क्यारोलाइना?”

जब बिलीले उनी त्यस कुरामा पक्का थिएनन् भनी बताए, राष्ट्रपति आइजेनहावरले त्यो पत्ता लगाउनको लागि उनलाई आफ्नो अभिभावकलाई फोन गर्न लगाए।

युद्ध मैदानमा सुरक्षा बलका सदस्यहरू अर्को एउटा गाडीमा उहाँहरूलाई पछ्याइरहेका हुँदा राष्ट्रपतिले बिलीलाई गल्फ मैदानमा प्रयोग गर्ने एउटा सानो गाडीमा राखेर घुमाए। उनीहरू घुम्दै गर्दा राष्ट्रपति आइजेनहावरले युद्ध मैदानमा के भएको थियो भनी उनलाई बताए। बिली युद्ध र अन्य जनयुद्ध

बारेको उनको ज्ञान देखेर चकित भए। बिली र राष्ट्रपति युद्ध मैदानमा बिलीको हजुरबा बेन कफेले पिक्केटस चार्ज आक्रमणको क्रममा लडेको हुन सक्ने भागमा पनि घुम्न गए।

फार्ममा फर्केर आएपछि बिली र राष्ट्रपति आगो ताप्ने ठाउँको सामु बसे, र अझै केही बातचित गरे। राष्ट्रपति आइजेनहावरले विशेष गरी स्वर्गको बारेमा जान्न चाहेका थिए। बिलीले आफ्नो नयाँ करारलाई निकालेर त्यस सम्बन्धित धेरै वचनहरू बुझाए। आइजेनहावरको साथ बिलीले फार्ममा एउटा असल दिन बिताएपछि राष्ट्रपतिले उनलाई निजी विमानमार्फत नर्थ क्यारोलाइनाको शार्लटसम्म पुऱ्याउन व्यवस्थापन गरे, जहाँ तिनी त्यस बेलुकी प्रचार गर्नु परेको थियो।

सन् १९५६ जनवरी महिनाको मध्य भागमा बिली र एउटा सानो टोलीले मुम्बई, चेन्नै, कोटयम, पालयमकोट्टै, नयाँ दिल्ली र कलकत्तामा क्रूसेडहरू गर्न भारततिर यात्रा सुरु गरे। यी सहरहरू यसकारणले छानिए कि ती सहरहरूमा स्थानीय इसाई समुदायहरू थिए, जो क्रूसेडमा सघाउँछन् र पछि नयाँ उद्धार पाउनेहरूलाई आफ्नो मण्डलीमा स्वागत गर्छन्। बिलीसँग यात्रा गर्ने व्यक्तिचाहिँ जर्ज बर्न्हम, जो चाटनुगाबाटको एउटा पूर्व पत्रकार थिए। जर्ज रक्सीको बन्धनबाट छुटकारा पाइरहेका थिए, जो इसाई भइसकेका थिए। भारतको भ्रमणको बारेमा उनले लेख्ने योजना बनाएका लेखहरूलाई छाप्न ६०० वटा पत्रिकाहरू उनीसँग सम्झौता गरेका थिए।

भारततिर विमान उड्दै गर्दा त्यो भूमिका मानिसहरूलाई आफूले के भन्न सक्छु भन्ने कुराको बारेमा बिलीले सोचिरहेका थिए। बिली सुनेका थिए कि धेरै भारतीहरूले इसाइत्वलाई एउटा गोरो मानिसको धर्म भनी मान्थे र त्यसलाई बुझ्न समय दिएका थिएनन्। अचानक मिश्र देशको माथितिर कतै उड्दा उनलाई जवाफ आयो। येशू मध्यपूर्वमा जन्मिनुभएको थियो, जहाँ एसिया, अफ्रिका र युरोप एक आपसमा जोडिन्छन्। उहाँ गोरो मानिस हुनुहुन्न थियो र पहिलो मिसनरीहरू – प्रेरितहरू – पूर्वका मानिसहरू थिए। वास्तवमा परम्पराअनुसार येशूको चेला थोमा सन् ५२ मा दक्षिण भारतमा

आउनुभएको थियो र मण्डलीहरू स्थापना गर्नुभएको थियो। यसरी इसाइत्वको जरा भारतमा पुरानो र गहिरो थियो। परमेश्वर गोरो मानिसको परमेश्वर हुनुहुन्न थियो र इसाइत्व एउटा पश्चिमेली धर्म होइन। परमेश्वर सबै जातिको र सबै सम्प्रदायको र हरेकलाई प्रेम गर्नुभएको थियो।

पहिलो ठाउँको रूपमा मुम्बईमा रोकिनु बिलीको लागि आँखा खोल्ने कुराको रूपमा थियो। जब टोली त्यहाँ आइपुग्यो, गल्लीहरूमा दङ्गा मच्चिरहेको थियो र स्थानीय इसाई अगुवाहरूले बिलीलाई चेतावनी दिए कि साजा सभाहरू चलाउनु अति खतरनाक हुन्छ। बिली समयलाई स्थानीय पास्टरहरूलाई भेट्दै प्रार्थना गर्दै मुम्बईको गल्लीहरूमा हिँड्नुमा बिताए। संयुक्त राज्य छोड्नुभन्दा अगि नै उनलाई बताएको भए तापनि घोर दरिद्रतालाई देखेर उनी चकित भए। सुरुमा उनले गल्लीहरूमा उनलाई भिख माग्नेहरूलाई केही पैसा दिनुपर्छ भनी महसुस गरे। जब केही पैसा पाउने आशामा एक अर्कासँग कराउँदै झगडा गर्दै गरिरहेको एउटा भिडले बिलीलाई घेर्‍यो, उनको त्यो विचार चाँडै बद्ल्यो।

भारतको दक्षिण तटमा मुम्बईबाट ६०० माइल टाढा रहेको चेन्नैमा परिस्थिति धेरै फरक थियो। चेन्नैमा सयौँ माइल टाढाबाट बिलीको प्रचार सुन्न चालिस हजार मानिसहरूको भिड जम्मा भयो। क्रूसेडको सन्देश र भजनहरू त्यो भूभागमा बोलिने तमिल र तेलुहु भाषामा अनुवाद गरिए। त्यसपछि कार्यक्रम कोटयम र पालयमकोट्टैमा भयो।

जब उनी पालयमकोट्टैमा थिए, बिली एउटा छोटो यात्रा गरेर डोनाउरसम्म पुगेर आए, जहाँ आयरल्यान्डको मिसनरी एमी कारमाइकलद्वारा स्थापना गरिएको सङ्गति सञ्चालन भइरहेको थियो। बिली र रूथ केही वर्षहरू अगिदेखि नै एमीले लेख्नुभएका किताबहरू पढेर आनन्द मानिरहेका थिए र दक्षिण भारतमा उनको कामको लागि प्रार्थना गरिरहेका थिए। बिली त्यो अनाथ आश्रमलाई हेर्न अति उत्सुक थिए, जहाँ एमीले भारतको बालिकाहरूको पालनपोषण गर्नुभएको थियो।

एमी ५ वर्ष अगि बितिसक्नुभएको थियो, तर डोनाउरको सङ्गति अझ बलियो रूपमा अगाडि बढिरहेकै थियो। बिलीलाई त्यो ठाउँमा घुमाएर देखाउँदा उनी गहिरो रूपमा प्रभावित भए। जब एमी कारमाइकल बितेको कोठामा उनलाई प्रार्थना गर्न अनुरोध गरियो, बिलीका आँखाहरू आँसुले भरिए, र उनले आफ्नो प्रार्थनालाई अन्त गर्न सकेनन्।

दक्षिण भारतको पालयमकोट्टैबाट बिली उत्तरतर्फ भारतको राजधानी नयाँ दिल्लीतिर लागे। नयाँ दिल्लीमा रहँदा बिली र भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू बीच भेटघाटको व्यवस्था गरियो। नेहरू एक बुद्धिमान् व्यक्ति थिए, जसले बेलायतमा रहेको क्याम्ब्रिज विश्वविद्यालयको ट्रिनिटी कलेजमा अध्ययन गरेका थिए। उहाँले सन् १९४७ को अगस्ट महिनामा देश बेलायतबाट स्वतन्त्र भएको बेलादेखि प्रधानमन्त्रीको रूपमा काम गर्दै आएका थिए।

सुरुमा भेटले बिलीको लागि अप्ठ्यारो परिस्थिति सिर्जना गऱ्यो। प्रधानमन्त्री केही बोलेनन्, र बिली बोल्न प्रतिक्षा गरे। केही समयपछि भेट गर्न सहमत हुनुभएकोमा बिलीले नेहरूलाई धन्यवाद दिए र अहिलेसम्म आफ्नो भारत भ्रमणको बारे सङ्क्षिप्त रूपमा बताए। अझै पनि प्रधानमन्त्रीले केही बोलेनन्। बिलीले अर्को एउटा तरिका अपनाए। उनले नेहरूलाई आफ्नो लागि ख्रीष्ट को हुनुहुन्छ र येशूले उनको जीवनलाई कसरी बदल्नुभयो भनी बताए। यतिखेर प्रधानमन्त्रीको मनोभाव बद्ल्यो। उनको मुहार उज्यालो भयो, र उनले बिलीलाई उनको विश्वासको बारेमा प्रश्नमाथि प्रश्न सोधे। ती प्रश्नहरूबाट बिलीले थाहा पाउन सके कि इसाई विश्वासको बारेमा नेहरूमा एउटा असल ज्ञान थियो। भेट समाप्त हुँदा, नेहरूले भारतमा बिलीले गरिरहेको असल कामको प्रशंसा गरे।

नयाँ दिल्लीमा बिलीले डा. अकबर अब्दुल हगलाई पनि भेटे, र उनको इसाई विश्वासको गहिराइलाई देखेर बिली गहिरो रूपमा प्रभावित भए। डा. अकबर अब्दुल हग भारतमा जन्मेका थिए, र सिकागोको नजिक रहेको नर्थ वेस्टर्न विश्वविद्यालयमा स्नातकोपाधि पाएका थिए। उनी सिद्ध रूपमा

अङ्ग्रेजी बोल्थे, साथै स्थानीय भारतीय भाषाहरू पनि। र बिलीले नयाँ दिल्लीमा हुने क्रूसेडहरूमा आफ्नो अनुवादकको रूपमा काम गर्न उनलाई अनुरोध गरे। नयाँ दिल्लीको क्रूसेडपछि बिलीले डा. अकबर अब्दुल हगलाई आफ्नो क्रूसेड टोलीमा सहायक सुसमाचार प्रचारकको रूपमा समावेश हुन र संयुक्त राज्यमा आफ्नो बसाइँ सार्न अनुरोध गरे।

बिली भारतबाट संयुक्त राज्य फर्किनुभन्दा अगि सुसमाचारिय सभाहरू आयोजना गर्न थाइल्यान्ड, फिलिपिन्स, हङकङ र जापानमा यात्रा गरे। यो यात्राहरूको क्रममा जर्ज बर्नहमले ती प्रचारहरूलाई टिपिराखे, जसलाई घर फर्किसकेपछि किताबको रूपमा बनाउने आफ्नो इच्छा बिलीलाई बताए। बिलीको आठ हप्ताहरूको यात्रामा उनले एसियाको इसाई मण्डलीहरूको बारेमा धेरै ज्ञान पाए, र उनलाई निश्चित रूपमा थाहा थियो, कि उनी फर्केर त्यहाँ आउन र अझै प्रचार गर्न चाहन्छन्।

संयुक्त राज्य फर्किने क्रममा बिलीले आफ्नो ध्यानलाई उनले अगिबाट नै सोचिरहेको अर्को एउटा परियोजना सुरु गर्नुतिर फर्काए। सुसमाचारमा अग्रसर हुने इसाई अगुवाहरूको लागि कुनै पत्रिका छैन भन्ने कुरामा बिली चिन्तित थिए। उनले पास्टरहरू, बाइबल स्कूलका विद्यार्थीहरू र इच्छुक इसाई अगुवाहरू सबैको लागि सबै समाचारहरूलाई समावेश गरिएको साथै सुसमाचारीय ईश्वरशास्त्र र मण्डलीले सामना गर्ने समस्याहरू सम्बन्धित विचारशील र ज्ञानमूलक लेखहरू भएको एउटा पत्रिका प्रकाशन गर्नेबारे सोच्न थाले। उनका ससुराबा डा. नेल्सन बेलले नर्थ क्यारोलाइनामा आफ्नो औषधि उपचारसम्बन्धी अभ्यासमा रहँदा प्रेस्बिटेरियन जोर्नल भन्ने एउटा पत्रिका सुरु गर्न सहायता गर्नुभएको थियो। नयाँ प्रकाशनलाई सुरु गर्न उठाउनु पर्ने कदमहरूको बारेमा उहाँलाई थाहा थियो। उहाँ “ख्रीष्टियानीटी टुडे” भन्ने नाम पाउन गइरहेको पत्रिकाको कार्यकारी निर्देशकको रूपमा काम गर्न बिलीको परियोजनामा सहमति जनाउनुभयो। कर्ल एफ. हेन्ड्रीले, जो विटन उच्च विद्यालयमा स्नातकोपाधि पाउनुभएको थियो, जसलाई पत्रकारिताको अनुभव थियो, प्रबन्धक निर्देशकको रूपमा काम गर्न सहमति जनाउनुभयो।

सन् १९५६ जुलाई ३० तारिख बिलीले थाहा पाए कि राष्ट्रपति आइजेनहावरले एउटा नयाँ कानुनलाई सही गरी लागु गरे। नयाँ कानुनबमोजिम प्रतिबद्धताको शपथमा "परमेश्वरमुनि" भन्ने वाक्यांश थपिन परेको थियो। साथै "परमेश्वरमा हामी भरोसा गर्छौं" भन्ने वाक्यांश, जुनचाहिँ जनयुद्धको बेलादेखि अमेरिकी सिक्काहरूमा राखिएको थियो, अब देशको औपचारिक आदर्श वचन हुने थियो, र यसैले सबै अमेरिकी नोटहरूमा छापिने थियो। बिली खुशी भए। उनले महसुस गरे कि देशलाई आफ्नो इसाई जराको बारेमा सम्झाउनु असल थियो र एउटा परमेश्वरमाथिको ठुलो भरोसाले देशलाई बलियो बनाउन मदत गर्नेछ। यद्यपि उनले महसुस गरे कि नयाँ आदर्श वचनले मात्र देशले भिड्दै गरेका समस्याहरूलाई समाधान गर्न सक्दैन। यी समस्याहरूलाई समाधान गर्न धेरै मानिसहरूको पक्षबाट हृदय परिवर्तनको आवश्यकता हुनेछ।

सन् १९५६ अक्टोबर १५ तारिख बिली केनटुकीमा एउटा क्रूसेडमा प्रचार गरिरहँदा उनले ख्रीष्टियानीटी टुडेको पहिलो प्रकाशन पाए। उनी पत्रिका र त्यसमा भएका कुराहरू देखेर हर्षित भए। उनले पहिलो संस्करणको लागि "सुसमाचारमा धर्मशास्त्रीय अख्तियार" भन्ने शीर्षक भएको एउटा लेख लेखिएका थिए। पानाहरू पल्टाउँदै गर्दा त्यो सुसमाचारीय समुदायको बिचमा विशाल रूपमा स्वीकृति पाउनेछ र इसाईहरूलाई विशेष गरी पास्टरहरूलाई आफ्नो विश्वासलाई निडरता साथ घोषणा गर्न उत्साह दिनेछ भनी आशा गरे।

www.bgmission.com

# अध्याय - १२
# न्यू योर्क

बिलीले बीस हजार जना न्यू योर्कका बासिन्दाहरूलाई हेर्दै भने, “हामी कुनै प्रदर्शन अथवा मनोरञ्जन देखाउन यहाँ छैनौँ। हामी विश्वास गर्छौं कि यस रात यहाँ धेरै जना मानिसहरू छन्, जसको हृदय भोकाएको छ। तपाईंको जीवनभरि तपाईंले शान्ति, आनन्द, खुशी र क्षमा खोज्दै हुनुहुन्थ्यो। सन् १९५७ मे १५ को यस रात तपाईं म्याडिसिन स्क्वायर गार्डनबाट जानुभन्दा अगि म तपाईंलाई भन्न चाहन्छु, कि तपाईंले खोजी गरिरहेको सबै थोक ख्रीष्टमा भेट्टाउन सक्नुहुन्छ।”

www.tegmission.com

यो लामो समयदेखि पर्खिएको न्यू योर्क सिटी क्रूसेडको पहिलो रात थियो। र पत्रपत्रिकाहरूको ध्यान सुरुदेखि नै बलियो थियो। बिलीले बोलेको हरेक शब्दलाई टिप्न तीन सय जना पत्रकारहरू, तस्बिर खिच्नेहरू र क्यामेरा चलाउने व्यक्तिहरू उपस्थित भएका थिए। टाइम्स स्क्वायरमा उनले किनेको हट डगदेखि बोबरी सडकमा स्त्री र पुरुषहरूसँग बिलीले व्यक्तिगत रूपमा सुसमाचार सुनाउनेसम्म सबै कुराको तस्बिर खिच्दै उनीहरूले तिनलाई सहरभरि नै पछ्याए।

सुरु हुनु अगाडि नै न्यू योर्क सिटी क्रूसेड बिलीको लागि महँगो साबित भयो। योजना बनाउने क्रममा बिलीले थाहा पाए कि सहरको ८० लाख जनसङ्ख्यामा आधाजतिले कुनै पनि धर्ममा विश्वास गर्दैनथे; २७% क्याथोलिकहरू थिए, १०% यहूदीहरू र ७.५% मात्र प्रोटेस्टेन्टहरू थिए। जब उनले त्यस्तो एउटा विशाल क्रूसेडको आयोजना गर्नको लागि आवश्यक पर्ने पूर्व तयारी र कामको बारेमा सोचे, बिलीले महसुस गरे कि उनलाई सहरका सबै इसाई मण्डलीहरूको – क्याथोलिक र प्रोटेस्टेन्ट, कट्टरवादीहरू र स्वतन्त्र विचार भएकाहरू – सहयोग आवश्यक पर्नेछ।

बिली र उनको टोलीले सहयोग गर्न इच्छुक भएको कुनै पनि समुदायसँग मिलेर काम गर्ने निर्णय गरे। यस निर्णयले बिलीको कट्टर समर्थक धेरैलाई क्रोधित बनायो। अरूले यो मौकालाई सबै चलचित्रहरू – त्यसमा जति इसाइत्व भए तापनि – सैतानको उपकरण हो भनी तर्क गर्दै बि.जी.इ.ए. ले निर्माण गरेर प्रदर्शन गरिरहेका चलचित्रहरूलाई आलोचना गर्न प्रयोग गरे। बिली निरुत्साहित भए, तर त्यस्ता आलोचनाहरूको सामु झुक्नुभएन। बिलीले आफूलाई आलोचना गर्नेहरूलाई भने, "यदि मेरो सन्देशमा कुनै सर्त जोडिएको छैन भने म ख्रीष्टको सुसमाचार प्रचार गर्न जहाँ पनि जान, जसबाट पनि सहयोग पाउन तयार छु।"

न्यू योर्कको कार्य तालिका कष्टकर थियो। बिलीले एक हप्तामा छ रातहरू प्रचार गरे, र देशको सबै प्रख्यात टेलिभिजन र रेडियो कार्यक्रमहरूमा देखिन थाले। उनको टोलीको अरू सदस्यहरू पनि प्रचार गर्नु र सहरका मण्डलीहरूमा भ्रमण गर्नुमा व्यस्त थिए। तीमध्ये होवर्ड जोन्स भने एउटा कालो जातिको पास्टर पनि थिए, जसलाई बि.जी.इ.ए. टोलीमा सहायक सुसमाचार प्रचारकको रूपमा सेवा गर्न बिलीले भर्ती गरेका थिए। होवर्ड अर्को एक जना कालो जातिका पास्टर रल्फ बेलसित जोडिए, जसको पुर्खाहरू एक सय पचास वर्ष अगि दासत्वबाट उम्किन क्यानडातिर पलायन भएका थिए। जति सक्दो बढी मानिसहरूलाई सुसमाचार घोषणा गर्न सहयोग गर्न सक्ने जससित पनि बिलीले भेट गरे। उनी डा. मार्टिन लुथर किङ्ग जुनियरलाई एउटा क्रूसेडमा सुरुको प्रार्थना गर्न, र सप्ताहान्तलाई उनी र उनको सुसमाचारीय टोलीसँग बिताउन निम्त्याए। केही हप्ताहरूपछि बिलीले डा. किङ्गबाट एउटा पत्र प्राप्त गरे।

*"प्रिय डा. ग्राहम,*

*धेरै हप्ताहरू अगिदेखि तपाईँलाई पत्र लेख्ने विचार गरिरहेको थिएँ, तर अति नै व्यस्त तालिका बाधाको रूपमा भयो। तपाईँसितको मेरो न्यू योर्कको भ्रमणमा तपाईं र तपाईँको टोलीका सदस्यहरूले मप्रति गरेको ठूलो अतिथि सत्कारप्रति म गहिरो आभार व्यक्त गर्न चाहन्छु। हामीले साथमा बिताएका समयहरूलाई म लामो समयसम्म सम्झिने छु। हामी*

www.togmission.com

*एक अर्कासित बिताएको बातचितको समय मेरो जीवनमा एउटा उच्च घटनाको समयको रूपमा रहनेछ । मेडिसिन्स स्क्वायर गार्डेनमा तपाईँसित मञ्चमा हुन पाउनु र त्यस्ता एउटा अर्थपूर्ण ख्रीष्टिय आराधना सङ्गतिको भागी हुन पाउनु पनि एउटा महान् इसाई अनुभव थियो....*

*जातीय कुराहरूमा तपाईँले लिनुभएको अडानप्रति म गहिरो रूपमा कृतज्ञ छु । तपाईँले साहसका साथ ख्रीष्टका सुसमाचारलाई जातीय प्रश्नको सबै महत्त्वपूर्ण आयामहरूमा प्रभाव पार्ने गरी प्रस्तुत गर्नुभएको छ । म निश्चित छु, कि तपाईँले आफ्नो सबै प्रचारहरूमा निरन्तर जोड दिनुहुनेछ, अमेरिकामा रहेको अरू कुनै पनि प्रचारकभन्दा तपाईँले नै धेरै मानिसहरूको आँखालाई यससम्बन्धी कुरामा खोल्न सक्नुहुन्छ। तपाईँको विशाल लोकप्रियता, व्यापक प्रभाव र शक्तिशाली सन्देशले मानव अधिकारको क्षेत्रमा हामी देखाउन सक्ने अरू कुनै पनि व्यक्तिभन्दा तपाईँलाई एउटा ठूलो अवसर प्रदान गरेको छ । यस क्षेत्रमा तपाईँको सन्देश अझ वजनदार छ, किनभने तपाईँ एउटा दक्षिणी क्षेत्रको व्यक्ति हुनुहुन्छ । तपाईँले नर्थ क्यारोलाइनाको शार्लटमा जातीय विभाजनविनाको क्रूसेड आयोजना गर्नुहुनेछ भन्ने कुरा थाहा पाउँदा म अति आनन्दित छु । यो साँच्ची नै एउटा ठुलो कदम हो । म आशा गर्छु, तल्लो दक्षिणी भागहरूमा रहेको कट्टर प्रान्तहरूमा, यद्यपि त्यो तपाईँको अन्य प्रायः क्रूसेडहरू जतिकै विशाल नभए पनि, एउटा सुसमाचारीय क्रूसेडको आयोजना गर्नको लागि तपाईँलाई मार्ग खुला हुनेछ। त्यस्ता एउटा क्रूसेडको प्रभाव अमापनीय हुनेछ ।*

*हाम्रो देशले जातीय कुराहरूमा सामना गरिरहेको आन्तरिक समस्याहरूलाई समाधान गर्न अझै एउटा लामो यात्रा हाम्रो अगि भए तापनि मलाई भविष्यमा अझै विश्वास छ । हामी अन्यायको उजाड र सुनसान मध्यरातबाट बिस्तारै स्वतन्त्रता र न्यायको उज्यालो र चम्किलो बिहानमा उन्मुक्त हुँदै छौँ । यो सत्य रहन्छ, किनकि परमेश्वर आफ्नो ब्रह्माण्डमा सधैँ सक्रिय रहनु हुन्छ । म पहिलेभन्दा धेरै दृढ छु, कि परमेश्वर जीवित हुनुहुन्छ । उहाँको विरोधमा उभिने ती मानिसहरू एउटा दयालाग्दो स्थान र अगिबाट नै घोषणा गरिएको अल्पमतमा खडा छन्; उहाँको साथमा खडा भएकाहरू संसारको उज्यालो भविष्यका दिनहरूको चमकमा खडा छन् ।"*

डा. किङ्गको क्रूसेडको सहभागिता र संयुक्त अमेरिकामा कालो जातिका

मानिसहरू उचित स्थान पाउनको लागि भइरहेको उनको सङ्घर्ष देखेर बिली उत्साहित भए।

न्यू योर्कको क्रूसेडले निरन्तरता पाउँदै गर्दा सहभागी हुने भिडको २०% काला मानिसहरू थिए। त्यस्ता एक जना मानिसचाहिँ गायिका इतेल वाटेर्स थिइन्। इतेलको बाल्यकाल र जीवन कठिनाइपूर्ण थियो, तर उनी आफूलाई ख्रीष्टमा पुनः समर्पण गर्ने बिलीको निम्तोलाई स्वीकार गरिन्। उनको पुनः समर्पणतापछि उनी बिलीको प्रचार सुन्न धेरै वटा सभाहरूमा सहभागी भइन्। कोही बेला उनको प्रभावशाली एकल गीतहरूलाई भिडको सामु गाउन सहमत पनि भइन्।

क्रूसेडमा सहभागी हुने भिडको सङ्ख्या हरेक हप्ता त्यो ठाउँ पूर्ण क्षमतामा भरुन्जेल बढ्दै गयो। मेडिसिन्स स्क्वायर गार्डेनमा छिर्न नसक्ने आठ हजार अथवा त्योभन्दा बढी मानिसहरूको भिड सडकमा उभिरहनु असामान्य थिएन। बाहिर एउटा सानो मञ्च बनायो, जहाँबाट बिलीले क्रूसेड सभामा भित्र प्रवेश गर्न नसक्नेहरूको लागि छोटो प्रवचनहरू दिन सकोस् ।

न्यू योर्क सिटी क्रूसेड सुरुमा सन् १९५७ जुन ३० तारिख अन्त हुने गरी तालिका बनाएको थियो, तर भिड निरन्तर आइरह्यो। बिली र उनको टोलीले त्यसलाई लम्ब्याउने निर्णय गरे। अन्तिम सभा जुलाई २० तारिख यान्की रङ्गशालामा आयोजित थियो। एक लाख मानिसहरूले रङ्गशालालाई भरे, र अर्को भित्र छिर्न नसक्ने बीस हजार मानिसहरूको भिड बाहिर उभिरहेको थियो। रङ्गशालाको बाहिर तापक्रम पोल्ने गरी ३५ डिग्री थियो। भित्र मञ्चमा प्रचण्ड गर्मी थियो, तापक्रम ४० डिग्री थियो। र मञ्चमा बिलीको साथमा बस्नुचाहिँ उपराष्ट्रपति रिचर्ड निक्सन थिए, जसले भिडलाई सम्बोधन गरे र राष्ट्रपति आइजेनहावरबाट अभिवादन ल्याएका थिए। उच्च महत्त्व भएको एउटा राजनीति नेता बिलीको क्रूसेड सभामा सहभागी हुनु त्यही नै पहिलोपल्ट थियो। त्यो सभा एक किनारदेखि अर्को किनारसम्म संयुक्त राज्यभरि टेलिभिजनमा प्रसारण भएको थियो।

www.fogmission.com

सभामा अन्तिमतिर क्रूसेड टोलीको केही सदस्यहरूले अर्को एकपल्ट सभालाई लम्ब्याउन पर्छ कि भनी सोच्न थाले। धेरै प्रार्थना र बातचितपछि क्रूसेड अझ लम्ब्याइन्छ भनी बिलीले घोषणा गरे। फेरि उहाँहरू मेडिसिन्स स्क्वायर गार्डेनमा फर्के र फेरि हरेक रात सभाहरू भिडले भऱ्यो।

न्यू योर्क क्रूसेड सिटीको अन्तिम सभा सन् १९५७ सेप्टेम्बर १ तारिख टाइम्स स्क्वायर्समा आयोजना भयो। प्रहरीले आसपासका सडकहरूलाई बन्द गरे, र बिली ग्राहमको सबैभन्दा लामो क्रूसेडको अन्तको उत्सव मनाउनलाई ७५ हजारभन्दा बढी मानिसहरू भेला भएका थिए। १६ हप्ताहरूमा बीस लाखभन्दा बढी मानिसहरू सभाहरूमा सहभागी भए। ९ करोड साठी लाख मानिसहरूले सभालाई टेलिभिजनमार्फत हेरे। बिली ग्राहम अमेरिकामा अहिले चलचित्र नायकहरू जतिकै प्रख्यात र सजिलो चिनिने भए।

जब बिलीले न्यू योर्क क्षेत्रमा आफ्नो प्रचार अन्त गरे, अर्कान्सेसको लिट्टिल रकमा एउटा समस्या सुरु हुँदै थियो। ब्राउन वर्सेस बोर्ड अफ एजुकेसनको मुद्दामा सर्वोच्च अदालतको फैसलालाई पालन गर्न लिट्टिल रक जिल्लामा भएको विद्यालयहरू सबैलाई सन् १९५७ को शैक्षिक वर्षको सुरुवातमा एकीकृत गर्ने निर्णय गरिएको थियो। परिणामस्वरूप ९ जना काला जातिका विद्यार्थीहरूलाई लिट्टिल रकमा भएको गोरा जातिको लागि मात्र रहेको सेन्ट्रल हाई विद्यालयमा भर्ना गरियो। केही अलग्गाउने कुराको पक्षमा रहेका समुदायहरूले सेन्ट्रल हाई विद्यालयको अगाडि आन्दोलन गर्ने र काला विद्यार्थीहरूलाई भित्र जान नदिने धम्की दिइरहेका थिए। अर्कान्सेसको राज्यपाल आरबल फ्याबस अलग्गाउने समुदायहरूको पक्ष लिए। विद्यालयको पहिलो दिन सन् १९५७ सेप्टेम्बर ४ तारिख राज्यपालले अर्कान्सेस सुरक्षा बललाई काला विद्यार्थीहरूलाई रोक्नको निम्ति खटाए। लिट्टिल रकको परिस्थिति राष्ट्रिय पत्रिकाहरूको शीर्षक बन्यो। बिलीले यसको बारेमा न्यू योर्क टाइम्समा पढे।

लिट्टिल रक जिल्लाको विद्यालय प्रशासनले राज्यपालको कामलाई निन्दा गऱ्यो, र राज्यपालसँग छलफल गर्न र देशलाई चाँडै दुई भाग गर्न

सक्ने परिस्थितिलाई शान्त गराउन राष्ट्रपति आइजेनहावरले हस्तक्षेप गरे। आर्वल फ्यावस आफ्नो निर्णयमा अडिग बसे, र राष्ट्रपतिले समस्यालाई समाधान गर्न अरू कुनै तरिकाहरू खोजे।

न्यू योर्क सिटीमा रहँदा एक दिन बिलीलाई राष्ट्रपति आइजेनहावरले फोनमार्फत सम्पर्क गरे। सेन्ट्रल हाइस्कुललाई एकीकृत पार्न र कानुनलाई लागू गर्न आफूले सङ्घीय सेना पठाउनुबारे सोचिरहेको कुरा राष्ट्रपतिले बताए। एउटा आत्मिक सल्लाहकार र एउटा साथीको रूपमा उनी बिलीको सल्लाह मागे।

बिलीले भने, "साँच्चै नै श्रीमान् राष्ट्रपति, मलाई लाग्छ, तपाईंको लागि सेनालाई पठाउनु बाहेक अरू विकल्प छैन। लिट्टिल रकको पक्षपातको अन्त हुनुपर्छ र कानुनको पालना हुनै पर्छ।"

ड्वाइट आइजेनहावरले बिलीलाई सल्लाहको लागि धन्यवाद दिए। आधा घण्टापछि उपराष्ट्रपति रिचर्ड निक्सनले पनि लिट्टिल रकमा के गरिनुपर्छ भन्ने कुरामा उनको धारणा खोज्दै बिलीलाई फोन गरे। बिलीले राष्ट्रपतिलाई दिएको त्यही सल्लाह दोहोऱ्याए।

निश्चित भइसकेपछि राष्ट्रपति आइजेनहावरले सेप्टेम्बर २४ तारिख लिट्टिल रकमा विद्यालयहरूलाई एकीकृत पार्ने कुरालाई लागु गर्न र सेन्ट्रल हाइस्कुलमा भर्ना गरिएको ९ जना काला विद्यार्थीहरूलाई सुरक्षा दिन सङ्घीय सुरक्षा बललाई पठाए। उनले साथै अब उप्रान्त गभर्नरको नियन्त्रणमा नहुने गरी अर्कान्सेसको रक्षा बललाई सङ्घीय बनाए।

न्यू योर्कमा उनको समय समप्त भएपछि बिली घरतिर मानट्रिटमा गए। रूथले परिवारको लागि व्यवस्थित बनाएको पहाडको विश्राम स्थल पाउनुमा उनी कहिल्यै यति खुशी थिएनन्। बिली आराम गर्न पाए, जङ्गलमा हिँड्न पाए, प्रार्थना गर्न र उनको शारीरिक र मानसिक बललाई पुनर्स्थापन गर्न पाए।

बिलीलाई क्रूसेडहरूको आयोजना गर्नको लागि निमन्त्रणाहरू ओइरिए।

बिली र बि.जी.इ.ए. टोलीले सन् १९५८ को लागि करिबियन, कलिफोर्निया, टेक्सस र नर्थ क्यारोलाइनामा क्रूसेडहरू आयोजना गर्ने योजना बनाए। बिलीको लागि त्यो एउटा व्यस्त वर्ष थियो, विशेष गरी सन् १९५८ मे महिनामा रूथले अर्को एउटा छोरो जन्माएकाले, एउटा दोस्रो छोरो, जसको नाम रूथको बुवाको नामबाट नेल्सन राखे। नेल्सन ग्राहमले चाँडै नै आफ्ना तीन जना दिदीहरू र एउटा दाजुबाट नेड भन्ने उपनाम कमाए।

सन् १९५९ मा बिली ग्राहम एभाञ्जलिस्टिक एसोसिएसनले अर्को एउटा वैदेशिक क्रूसेडको योजना बनायो, यो धेरै टाढा अस्ट्रेलिया र न्युज ल्यान्डमा थियो। योजना एउटा नयाँ तहको दक्षता र नापमा पुग्यो। दुवै देशहरूमा हजारौँ प्रार्थना सभाहरूको आयोजना भयो। अस्ट्रेलियाको सिड्नीमा मात्रै त्यस्ता पाँच हजार सभाहरू आयोजित भए। सबै प्रकारका समूहहरू आदिवासी स्त्री समूहदेखि अस्पतालका शल्यक्रिया चिकित्सकहरूसम्म प्रार्थना गर्न र क्रूसेडमा सहभागी हुन अरूलाई उत्साह दिन सबै एक भए। न्यु योर्क सिटीको क्रूसेड जसरी नै अस्ट्रेलियाको क्रूसेड पनि एउटा ठुलो सफल क्रूसेड भयो। मण्डलीहरू मानिसहरूलाई सभामा ल्याउन र त्यस पश्चात् मण्डलीमा सदस्य बन्न निम्तो दिन एकीकृत हुँदा रङ्गशालामा कुर्सीहरू र हलहरू भरिए।

टोलीले प्रवचन दिने यति बढी अनुरोधहरू अस्ट्रेलिया र न्युज ल्यान्डमा पाए कि तिनीहरूले बि.जी.इ.ए. को सहायक प्रचारकहरूलाई ती ठाउँहरूमा बोल्न लगाए। ग्र्याडी विल्सन, लेन्टन फोर्ड (जसले बिलीकी बहिनी जिनसँग विवाह गरेका थिए) अथवा बेलायती जो ब्लिन्कोले धेरै सहरहरू यात्रा गरेर एउटा शृङ्खलाबद्ध सभाहरू चलाउने गर्थे। यी सभाहरूको अन्तिम रात बिली त्यो सहरमा आउँथे र प्रचार गर्थे। सहायक सुसमाचार प्रचारकहरूले यी दुवै देशहरूलाई सुसमाचारले ढाक्ने गरी विद्यालयहरू, कारागारहरू, जहाज मर्मत गर्ने स्थलहरू र कारखानाहरूमा प्रचार गरे। अस्ट्रेलियाको क्रूसेड अन्त हुने समयमा समाचारपत्रहरूले अनुमान गरे कि पाँच जनामध्ये एक जना न्युजिल्यान्डको बासिन्दा एउटा क्रूसेड सभामा सहभागी भएका थिए र अझ बढी मानिसहरू बिलीको प्रचारलाई रेडियोमार्फत सुने।



**सिड्नीको क्रूसेड - सन् १९५९, अप्रिल १२**

बिली संयुक्त राज्य युरोप हुँदै फर्किए, जहाँ प्यारिसमा तिनी रूथसँग पुनः मिले। दम्पती लन्डनतिर यात्रा गरे, र रानी एलिशबेत दोस्रोलाई बक्किङ्हम दरबारमा भेटे। चार वर्ष अगाडि विन्डसर महलमा प्रचार गर्न आएको बेलादेखि बिलीको क्रूसेडहरूमा रानीले चासो राख्नुभएको थियो। बिलीले न्युजिल्यान्ड र अस्ट्रेलियामा उनका सभाहरू कस्तो भयो भन्ने एउटा पूर्ण विवरण दिए, जहाँको लागि पनि उहाँ नै रानी हुनुहुन्थ्यो।

न्युजिल्यान्ड र अस्ट्रेलिया पछिको बिलीको परियोजना अफ्रिका थियो। उनले अफ्रिका महादेशमा भ्रमण गर्न एघार वटा राष्ट्रहरूलाई चुने: लाइबेलिया, घाना, नाइजेरिया, कङ्गो, उत्तर र पश्चिम रोडेसिया (अहिलेको जाम्बिया र जिम्बाबे), केनिया, टन्गान्यीका (अहिलेको तान्जनिया), रुआन्डा - उरुन्डी (अहिलेको रुवान्डा र बुरुन्डी), इथियोपिया र इजिप्ट। धेरै मानिसहरूले उनलाई दक्षिण अफ्रिका आउनको लागि निम्तो दिए तापनि बिलीले त्यहाँ जान मनाही गरे। देशको रङ्गभेद कानुनअनुसार काला र गोरा मानिसहरूलाई सँगै राखेर सभा चलाउनु गैर कानुनी थियो।

जब उनी अफ्रिकामा आए, बिली स्वयम्ले त्यो महादेशमा भइरहेको आर्थिक, सामाजिक र राजनीतिक विप्लवहरूलाई देखे। औपनिवेशिक थिचोमिचो अफ्रिकामा अन्त हुँदै थियो, र कतिपय पूर्व उपनिवेशहरू स्वतन्त्रता पाइसकेका थिए, अथवा पाउन लागेका थिए। अफ्रिकाले भविष्यलाई हेरिरहेको हुँदा एउटा राष्ट्र भक्तिको आत्मा प्रशस्त देखिन्थ्यो, र एउटा नयाँ जवान पुस्ताका नेताहरूको पुस्ता उठ्दै थियो। तर औपनिवेशिक शासकहरू निस्किँदै गर्दा त्यसले केही राष्ट्रहरूमा सामाजिक उथलपुथलहरू ल्यायो, विशेष गरी जब मानिसहरू आर्थिक अवसरहरू खोजेर ग्रामीण क्षेत्रहरूबाट सहरहरूतिर आउन थाले। बिली एउटा मानव विज्ञानको विद्यार्थीको रूपमा त्यहाँ भइरहेका परिवर्तनहरूमा मोहित भए। यद्यपि उनलाई यो पनि थाहा थियो, कि यी स्वतन्त्रता पाएका नयाँ राष्ट्रहरू विभिन्न दिशाहरूमा जान सकिन्छन्। कम्युनिजम, इस्लाम, आत्मवाद र इसाइत्वले अफ्रिकी जनताको हृदय र मनको लागि प्रतिस्पर्धा गरिरहेका थिए। उनको पक्षबाट बिली अफ्रिकामा इसाइत्व र ख्रीष्टको इच्छालाई प्रवर्धन गर्न आफूले गर्न सक्ने सबै गर्न त्यहाँ आएका थिए।

बिलीले अफ्रिकामा पाएको स्वागत देश देशअनुसार फरक थियो। उनको पहिलो ठाउँको रूपमा रहेको लाइबेरियामा उनलाई सरकारको उच्च अतिथिको रूपमा सम्मान गरियो। उपराष्ट्रपति डा. टोल्बेर्टले बिलीको साथ उनको सबै सभामा जाँदै उनलाई खुला रूपमा प्रचार गर्न र मानिसहरूको आत्मालाई ताजा तुल्याउन उत्साह दिए। उनको त्यसपछिको राष्ट्र घानामा

बिलीले पूरै भिन्नै एउटा स्वागत पाए। घाना बेलायतबाट स्वतन्त्र भएर तीन वर्ष भएको थियो, र बिली त्यहाँ आएकोमा देशको प्रधानमन्त्री खुशी हुनुहुन्न थियो। सरकार प्रायोजित पत्रिकाको एउटा सम्पादकीय लेखले बिली गोरा मानिसहरूलाई मात्र प्रचार गर्नुपर्छ भनी सुझाव दियो, किनभने तिनीहरू नै "सबैभन्दा खराब खालका उत्पीडकहरू र इतिहासले कहिल्यै अभिलेख गरेका पाखण्डीहरू" हुन्। बिलीले त्यो मूल्याङ्कनमा विवाद गरेनन्, तर उनी हरेक घनानीलाई सुसमाचारको आशाको सन्देश र भातृप्रेमसहित भेट्ने इच्छा गरे। सम्पादकीय लेखको बाबजुद पनि अक्क्रा र कुमासी सहरहरूमा बिलीको प्रचार सुन्न ठूला भिडहरू जम्मा भए। कङ्गो र नाइजेरियामा पनि सुन्न भिडहरू जम्मा भए, जहाँ उनी केही सहरहरू भ्रमण गरे, जसमध्ये उत्तरी नाइजेरियामा रहेको कडुना पनि थियो।

बिली कडुनामा हुँदा एक जना मिसनरीले उनलाई एउटा ल्यान्ड रोवरमा सहरभन्दा बीस माइल बाहिर रहेको एउटा इसाई गाउँमा लगे। नाइजेरियाको यो क्षेत्र मुख्यतः मुस्लिमहरूको क्षेत्र थियो, र त्यो मिसनरीले केही वर्ष अगि त्यो गाउँमा एउटा मण्डली भवन बनाइँदा त्यो गाउँ कसरी धम्कीमा परेको थियो भनी बताए। तलवार बोकेको एउटा समूह गाउँ र त्यहाँका बासिन्दाहरूलाई आक्रमण गर्ने योजनासहित गाउँभित्र पस्यो। गाउँको प्रधान एउटा चार वर्षको इसाई थिए। उनी निडरतासहित आक्रमणकारीहरूको सामु गए र भने, "जवान मानिसहरू, हाम्रा बालीहरू त्यहाँ छन्। यदि तिमीहरूलाई चाह्यौ भने तिमीहरूले त्यसलाई जलाउन सक्छौ। हाम्रा घरहरू उता छ। तिमीहरू त्यसलाई भत्काउन सक्छौ।" आफ्नो घाँटी ती जवान मानिसहरूलाई दिन आफ्नो लुगा फुकाल्दै उनले भने, "यहाँ छ हाम्रा जीवनहरू, यदि आवश्यक पऱ्यो भने तिमीहरूले हामीलाई मार्न सक्छौ। तर तिमीहरूले हाम्रो ख्रीष्टलाई हामीबाट लान सक्दैनौ।" त्यत्तिमै ती आक्रमणकारीहरू जुन गतिमा आए त्यही गतिमा फर्के।

चाँडै त्यो ल्यान्ड रोवर शङ्ख आकार भएको माटोका घरहरू भएको ठाउँमा आइपुग्यो र रोक्यो। गाउँका मानिसहरूले बिलीलाई आफ्नो धुलाम्मे गाउँमा न्यानो स्वागत गरे, र उनलाई सय जना अटाउन सक्ने हाँगाहरूको

छाना भएको र खाँबाहरूले थामिएको छाप्रो देखाए, जुनचाहिँ तिनीहरूले उनको सभाको लागि बनाएका थिए। धेरै समय लाग्नुभन्दा अगि नै छाप्रो स्थानीय मानिसहरूले भरिभराउ हुन थाल्यो। कोही १५ माइल टाढाबाट हिँडेर आएका थिए।

सभा सिद्धिसकेपछि, जब उनी कडुनातिर फर्किंदै थिए, बिली गाउँका शङ्ख आकारका छाप्रोहरूलाई हेर्दै आइरहेका थिए। उनको दृश्यबाट छाप्रोहरू हराउँदा उनका आँखाहरू आँसुले भरिए। बिलीले महसुस गरे कि त्यो गाउँका इसाईहरूले उनले तिनीहरूलाई प्रोत्साहन दिएको भन्दा धेरै गुणा बढी आफ्नो साहस र विश्वासद्वारा तिनलाई प्रोत्साहन दिएका थिए।

बिलीले कडुनामा, जुनचाहिँ नाइजेरियाको मुस्लिम सदरमुकाम थियो, शक्तिशाली सुलतानलाई भेटे। सुलतान अगिबाट नै बिली र उनको सन्देशसँग परिचित थिए। उनले बिलीलाई भने, "तपाईंले के भन्नुहुन्छ भन्ने कुराको केही मतलब छैन। अबको दश वर्षभित्र तपाईंका इसाईहरू समुद्रमा खसालिनेछन्। हामी अफ्रिकालाई जित्न गइरहेका छौँ।"

बिलीले जवाफ दिए, "त्यो परमेश्वरको हातमा छ।"

सुलतानले भने, "हो, तपाईं सही हुनुहुन्छ, त्यो परमेश्वरको हातमा छ।"

बिली आफ्नो अफ्रिकी राष्ट्रहरूको भ्रमणमा अगि बढे, र इथियोपियामा आए, जसको जनसङ्ख्या दुई करोड थियो, जसलाई सम्राट् हेइले सेलसीले शासन गर्थे, जो इथियोपियाको अर्थोडक्स मण्डलीहरूको प्रमुख पनि थिए। प्रोटेस्टेन्ट मण्डलीहरू र मिसनरीहरूलाई देशमा स्वागत गरिँदैन थियो, र प्रायः ठुला सहरहरूमा प्रचार गर्नुबाट निषेध गरिन्थ्यो। हेइले सेलसीले बिली ग्राहमलाई आफ्नो देशमा न्यानो स्वागत गर्छन् भनी कसैले कल्पना गरेनन्, तर उनले गरे। सम्राट्ले बिली ग्राहम र उनको टोलीलाई आफ्नो क्रूसेड सभाहरू चलाउनलाई एड्डिस अबबामा रहेको आफ्नो राजकीय रङ्गशालालाई प्रयोग गर्न दिए। साथै क्रूसेडको बेलामा सबै विद्यालयहरू बन्द गर्ने आदेश

दिए र बच्चाहरूलाई, आफ्ना नातिनातिनाहरूलाई समेत, क्रूसेडमा सहभागी हुन आग्रह गरे।

इथियोपियाको भ्रमणपछि बिली इजिप्टको कायरोमा प्रचार गरे। उनी त्यसपछि जोर्डन र इस्राएलमा आठ दिन भ्रमण गर्नको लागि अम्मान गए। जोर्डनमा उनी देशको शासक राजा हुसेनलाई भेटे र देशभरि रहेको विभिन्न ऐतिहासिक स्थलहरू भ्रमण गरे। इस्राएलमा उनी इस्राएलकी परराष्ट्र मन्त्री गोल्दा मेयरलाई भेटे। उनले श्रीमती मेयरलाई शिष्ट र ज्ञान भएकी भेट्टाए र उनको साथ समय बिताउन पाउँदा उनी खुशी थिए।

बिली सन् १९६० मार्च महिना संयुक्त राज्य फर्के। आफू अफ्रिकामा धेरै कुराहरू देख्न पाउनु र धेरै जना असल मानिसहरूलाई भेट्न पाउनु उनको लागि एउटा विशेष अनुग्रह हो भनी उनलाई थाहा थियो। उनलाई अति चकित पारेको एउटा कुराचाहिँ जीवन अति कठिनाइपूर्ण भएका बेलाहरूमा मानिसको आत्माले कसरी सहन सकेको थियो भन्ने कुरा थियो। उनले आफ्नो घर भएको नर्थ क्यारोलाइनाको शार्लट सहरलाई ताजा आँखाहरूले हेर्दा उनलाई थाहा थियो कि उनी काला मानिसहरूलाई स्वतन्त्रता र समानता ल्याउनको लागि अझ बढी काम गर्नुपर्छ। जातीय भेदभावलाई हटाउन र हरेक नागरिकलाई न्याय र स्वतन्त्रता ल्याउने काम गर्न दुवै जातिका शार्लटका नागरिकहरू समावेश भएको एक सय जनाको एउटा समितिलाई उनले खुसीसाथ अनुमोदन गरे।

सन् १९६० राष्ट्रपति चुनावको वर्ष पनि थियो। ड्वाइट आइजेनहावर राष्ट्रपतिको रूपमा दुई पल्ट काम गरिसक्नुभएको थियो, र अहिले उनको उपराष्ट्रपति रिचर्ड निक्सन नै नोभेम्बर महिनाको चुनावको रिपब्लिकन पार्टीको राष्ट्रपति उम्मेदवार थिए। बिली बितेका वर्षहरूमा निक्सनसँग एउटा घनिष्ठ मित्रता बनाइसकेका थिए। यद्यपि निक्सन म्यासेचुसेट्सको एउटा जवान र प्रतिभाशाली उम्मेदवारलाई सामना गर्नु पर्थ्यो। प्रतिस्पर्धा बलियो थियो, चुनाव कतापट्टि जान्छ भन्ने कुराको बारेमा बिलीलाई केही ज्ञान थिएन।

# अध्याय - १३

# बदलाब

बिली कुर्सीमा बसेर मेचमा भएको खाली पेपरलाई लामो समय हेरिबसे। उनलाई थाहा थियो, यो एउटा संवेदनशील पत्र हो र आफूले ठिक केही महसुस गरिरहेको छु भन्ने कुरालाई ज्याकले थाहा पाएको चाहन्थे। उनले आफ्नो फाउन्टेन कलमलाई टिपे र लेख्न थाले।

*सन् १९६० अगस्ट १०*

*सम्माननीय ज्याक क्यानडी*
*संयुक्त राज्यको माथिल्लो सदन*
*क्यापिटल भवन*
*वासिङ्टन, डिसी*

*प्रिय सांसद,*

*म विश्वास गर्दछु कि तपाईँले यो पत्रलाई अत्यन्त गोपनीयतामा राख्नुहुन्छ। डेमोक्र्याटिक पार्टीमा यो हल्ला फैलिएको छ कि राष्ट्रपति चुनावको अभियानको क्रममा मैले धार्मिक मुद्दा सार्वजनिक रूपमा उठाउन विचार गरेको छु। यो सत्य होइन। वास्तवमा तपाईँले यसलाई स्पष्ट र साहसी रूपमा सामना गरेकोमा म तपाईँलाई प्रशंसा गर्न चाहन्छु ...*

*सम्भवतः म उपराष्ट्रपति निक्सनलाई लामो समयको व्यक्तिगत मित्रताको कारणका साथ अन्य केही कारणहरूले मत दिनेछु। म निश्चित छु कि तपाईँ मेरो परिस्थिति बुझ्न सक्नुहुन्छ। यद्यपि यदि तपाईँ राष्ट्रपतिको रूपमा चुनिनुभयो भने मैले अमेरिकी जनतालाई तपाईँको पक्षमा एकत्र बनाउन आफ्नो शक्तिमा भएको सबै कुरा गर्नेछु। तपाईँ चुनिनुभयो भने तपाईँले मेरो सम्पूर्ण हृदयसहितको बफादारी र सहयोग पाउनुहुनेछ।*

*सबै शुभकामनासहित हार्दिकता साथ*
*बिली ग्राहम*

जब उनले पत्र लेखी सिद्ध्याए, बिली कुर्सीमा बसेर परिस्थितिको बारेमा सोच्न लागे। जोन फिट्जेराल्ड केनडी (जसलाई प्रायः मानिसहरूले ज्याक अथवा जे.एफ.के. भनी चिन्थे) एउटा रोमन क्याथोलिक थिए, र संयुक्त राज्यको राष्ट्रपति पदको लागि लड्ने दोस्रो क्याथोलिक व्यक्ति थिए। पहिलोचाहिँ अल स्मिथ थिए, जो सन् १९२८ को चुनावमा हारे। अल स्मिथ चुनाव हार्नुको कारणमा एक भागचाहिँ अल स्मिथ जितेमा अमेरिकी राजनीतिमा पोपले खेल्न सक्ने भूमिकाको बारे भएको हल्ला थियो। धेरै सच्चा अमेरिकीहरूले विश्वास गरेका थिए, कि यदि अल स्मिथ राष्ट्रपति बने भने पोप संयुक्त राज्यमा बसाइँ सरेर वासिङटन, डिसीमा भएको एउटा किल्लाबाट देशलाई शासन गर्नेछन्। पोप बारेको हल्ला विश्वास नगर्नेहरूले सोचे कि एउटा क्याथोलिक राष्ट्रपति अमेरिकाको लागि सुहाउँदो हुँदैन। अहिले, तीस वर्षपछि ज्याक केनडी राष्ट्रपति पदका लागि मनोनीत भएका छन्।

बिलीले ज्याक केनडीलाई केही कार्यक्रमहरूमा भेटिएका थिए, र उनका सरल मित्रतापूर्ण स्वभावलाई मन पराएका थिए। प्रोटेस्टेन्ट समूहहरू र रिपब्लिकन दलले बिलीलाई उनी क्याथोलिक भन्ने विषयलाई उठाउन दबाब दिइरहेका थिए, जसले रिचर्ड निक्सनलाई चुनाव जित्न सहायता गर्छ। बिलीले निक्सनलाई मन पराए तापनि र उनको धेरै वटा राजनीतिक निर्णयहरूमा सहमत भए तापनि उनले आफ्नो प्रभावलाई ज्याक केनडीको बारेमा अविश्वास फैलाउन प्रयोग गर्न मनाही गरे। सन् १९६० नोभेम्बर ८ तारिख चुनावको दिनमा जोन केनडी संयुक्त राज्यको ३५औँ राष्ट्रपतिको रूपमा निर्वाचित भए। चुनावपछि बिलीले पत्रकार सम्मेलनमा यसो भने, "श्रीमान् केनडी क्याथोलिक भएको कारणले कुनै पनि प्रोटेस्टेन्टले उनलाई विरोध गर्नुपर्छ भनी मलाई लाग्दैन। जनताले उनलाई उनको सक्षमता र गुणको आधारमा न्याय गर्नुपर्छ। हामीले हाम्रो नवनियुक्त राष्ट्रपतिलाई विश्वास गर्नुपर्छ र सहयोग गर्नुपर्छ।"

नोभेम्बर महिनाले बिलीले केही वर्षहरू अगिदेखि विचार गर्दै आएको अर्को एउटा परियोजनाको आरम्भलाई चिह्न लगायो। ख्रीष्टियानीटी टुडे

पत्रिकाको सफलतासँगै बिलीले आफ्नो ध्यानलाई ख्रीष्टियानीटी टुडेले लक्षित गरेका पास्टरहरू र अगुवाहरूभन्दा साधारण इसाईहरूलाई लक्षित गर्ने पत्रिकातिर मोडे। उनले सुसमाचारीय स्वरसहितको भक्तिका सन्देशहरू, उद्धारका घटनाहरू र गवाहीहरू, बाइबल अध्ययन र क्रूसेडका खबरहरू भएको एउटा पत्रिकाको परिकल्पना गरे। क्यालिफोर्नियाको एउटा प्रेस्बिटेरियन पास्टर सेरउड विट, जो पूर्व पत्रकार पनि थिए, पत्रिकाको स्थापक सम्पादक हुन सहमत भए। सुरुमा बिलीले त्यसलाई वल्ड एभाञ्जलीसम भनी नाम दिने निर्णय गरेका थिए, तर पछि उनले त्यसलाई बद्लेर "डेसिसन" भनी राखे। पत्रिकाको पहिलो संस्करण सन् १९६० नोभेम्बर महिना प्रकाशन भयो। झन्डै तीन लाख प्रतिहरू छापिए, र ती सबै चाँडै बिक्री भए। डेसिसम पत्रिकाको बनावट र इसाईहरूको बिचमा त्यसले पाएको स्वीकृति देखेर बिली आनन्दित भए।

बिली आफ्नो लागि तोकेको गति सन् १९६० को दशकमा बढ्यो। विश्वभरिबाट क्रूसेडहरू आयोजना गर्न उनलाई अनुरोधहरू आउन थाले। बिली र उनका सहकर्मीहरूले सन् १९६२ मा दक्षिण अमेरिकामा दुई वटा विस्तारित भ्रमणहरूको योजना बनाए, पहिलोचाहिँ जनवरी र फेब्रुअरी, दोस्रोचाहिँ सेप्टेम्बर र अक्टोबरमा।

दक्षिण अमेरिकाको पहिलो क्रूसेडको भ्रमणमा बिलीले गोरु लडाइँ गर्ने मैदानहरूमा बेसबल रङ्गशालाहरूमा र विद्यालयका मैदानहरूमा भेनेजुएला, कोलम्बिया, इक्वेडर, पेरु, र चिलीमा प्रचार गरे। उनले संयुक्त राज्यमा फर्केर आउने बेलामा पाँच लाखभन्दा बढी मानिसहरूलाई प्रचार गरिसकेका थिए।

संयुक्त राज्यमा आउँदा उनले थाह पाए कि डेसिसम पत्रिका पहिले कहिल्यैभन्दा धेरै प्रख्यात भएको छ। बिली ग्राहम एभाञ्जेलिकल एसोसिएसनका व्यापार प्रबन्धक जर्ज विल्सनले उनलाई खबर दिए कि अहिले पत्रिकाको ग्राहकको सङ्ख्या दश लाखभन्दा बढी भइसकेको छ र हरेक महिना तीव्र गतिमा बढिरहेको छ।



**सन् १९६३ - लस एन्जलस**

दक्षिण अमेरिकाको दोस्रो भ्रमणले बिलीलाई ब्राजिल, पाराग्वे, र उरुग्वे पुऱ्यायो। बिली मेक्सिसको पनि भ्रमण गरे। दक्षिण अमेरिकाको दोस्रो भ्रमणमा जानु अगि बिलीको बुवा फ्र्याङ्कलिन ग्राहम ७४ वर्षको उमेरमा बित्नुभयो। उनले सधैँ नै बिलीलाई आफू उनको बारेमा कति गर्व थिए भन्ने कुरालाई भन्नुहुन्थ्यो र उनलाई उनको विनम्र दूध फार्मको जगलाई सम्झाउनु हुन्थ्यो। बिली बुवाको मृत्युले दुःखित थिए, जबकि उनको बुवाले उनीमाथि पारेको इसाई प्रभावमा आनन्दित थिए। शार्लटबाट विश्वको पल्लो छेउसम्म सुसमाचार प्रचार गर्ने एक जनालाई खडा गर्न एउटा स्थानीय प्रचारकले गरेको प्रार्थनाको बारेमा उनको बुवाले आमालाई बताउँदा आफूले त्यसलाई उपहास गरेको कुरा बिलीले सम्झे। बिली त्यो व्यक्ति आफू हुन सक्छ भनी कहिल्यै अनुमान गरेका थिएनन् होला।

ग्राहमको परिवारमा अरू केही बदलाबहरू पनि भइरहेको थियो। जबकि बिली हरेक वर्षमा छ महिनासम्म प्रचारको क्रममा बाहिर हुँदा रूथले एउटा

कामदार र मालीको सहायताले घरका सबै कुराको व्यवस्थापन गरिरहेकी थिइन्। तीन वर्ष अगि उनीहरूको परिवार पहाडमा भएको नयाँ घरमा सरेको थियो। तिनीहरूले आफ्नो घर र त्यसको परिसरलाई लिट्टिल पाइनी कोभ (धूपीका रूखहरू र पानी भएको सानो क्षेत्र) भनी नाम दिएका थिए। दश वटा कोठा भएको त्यो काठले बनाएको घरको निर्माण रूथको निरीक्षणमा भएको थियो। हलमा भएको आगो ताप्ने ठाउँभन्दा माथि राखिएको पुरानो फल्याकमा जर्मन भाषामा "हाम्रो परमेश्वर एउटा शक्तिशाली किल्ला हुनुहुन्छ" भन्ने भजन शब्दहरू खोपिएका थिए। शार्लटको पहाडहरूलाई हेर्ने गरी बरन्डामा हिल्ने कुर्सी राखिएको थियो।

हरेक पल्ट बिली आफ्नो पहाडमा रहेको घरमा फर्किंदा आफ्ना पाँच वटा बच्चाहरू अलिकति बढिसकेको भेट्टाए। यो प्रस्ट देखियो, जब १७ वर्षको गिगि जो विटन कलेजमा पहिलो वर्षको अध्ययनमा थिइन्, पढाइ छोडेर २४ वर्षको स्विट्जरल्यान्डको विद्यार्थी स्टेफेन ट्चिभिड्जियनसँग विवाह गरिन्। ट्चिभिड्जियन र ग्राहमको परिवार चार वर्ष अगि स्विट्जरल्यान्डमा भेटेका थिए र स्टेफेन गिगिको मन जित्नको लागि मान्ट्रिटमा आएका थिए। गिगि जवानी नै भए पनि बिली विवाहमा खुसी थिए। उनले महसुस गरे कि स्टेफेनमा बलियो इसाई विश्वास थियो र उनको जेठी छोरीको लागि स्टेफेन एउटा असल श्रीमान् बन्नेछन्। ती दुवै सन् १९६३ मे महिनामा स्विट्जरल्यान्डमा विवाह गरे।

सन् १९६३ सेप्टेम्बर १५ तारिख अलबामाको बिर्मिन्गममा रहेको अफ्रिकी–अमेरिकी ब्याप्टिस्ट मण्डलीमा बम विस्फोट भयो भन्ने कुरा सुन्दा बिली स्तब्ध भए। विस्फोटमा परेर चार जना केटीहरू मरे, र २२ जना बच्चाहरू घाइते भए। मारिएकामध्ये तीन जना केटीहरू १४ वर्षका थिए, र अर्को एक जना ११ वर्षकी थिइन्। बिलीको हृदय ती नानीहरूको अभिभावकहरूलाई सम्झेर व्याकुल भयो। त्यस्तो शोकजनक तरिकाले यदि आफ्ना छोरीहरू मारिएका भए आफूले त्यसलाई कसरी सामना गर्थे होला भनी उनले सोचे।

संयुक्त राज्यमा बिर्मिन्गम एउटा अति उच्च जातीय भेदभाव भएको सहर थियो। ग्रीष्म ऋतुमा, जब बिली गिगिको विवाहको लागि स्विट्जरल्यान्डमा थिए, मार्टिन लुथर किङ्ग जुनियरले भेदभावलाई हटाउने आशासहित बिर्मिन्गम एउटा आन्दोलन अभियानलाई नेतृत्व गरेका थिए। जातीय भेदभाव भएका रेस्टुरेन्टहरूको सामु धर्नाहरू आयोजना भएको थियो, र सडकहरूमा जुलुसहरूको आयोजना भएको थियो। बिलीले टेलिभिजनमा जुलुसहरूको केही दृश्यहरू देखेका थिए, जसले कसरी सहरको प्रहरी बलले आन्दोलनकारीमाथि पानीको फोहोरा हान्यो, र प्रहरीका कुकुरहरूलाई प्रयोग गरेर आक्रमण गऱ्यो भन्ने कुरालाई देखाए। त्यो देख्न एउटा भयानक दृश्य थियो, विशेष गरी आन्दोलनकारीहरू जवान विद्यार्थीहरू र किशोरहरू थिए। आन्दोलनको क्रममा मार्टिन लुथर किङ्गलाई गिरफ्तार गरियो र बिर्मिन्गमको कारागारमा थुन्यो र बिलीले किङ्गलाई धरौटीमा निकाले। अन्तमा एउटा सम्झौता भयो र बिर्मिन्गम सहर विभाजनलाई अन्त गर्न सहमत भयो।

बिर्मिन्गमको नागरिक अधिकार आन्दोलनको समयमा त्यहाँको तीन तला ब्याप्टिस्ट मण्डली सम्पूर्ण गतिविधिहरूको केन्द्रबिन्दुको रूपमा र किङ्ग र अन्य नागरिक अधिकार नेताहरू जम्मा हुने ठाउँको रूपमा प्रयोग भएको थियो। अहिले पाँच महिनापछि त्यहाँ बम विस्फोट भयो, जसले निर्दोष बच्चाहरूलाई घाइते बनायो र कतिको ज्यान लियो।

त्यो दुर्घटनापछि बिर्मिन्गम तनावग्रस्त थियो। बिलीका केही सहयोगकर्ताहरूले सन् १९६४ इस्टरमा उनले त्यहाँ गर्न लागेको कार्यक्रमलाई रद्द गर्न अनुरोध गरे। त्यो कार्यक्रम जातीय भेदभावरहितको थियो र धेरै गोरा मानिसहरूको क्रोधलाई जगाउने सम्भावना थियो। बिली आफ्नो अडानमा रहे, उनले सन् १९६० मा रिडरस डाइजेस्ट पत्रिकामा लेखिएको ब्रदरहुड भन्ने लेखमा यसरी लेखेका थिए: "जातित्वको प्रश्न समाजलाई प्रभाव पार्ने कुरा भए तापनि आधारभूत रूपमा यो एउटा नैतिक र आत्मिक मुद्दा हो। नैतिक र आत्मिक प्रयासहरूले मात्रै एउटा समाधान दिन सक्छ।" बिली बिर्मिन्गम जाने विचार गरे, किनकि अलबामा र अन्य दक्षिण प्रान्तहरूमा फैलिएर प्रभाव पारिरहेको जातीय भेदभावको सामु त्यो नैतिक र आत्मिक

कुरा दुवै हो भनी उनले विश्वास गरे।

सन् १९६३ नोभेम्बर २२ तारिख बिली टि.डब्ल्यु. विल्सन, क्लिफ ब्यारोस र ली फिसरको साथ मान्ट्रिटको उनको घर नजिकको ब्ल्याक माउन्टेनमा गल्फ खेलिरहेका थिए। उनले भर्खरै पाँचौँ प्वालमा बल खसालेका थिए, जब एउटा कार तिनीहरूको छेउमा आएर अचानक रोकियो। स्थानीय इसाई रेडियोको प्रबन्धक चिच्याउँदै आफ्नो कारबाट आत्तुरीसँग निस्के, "राष्ट्रपतिलाई गोली हानियो, जे.एफ.के. लाई गोली हानियो।"

बिली आफ्नो गल्फ लौरोलाई छोडे र आत्तुरीसाथ कारकहाँ गए। केही मिनेटहरूमा उनी र उनका साथीहरू आइरहेका ताजा खबरहरूलाई सुनाउँदै रेडियो स्टेसनमा बसिरहेका थिए। मिनेटहरू घण्टौँहरूजस्तो लाग्न थाल्यो – राष्ट्रपतिको अवस्थाको बारेमा केही जानकारीहरू थिएन। बिली त्यति बेला डल्लासमा रहेको पोर्टल्यान्ड मेमोरियल अस्पतालमा काम गर्ने आफ्नो साथी एक जना डाक्टरलाई सम्झे, जहाँ जे.एफ.के. लाई लगिएको थियो। उनले टि.डब्ल्यु.लाई डाक्टरलाई फोन गरी के भइरहेको छ भनी पत्ता लगाउन अनुरोध गरे।

त्यति नै बेला बिली केनडीको परिवारको लागि प्रसारणमार्फत प्रार्थना गर्न सुरु गरे। उनले सान्त्वना दिने खालका वचनहरू पढेर सुनाइरहेको हुँदा टि.डब्ल्यु. प्रसारण कोठाको झ्यालको छेउमा आए र एउटा टुक्रा कागजलाई झ्यालको सिसामा राखे। कागजमा यस्तो लेखिएको थियो, "उनी मरिसके।"

बिली प्रार्थनामा लागिरहे। उनलाई थाहा थियो कि केनडीको मृत्यु औपचारिक रूपमा घोषणा नहुन्जेल उनले रेडियो प्रसारणमा केही भन्न सक्दैनन्। चार मिनेटपछि वाल्टर क्रन्काइटले सी.बी.एस. च्यानलमा खबरलाई खुलस्त पारे: "टेक्ससको डल्लासबाट खबर औपचारिक देखिसक्यो। राष्ट्रपति केनडीको निधन मध्य मानक समयअनुसार एक बजे, पूर्वीय मानक समयअनुसार दुई बजे भयो।"

स्टुडियोमा बिलीको हृदय शोकमा डुबियो। उनले ज्याक केनडीलाई मन पराएका थिए, जो अहिले छैनन् – हत्याराको गोलीले मारिए। बिली रेडियोमा केनडीको परिवार र देशको लागि प्रार्थनामा लागिरहे। उनले उपराष्ट्रपति लिन्डन बेनस जोन्सनको लागि पनि प्रार्थना गरे, जो राष्ट्रपति केनडीको हत्या भएको दुई घण्टा आठ मिनेटपछि संयुक्त राज्यको नयाँ राष्ट्रपतिको रूपमा शपथ ग्रहण गरे।

बिली पछिल्लो सोमबार सेन्ट म्याथ्यु केथड्रलमा भएको केनडीको अन्त्येष्टि सेवामा सहभागी भए। उनलाई केनडीको पारिवारिक साथीहरूको साथ बस्न अनुरोध गरियो। राष्ट्रपति मरिसके भन्ने कुरालाई विश्वास गर्नै गाह्रो थियो। उनको हत्या एउटा मूर्ख कामको रूपमा देखियो।

ती हप्तापछि राष्ट्रपति जोन्सनले बिलीलाई व्हाइट हाउसमा आउन निमन्त्रणा दिए। बिली जान राजी थिए। ग्र्याडी विल्सनको साथ बिली सन् १९६३ डिसेम्बर १६ तारिख त्यहाँ आए। बिली र ग्र्याडी राष्ट्रपति लिन्डन जोन्सनको साथ बातचित गर्दै र व्हाइट हाउसको पौडी पोखरीमा पौडी खेल्दै समय बिताए। राष्ट्रपति जोन्सनले बिलीलाई आफ्नो इसाई सम्पदाको बारेमा बताए। उनको हजुरबा बेलर विश्वविद्यालयमा बाइबल अध्ययनको प्राध्यापक थिए, र उनको जिजु बाजे जर्ज वासिङ्टन बेनस एउटा सुसमाचार प्रचारक र ब्याप्टिस्ट सेवक थिए, जो प्रख्यात नेता स्याम हउस्टन उद्धार पाउनुमा मुख्य भूमिका खेलेका थिए। राष्ट्रपतिले उनलाई भने कि उनी हप्तामा दुई तीन पल्ट मण्डली जान्छन्, र बताए, “उत्कट र निरन्तर प्रार्थनाको सहयोग र बलको आवश्यकताविना र त्यसलाई नखोजीकन म जिउने ठाउँमा कुनै मानिस जिउन सक्दैन, न त मैले अहिले काम गर्ने मेचमा काम गर्न सक्छ।”

नयाँ राष्ट्रपतिले सामना गर्नुपर्ने कुराहरू धेरै थिए: संयुक्त राज्यमा काला मानिसहरूलाई पूर्ण नागरिक अधिकारको माग गर्दै भइरहेको आन्दोलन साथै यदि संयुक्त राज्यले कम्युनिस्टहरूलाई रोक्न कदम उठाएन भने कम्युनिस्टहरूले दक्षिण भियतनामलाई कब्जा गर्छन्, र त्यसपछि दक्षिण एसियाको बाँकी भाग पूरैलाई पनि कब्जा गर्छन् भन्ने डर।

त्यस साँझपछि, बिली र राष्ट्रपति जोनसनले निजी रूपमा कुराकानी गरे र आफ्नो बैठकको अन्त्यमा सँगै घुँडा टेकेर प्रार्थना गरे। बिलीले राष्ट्रपतिसँग भेट्न र सँगै प्रार्थना गर्न ह्वाइट हाउसमा बारम्बार फर्किने वाचा गरे।




**इन्डियानापोलिस क्रूसेड - सन् १९५९ अक्टोबर ६ तारिख**

# अध्याय — १४
# मित्रता र निराश

सन् १९६४ मार्च १९ इस्टरको आइतबारमा बिलीले बिर्मिन्गमको लिजियन फिल्ड रङ्गशालामा एउटा विशाल एकत्रित सुसमाचारीय र्‍यालीको आयोजना गरे। कार्यक्रमको अगि कु क्लस क्लनका (Ku Klux Klan) सदस्यहरूले कार्यक्रमको प्रवर्धनको लागि राखिएको सूचना पाटीहरूलाई फुटाइदिए। प्रान्तीय प्रहरी विभागले बिली र उनको समूह जाने हरेक ठाउँमा प्रहरी अधिकृतहरूलाई पठायो। बिली र उनको टोली बस्ने कोठाहरूका आसपासका कोठाहरूमा पनि प्रहरी अधिकृतहरू बसे। कसैले बिली अथवा उनका टोलीका सदस्यहरूलाई हानि पुर्‍याउन प्रयास गर्न सक्छ भनी प्रहरीहरू डराए।

तनावग्रस्त परिस्थिति र प्रहरी सुरक्षाको बाबजुद पैँतिस हजार काला र गोरा मानिसहरू रङ्गशालामा सँगसँगै बिलीको प्रचार सुन्दै बसे। बिलीले उनीहरूलाई गत सालको जातीय झगडाले नाश पारिएको सहरलाई सुसमाचारले कसरी शान्ति र भलाइ ल्याउन सक्छ भनी बताए। बिलीले भने, "इस्टरको दिनमा येशू ख्रीष्टको नाममा बिर्मिन्गम सहरमा यसरी एकसाथ भेला हुनु मनोहर कुरा हो। कसै गरी हाम्रा सबै समस्याहरू र कठिनाइहरू त्यति धेरै ठुलो देखिँदैन रहेछन्, जब हामी क्रूसको फेदमा उभिन्छौँ र उहाँले, 'हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दै छन्, सो जाँदैनन्।' भनी भनेको सुन्छौँ।"

उनको प्रवचनको अन्तमा सदाझैँ बिलीले मानिसहरूलाई ख्रीष्टलाई ग्रहण गर्न अगि आउन आमन्त्रण गरे। काला र गोरा मानिसहरूको भीड अगाडि बढ्न थाल्यो, र एउटा चार हजार जनाको भीड मञ्चको सामु उभियो। गोरा सल्लाहकारहरूले काला मानिसहरूलाई सल्लाह दिएर प्रार्थना गरेको र

काला सल्लाहकारहरूले गोरा मानिसहरूलाई सल्लाह दिएर प्रार्थना गरेको जब बिलीले देखे, त्यसले उनको हृदयलाई छोयो। त्यो साँच्ची नै एउटा मनोहर दृश्य थियो र उनले आशा गरे कि त्यसले बिर्मिन्गाम सहर र अलबामा प्रान्तमा ठुलो मेलमिलाप ल्याउँछ। सभाको खबरहरूलाई सङ्कलन गर्न देशभरिबाट आएका पत्रकारहरू परिणामलाई देखेर स्तब्ध भएका देखिन्थे। काला गोरा मानिसहरू सँगै उभिएर एक–अर्कोसँग हार्दिकतासाथ बातचित गरेको देख्ने आशा तिनीहरूले गरेका थिएनन्। साँच्ची नै लिजियन फिल्ड रङ्गशालाको ऱ्याली अलबामाको इतिहासमा ठुलो सङ्ख्याका एकत्रित श्रोताहरूको भीडको रूपमा घोषित भयो।

एक महिनापछि सन् १९६४ अप्रिल २२ तारिख न्यू योर्कको विश्व मेलामा एउटा नयाँ चम्किलो अस्टभुज भवनमा बसिरहेका श्रोताहरूलाई हेर्दै बिली मञ्चको पछाडि उभिरहेका थिए। उनको रेकर्ड गरिएको आवाज चार सय जना श्रोताहरूको बिचमा बजिरहेको हुँदा उनले एउटा पर्दा पछाडिबाट सुनिरहेका थिए।

“साउथ क्यालिफोर्नियाको पालमर पहाडमाथि रहेको दुई सय इन्चको दूर्बिनलाई तिनीहरूले ब्रह्माण्डको एउटा झ्याल भनी भन्छन्, किनभने वर्षको मौसम सफा भएको हरेक रातमा एउटा खगोलविद्ले बाहिरी आकाशको असीमित भागहरूलाई छानबिन गर्छन्। यो दुई सय इन्चको ठुलो आँखाले एउटा फिल्ममा दशौँ लाखौँ ताराहरूको ज्योतिलाई रेकर्ड गर्दछ। तर (ब्रह्माण्डको) सिमाना भेटिएको छैन। शताब्दीऔँदेखि दार्शनिकहरू र वैज्ञानिकहरूले प्रश्नहरू सोधेका छन्, सिमाना कता छ? यी सबै कहाँबाट आएका हुन्? यी प्रश्नहरूको जवाफ वास्तवमा विज्ञानलाई थाहा छैन। तर यस्ता उपकरणहरूद्वारा हामीले यो महसुस गर्ने गरी थाहा पायौँ, कि हाम्रो पृथ्वी विशाल समुद्री किनारजस्ता ताराले भरेको ब्रह्माण्डमा सिर्फ एउटा बालुवाको कण मात्र हो।”

बिलीले हेरिरहेका दर्शक बिनहरूले “पाँचौँ आयाममा मानिस” भन्ने एउटा चलचित्र हेरिरहेका थिए। बिलीले एउटा छुटकाराको छाललाई अनुभव गरे।

सिर्फ दुई वर्ष अगि मात्रै "द बिली ग्राहम पेबलियन(मण्डप)" परियोजना अगाडि बढ्नुपर्छ कि पर्दैन भनी सोचिरहेका थिए। मेलाको प्रमुख योजनाकार रबेर्ट मोसेसले त्यो प्रदर्शनलाई पनि समावेश गर्नुबारे बिलीलाई भेटेका थिए। मेलाको विषयवस्तु "बुझाइद्वारा शान्ति" थियो, र त्यो कार्यक्रम "विस्तार भइरहेको एउटा ब्रह्माण्डमा साँघुरिरहेको विश्वमा मानिसको उपलब्धि" को लागि अर्पण गरिएको थियो। यस कुराले बिलीलाई आकर्षण गरेको थियो, तर जब उनले यस्ता मण्डपहरूको बारेमा बुझ्न थाले बी.जी.इ.ए.ले यस्ता काम गर्न सकिन्छ भन्ने कुरामा उनले शङ्का गरे।

विश्व मेलाको मापन विशाल थियो। मेला चल्न लागेको दुई वर्षको समयमा कम्तीमा पाँच करोड मानिसहरू, जुनचाहिँ संयुक्त राज्यको जनसङ्ख्यामा चारमा एक भाग थियो, सहभागी हुन्छन् भन्ने आशा गरेको थियो। यो सङ्ख्या भारी देखिन्थ्यो। यदि एउटा मानिसले मेलाको हरेक प्रदर्शनमा बाह्र मिनेट मात्र बितायो भने पूरै मेलालाई हेर्नको लागि उनलाई दुई हप्ता लाग्छ। बिलीलाई थाहा थियो कि प्रायः मानिसहरू मेलामा दुई हप्ता बिताउँदैनन्। जबकि उनले मेलामा जानेहरूलाई सुसमाचार सुनाउन त्यसकै विषयवस्तुमा एउटा चलचित्र बनाउने योजना बनाएका थिए, साथै त्यसमध्ये कति जनाले त्यो चलचित्रलाई सुरुदेखि अन्तसम्म हेर्न लाग्ने २८ मिनेटलाई त्यहाँ बिताउन तयार हुन्छन् भन्ने कुराको बारेमा उनले सोचे। त्यो मात्र नभएर एउटा पूर्ण रूपमा चिसो पारेको मण्डपलाई दुई वर्ष चलाउनको लागि लाग्ने आयोजना र कामदारहरूको खर्च मापनभन्दा बाहिर थियो।

बाधाहरूले निरुत्साहित भएर बिली झन्डै मौकालाई गुम्न दिन लागेका थिए, जब विटन कलेजका अध्यक्ष डा.रेमन्ड एडम्यानले पत्रमार्फत परियोजनालाई अगाडि बढाउन उत्साह दिए। डा.एडम्यानले बिलीलाई सम्झाए कि ड्वाइट एल. मूडीले पारेको सबैभन्दा ठुलो प्रभाव सन् १८९३ को सिकागो विश्व मेलासँग जोडिएर गरिएको उनको अभियानहरूद्वारा नै भएको हुनुपर्छ।

मण्डपको योजनामा अगाडि बढ्ने निर्णय बिलीले गरे, अहिले उनी

ब्रह्माण्ड र परमेश्वरको सबै मानवप्रतिको प्रेमलाई दर्साउने अत्याधुनिक चलचित्रलाई उत्साहसँग मानिसहरूले स्वीकार गरिरहेको कुरालाई देखिरहेका थिए। यसले चलचित्र बनाउनुमा र विश्व मेला चल्ने खर्कमा मण्डप बनाउनुमा सामना गरेको सबै लडन्तहरूलाई सार्थक प्रयास  देखिन लगायो।

पछिल्लो दुई वटा गर्मी यामहरूमा, सन् १९६४ को अप्रिल २२ देखि अक्टोबर १८ र सन् १९६५ को अप्रिल २१ देखि अक्टोबर १७ सम्म बिली ग्राहमको मण्डपमा 'पाँचौँ आयाममा मानिस' चलचित्र बिहान दश बजेदेखि बेलुका दश बजेसम्म हरेक घण्टा प्रदर्शन गरिएको थियो। दर्शकहरूलाई छ वटा भाषाहरू रसियन, जर्मन, स्पानिस, फ्रेन्च, जापानी र चिनियाँ भाषाहरूमध्येबाट एउटा छानेर इयरफोन लिने व्यवस्थापन गरेका थिए। चलचित्र हेरिसकेपछि सुसमाचारको बारेमा अझ बढी जान्न चाहेकाहरू छ वटा भाषाहरूमध्ये एउटामा त्यहाँ रहेका सल्लाहकारहरूसित बातचित गर्न रहन सक्छन्। डेसिसन पत्रिकाको सन् १९६५ अक्टोबर महिनाको संस्करणले झन्डै दश लाख मानिसहरू चलचित्र हेरेको उल्लेख गरियो, र कम्युनिस्ट देशहरूबाट आएका मानिसहरूले समेत पनि सुसमाचार सुनेको र प्रतिक्रिया दिएको विवरण दियो।

सन् १९६४ मा जब विश्व मेला चलिरहेको थियो, राष्ट्रपति जोनसनले नागरिक अधिकार ऐनलाई लागु गरे। यस कानुनले प्रायः जस्ता जातीय भेदभाव प्रकरणहरूलाई गैर कानुनी बनायो। जोनसनले त्यसको साथै मत अधिकार ऐनलाई सन् १९६५ अगस्ट छ तारिख लागु गरे। यसले मतदानमा भएको भेदभावलाई गैर कानुनी बनायो र दशौँ लाख दक्षिणी काला मानिसहरूलाई पहिलोपल्ट मतदानको लागि दर्ता गर्ने अनुमति दियो।

बिली दुवै कानुनप्रति खुशी भए। संयुक्त राज्यको कङ्ग्रेसले विधेयकले पारित गर्ने कुरालाई पक्का गर्नुमा राष्ट्रपति लिन्डन जोनसनको दृढतालाई उनले प्रशंसा गरे। उनले साथै उनी र राष्ट्रपति जोनसनको बिचमा विकास भएको गहिरो मित्रतालाई पनि प्रशंसा गरे। जोनसनको परिवारसित व्हाइट हाउसमा रात बिताउन धेरै अवसरहरूमा बिली र रूथलाई निमन्त्रणा गरिएको

थियो। बिली र राष्ट्रपति दुवैले ख्रीष्टिय विश्वासको बारेमा खुलस्त रूपमा बातचित गर्थे। बिलीको जोनसनसँगको पहिलो भेटमा गरेझैँ धेरै अवसरहरूमा उनीहरू दुवै घुँडा टेकेर प्रार्थना गरे। सन् १९६५ नोभेम्बरमा टेक्ससको ह्युस्टनमा भएको बिली ग्राहमको सभामा जोनसन क्रूसेडमा सहभागी हुने पहिलो वर्तमान राष्ट्रपति बने।

विश्व मेलाको पहिलो र दोस्रो सत्रको बिचका समयहरूमा बिली हवाईयन टापुहरूमा, डेनमार्कको कोपेनहेगनमा र कोलोरेडोको डेन्वरमा क्रूसेडहरू चलाउनुमा आफूलाई व्यस्त राखे। चलचित्र बनाउनु र क्रूसेडहरू आयोजना गर्नुको साथै बिलीले किताब लेख्ने कामलाई पनि निरन्तरता दिए। उनको भर्खरैको किताब "वचन एउटा ज्वाला" पहिलो तीन महिनाभित्रै एक लाख प्रतिहरू बेचियो। घरमा बिली र रूथ जीवनको एउटा नयाँ चरणमा प्रवेश गरे। सन् १९६४ मार्च महिना जब गिगिले एउटा छोरो जन्माइन्, जसको नाम स्टिफन राखियो; ४६ वर्षको उमेरमा बिली हजुरबा बने।

जब लिन्डन जोनसन ज्याक केनडीको हत्यापछि राष्ट्रपतिको स्थान लिए, भियतनाममा एउटा अप्ठ्यारो स्थितिलाई पनि सामना गर्नुपर्ने भए। राष्ट्रपति केनडीले दक्षिण भियतनाममा कम्युनिस्टहरूले देश कब्जा गर्ने कुरालाई रोक्नको लागि अमेरिकी सेनालाई सल्लाहकारको रूपमा पठाएका थिए। भियतनामको युद्धलाई छिटो सिद्ध्याउने प्रयासमा राष्ट्रपति जोनसनले अमेरिकी लडाकु सेनालाई त्यहाँ पठाउने निर्णय गरे। सन् १९६६ मा भियतनाममा चार लाख उनन्तीस हजार अमेरिकी लडाकुहरू युद्धमा लडिरहेका थिए, एउटा युद्ध जुन संयुक्त राज्य अमेरिकामा अरुचिको बन्दै गएको थियो। सन् १९६६ को ख्रीष्टमसको समयमा जनरल विलियम वेस्टमोर्ल्यान्डको अनुरोधमा बिली, जर्ज बेवेर्ली शे र क्लिफ ब्यारोसको साथ अमेरिकी लडाकुहरूलाई उत्साह दिन भियतनाम गए। बिलीले दक्षिण भियतनामभरि यात्रा गरे, कोही बेला डरलाग्दा विमानहरूमा जुनचाहिँ कुनै विकट जङ्गली भूभागमा हुसोले भरिएका ठाउँहरूमा अवतरण हुने गर्थ्यो। त्यहाँ उनले लडाकुहरूलाई प्रचार गर्थे, जबकि बेवेर्ली शेले लडाकुहरूलाई भजनहरूले आनन्दित तुल्याउँथे। केही समयको लागि बिली लडाकुहरूको

लागि हँसाउने कार्यक्रम आयोजना गर्दै देश भ्रमण गरिरहेको बाब होपसको कार्यक्रममा पनि सहभागी भए। मनोरञ्जनकर्ता बाब होपस र बिलीलाई उल्लेख गर्दै सिपाहीहरूले ठट्टा गरेर भन्थे, "उनीसित आशा (होप) र तपाईंसित विश्वास(फेथ) छ।" बिली अमेरिकी लडाकुहरूलाई सहयोग गर्नुमा खुशी थिए, र युद्ध आफैचाहिँ निराशाजनक थियो। उनले भियतनाम छोड्नुभन्दा अगि व्यक्तिगत रूपमा बताए, कि "म युद्ध चाँडै अन्त हुनेबारे यता आएको बेलाभन्दा अझ बढी निराशावादको साथ फर्किंदै छु... मैले आशा गरेँ, कि यसको लागि कुनै सूत्र हुन्छ भनी, तर मैले त्यो देख्न सकिनँ। यो कसरी अन्त हुन्छ भनी मलाई थाहा छैनँ।"

सन् १९६६ मा बिलीले महसुस गर्न थाले, कि उनले अलिकति गतिलाई घटाउनुपर्छ। ४८ वर्षको उमेरमा निरन्तर गरेको यात्राले गर्दा उनको शरीरले दुःख दिइरहेको थियो। उनी उच्च रक्तचाप, मिर्गौलामा ढुङ्गाको समस्या र शरीरमा पानी जमिने कुराले सताइएका थिए। उनले त्यो वर्षको सेप्टेम्बर महिना पूरैलाई विश्रामको लागि लिए र मान्ट्रिटमा घरमै रहे। त्यो समयमा बिलीले आफ्नो दोस्रो छोरी १८ वर्षकी एनीलाई उनी वायुसेनाको दन्त चिकित्सक डेनिएल लोटससँग विवाह गर्दा मण्डलीमा हात समातेर पुलपिटतिर डोऱ्याए।

सन् १९६७ मा उनले आफ्नो क्रूसेडको तालिकालाई आठ दिनको पाँच वटा क्रूसेडहरूमा सीमित बनाए। उनी राष्ट्रपति जोनसनलाई भेट्न व्हाइट हाउसमा जाने कुरालाई निरन्तरता दिइरहेका थिए। कोही बेला उनी र रूथ सप्ताहान्तलाई जोनसनको परिवारसँग राष्ट्रपतिहरू विश्राम लिने डेभिड क्याम्पमा बिताउँथे। उनीहरूले युद्धको बारेमा त्यति कुरा गर्दैन थिए, यद्यपि भियतनाम युद्धको विरुद्धमा बढिरहेको विरोधले देशलाई दुई भाग गरिरहेको र राष्ट्रपतिलाई असर पारिरहेको उनले देख्न सके।

सन् १९६८ अप्रिल महिना बिली अस्ट्रेलियाको सिड्नीमा क्रूसेडहरू आयोजना गरिरहेका थिए, जब उनले थाह पाए कि मार्टिन लुथर किङ जुनियर मेम्फिसको लोरेइन होटेलको दोस्रो तलाको कौसीमा उभिरहेको हुँदा

गोली हानेर मारिए। यो खबरले झट्का दियो। डाक्टर किङ आफ्नो सबै थोकलाई अफ्रिकी अमेरिकीहरूको समानता र नागरिक अधिकार सुनिश्चित गर्नको निम्ति दिएका थिए, अहिले उनले अति उच्च मूल्य त्यही कुराको लागि तिरे।

बिलीले डाक्टर किङ साथको आफ्नो सम्बन्धको बारेमा सोचे। सन् १९५७ मा न्यू योर्क सहरको क्रूसेडमा सप्ताहान्तलाई सँगै बिताएका थिए। त्यो समयमा बिलीले अमेरिकामा अति भेदभाव हुने समय आइतबारको बिहान एघार बजे भनी धेरै वर्ष अगि नै आफूले आफ्नो दैनिकीमा लेखेको कुरालाई डाक्टर किङलाई भनेका थिए। डा. किङले त्यो वाक्यलाई पक्रे र धेरै पल्ट आफ्नो भाषण र प्रचारहरूमा त्यसलाई प्रयोग गरेका थिए।

सन् १९६० मा यस्तो पनि एउटा समय थियो, जब उनीहरू दुवै ब्राजिलको सहर रियो डी जेनेरियोमा आयोजित ब्याप्टिस्ट वल्ड अलायन्समा सहभागी हुन गएका थिए। यात्राको क्रममा पोर्तोरिकोमा विश्रामको लागि केही दिन रोकिएका थिए। बिलीले दुवै जना त्यहाँ पौडी खेलेको, बातचित गरेको र सँगै प्रार्थना गरेको कुरालाई सम्झे। डा. किङले बिलीलाई आफ्नो परिवार र इष्टमित्रले बोलाएझैँ माइक भनी बोलाउन जोड दिए। पोर्तोरिकोको पौडी पोखरीमा दुई जनाले गरेको एउटा मर्मस्पर्शी बातचितलाई बिलीले सम्झे। बिलीले भनेका थिए, “तपाईंको सडक प्रदर्शनहरूको खातिर म कहिल्यै तपाईंलाई दोष दिने छैनँ। यसैले मलाई मेरो कामलाई रङ्गशालामा गर्न दिनुहोस्, र तपाईंले तपाईंको चाहिँ सडकमा गर्नुहोस्।” डा. किङले उत्तर दिएका थिए, “बिली, म महसुस गर्दैछु कि मैले जे गर्न प्रयास गर्दै छु त्यो हृदयहरू परिवर्तन नहुनेसम्म कहिल्यै सफल हुनेछैन। यसैले तपाईंको कामचाहिँ अति महत्त्वपूर्ण छ।” डा. किङको प्रभाव पार्ने गुणहरू र बुद्धि र अमेरिकाबाट जातीय भेदभावलाई हटाउने कुरामा भएको उनको समर्पणता देखेर बिली प्रभावित भएका थिए।

अहिले दुई महिनापछि सन् १९६८ जुन ५ तारिख बिली फेरि स्तब्ध भए, जब उनले पूर्व राष्ट्रपति जोन केनडीको भाइ रबर्ट केनडी लस एन्जलसमा

हत्याराहरूद्वारा मारिएको खबर सुने। करोडौँ अमेरिकीहरू रोए, र आफ्नो देशमा के भइरहेको छ भन्ने कुरा सम्झेर अचम्म माने। बिलीले उनको प्रचारद्वारा तिनीहरूलाई सान्त्वना दिने प्रयास गरे, जबकि उनी आफै पनि भविष्यको बारेमा चिन्तित नै थिए। उनले महसुस गरे कि संयुक्त राज्य जनयुद्धपछिको एउटा ठुलो समस्याको समयहरूमा छ। देशको मनस्थिति नराम्रोबाट खराबमा पुग्यो। बिली आफै पनि ज्यान मार्ने धम्कीहरू सुन्न थाले। अनिच्छुक हुँदा पनि उनले आफ्नो घरको वरिपरि एउटा एघार फुटको बार लगाउन लगाए। विद्युतीय ढोकाहरूको जडान भयो, र ग्राहमको परिवारले सुरक्षा दिने कुकुरहरूको रूपमा जर्मन सेफर्ड कुकुरहरू किने। यी बदलाबहरूको बारे बिली न त रूथले कल्पना गरेका थिए, जब एक दशक अगि पहाडमा आफ्नो घर बनाएर त्यहाँ सरेका थिए।

सन् १९६८ राष्ट्रपति चुनावको वर्ष थियो। लिन्डन जोनसनले फेरि चुनाव नलड्ने निर्णय गरे। त्यसको सट्टामा उनको उपराष्ट्रपति ह्युबर्ट हमफ्रे डेमोक्रेटिक दलको उम्मेदवार बने र पूर्व राष्ट्रपति रिचर्ड निक्सन रिपब्लिकन दलको उम्मेदवार बने। निक्सनको चुनाव लड्ने मुख्य विषयचाहिँ हुलदङ्गा र अपराधले तहसनहस पारेको देशमा कानुन र व्यवस्थालाई पुनर्स्थापना गर्ने थियो।

बिलीले रिचर्ड निक्सनलाई मन पराउँथे, र उनी उपराष्ट्रपतिको रूपमा काम गरेर उनीसँग घण्टौँहरू बिताएका थिए। निक्सन क्वायकर (Quaker) सम्प्रदायबाट आएका थिए, र व्यक्तिगत रूपमा र एउटा राष्ट्रको रूपमा इसाई विश्वासको महत्त्वको बारेमा दुवै जना धेरै आत्मिक बातचितहरू गरेर रमाएका थिए। चुनाव एउटा बलियो लडन्त थियो, तर अन्तमा रिचर्ड निक्सन संयुक्त राज्यको उनन्तिसौँ राष्ट्रपति हुनको लागि थोरै मतले जिते।

सन् १९६८ मा भियतनाममा लडिरहेका सेनाहरूको सेवा गर्न बिली दोस्रो एउटा भ्रमण गरे। युद्ध अझै पनि एउटा दलदलजस्तै थियो, तर यो भ्रमणपछि संयुक्त राज्यले अन्ततः जित्न सक्छ भन्ने विषयमा बढी सकारात्मक भए।

सन् १९६९ जनवरी १९ तारिखको बेलुकीलाई बिली र रूथले व्हाइट हाउसमा बिताए। त्यो नै लिन्डन जोनसनको राष्ट्रपति कार्यकालको अन्तिम रात थियो। जोनसन र ग्राहमको परिवार बातचित गरे र मिलेर एउटा चलचित्र हेरे। बिली र रूथ र जोनसनको परिवार वर्षौंहरूमा घनिष्ठ भइसकेका थिए। बिली र रूथ व्हाइट हाउसमा बीसभन्दा बढी रातहरू बिताइसकेका थिए, सप्ताहान्तहरूलाई डेभिड क्याम्पमा बिताएका थिए, र धेरै पल्ट जोनसनलाई तिनीहरूको टेक्ससको स्टोनवालमा रहेको पशुपालन फार्ममा भेट्न गएका थिए।

भोलिपल्ट बिलीले नयाँ राष्ट्रपति रिचर्ड निक्सनको शपथ ग्रहणमा प्रार्थना गरे। जब राष्ट्रपतिले व्हाइट हाउसमा एउटा आइतबारको नियमित सेवा सुरु गर्ने निर्णय गरेर पहिलो सेवालाई सञ्चालन गर्ने जिम्मा उनलाई दिए, बिली साँच्चै आनन्दित भए।

सन् १९६९ मार्च २८ तारिख बिली इस्राएलमा थिए, जब उनले ड्वाइट आइजेनहावर मुटुको समस्याले ७८ वर्षको उमेरमा बितेको खबर पाए। बिली तुरुन्तै पूर्व राष्ट्रपतिको अन्तिम संस्कार सेवामा सहभागी हुनको लागि वासिङ्टन फर्केर आउन विमान चढे।

त्यही नै बेला मानट्रिटमा रूथले १८ वर्षकी उनीहरूको तेस्रो छोरी बन्नीलाई टेड डाइनेटसँगको उनको आउन लागेको विवाहको लागि तयार हुन मदत गर्दै थिइन्। टेडचाहिँ फ्रेड डाइनेटको छोरा थिए, एक जना विज्ञापन कार्यकारी, जो १८ वर्षअघि बिलीलाई 'आवर अफ डेसिसन' रेडियो कार्यक्रम सुचारु गर्नुपर्छ भनी जिद्दी गरेका थिए।

तीनै वटा छोरीहरू उन्नाइसौँ जन्मदिनको अघि नै विवाह गरिसक्दा रूथ र बिली तिनीहरूको दुई जना छोराहरू  फ्र्याङ्कलिन र नेडतिर आफ्नो ध्यान फर्काए। अहिले १७ वर्ष पुगिसकेको  फ्र्याङ्कलिन आफ्नो बुवाजस्तो आफू एउटा प्रचारक बन्ने छैन भनी संसारलाई देखाउने सङ्कल्पको साथ एउटा विद्रोही छोराको रूपमा बढिसकेका थिए। उनी हिप्पी आन्दोलनलाई अङ्गाले,

www.togmission.com

रक्सी पिए, चुरोट खाए र लामो कपाल पाल्न थाले। रूथ उनलाई नियन्त्रण गर्नुमा सङ्घर्ष गरिरहेकी थिइन्। ठिक विपरीत ११ वर्षको नेड शान्त स्वभावका र संवेदनशील बच्चा थिए। यद्यपि उनी कति लामो समयसम्म त्यस्तो रहन्छन् होला भन्ने विषयमा आफूलाई चिन्ता लागेको कुरा रुथले बिलीलाई बताइन्।



**बिलीको साथ राष्ट्रपति निक्सन**

राजनीतिक व्यक्तिहरूलाई साथी बनाउनु बिलीले कल्पना गरेको भन्दा जटिल थियो। उनी रिचर्ड निक्सनलाई मन पराउँथे, र उनलाई आफ्नो एउटा क्रूसेडमा बोल्न समेत निमन्त्रणा दिए। सन् १९७० मा राष्ट्रपति निक्सन

टेनासीको नाक्सवेलमा भएको एउटा क्रूसेडमा बिलीको साथ मञ्चमा देखा परे। यद्यपि राष्ट्रपतिको वाचनको क्रममा भियतनाम युद्धलाई विरोध गर्ने एउटा ठुलो समूहले उनको वाचनलाई रोक्न खोजेको थियो। त्यो बिलीको लागि एउटा असजिलो परिस्थिति थियो, जसले सम्पूर्ण ध्यान प्रेम र मेलमिलाप भन्ने इसाई सन्देशमा केन्द्रित भएको चाहन्थे, युद्ध र विरोधमा होइन।

सन् १९७२ मा रिचर्ड निक्सन दोस्रो एउटा कार्यकालको लागि राष्ट्रपतिको रूपमा चुनिए, त्यो आंशिक रूपमा उनले अमेरिकी सेनालाई घर फर्काउने र तिनीहरूको सट्टामा दक्षिण भियतनामी लडाकुहरूलाई प्रयोग गर्ने प्रतिज्ञाको कारण थियो। सन् १९७३ जनवरी २० तारिख निक्सनले दोस्रो कार्यकालको लागि राष्ट्रपतिको रूपमा शपथ ग्रहण गरे।

दुई दिनपछि सन् १९७३ जनवरी २२ तारिख टेक्ससमा भएको आफ्नो फार्ममा ६८ वर्षको उमेरमा लिन्डन जोनसन बितेको खबर आयो। जोनसनको अन्तिम संस्कार जनवरी २५ तारिख वासिङ्टन डिसीमा रहेको नेसनल सिटी ख्रीष्टियन चर्चमा भएको थियो, जहाँ जोनसन राष्ट्रपति हुँदा अक्सर आराधना सेवामा सहभागी हुन्थे। राष्ट्रिय अन्तिम संस्कारपछि उनको शरीर टेक्ससको स्टोनवेलमा रहेको उनको पारिवारिक समाधि स्थलमा उनी जन्मेको घरबाट केही गजहरू पर राखियो। बिलीले जोनसनलाई गरेको प्रतिज्ञाअनुसार नै उनको अन्तिम संस्कारको नेतृत्व गरे।

दोस्रो कार्यकालमा राष्ट्रपतिको रूपमा शपथ ग्रहण गरेको थोरै समयमै रिचर्ड निक्सनले आफ्नो अर्को पक्षलाई देखाउन थाले, जुनचाहिँ वर्षौंहरूको मित्रताका समयहरूमा बिलीले देखेका थिएनन्। चाँडै नै समाचार पत्रहरूले उनलाई धूर्त डिक भनी बोलाउन थाले। सन् १९७२ जुन १७ तारिख वासिङ्टन डिसीमा रहेको वाटरगेट कार्यालय भवनस्थित डेमोक्रेटिक नेसनल कमिटीको मुख्यालयमा चोरी भयो। चोरीको आरोपमा पाँच जना गिरफ्तारमा परे। पछि एफ.बी.आइ.ले तिनीहरूलाई निक्सनको अभियानको लागि कोष उठाउने "राष्ट्रपति पुनः चयन" समितिसँग सम्बन्धित व्यक्तिहरूको रूपमा

प्रमाणित गरियो।

राष्ट्रपति निक्सनले चोरीको बारेमा आफूलाई केही थाहा छैन भनी त्यसलाई इन्कार गरे। यद्यपि वासिङ्टन पोस्टका पत्रकारहरू कार्ल बर्नस्टिन र बाब उड्वार्डसँग एफ.डी.ले अनुसन्धानलाई अगाडि बढाउँदा कुरा अर्कै देखियो। सन् १९७२ को चुनावमा निक्सनको सहयोगीहरूले डेमोक्रेट र अन्यहरूलाई योजनाबद्ध तरिकाले असफल पार्ने अपराधहरू गरेका र अहिले त्यसलाई छोप्न प्रयास गरेको पत्ता लाग्यो। निक्सनले घटनालाई सिर्फ राजनीति र पत्रिकाहरूको लेखहरू पक्षपाती र भ्रामक भएको भनी बताएर महत्त्वहीन देखाउन प्रयास गरे, जसले वाटरगेट काण्ड घटना भन्ने नाम पाएको थियो। त्यति बेला बिलीलाई के सोच्नु भन्ने थाहा भएन। उनले आफ्नो साथीलाई विश्वास गर्न चाहन्थे, तर निक्सनको विरोधमा प्रमाणहरू थुप्रिँदै गयो।

जब वाटरगेट काण्ड संयुक्त राज्य अमेरिकाका मिडियाहरूमा पूरै चर्चा भइरहेको हुँदा बिलीले कालो, सेतो र एसियाली मानिसहरूलाई एकीकृत रूपमा प्रचार गर्ने आफ्नो सपना पूरा गर्न देश छोडेर दक्षिण अफ्रिका गए। त्यो देशमा जातीय विभाजनको आधिकारिक नीति थियो, जसले सबै जीवनका पक्षहरूमा जातको आधारमा मानिसहरूलाई विभाजन गरिराख्थ्यो। दक्षिण अफ्रिकाका इसाईहरूले २६ वर्षदेखि क्रूसेड चलाउन बिलीलाई बोलाइरहेका थिए। सबै जातका मानिसहरूको बिचमा एकै ठाउँमा बोल्न सक्ने एउटा ठाउँ उनीहरूले तयार नपारुन्जेल बिली जान मनाही गरिरहेका थिए। सन् १९७३ मार्च महिना त्यो समय आयो।

मार्च १३ तारिख बिली डर्बनमा आइपुगे, जहाँ उनले पूर्ण रूपमा एकीकृत “साउथ अफ्रिकन काङ्ग्रेस अन मिसन एन्ड इभान्जलिजम” सभामा दुई पल्ट प्रचार गरे। त्यसपछि मार्च १७ तारिख डर्बनमा रहेको किङ्गपार्क रङ्गशालामा एकीकृत सुसमाचारीय र्‍यालीमा प्रचार गरे। सबै जातका ४५ हजार मानिसहरू रङ्गशालालाई खचाखच भरे र मैदानमा पनि बसे। बिली मञ्चमा उभे, र काला र सेता मुहारहरूले भरिएको भिडलाई हेर्दै घोषणा गरे,

"इसाइत्व एउटा सेतो मानिसको धर्म होइन। त्यो सेतो अथवा कालो भनी तपाईंलाई भन्न कसैलाई नदिनुहोस्। ख्रीष्ट सबै मानिसहरूको लागि हो।" जब बिलीले ख्रीष्टलाई ग्रहण गर्न अगाडि आउन निमन्त्रणा दिए, ३३०० मानिसहरू अगाडि आए।

भोलिपल्ट स्थानीय पत्रिकाहरूले यो दक्षिण अफ्रिकामा कहिल्यै भेला नभएको सबैभन्दा ठुलो बहुजातीय भिड भएको घोषणा गरे। एक पत्रिकाको शीर्षकमा लेखिएको थियो, "जातीय विभाजन समाप्त" बिलीले त्यही आशा गरे।

आठ दिनपछि जोहन्सबर्गमा साठी हजार एकीकृत श्रोताहरू व्यान्डरेरस रङ्गशालालाई त्यसको पूरा क्षमतामा भरे। त्यो र्‍यालीको सङ्गीतले भिडको बहुजातीय प्रकृतिलाई झल्कायो, जुलु सङ्गीतकारहरूको समूहदेखि गोरो गायकहरू समेत सबै थिए। यो र्‍याली दक्षिण अफ्रिकाभरि अङ्ग्रेजी र अफ्रिकान्समा रेडियोमा प्रत्यक्ष प्रसारण भयो। बिलीले निमन्त्रणा दिँदा चार हजार मानिसहरू अगाडि आए।

उनी साउथ अफ्रिकालाई छोड्दा बिलीले आशा गरे कि सम्मेलन र सुसमाचारीय र्‍यालीहरूले स्थापना गरेको नमुनाले एउटा प्रभाव ल्याउँछ। सबै जातिका मानिसहरू मिलेर आउन सक्छन्, र एक अर्कोसित प्रेम र आदरको साथ व्यवहार गर्न सक्छन्।

बिली झन्डै संयुक्त राज्य फर्किन डराएका थिए। धेरै टाढा दक्षिण अफ्रिकामा पनि समाचार पत्रहरू निक्सन र वाटरगेट काण्डको समाचारहरूले भरिएका थिए। बिलीले आशा गरे, कि यी सबै चाँडै अन्त हुन्छ, र देशले सामना गरिरहेका धेरै समस्याहरूलाई समाधान गर्न राष्ट्रपति अगाडि बढ्न सक्छन्। तर जब उनी घर फर्के, बिलीले देश अझै पनि राजनीतिक षड्यन्त्रहरूले घेरिएको भेट्टाए।

सन् १९७३ जुलाई महिना यो थाहा हुन आयो, कि राष्ट्रपति निक्सन

आफ्नो कार्यालयमा एउटा रेकर्डिङ गर्ने प्रणाली राखेका थिए, र धेरै वटा बातचितहरूलाई रेकर्डिङ गरेका थिए। व्हाइटहाउस र अनुसन्धान गर्नेहरूको बिचमा एउटा कानुनी झगडा सुरु भयो, जसले ती रेकर्डिङहरूलाई मागिरहेका थिए। निक्सनले राष्ट्रपतिको अधिकारलाई देखाएर त्यसलाई प्रकाश गर्न इन्कार गरे। सर्वोच्च अदालतले निक्सनलाई ती रेकर्डिङहरू भएका टेपहरूलाई दिन आदेश जारी गर्‍यो। ती उनलाई दोषी ठहराए। ती टेपहरूले खुलस्त पारे कि आरम्भदेखि नै के भइरहेछ भन्नेबारे निक्सनलाई थाहा थियो, र अनुसन्धान गर्नेहरू र सर्वसाधारणबाट सत्यलाई लुकाउनलाई निक्सनले एउटा विस्तृत व्यवस्थापन गरेका थिए। बिलीलाई समाचार स्विकार्न गाह्रो भयो। आफ्नो साथी यति छली भएको कुरालाई सोच्दा त्यसले उनलाई शारीरिक रूपमा अस्वस्थ तुल्यायो।

सन् १९७३ अगस्ट २ तारिख रूथको बुवा डा. नेल्सन बेल ७९ वर्षको उमेरमा निदाएको अवस्थामा बित्नुभयो। बिली एउटा असल ससुराबा र सल्लाहकारलाई गुमाएकोमा दुःखित भए। नेल्सन बिली ग्राहम एभान्जेलीकल एशोसिएसनमा निर्देशकहरूको समितिमा एउटा सदस्यको रूपमा काम गरेका थिए र ख्रीष्टियानीटी टुडे पत्रिकाको स्थापनामा सहयोग गरेका थिए। बिलीलाई थाहा थियो, कि उनको जीवनमा अब त्यो स्थानलाई कसैले भर्न सक्दैन।



**केन्टकी क्रूसेड - सन् १९७१**

**अध्याय - १५**

# बन्द गरिएका ठाउँहरूको लागि बन्द नगरिएका ढोकाहरू

सन् १९७४ अगस्ट ८ तारिख बिलीले न्यु योर्क टाइम्स पत्रिकाको एउटा संस्करणलाई हातमा लिए। समाचारपत्रको आवरण पन्नामा भएको शीर्षकले सबै कुरा बताइदियो: "निक्सनले राजीनामा दिए। उनले निको हुने एउटा समयको आग्रह गरे; फोर्डले आजदेखि कार्यालय सम्हाल्ने छन्।" बिलीले लेखलाई पढ्न थाले।

*"वासिङ्टन, सन् १९७४ अगस्ट ८ – रिचर्ड मिलाहाउस निक्सन, संयुक्त राज्यको ३७ औँ राष्ट्रपतिले आज राति घोषणा गरे, कि उनले पदमा रहिरहनको लागि आफ्नो लामो र कष्टपूर्ण सङ्घर्ष त्यागेका छन्, र भोलि दिउँसो १२ बजेदेखि लागु हुने गरी राजीनामा दिएका छन् । त्यो समय जेराल्ड रुडोल्फ फोर्ड, जसलाई श्रीमान् निक्सनले गएको अक्टोबर १२ तारिख उपराष्ट्रपति पदको लागि नामाङ्कित गरेका थिए, ३८ औँ राष्ट्रपतिको रूपमा शपथ ग्रहण गर्नेछन्, र श्रीमान् निक्सन दोस्रो कार्यकालका बाँकी ८९५ दिन पूरा गर्न सेवा गर्नेछन् ।"*

यसलाई पढिरहँदा आफ्नो पेटमा कसैले मुक्का हानेजस्तो बिलीले अनुभव गरे। यो सबैलाई प्रस्ट भयो कि यदि उनी तुरुन्तै राजीनामा दिएनन् भने निक्सनलाई सांसदद्वारा महाअभियोग लगाइनेछ, र पदबाट हटाइनेछ। तर बिली वास्तवमा न्यु योर्क टाइम्समा जसको बारेमा पढिरहेका थिए, त्यो मानिसलाई आफूले चिनेको भरोसा गरेको त्यही मानिस भनी स्वीकार गर्न सकेनन्।

रिचर्ड निक्सनसँगको आफ्नो सम्बन्धको बारेमा आफ्नो प्राणमा धेरै खोजतलास गर्ने अवस्थामा बिली छोडिए। उनी धेरै सोझो भए कि? उनी त्यो मानिसको गल्तीहरूप्रति अन्धो भए कि? उनी राजनीति र

राजनीतिज्ञहरूसँग धेरै नजिक भए कि? निक्सनले उनी र उनीहरूको सम्बन्धलाई राजनीतिक उद्देश्यको लागि प्रयोग गरेका थिए कि? जवाफ पाउनु सजिलो थिएन। विचार गर्नु र एक दिन कुराहरू प्रस्ट हुन्छन् भनी आशा गर्नु मात्र बिलीले गर्न सक्ने सबै थियो।

रिचर्ड निक्सनसँगको सम्बन्धमा भएको झट्काको बाबजुद ग्राहमको परिवारमा कुराहरू जस्ताको तस्तै चल्न थाले, र बिलीको लागि त्यसले ल्याउने परिणामचाहिँ अझ बढी क्रूसेडहरू थियो। अक्टोबर महिनाको सुरुमा उनी रियो दी जेनेरियोमा क्रूसेड चलाउन ब्राजिल गए। त्यहाँ रहँदा बिली आफ्नो छोरी गिगिबाट डर लाग्ने खालको खबर पाए। उनी र उनको बढ्दो परिवार मिल्वाकिमा बसाइँ सरेका थिए, जहाँ उनको श्रीमान् स्नातक तहको पढाइलाई पछ्याउँदै थिए। रूथ गिगि र उनको परिवारलाई भेट्न मिल्वाकि गएकी थिइन्, जब उनी आफ्नो नातिनातिनाहरूको लागि पिङ बाँध्ने क्रममा एउटा रूखबाट १५ फिट तल खसिन्। तिनको पैताला, एउटा करङ र एउटा कशेरुको हड्डी भाँचिएको थियो र साथै तिनी कोमा अवस्थामा थिइन्। बिलीलाई के गर्ने भनी थाहा भएन, तर गिगिले उनलाई जहाँ छन्, त्यहीँ रहन उत्साह दिइन्। रूथ अस्पतालमा सम्भव भएको उत्तम स्वास्थ्य सेवा पाइरहेकी थिइन्।

रियो दी जेनेरियोको ५ दिनको क्रूसेडको अन्तिम दिन साढे दुई लाख मानिसहरू बिलीको प्रचार सुन्न भेला भएका थिए, जबकि अर्को पाँच करोड मानिसहरू ब्राजिलभरि सभालाई टेलिभिजनमार्फत हेरिरहेका थिए।

क्रूसेड समाप्त भएपछि बिली रूथसित रहनको लागि, जो कोमाबाट फर्किसकेकी थिइन् र आफ्नो चोटहरूबाट बिस्तारै निको भइरहेकी थिइन्, आत्तुरीसाथ संयुक्त राज्य फर्किए। नोभेम्बर ८ तारिख बिली र रूथले एउटा दुःखको खबर पाए। रूथकी आमा भर्जिनियामा बितिन्। उनी मस्तिष्कघातले गर्दा, जसले तिनलाई बोल्न नसक्ने अवस्थामा छोड्यो, अस्वस्थ अवस्थामा रहँदै आएकी थिइन्। तिनको अन्तिम संस्कार हुँदा रूथ अझै पनि वैशाखीको सहयोगमा नै थिइन्। साथै रुखबाट लड्दा उनलाई भएको कोमाले उनको

छोटो अवधिको सम्झनालाई प्रायः मेटाइसकेको थियो, जसले गर्दा थोरै समय अवधिको लागि पनि ध्यान केन्द्रित गर्नु तिनको लागि कठिन बन्न पुग्यो।

उज्याला दिनहरूले पर्खिरहेका थिए। रूथको स्मरण शक्ति बिस्तारै फर्कियो, जबकि बी.जी.इ.ए. को चलचित्र बनाउने विभागले "द हाइडिङ प्लेस" भन्ने नामको एउटा वृहत् सफलता हासिल गरेको चलचित्र निर्माण गर्‍यो। चलचित्र कर्री टेन बुमको जीवनको बारेमा थियो, एउटा डच इसाई स्त्री, जसले दोस्रो विश्वयुद्धका समयहरूमा यहूदीहरूलाई साहसको साथ नाजीहरूबाट लुकाएकी थिइन्, र सो गरेबापत एउटा ठुलो मूल्य चुकाइन्। यसका साथ बिलीको नयाँ किताब "एञ्जल्स" तुरुन्तै अति बिक्री हुने किताब बन्यो। बिली यी सबै प्रयासहरूबाट आउने कुनै पनि आम्दानीलाई आफ्नो लागि राखेनन्, यद्यपि उनले बी.जी.इ.ए.बाट एउटा सुहाउँदो तलब पाइरहेका थिए। तर सुसमाचार नयाँ र मौलिक तरिकाहरूद्वारा मानिसहरूकहाँ पुगिरहेकोमा उनी आनन्दित थिए।

आउँदो राष्ट्रपति चुनावको डेमोक्रेटिक पार्टीको उम्मेदवार जिमी कार्टर थिए, जो एउटा जर्जियाबाटको इसाई बदाम किसान थिए। कार्टर दुई पल्ट जर्जिया प्रान्तमा सेनेटरको रूपमा र एकपल्ट गभर्नरको रूपमा सेवा गरिसकेका थिए। उनी सन् १९७६ नोभेम्बर २ तारिख ३९ औँ राष्ट्रपतिको रूपमा चुनिए। व्हाइटहाउसमा एउटा असल इसाई पुगेकोमा बिली खुसी थिए, तर रिचर्ड निक्सनपछि उनले एउटा राष्ट्रपतिसँग धेरै नजिक हुनुहुँदैन भन्ने आफ्नो पाठ सिकिसकेका थिए। त्यसको सट्टामा उनले आफ्नो लागि र बिली ग्राहम एभाञ्जलिस्टिक एसोसिएसनको लागि भएको नयाँ मौकाहरूमा ध्यान केन्द्रित गराए।

सन् १९७२ मा बिलीलाई अलेक्जान्डर हरस्टी नामका एक जना हङ्गेरीमा जन्मेको प्रतिभाशाली डाक्टरसँग परिचय गराएको थियो। डाक्टर हरस्टी एक मेडिकल डाक्टर हुनुको साथै भाषा विज्ञानमा पि.एच.डी र धर्मशास्त्रमा पनि स्नातकोत्तर हासिल गरेका थिए। उनले आठ वटा भाषा बोल्न सक्थे, तर अझ महत्त्वपूर्ण कुरा यो थियो, कि उनी आफ्नो जन्मभूमिमा सुसमाचार प्रचार

गर्नुमा निकै उत्साहित थिए, जसलाई उनी सन् १९५६ मा छोडेर आएका थिए। युरोपको पूर्व भागमा पर्ने हङ्गेरी कम्युनिस्ट राष्ट्रहरूमध्ये एक थियो, जुन सोभियत युनियनको अधीनमा थियो। नतिजास्वरूप देशमा धार्मिक गतिविधि अनुगमन र नियमनमा गरिन्थ्यो। त्यसो भए पनि डाक्टर हरस्टीले आफ्नो देशका इसाईहरूको सहयोगको लागि जे गर्न सक्थे सो गरे। उनले बिलीको "परमेश्वरसँग मिलाप" भन्ने किताबलाई हङ्गेरी भाषामा अनुवाद गरे, र हङ्गेरीमा अहिले पनि उनले सम्पर्कमा रहेका व्यक्तिहरूद्वारा बिली ग्राहमलाई त्यो राष्ट्रमा प्रचार गर्न निम्त्याउनको लागि गुप्त रूपमा काम गरे। सन् १९७७ अगस्ट महिना डा. हरस्टीको प्रयासले परिणाम ल्यायो। हङ्गेरीको सरकारले बिलीलाई देशमा सुसमाचार प्रचार गर्ने अवसर प्रदान गऱ्यो, साथै उनले केही सर्तहरू पूरा गर्नुपरेको थियो। बिलीलाई राजनीतिको बारेमा उल्लेख गर्न निषेध गरेको थियो, सम्पूर्ण प्रचारक टोली जहाँ बस्नु भनिएको थियो त्यहाँ नै बस्नु परेको थियो, र उनीहरू सबै समयमा कहाँ हुनेछन् भन्ने जानकारी खुलाउनु परेको थियो र सभाहरूबारे कुनै पनि प्रकारको विज्ञापन गर्नु हुँदैन थियो। यहाँसम्म कि आधिकारिक रूपमा अनुमोदित मण्डलीहरूका पादरीहरूले पनि बिली ग्राहम हङ्गेरीमा आउँदैछन् भनी घोषणा गर्न पाउँदैन थिए।

बिलीले आउन लागेको यात्राको बारेमा धेरै प्रार्थना गरे। उनलाई लाग्यो कि यो मिसनले हङ्गेरीमा कम्युनिजमलाई कमजोर बनाउन मदत गर्न सक्छ र इसाईहरूका लागि बढी अधिकारहरू ल्याउन सक्छ – तर केवल यात्रा सफल भएमा। रूथ उनको साथमा यात्रा गरिन्, र डा. हरस्टी पनि। जब बिली मण्डलीहरूमा प्रचार गर्दै थिए, उनले थाहा पाए कि उनको सन्देश, जसलाई अलेक्जेन्डर हरस्टीले दक्षतापूर्वक अनुवाद गरेका थिए – हङ्गेरीभरि टेप रेकर्डमार्फत फैलिरहेको थियो। सन् १९७७ सेप्टेम्बर ४ तारिख हङ्गेरीको राजधानी बुडापेस्टमा एउटा विज्ञापन नगरिएको ब्याप्टिस्ट जवान सम्मेलनमा बोल्नको लागि आएका थिए। कति जना मानिसहरू आउनेछन् भनी कसैलाई थाहा थिएन, तर १५ हजार हङ्गेरीहरू शिविरस्थलमा जम्मा भए। मानिसहरू उनी प्रचार गरेको हेर्नको लागि नजिकैको पहाडमा चढेर रूखहरूमा चढेकोलाई बिली आश्चर्यचकित भएर हेरिरहे। त्यसले उनलाई येशूको

डाँडाको उपदेशको आधुनिक संस्करण हेरिरहेको जस्तो महसुस गर्न लगायो। यो सफल यात्राले बिलीलाई अन्य पूर्वी देशहरूमा प्रचार गर्ने बाटो खोलिदियो। अर्को वर्ष बिली पोल्यान्ड यात्रा गरे।

सन् १९८० मे ७ तारिख बिली र रूथ, रूथको भाइ क्लेटन र उनकी बहिनीहरू रोसा र भर्जिनियालाई बोकेको विमान बेइजिङमा अवतरण भयो। चीनको यात्रा रूथको लागि एउटा सपना पूरा हुने कुरा थियो। उनी र उनकी बहिनीहरू र भाइ उनको बुवा मेडिकल मिसनरीको रूपमा काम गरेको ट्रिचङ्गियाङलाई हेर्न र बिलीलाई रूथको जन्मस्थान देखाउन फेरि जाँदै थिए। यो यात्रा रिचर्ड निक्सनको मदतले आयोजना गरिएको थियो, जसले आफ्नो राष्ट्रपति पदबाट हटेपछि पनि आफ्नो चीनको यात्रालाई जारी राखेका थिए, र त्यहाँ उच्चस्तरीय सम्पर्कहरू राखेका थिए। वाटरगेट काण्डको खुलासाले स्तम्भित भए तापनि बिलीले निक्सनसँग मित्रता कायम राखेका थिए।

चीनको राजधानीमा केही समय विभिन्न ठाउँहरूमा भ्रमण गरिसकेपछि टोली शाङ्घाईदेखि ३०० माइल उत्तर पश्चिममा पर्ने ट्रिचङ्गियाङतिर फर्के। तिनीहरू पुरानो मिसन कम्पाउण्डतिर आइपुग्दा, जहाँ बेलको परिवार बसोबास गर्नुभएको थियो, बिलीले यो घडी आफ्नी श्रीमती रूथको लागि एउटा भावनात्मक घडी भन्ने कुरालाई देख्न सके। रूथले त्यो ठाउँलाई ४३ वर्षपछि देख्दै छिन्। रूथको परिवार बसोबास गरेको दुई तलाको घर जीर्ण अवस्थामा थियो, तापनि खडा थियो, त्यसै गरी नै त्यो अस्पताल, जहाँ तिनी जन्मेकी थिइन्, र त्यो मिसन विद्यालय, जुनमा तिनी बालक अवस्थामा पढेकी थिइन्, यी पनि जीर्ण अवस्थामा थिए। उनीहरू कम्पाउण्डभित्र हिँडिरहेको हुँदा डा.बेल काम गरेकोलाई बिलीले कल्पना गरे। डा.बेल उति बेलाको संसारको सबैभन्दा ठुलो मिसन अस्पतालको निरीक्षक थिए। त्यो सहरका केही बासिन्दाहरूले अझै पनि बेलको परिवारलाई याद गर्थे, र उनीहरूको परिवार र डा.बेलले अस्पतालमा गरेको कामको बारेमा प्रेमपूर्वक कुरा गरे।

डा.बेलका छोराछोरीहरूको लागि आफू हुर्केको ठाउँमा हुनु भावनात्मक

र उदासपूर्ण कुराको रूपमा हुँदा बिलीको लागि यो एउटा बुझ्ने समय थियो। पहिलोपल्ट उनले आफ्नी श्रीमतीले आफ्नो जवानकालदेखि बताएका कुराहरू देख्ने र अनुभव गर्ने मौका पाए।

चीनको भ्रमण अन्त हुन लाग्दा बिलीले चुनौती पाएको महसुस गरे। चीनमा उनले भेटेका मानिसहरू मित्रतापूर्ण थिए, तर धेरैलाई सुसमाचारको बारेमा ज्ञान थिएन। यद्यपि त्यसको बारेमा जससित उनले कुरा गरे, तिनीहरू साँचो रूपमा त्यसमा चासो देखाएको उनले देखे। जब उनी संयुक्त राज्य फर्के, बिली र उनको पूर्ण संस्थाले परमेश्वरले उनीहरू चीन जानको लागि बाटो खोलिदेउन् भनी प्रार्थना गर्न थाले।

सन् १९८० को राष्ट्रपति चुनावमा जिमी कार्टर रिपब्लिकन उम्मेदवार हलिउड नायक रोनाल्ड रेगनसँगको प्रतिस्पर्धामा हार्नुभयो। बिलीले रेगनलाई विगतको २५ वर्षदेखि चिन्थे, र ४० औँ राष्ट्रपतिको रूपमा संयुक्त राज्यलाई नेतृत्व गर्न रेगन एउटा असल छनोट भनी तिनले महसुस गरे।

सन् १९८१ अगस्ट १४ तारिख बिली ग्राहमकी आमा मार्रो ग्राहम आफ्नो ९० औँ जन्म दिवसभन्दा केही महिना अगि बितिन्। खबर सुन्दा बिली रोए। उनले चिनेका मानिसहरू सबैको बिचमा उनकी आमाले नै उनीमाथि ठुलो प्रभाव पारेकी थिइन्। विटन कलेजमा जान उत्साह दिएको चाहिँ उनकी आमा नै हो भन्ने कुरालाई उनले सम्झे, र उनी र बिलीको बुवा उनको लागि हरेक बिहान दश बजे प्रार्थना गरेको कुरालाई पनि उनले सम्झे। अहिले उनी पनि छैन, बिली र रूथको अभिभावकहरूमा बित्ने अन्तिम व्यक्ति उनी नै थिइन्। उनकी आमा लामो समय बाँचेर तिनका प्रार्थनाका परिणामहरूलाई देख्न पाएकोमा बिली धन्यवादी थिए।

सन् १९८२ मा रसिया भ्रमण गर्नको लागि बिलीलाई अर्को एउटा मौका दिइयो। सन् १९५९ मा बिली र ग्र्याडी विल्सन दुवै बिल जोन्स भन्ने अमेरिकी व्यापारीको साथ सोभियत युनियनमा रहेको मस्को गएका थिए। बिल जोन्स धेरै पल्ट त्यो देशमा भ्रमण गरेका थिए, कोही बेला त्यहाँका

इसाईहरूलाई दिन बाइबल पनि साथमा लगेका थिए, र तिनले बिली आफै आएर त्यो ठाउँलाई हेरेको चाहन्थे। तिनीहरू पर्यटकहरूको रूपमा त्यहाँ गएका थिए, किनभने सोभियत युनियन आधिकारिक रूपमा एउटा नास्तिक राष्ट्र थियो। अन्तर्राष्ट्रिय सुसमाचार प्रचारकलाई छोडिदिऊँ इसाईहरूलाई नै प्रचार गर्न प्रतिबन्ध लगाएको थियो। त्यो यात्रा बिलीको लागि आँखा खोल्ने यात्राको रूपमा थियो। जहाँ जहाँ तिनी गए, केही मानिसहरू तिनलाई चिनेको जस्तो देखिन्थ्यो, र तिनीहरू आफू इसाई भन्ने कुरालाई सङ्केत गर्न गुप्त रूपमा एउटा क्रूसको नक्सा जमिनमा अथवा हुसो लागेको झ्यालको सिसामा अथवा हातमा कोर्थे। कम्युनिस्ट सरकारले देशलाई कडा रूपमा नियन्त्रण गर्थ्यो, र रसियन अर्थोडक्स मण्डली र ब्याप्टिस्ट मण्डली यी दुवै मात्र अनुमति प्राप्त सम्प्रदायहरू थिए। त्यसो भए पनि तिनीहरूले गर्ने हरेक निर्णयमा सरकारले स्वीकृति दिनुपर्थ्यो। बिलीले कमिनिजमलाई घृणा गर्थे, र त्यस्ता एउटा कठोर राजनीति प्रणालीलाई सहेर जिइरहेको ख्रीष्टका मानिसहरूलाई देखेर उनी प्रभावित थिए। उनी एक दिन फेरि आउन र प्रचार गर्न चाहन्थे, यद्यपि त्यो सम्भवजस्तो देखिँदैन थियो।

त्यो मस्कोको भ्रमणको २२ वर्षपछि रसियन अर्थोडक्स मण्डलीले "आणविक प्रकोपबाट पवित्र दान भएको जीवनलाई बचाउन धार्मिक कामदारहरूको विश्वव्यापी सम्मेलन" नामक एउटा सम्मेलनको योजना बनाइरहेको थियो, जुनचाहिँ सन् १९८२ मे महिना मस्कोमा हुन लागिरहेको थियो। अलेक्जेन्डर हरस्टी र अर्को दुई जना मानिसहरू आफूले चिनेको मानिसहरूद्वारा सम्मेलनमा बिलीलाई निरीक्षकको रूपमा साथै सहभागीहरूको बिचमा बोल्नको लागि औपचारिक रूपमा निम्तो दिन लगाए। बिलीले उत्सुकता साथ मस्को फेरि जाने अवसरलाई स्वीकार गरे, र यसपल्ट इसाईहरूको बिचमा प्रचार गर्नको लागि।

मस्कोमा हुन लागेको सम्मेलनमा सहभागी हुने बिलीको योजनाले अमेरिकी पत्रिकाहरूबाट धेरै आलोचना ल्यायो। उनीमाथि सोभियत सरकारको लागि कठपुतली भएको आरोप पऱ्यो, जुन सरकारले उनको सहभागितालाई प्रचारप्रसारको लागि प्रयोग गर्छ भनी तिनीहरूले विश्वास

गर्थे। बिलीलाई थाहा थियो कि अमेरिकी विदेश मन्त्रालयले उनको यात्राप्रति गहिरो चिन्ता बोकेको थियो, र पत्रिकाहरूले बिली आफ्नो निर्णयलाई पुनः विचार गर्छन् भन्ने आशामा राष्ट्रपति रेगन रहेको खबर छापे। बी.जी.इ.ए. का केही सदस्यहरू पनि बिलीले ठिकै गरिरहेछन् कि भनी सोच्न थाले। भ्रमणप्रतिको आलोचना र चिन्ताको बाबजुद बिली आफ्नो निर्णयमा स्थिर रहे। उनले विश्वास गरे कि पहिले बन्द गरिएको ठाउँभित्र पस्नको लागि यो परमेश्वरले उनको लागि खोलिदिएको एउटा ढोका हो, र उनी त्योद्वारा प्रवेश गर्ने विचारमा थिए।

सन् १९८२ मे महिना बिली मस्कोतिरको आफ्नो यात्रामा लागे। उनको यात्राभन्दा अगिको आइतबार उनी राष्ट्रपति रेगन र उनकी श्रीमती र उपराष्ट्रपति जर्ज बुससँग दिवा भोजन खाए। दिवा भोजको समयमा राष्ट्रपति रेगनले बिलीलाई अलग्गै लगे र भने कि बिली सोभियत युनियन जानुमा उनी खुशी थिए। यसले बिलीलाई आफ्नो निर्णयको बारेमा धेरै राम्रो महसुस गर्न लगायो।

सोभियतका अधिकृतहरूले बिलीको लागि तोकिएका नियमहरू कडा थिए। सरकारबाट अनुमति प्राप्त भएको रसियन अर्थोडक्स अथवा ब्याप्टिस्ट मण्डलीहरूमा मात्रै प्रचार गर्न बिलीलाई अनुमति दिएको थियो। यद्यपि त्यो नियमभित्र रहेर बिली आफूलाई जे बोल्न मन लाग्यो त्यो बोल्न स्वतन्त्र थिए, र उनले विश्वका अनगिन्ती सहरहरूमा प्रचार गरेको त्यही सुसमाचारलाई प्रचार गरे। मे महिनाको ११ तारिख उनले "आणविक प्रकोपबाट पवित्र दान भएको जीवनलाई बचाउन धार्मिक कामदारहरूको विश्वव्यापी सम्मेलन" नामक सम्मेलनमा भाषण गरे। सम्मेलनमा उनी रसियन अर्थोडक्स मण्डलीहरूको कुलपिता पइमेनको मित्र भए।

मस्कोमा रहँदा बिलीले क्रमलिनमा आउन निम्तो पाए, जहाँ उनले सोभियत सरकारको राजनीति विभागको एक जना सदस्य बोरिस पोनोमेरेव र विदेश मामिला समितिको अध्यक्षलाई भेटे। ती दुवै जना उनीसँग केही समस्याहरूको बारेमा, उदाहरणको लागि दुई देश बिचका बाधाहरू र

रसियामा इसाईहरूप्रतिको व्यवहार, हार्दिकतापूर्वक तर सिधा कुरा गरे। उनले विश्व नेताहरूलाई भेट्दा सधैँ गर्न मन गरेझैँ बिली उनको व्यक्तिगत इसाई विश्वासको बारेमा कुरा गरे। उनीहरूको भेटपछि पोनोमेरेवले बिलीलाई क्रमलिनमा र एउटा निजी भ्रमणमा लगे।

उल्लेखनीय रूपमा सिर्फ दुई वर्षपछि बिली फेरि सोभियत युनियन फर्के। यसपल्ट चार वटा सहरहरू मस्को, लेनिनग्रेड, नोवोसिबिर्स्क र इस्टोनीयाको ट्यालिनमा सिङ्गो क्रूसेड चलाउन आएका थिए। क्रूसेड भ्रमणमा बिलीको साथमा आउनुचाहिँ एउटा जवान सेवक थिए, जसले बिलीको हृदयमा एउटा विशेष ठाउँ पाएका थिए – उनको छोरो, जो अहिले रेभरेन्ड प्र्याङ्कलिन ग्राहम भइसकेका थिए। प्र्याङ्कलिनले आफ्नो विद्रोह मार्गलाई त्यागिसकेका थिए, र येशू ख्रीष्टलाई पछ्याउन जीवन अर्पण गरिसकेका थिए। सोभियत युनियनका क्रूसेडहरूमा सहभागी हुनेहरूको सङ्ख्या उनको अन्य ठाउँहरूमा हुने क्रूसेडहरूको सङ्ख्याभन्दा अति थोरै भए तापनि बिलीले सभाहरू उपयोगी र मूल्यवान् भएको महसुस गरे। सोभियत युनियनमा धार्मिक स्वतन्त्रताको एउटा नयाँ हावा चल्न सुरु भएको थियो।

संयुक्त राज्यमा फर्किसकेपछि बिली झन्झन् बढी प्र्याङ्कलिनमाथि निर्भर हुन थाले। उनले महसुस गरे कि यो अरू जवान जवानीहरूलाई आउँदो पुस्ताको बिचमा सुसमाचार लान उत्साह दिनुपर्ने समय हो। तीन वर्षपछि यो अझै पक्का रूपमा देखियो, जब उनको घनिष्ठ मित्र र सहकर्मी ग्र्याडी विल्सन एउटा मुटुको रोगले बित्नुभयो। सन् १९८७ नोभेम्बर ३ तारिख बिली ६९ वर्ष पुग्न चार दिन मात्र बाँकी हुँदा ग्र्याडीको अन्तिम संस्कारमा प्रचार गरे। ग्र्याडीको शव–बाक्सालाई हेर्दै उभिरहेको हुँदा उनले उनीहरू दुवै शार्लटमा भएको मोर्दकै हमको सुसमाचारीय सभामा पहिलोपल्ट भेटेकोलाई सम्झे।

अन्तिम संस्कारपछि धेरै मानिसहरूले बिली र ग्र्याडी ५० वर्षभन्दा बढी सँगसँगै काम गरेको कुरालाई सम्झेर आश्चर्य माने, यद्यपि बिलीको लागि यो पूर्ण रूपमा प्राकृतिकजस्तो देखिएको थियो। उनीहरू दुवै नर्थ क्यारोलाइनाको

दुई ठिटाहरू थिए, जो सुसमाचार प्रचार गर्दै संसार भ्रमण गर्नुमा आफ्नो जीवन बिताएका थिए। उनी नजिकै हेर्दा बिलीले ग्र्याडीको दाइ टि.डब्ल्यु. विल्सनलाई, जो अझै पनि बी.जी.इ.ए. को सहायक सुसमाचार प्रचारक थिए, र जर्ज बेवेर्ली शेलाई, जो ७८ वर्षका थिए, र अझै बिलीका क्रूसेडहरूमा गाइरहेका थिए, देखे। तिनीहरू सबै जवान मानिसहरूको रूपमा एउटा साझा लक्ष्य राखेर जीवन सुरु गरेका थिए, र बिलीलाई केही शङ्का थिएन, कि तिनीहरू एक–अर्काप्रति समर्पित भएर काम गर्छन्।

# अध्याय - १६

# एउटा राष्ट्रिय धन

त्यो सन् १९८९ अक्टोबर १५ तारिख २:३० बजे लस एन्जलसको घमाइलो दिन थियो। बिली ग्राहम आफ्नो ७१ वर्षको जन्म दिवसभन्दा तीन हप्ता अगि हलिउडको सडकमा म्यान्स चाइनिज रङ्गशाला अगि उभिरहेका थिए। उनले त्यो ठाउँमा थोरै असजिलो महसुस गरिरहेका थिए, हलिउडमा भएकोले होइन, तर उनको सामु सडकको छेउमा र ठाउँ नभएकोले सडकमा पनि उभिरहेका २५०० जनाको भिडले गर्दा थियो। त्यो भिड हलिउडको प्रख्यात "वाल्क अफ फेम" (Walk of Fame) मा बिली ग्राहमको स्थानलाई ताराद्वारा स्थापित गर्ने र अनावरण गर्ने कार्यक्रममा उत्सव मनाउन भेला भएको थियो। चार्लि च्याप्लिन, मिक्की रोनी र बाब होपजस्ता प्रख्यात मनोरञ्जनकर्ताहरूको सूचीमा बिली जोडिने छन्, जो सबैको लागि तारा त्यो हलिउडको सडकमा राखिएको थियो।

गुलाबी रङको त्यो तारा अनावरण हुने बित्तिकै बिलीले भाषण गरे। "केही मानिसहरूले सोध्न सक्छन्, कि किन मैले हलिउडको वाल्क अफ फेममा मेरो नाम राख्न सहमत भएँ। के यो अहङ्कारजस्तो देखिएन?" बिली अगाडि बढ्नु अगि केही बेर रोकिए। "कसैको लागि त्यो त्यस्तो लाग्न सक्छ, तर मैले यो गर्न सहमति दिएको कारणचाहिँ मैले सम्झें, एक दिन कुनै एउटा सानो बच्चा यो सडकमा हिँड्दा तल हेर्छ र भन्छ, 'आमा, बिली ग्राहम को हो?' त्यो आमाले आफ्नो बच्चालाई भन्न सक्छन्, 'बिली ग्राहम एउटा येशू ख्रीष्टको सुसमाचारको सेवक थिए। सुसमाचार के हो भनी म तिमीलाई भन्छु।'"

भिडको बिचमा कसैले सोधे, कि हलिउडको सडकमा धेरै जना पापीहरूको साथ आफ्नो नाम स्थायी रूपमा खोपिनुमा बिलीलाई केही

समस्या छैन। बिली एक क्षणको लागि पनि आनाकानी गरेनन्, उनले जवाफ दिए, "हामी सबै पापी हौँ। विश्वभरि तपाईंले भेट्ने हरेक व्यक्ति एउटा पापी हो। पाप भन्ने शब्दको अर्थचाहिँ तपाईंले परमेश्वरको नियमलाई तोड्नुभयो। हामी सबैले त्यो गरेका छौँ। यसैले मैले हलिउडको सडकलाई अरू कुनै ठाउँभन्दा बढी दोष लगाउन सक्दिनँ।"

त्यस्ता कार्यक्रमहरूमा उपस्थित हुँदा सधैँ गरेझैँ बिलीले उपस्थित भएको सबैलाई सुसमाचार प्रचार गरे। यो उनले ५० वर्षहरूभन्दा बढी समय अगिदेखि गर्दै आएको हो, र उनको स्वास्थ्यले अनुमति दिइन्जेल उनले यसलाई निरन्तरता दिने विचारमा नै थिए।

दुई वर्षपछि सन् १९९१ सेप्टेम्बर महिना बिलीले न्यु योर्क सहरको सेन्ट्रल पार्कको ग्रेट लानमा प्रचार गरे। साँढे दुई लाखभन्दा बढी मानिसहरू उनको प्रचार सुन्न भेला भए, त्यो न्यु योर्क सहरको इतिहासमा सबैभन्दा ठुलो धार्मिक भेला र उत्तर अमेरिकामा बिलीको ठुलो कार्यक्रम हुन पुग्यो।

एक वर्षपछि बिली आफ्नो गतिलाई घटाउने कुराको बारेमा सोच्ने बाध्यतामा आए। उनले देख्न थाले कि उनको शरीर उनले चाहेजस्तो काम गरेको छैन। कोही बेला बाटो सम्म हुँदा पनि उनलाई ठेस लाग्यो, अथवा पानीको गिलास लिन खोज्दा त्यसलाई पल्टाइदिन्थे। मिनेसोटामा भएको मायो अस्पतालमा जाँदा उनलाई पार्किन्सन्स रोग लागेको पत्ता लाग्यो। त्यो एउटा नसोचेको खबर थियो, किनभने उनको परिवारमा त्यो रोग भएको कोही थिएन। चिकित्सकले बिलीलाई बुझाए कि पार्किन्सन्स रोगले मांसपेशी नियन्त्रण गर्ने दिमागका कोषहरूलाई नष्ट पार्छ। रोग बढ्दै जाँदा बिलीको हात र खुट्टाहरू काम्न थाल्नेछन्, र ठुलो समूहका मांसपेशीहरू नियन्त्रण गर्नु उनलाई कठिन हुन पुग्नेछ। बिली खबरलाई असल तरिकाले स्वीकार गरे। उनले अक्सर दुःख मानव जीवनको एउटा अंश र हरेक व्यक्तिले आफ्नो जीवनको कुनै भागमा त्यसलाई अनुभव गर्नेछ भनी प्रचार गर्ने गरेका थिए। उनले आफ्नो तालिकालाई रोगअनुसार समायोजन गरे, तर सेवालाई निरन्तरता दिइरहे।

सन् १९९२ अक्टोबर महिना बिली एउटा सहरभरिको क्रूसेडको लागि मस्को आएका थिए। सन् १९५९ मा उनको पहिलो भ्रमणदेखि अहिलेको समयसम्म त्यहाँ भएको विशाल बदलाबहरूलाई बुझ्नु उनलाई कठिन थियो। एक वर्षभन्दा अलि कम अगि कम्युनिस्टहरूको सोभियत युनियन ढलिसकेको थियो। पुरानो दमनकारी सरकार हटिसकेको थियो, र एउटा नयाँ दिन रुसमा उदय भइसकेको थियो, राजनीतिमा मात्रै होइन तर आत्मिक कुराहरूमा पनि। कम्युनिस्टहरूको पुरानो नास्तिक धारणाहरू लोप भइसकेका थिए। अहिले रुसीहरू स्वतन्त्र रूपमा मण्डलीमा सहभागी हुन, आराधना गर्न र सुसमाचार प्रचार गर्न सकिरहेका थिए। मस्कोको क्रूसेड अठतीस हजार जना बस्न सक्ने पुरानो ओलम्पिक रङ्गशालामा आयोजित भएको थियो। सुरुदेखि नै त्यो ठाउँ भरिसकेको थियो। शनिवार राति क्रूसेडको अन्तिम सभामा रुसको सेनाको क्वायर झुन्डले अमेरिकाको जनयुद्धको बेलामा लेखिएको "गणतन्त्रको युद्ध भजन" लाई अङ्ग्रेजीमा गाएको सुन्दा बिली आँसुले भरिए। उनको सपनामा पनि बिलीले यस्तो एउटा कुरालाई कल्पना गर्न सकेको थिएनन् होला।

जब बिलीले आफ्नो प्रवचनको अन्तमा मानिसहरूलाई अगि आउन निमन्त्रणा दिए, कमसेकम बीस हजार मानिसहरू, श्रोताहरूको सङ्ख्यामा झन्डै आधी, येशू ख्रीष्टलाई स्वीकार गर्न अगि आए। घटिरहेका कुराहरूलाई विश्वास गर्न बिलीलाई नै गाह्रो भयो। सुसमाचार प्रचारकको रूपमा उनको जीवनभरिका क्रूसेडहरूमध्ये ख्रीष्टलाई स्वीकार गर्ने मानिसहरूको सबैभन्दा उच्च प्रतिशत यही क्रूसेड सभामा नै थियो।

अब बिली जीवनमा यस्तो एउटा समयमा आइपुगेका थिए, जब उनको धेरै जना पुराना साथीहरू र सहकर्मीहरू बित्न थालेका थिए। अक्सर उनलाई उनीहरूको अन्तिम संस्कार सभामा प्रचार गर्न बोलाइन्थ्यो। सन् १९५३ मा उनले पूर्व प्रथम महिला प्याट निक्सनको अन्त्येष्टि सभामा प्रचार गरे। एक वर्षपछि सन् १९९४ अप्रिल २७ तारिख क्यालिफोर्नियामा भएको निक्सन लाइब्रेरी मैदानमा उनले पूर्व राष्ट्रपति रिचर्ड निक्सनको अन्त्येष्टि सभामा प्रचार गरे। वाटरगेट काण्डले पूर्व प्रधानमन्त्रीसँगको उनको सम्बन्धलाई

बिगारे तापनि ती दुवै त्यसलाई पार गरेर जान र आफ्नो मित्रतालाई कायम राख्न सफल भए। अहिले उनको ४१ वर्षहरूको साथी ८१ वर्षको उमेरमा बितिसक्नुभयो।

राष्ट्रिय घाउहरू निको पार्नको लागि पनि राष्ट्रले बिली ग्राहमको सहायता माग्यो। सन् १९९५ ओक्लहोमा सहरमा सरकारी कार्यालय भवनमा स्थानीय आतङ्कवादी अल्फ्रेड पि. मुर्राद्वारा बम विस्फोटको घटनापछि भएको स्मारक सभामा बिलीले प्रचार गरे। विस्फोटमा परेर १६८ जनाको ज्यान गएको थियो, र अर्को ६८० जना घाइते भएका थिए। बिलीले अझै पनि क्रूसेडहरूमा प्रचार गरिरहन्थे, तर अब ती सभाहरू छोटो र कम नियमित हुन्थे। सन् १९९५ मा पोर्तो रिकोको स्यान जुवान, क्यानडाको टोरन्टो र क्यालिफोर्नियाको स्याक्रामिन्टोमा प्रचार गरे। पछिल्लो वर्ष उनी मिनासोटाको मिनियापोलिस र नर्थ क्यारोलाइनाको शार्लटमा प्रचार गरे।

सन् १९९६ मा बिलीको छोरा  फ्र्याङ्कलिनलाई बिली ग्राहम एभाञ्जलिस्टिक एसोसिएसनको निर्देशकहरूको बोर्डको उपाध्यक्ष बनाइयो। जब बिली धेरै कमजोर भएर काम गर्न नसक्ने भए, त्यति बेला फ्र्याङ्कलिनलाई बिलीको उत्तराधिकारी बनाउने निर्णय गरियो। त्यही वर्षको मे महिना बिली र रूथ ग्राहमले वासिङ्टन डिसी. को क्यापिटल भवनमा आयोजित समारोहमा कंग्रिगेसनल सुनको पदक प्राप्त गरे। बिलीले मानिसहरूको बिचमा आफ्नो सन्देशलाई पुऱ्याउन नवीन तरिकाहरू पत्ता लगाउनुमा निरन्तरता दिइरहे। सन् १९९८ मा उनले टेड टक (TED Talk) कार्यक्रममा बोले, जुन वैज्ञानिकहरू र दार्शनिकहरूको लागि एक विश्वव्यापी सम्मेलन हो। उनको सन्देश सरल थियो। महान् वैज्ञानिक मस्तिष्कहरूले मानिसहरूको जीवनलाई सहज तुल्याउन सेलफोन, सि.टी. स्क्यान र अन्य धेरै आश्चर्यजनक उपकरणहरू बनाउन सकिन्छ। यद्यपि यी आविष्कारहरूलाई ठुलो खराबको लागि पनि प्रयोग गर्न सकिन्छ। परमेश्वरले मात्र मानिसहरूको हृदयलाई बदल्न सक्नुहुन्छ। यो त्यही सन्देश थियो, जुन बिलीले ३४ वर्ष अगि न्यु योर्क सहरमा भएको विश्व मेलामा "पाँचौ आयाममा मानिस" चलचित्रद्वारा प्रस्तुत गरेका थिए।

यस समयमा बिली ग्राहमलाई धेरै अमेरिकीहरूले राष्ट्रिय खजानाको रूपमा मान्न थालिसकेका थिए। सन् २००० मा पूर्व प्रथम महिला न्यान्सी रेगनले उनलाई रोनाल्ड रेगन फ्रीडम अवार्ड प्रदान गरिन्।

सन् २००१ सेप्टेम्बर ११ तारिख न्यु योर्क सहरको वल्ड ट्रेड सेन्टर र भर्जिनियामा रहेको पेन्टागन भवनहरूमाथि आतङ्कवादीहरूको आक्रमणपछि सेप्टेम्बर १४ तारिख वासिङ्टन डिसीको राष्ट्रिय केथेड्रलमा आयोजित राष्ट्रिय आराधना सेवामा प्रचार गर्न बिलीले निम्तो पाए। यो आराधना सेवामा राष्ट्रपति जर्ज. डब्ल्यु. बुस र अन्य धेरै पूर्व र वर्तमान अमेरिकी र विश्व नेताहरू सहभागी भएका थिए।

तीन महिनापछि बिली फेरि वासिङ्टन पुगे। यसपल्ट बेलायतकी रानीबाट मानार्थ सुरवीरको उपाधि प्राप्त गर्नको लागि थियो। रानी एलिशबेत दोस्रोको तर्फबाट संयुक्त राज्यको लागि बेलायती राजदूत सर क्रिस्टफर मेयरले उपाधि हस्तान्तरण गरे। समारोहमा सहभागी भएका पाहुनाहरूलाई यो बतायो कि बिली ग्राहमले यो मान पाउनुको कारणचाहिँ साठी वर्षभन्दा बढी नागरिक र धार्मिक जीवनमा उनले गरेको विशाल र साँच्ची नै विश्वव्यापी योगदान हो। र यो सत्य थियो। अहिलेसम्म बिली १८५ वटा देशहरू र भूभागहरूमा एक्काइस करोड पचास लाख श्रोताहरूलाई प्रचार गरिसकेका थिए। उनी अझै दशौँ करोडलाई रेडियो, टेलिभिजन र चलचित्रमार्फत सन्देश पुऱ्याइसकेका थिए। यी वर्षहरूमा उनले अनगिन्ती राजनीतिज्ञ नेताहरूसँग भेट गरिसकेका थिए। राजाहरू, रानीहरू र साम्राट्हरूदेखि राष्ट्रपतिहरू, प्रधानमन्त्रीहरूसम्म साथै व्यापारिक, नागरिक र धार्मिक नेताहरूसँग उनको भेट भएको थियो। यी हरेक भेटहरूमा बिलीले ती नेतालाई ईश्वरमाथिको उनको व्यक्तिगत विश्वास बताउन प्रयास गरेका थिए। एउटा सुसमाचार प्रचारकको रूपमा बिली ग्राहम साँच्ची नै सुसमाचारलाई प्रचार गर्न पृथ्वीका पल्लो छेउहरूसम्म पुगेका थिए।

अधिकांश पूर्व अमेरिकी राष्ट्रपतिहरूको नाममा पुस्तकालयहरू छन्, जुन प्रायः तिनीहरू र तिनीहरूको जीवनकालको ऐतिहासिक सङ्ग्रहालयजस्तो

www.tOgmission.com

हुन्छ। सन् २००७ मे ३१ तारिख बिलीको लागि विशेष दिन थियो। उनी नर्थ क्यारोलाइनाको शार्लटमा बिली ग्राहम पुस्तकालयको उद्घाटन समारोहमा उपस्थित थिए। बिली आफ्नो बैसाखीको सहायताले मञ्चमा गएर बसे। उनको छेउमा चालिस हजार वर्ग फुटको पुस्तकालय थियो, जुनचाहिँ एक डेरी फार्मको भण्डारको आकारमा थियो। उनको पछाडि दुई तले इँटाको घर थियो, जहाँ उनी हुर्केका थिए, त्यो घरलाई पुस्तकालय भएको ठाउँमा ल्याउनको लागि ४ माइल सारिएको थियो। अहिले त्यस घर ग्राहम परिवारको स्मृति चिन्हहरूले भरिएको थियो।

बिलीको बायाँपट्टिचाहिँ तीन जना पूर्व राष्ट्रपतिहरू बसिरहेका थिए: जीमी कार्टर, बिल क्लिन्टन, र जर्ज एच. डबल्यु. बुस। तीनै जना पालैपालो गर्दै उनीहरू राष्ट्रपति हुनुभन्दा अगि बिलीसँग भएको सम्बन्धको बारेमा आफ्नो सम्झनालाई व्यक्त गरे। जीमी कार्टरले अब जर्जियामा बसोबास गर्दा एउटा चलचित्रको माध्यमद्वारा आयोजित एकीकृत क्रूसेड एउटालाई अगुवाइ गर्न बी.जी.इ.ए.ले अनुरोध गरेको कुरालाई सम्झे। त्यो जिल्लामा त्यो त्यस्तो प्रकारको पहिलो एउटा कार्यक्रम थियो, र त्यसले त्यहाँ जातीय भेदभावलाई अन्त गर्ने क्रियालाई नजिक ल्यायो। कार्टरले बिलीको बारेमा यसो भने, “उनी निरन्तर रूपमा फराकिलो विचारका, क्षमा दिने, अरूसँग गर्ने व्यवहारमा विनम्र थिए। उनले सबै मानिसहरूलाई परमेश्वरको सेवा दिन पाउने मौकाहरूलाई समान रूपमा प्रयोग गरे, काला र गोरा मानिसहरू, अमेरिकी वा विदेशी, पुरुष वा स्त्री। आजको दिनमा मेरो गवाही यो हो, कि बिली ग्राहमद्वारा आफ्नो आत्मिक जीवन निर्माण गरिपाएका करोडौँ मानिसहरूमध्ये सिर्फ म पनि एक व्यक्ति हुँ।”

त्यसपछि बिल क्लिन्टनले बोले। उनले अर्कनससमा बिलीले जातीय भेदभावलाई तोडेका कुरालाई सम्झे। “झन्डै ५० वर्ष अगि जब म तीन वर्षको इसाई मात्रै थिएँ, मेरो सन्डे स्कुलको शिक्षकले मलाई बिली ग्राहमको प्रचार सुन्नको लागि लिट्टिल रक लानुभएको थियो। सेन्ट्रल हाइस्कुलमा जातीय भेदभावलाई हटाउने निर्णयको कारण भएको कलहले विद्यालयहरू बन्द थिए, र मैले पनि जीमी कार्टरले गरेको त्यही कुराको अनुभव गरेँ। लिट्टिल

रकमा भएको ह्वाइट सिटिजन काउन्सिलले बिली ग्राहमलाई र उनको साथमा भएको सबैलाई छुट्टाछुट्टै सभा चलाउन मनाउन खोज्यो, झन् दबाब नै दियो। बिलीले तिनीहरूलाई भने कि यदि तिनीहरू जिद्दी गरे भने उनले क्रूसेडलाई नै रद्द गर्छन् र सारा संसारलाई कारण बताउँछन्.... मेरो प्रान्तको हरेक छरछिमेक हिंसाको नजिक थिए, यद्यपि फुटबल रङ्गशालामा दशौँ हजारौँ काला र गोरा इसाईहरू सँगै थिए, र जब उनले सन्देशको अन्तमा निमन्त्रणा दिए, हजारौँहरू हातसँग हात जोड्दै रुँदै अगाडि आए। त्यो मेरो प्रान्तमा पुरानो दक्षिणको अन्तको समय थियो। म कहिल्यै त्यसलाई बिर्सिने छैन।"

जर्ज डब्ल्यु. बुसको बुवा जर्ज एच. डब्ल्यु. बुस तीन जना पूर्वराष्ट्रपतिहरूमध्ये अन्तिममा बोल्ने व्यक्ति थिए। उनले भने, "नैतिकताको जागरण जसलाई बिलीले सल्किन सहायता गरे, अमेरिकाबाट सुरु भएर देशभरि डढेलोजस्तै फैलियो, र अन्तमा विश्वभरि नै फैलियो, त्यही ज्वालाले नै फलामको पर्दा पछाडि टाढा ठाउँहरूमा आशा सल्कायो, र अँगारलाई बलिरहने बनायो। जसरी स्वतन्त्र राष्ट्रहरूको एउटा गठबन्धन थियो, जसले भू-राजनीतिक खतराको सामु सँगै उभियो, त्यसै गरी नै महान् आत्मिक अगुवाहरूको एउटा भातृत्व थियो, जस्तै हाम्रो सम्मानित बिली ग्राहम र पोप जोन पाल दोस्रो, जसले अप्रभावित प्रभाव र उद्देश्यको शुद्धताको साथ हाम्रो समयको विश्वको समस्या समाधान गर्नुमा एउटा निर्णायक भूमिका खेले।"

राष्ट्रपति बुसले पछि उनको परिवारको चार पुस्ताको लागि बिली ग्राहमको दया र सल्लाह कति महत्त्वपूर्ण थियो भन्नेबारे बोले। उनले रुन सुरु गरे र श्रोताहरू उनी अगाडि बढ्नुभन्दा अगि आफूलाई नियन्त्रणमा ल्याउने बेलासम्म पर्खिरहे।

जर्ज बेवेर्ली शे र क्लिफ ब्यारोस सँगै मञ्चमा उभिए। बेव जो अहिले ९८ वर्षको थिए, उनको विशेष भजन "हाउ ग्रेट दौ आर्ट" लाई गाए, र सन् १९५७ मा न्यु योर्क सहरमा भएको क्रूसेडमा उनले त्यो गीतलाई पहिलो पल्ट अमेरिकी श्रोताहरूको बिचमा परिचित गराएको कुरालाई सम्झे। क्लिफ ब्यारोसले ५७ वर्ष अगि शार्लटमा बी.जी.इ.ए.का सदस्यहरू पहिलो पल्ट

भेला भएको कुराको बारेमा बोले।

त्यसपछि बिली बोल्नको लागि उठे। अहिले उहाँको कपाल हिउँजस्तो सेतो र लामो भइसकेको थियो, र सन्तुलनको लागि उनले पुलपिटलाई पक्रिराखे। तर यो वृद्ध सुसमाचार प्रचारकमा अझै पनि केही कुराहरू थियो, जुन आफ्ना श्रोताहरूसित जोडिन सक्थ्यो। बिलीको पहिलो वाक्यले सबैलाई हाँस्न लगायो। "मेरो आफ्नै अन्तिम संस्कारमा सहभागी भइरहेको जस्तो मलाई महसुस भइरहेछ।" उनले भने, "ती सबै भाषणहरूलाई सुन्दा मलाई थाहा छ, तिनीहरू सबैले साँचो रूपमा ती सबै भने। तर म अति नै सानो भएको महसुस गर्दै छु र ती सबैद्वारा विनम्र पारिएको छु, र ती कुराहरूको लागि म योग्य छैनजस्तो मलाई लाग्छ, किनभने त्यो एउटा समूह हो, जसले सँगै काम गऱ्यो, सँगै प्रार्थना गऱ्यो, सँगै यात्रा गऱ्यो र परमेश्वर आश्चर्यपूर्ण काम गर्नुहुन्छ भनी विश्वास गऱ्यो।

"यो पुस्तकालयमा अगि एकपल्ट आएको छु, र म आश्चर्यचकित भएको छु। यस पुस्तकालयलाई भ्रमण गर्दा मेरो एउटा टिप्पणी यो थियो, 'यहाँ अति धेरै बिली ग्राहम छ।' तपाईंहरूलाई थाहा छ, मेरो पूर्ण जीवन परमेश्वरलाई प्रसन्न पार्नु र येशूलाई आदर ल्याउन थियो, मलाई देख्न र मेरो बारेमा सोच्नको लागि होइन। तपाईंहरू अगि नै बेव शे र क्लिफ ब्यारोसबाट सुन्नुभयो, र तिनीहरू मेरो सेवा र काममा ठुलो भाग लिएका थिए। मलाई लाग्छ पत्रिकाहरू र सञ्चार माध्यमहरूले लेख्नको लागि मेरो नाम छाने, तर म वर्षौंहरू काम गरेको र प्रार्थना गरेको समयलाई सम्झन्छु, र म तिनीहरू सबैलाई धन्यवाद दिन चाहन्छु।"

बिलीले त्यसपछि आफ्नी श्रीमती रूथको बारेमा कुरा गरे। "म आज मेरी श्रीमती रूथलाई निकै सम्झिरहेको छु। अहिले छ महिना भयो, उनी ओछ्यानमा छिन्। म उनलाई भेट्न र हामीले सँगै बिताएका असल समयहरू सम्झन धेरै पटक उनको कोठामा जान्छु। आज म उनलाई सम्मान गर्न चाहन्छु, र उनलाई मैले कति माया गर्छु भन्न चाहन्छु, र उनी अद्भुत महिला थिइन् भन्ने बताउन चाहन्छु....

www.fcgmission.com

"मेरो पछाडि रहेको यो भवन केवल एउटा भवन हो। यो सुसमाचारको लागि एउटा साधन हो, यो एउटा उपकरण हो। प्रमुख कुराचाहिँ ख्रीष्टको सुसमाचार हो... म प्रार्थना गर्छु कि परमेश्वर यसलाई धेरै मानिसहरूसित बोल्नको लागि प्रयोग गर्नुभएको होस्, जो यहाँ आउँछन्; र मेरो लागि तपाईंको प्रार्थनाको आवश्यकता छ, र यहाँ आउनुभएको लागि म फेरि तपाईंहरूलाई धन्यवाद दिन चाहन्छु।"

बिली ग्राहम पुस्तकालयको मण्डली समर्पण कार्यक्रमको दुई हप्तापछि रूथ बेल ग्राहम आफ्नो ८७ वर्षको उमेरमा सन् २००७ जुन १४ तारिख आफ्नो परिवारका सदस्यहरूले घेरिएको अवस्थामा बितिन्। बिलीले उनको हातलाई अन्तसम्म पक्रिरहे। रूथको मृतक शरीर कारागारका कैदीहरूले बनाएको साधारण प्लाइउडको बक्सामा राखेर गाडियो। त्यो बक्साको मूल्य दुई सय डलर थियो। रूथले त्यही बक्साको लागि अनुरोध गरेकी थिइन् र बिलीले अनुमति दिएका थिए। त्यो रूथको जीवनको चिन्हको रूपमा रहेको अनुभव उनले गरे। रूथ सधैँ नै एउटा सरल र सरलतालाई मन पराउने व्यक्ति थिइन्, जो थिचोमिचोमा परेकाहरू र आवश्यकतामा परेकाहरूको वास्ता गर्थिन्।

रूथको अन्तिम संस्कारमा उनकी दिदी रोसाले तिनीहरूको चीनमा बितेको बाल्यकाल र रूथ र बिली कसरी भेटे भन्ने कुराको बारेमा बोलिन्। बिलीले पनि आफ्नो १९ जना नातिनातिनाहरू र अनगिन्ती पनातिपनातिनाहरूलाई अभिवादन गर्दै र सबैको प्रेम र सहयोगको लागि धन्यवाद दिँदै बोले। उनले तिनीहरूलाई भने कि उनी "अर्को एउटा अन्तिम संस्कार सेवाको लागि आशा साथ" पर्खिरहेछन्, उनी आफै पनि उनको वृद्ध शरीरबाट स्वतन्त्र हुनेछन्। उनले त्यसको लागि धेरै समय लाग्दैन भनी मान्थे। उनको यात्रा लामो छ भन्ने कुराको बारेमा उनलाई थाहा थिएन।

www.togmission.com

# अध्याय - १७

# जीवन र प्रभाव

रूथविनाको जीवनलाई स्वीकार गर्न बिलीलाई लामो समय लाग्यो। उनले उनीहरूको काठको भवनलाई घर बनाएकी थिइन्। उनीविना त्यो रित्तो देखियो, यद्यपि बिलीले आफूले सकेसम्म असल तरिकाले जीवनलाई अगाडि बढाइरहे। तर उनको संसार उनको पार्किन्सन्स रोग बढ्दै जाँदा र अन्य अरू प्रकारको रोग र कमजोरपनाले गर्दा साँघुरो हुँदै गयो। उनी अन्धा हुन लागे, र सुन्न पनि गाह्रो भयो, जसले धेरै प्रकारका कार्यक्रमहरूमा सहभागी हुनुलाई कठिन बनायो, र उनी दैनिक साजा जीवनबाट अलग्गिन बाध्य भए।

वर्षहरू बित्दै जाँदा धेरै पुराना साथीहरू र सहकर्मीहरूको निधन भयो, र तीमध्ये जर्ज बेवेर्ली शे पनि थिए। ६९ वर्ष अगि "रात्रीका गीतहरू" रेडियो कार्यक्रममा गीतहरू गाउनको लागि बिलीले भर्ना लिएको मानिस अहिले १०४ वर्षको उमेरमा बिते। बेव झन्डै बिलीको हरेक क्रूसेडमा गाएका थिए, ७० वटा एल्बम निकालेका थिए, र एउटा ग्रामी पुरस्कार र लाइफ टाइम अचिवमेन्ट पुरस्कार प्राप्त गरेका थिए। तर बिलीको लागि उनी पहिलो एउटा घनिष्ठ मित्र थिए। व्हिल चेयरमा अक्सिजनको सहयोगमा नै रहन बाध्य भएको हुँदा पनि बिलीले बेव शेको अन्त्येष्टि कार्यक्रममा सहभागी हुन जिद्दी गरे।

जब बिलीको ९५ औँ जन्म दिवस आउन लागेको थियो, बिली ग्राहम एभाञ्जेलिकल एसोसिएसनले उनको जीवन र त्यसको प्रभावको उत्सवलाई विशेष तरिकाले मनाउने निर्णय गरियो।

सन् २०१३ नोभेम्बरमा बी.जी.इ.ए.ले घरेलु सङ्गतिहरू र मण्डलीहरूमा

इसाईहरूले प्रयोग गर्न सक्ने गरी “माइ होप अमेरिका विथ बिली ग्राहम” नामक एउटा भिडियो सुसमाचारीय पाठ्यक्रम सुरु गरियो। त्यो भिडियोहरूमा बिलीको शिक्षा र प्रचार र सुसमाचारद्वारा परिवर्तन भएकाहरूको जीवनबाट कथाहरू समावेश हुन्थ्यो। बिलीले पनि अन्तिममा आफ्नो व्यक्तिगत सन्देश पनि त्यसमा जोड्ने गर्थे।

बी.जी.इ.ए.को वेबसाइटमा पछि प्रकाशन गरिएको चिठीमा बिलीले यसरी लेखे, “यो देशमा परमेश्वरको हस्तक्षेपको आवश्यकता चाहेको समय कहिल्यै थियो भने त्यो अहिले हो। हामीले एक भएर अमेरिकाको लागि प्रार्थना गर्न सकिन्छ र गर्नुपर्छ, तर याद गर्नुहोस्, कि जब परमेश्वरले एउटा राष्ट्रलाई बदल्न सुरु गर्नुहुन्छ, त्यो उहाँले मानिसहरूलाई बदलेर सुरु गर्नुहुन्छ। यो व्यक्तिहरूबाट सुरु हुन्छ।”

त्यो व्यक्तिहरू नै सदाभर बिली ग्राहमको सेवाको केन्द्र थिए। माइ होप अमेरिकाको सुरुवातको केही दिनहरूमा नै त्यसबारेका गवाहीहरू बी.जी.इ.ए.को कार्यालयमा ओइरिन थाले।

मिनेसोटाको एक जना जेम्स भन्ने व्यक्तिले इमेलद्वारा बताए कि पाठ्यक्रम शृङ्खलाको मूल भिडियोको रूपमा रहेको “द क्रस” लाई हिरासत केन्द्रमा उनले देखाए, जहाँ ५१ जना मानिसहरू त्यसलाई हेरेपछि ख्रीष्टलाई पछ्याउने निर्णय गरे।

टेक्ससमा एक जना घरको रेखदेख गर्ने टेरेसा भन्ने स्त्रीले माइ होप अमेरिका भिडियोलाई आफूसँग काम गर्ने ७ जना स्पानिस भाषा बोल्नेहरूलाई देखाइन्। उनी हरेक सहभागीको लागि प्रार्थना गरिरहेकी थिइन्। उनीहरूलाई स्पानिस भाषामा भिडियो देखाउँदा ६ जनाले ख्रीष्टलाई पछ्याउने निर्णय गरे, र सातौँले आफूलाई पुनः आफूलाई येशूमा अर्पण गरे।

अमेरिकी जलसेनाका जहाजहरूमा माइ होप अमेरिका कार्यक्रमलाई प्रदर्शन गरेको खबर जलसेनाको पादरीले दिए। ५० जना कार्यक्रमको

सुरुवातमा सहभागी भए, र ६ जनाले ख्रीष्टलाई ग्रहण गर्ने प्रार्थना गरे। पादरी भिडियोलाई विमानहरू बोक्ने जहाजहरूमा पनि केही समयमा प्रदर्शन गर्ने विचारमा थिए।

बिस्कन्सिनका एक जना जोन भन्ने पास्टरले "अप्रेसन ख्रीष्टमस चाइल्ड" कार्यक्रमको आयोजना आफ्नो मण्डलीमा गरेका थिए। उनले भने ६५ जना मानिसहरू आएका थिए, र १७३ वटा उपहारका बक्साहरू तयार पारेका थिए। त्यसपछि ५० जना माइ होप अमेरिका भिडियो हेर्नका लागि बसे, र दुई जनाले ख्रीष्टलाई ग्रहण गरे। साथै बिस्कन्सिनका एक जना बाइबल शिविर चलाउने व्यक्तिले वरिपरिका समुदायका मानिसहरूलाई खेलकुदमा सहभागी हुन र "द क्रस" कार्यक्रमलाई हेर्न निम्तो दिए। ४० जना कार्यक्रममा सहभागी हुन भेला भए, र उनीहरूमध्ये कोही पनि इसाईहरू थिएनन्। सुसमाचारको घोषणालाई सुन्नु उनीहरूको लागि यो पहिलोपल्ट थियो।

यी र अन्य यस्ता घटनाहरू बिली ग्राहमले आशा गरेको र प्रार्थना गरेको कुराहरूका गवाहीहरू हुन्: देशभरि एक व्यक्तिदेखि अर्को व्यक्तिमा फैलिरहने एउटा निरन्तर सुसमाचार प्रचार।

द क्रस भिडियोलाई, जुन उनको अमेरिकाको लागि अन्तिम सार्वजनिक सन्देश थियो, आफ्नो एउटा पुरानो सुसमाचारीय सभाको भिडियोको एक टुक्राद्वारा अन्त गरे। त्यो भिडियोको टुक्रामा उनले यसरी घोषणा गरेका थिए, "उहाँ जीवित हुनुहुन्छ! म मेरो जीवनलाई मरेको ख्रीष्टलाई दिएको होइन, तर एउटा जीवित ख्रीष्टलाई, र उहाँले गाउन मलाई एउटा गीत दिनुभएको छ; उहाँले पछ्याउन मलाई एउटा झन्डा दिनुभएको छ। मेरो अस्तित्वको एउटा कारण छ। म कहाँबाट आएँ भनी मलाई थाहा छ। म यहाँ किन छु भनी मलाई थाहा छ। र म कहाँ जाँदै छु भनी मलाई थाहा छ। तपाईंलाई थाहा छ?"

यो नै झन्डै ८० वर्ष हरेक दिन बिलीले प्रचार गरेको सन्देशको सारांश थियो।

# अध्याय - १८

# अन्तिम समयहरू

*(अनुवादकद्वारा परिशिष्ट)*

बिली ग्राहमको अन्तिम वर्षहरू एकान्तमा र बिग्रँदो स्वस्थको साथ बित्यो, जुन समयहरूलाई उनले लेख्नु र अध्ययन र प्रार्थनामा बिताए। सन् २०१३ पछाडि उनी सार्वजनिक जीवनबाट पूर्ण रूपमा अलग भइसकेका थिए। उनको छोरो फ्र्याङ्कलिम ग्राहमले बी.जी.इ.ए. को जिम्मेवारी सम्हाले, र बुवाको पाइला पछ्याउँदै विभिन्न सहरहरू र देशहरूमा सुसमाचारीय क्रूसेडहरू आयोजना गर्दै अगाडि बढे।

सन् २०१५ मा बिली ग्राहमले ९७ वर्षको उमेरमा दुइटा किताबहरू विमोचन गरे। एउटा "गड्स गुड न्युज बाइबल स्टोरीबुक" थियो, जुनचाहिँ बालबालिकाहरूको बिचमा सुसमाचार लैजाने उद्देश्यमा थियो। अर्कोचाहिँ अनन्तताको बारेमा उनले लेखेको किताब "ब्यार आइ एम"। उनको प्रचारकको जीवन प्रायः अन्त भइसकेको यो समयहरूमा उनले आफ्नो हृदयको आशाको बारेमा, जसलाई उनले विगतका सत्तरी वर्षहरूभन्दा बढी प्रचार गरेका थिए, यस किताबमा लेखे।

सन् २०१७ नोभेम्बर ७ तारिख बिली ग्राहमको ९९ वर्षको जन्मोत्सवलाई बी.जी.इ.ए. ले विशेष तरिकाले मनायो। उनी उठ्न नसकेको अवस्थामा आँखा धमिलो भएको अवस्थामा जिइरहेको हुँदा अति एक्लोपनको महसुस गरे, यद्यपि उनको अनन्ततामाथिको आशा अझै प्रोज्ज्वल हुँदै गएको थियो, र त्यसले उनलाई थाम्यो।

सन् २०१८ फेब्रुअरी २१ तारिख बिहान ७:४६ बजे, मान्ट्रीटस्थित आफ्नो निवासमा उनको निधन भयो। अमेरिकाको न्यु योर्क पोस्ट देखि चीनका पत्रिकासम्म, सबै पत्र–पत्रिकाहरूले उनको मृत्युको खबर प्रकाशित गरे।

विश्वभरका विभिन्न राष्ट्रका राष्ट्रप्रमुखहरूले उनको परिवारलाई शोक सन्देश पठाए। सामाजिक सञ्जाल शोक र समवेदनाले भरियो।

उनको पार्थिव शरीरलाई अमेरिकाको व्यवस्थापिका संसद् भवन क्यापिटलमा आदरपूर्वक फेब्रुअरी २८ देखि मार्च १ तारिखसम्म राखियो। यस्तो उच्च सम्मान प्राप्त गर्ने गैरसरकारी अमेरिकी नागरिकहरूमध्ये उनी चौथो व्यक्ति थिए।

मार्च २ तारिख, नर्थ क्यारोलिनाको शार्लटमा एउटा सामूहिक स्मृति सभाको आयोजना गरियो, जसमा त्यति बेलाका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प तथा पूर्व राष्ट्रपतिहरू जर्ज डब्ल्यु. बुस र बिल क्लिन्टन सहभागी भए। साथै, अमेरिकाका ख्यातिप्राप्त पास्टरहरू, सुसमाचार प्रचारकहरू, र उनका परिवारका सदस्यहरू पनि उपस्थित थिए।



अमेरिकी समाजमाथि उनले पारेको विशाल प्रभावको कदरस्वरूप, सन् २०२४ मे १६ मा बिली ग्राहामको कांस्य प्रतिमा अमेरिकी क्यापिटलको नेशनल स्ट्याच्युरी हलमा अनावरण गरियो। उत्तर क्यारोलिनाका कलाकार चास फागानद्वारा निर्मित ७ फुट अग्लो यो मूर्तिमा ग्राहामलाई खुला बाइबल समात्दै प्रचार गरिरहेको जस्तो देखाइएको छ, जहाँ

गलाती ६:१४ उत्कीर्ण गरिएको छ। मूर्तिको आधारमा यूहन्ना ३:१६ र यूहन्ना १४:६ लेखिएको छ। यस सम्मानसँगै, ग्राहाम अमेरिकी इतिहासमा तीन उच्च कंग्रेसियल सम्मान प्राप्त गर्ने चौथो व्यक्ति बने।

बिली ग्राहमको लामो सेवकाइका समयहरूमा उनी र उनको टोलीका सदस्यहरूले निष्ठतासाथ आफ्नो दौडलाई पूरा गर्नु पछाडि रहेका कुराहरूमध्ये एउटा महत्त्वपूर्ण कुराचाहिँ उनीहरूले मोडेस्टोमा आयोजित क्रूसेडको क्रममा सन् १९४८ मा आफ्नो लागि बनाएको एउटा विधि थियो, जसलाई पछिका समयहरूमा "बिली ग्राहमको विधि" अथवा "मोडेस्टो म्यानिफेस्टो" भनी चिनिन्थ्यो।

बिली ग्राहमले आफ्नो आत्म जीवनी किताब "जस्ट एस आइ एम" (Just As I Am) मा मोडेस्टोमा यी व्यक्तिहरूले आर्थिक इमानदारी, यौन नैतिकता, प्रचार, र स्थानीय मण्डलीसँगको साझेदारीको सन्दर्भमा गरेका प्रतिबद्धताहरूको विस्तृत वर्णन गरेका छन्।

उनले किताबमा यसरी उल्लेख गरेका छन् :

*"एक दिउँसो मोडेस्टो सभाहरूको क्रममा मैले टोलीलाई समस्याहरूबारे छलफल गर्न बोलाएँ। त्यसपछि मैले उनीहरूलाई एक घण्टाको लागि आफ्नो कोठामा जान र प्रचारकहरू तथा सुसमाचार प्रचारले सामना गर्ने सबै सम्भावित समस्याहरूको सूची बनाउन अनुरोध गरेँ।*

*जब उनीहरू फर्किए, सूचीहरू उल्लेखनीय रूपमा समान थिए, र छोटो समयमै हामीले भविष्यको सुसमाचार प्रचार कार्यलाई मार्गनिर्देशन गर्ने प्रतिबद्धताहरूको शृङ्खला बनायौँ। यो वास्तवमा हामीभित्रको एक अनौपचारिक समझदारी थियो—एक साझा प्रतिबद्धता कि हामीले सकेसम्म बाइबलको पूर्ण निष्ठता र पवित्रताको मापदण्ड पालन गर्नेछौँ।*

*हाम्रो संयुक्त सूचीको पहिलो बुँदा पैसा थियो। त्यति बेला अधिकांश सुसमाचार प्रचारकहरू, हामीसमेत, सभाहरूमा सङ्कलित भेटीमा निर्भर थियौँ। केही प्रचारकहरूमा अत्यधिक भावनात्मक अनुरोध गरेर श्रोताहरूबाट सकेसम्म धेरै पैसा उठाउने प्रलोभन*

*अत्यन्तै ठुलो थियो। थप रूपमा वित्तीय पारदर्शिता न्यून वा नभएको जस्तै थियो। यो सजिलै दुरुपयोग गर्न सकिने व्यवस्था थियो—र यसले प्रचारकहरूलाई पैसाका लागि मात्र प्रचार गर्ने आरोपको सामना गर्न बाध्य पार्‍थ्यो।*

*मैले युथ फर क्राइस्ट (YFC) बाट तलब लिइरहेको थिएँ, र YFC सभाहरूबाट उठेको भेटी सोही संस्थाका समितिलाई हस्तान्तरण गरिरहेको थिएँ, तर मेरो नयाँ स्वतन्त्र सहर व्यापी अभियानहरूको लागि छुट्टै वित्तीय स्रोतको आवश्यक पर्दै थियो। मोडेस्टोमा हामीले सम्भावित आर्थिक दुरुपयोग रोक्न जति सक्दो प्रयास गर्ने र भेटीलाई कम प्राथमिकता दिँदै सकेसम्म स्थानीय समितिले अगिबाटै सङ्कलन गरेको रकममाथि निर्भर हुने निर्णय गर्‍यौँ।*

*सूचीको दोस्रो बुँदा यौन अनैतिकताको जोखिम थियो। हामीले प्रचारकहरू आफ्ना परिवारबाट टाढा यात्रा गर्दा अनैतिकतामा फसेका धेरै घटनाहरू सुनेका थियौँ। हामीले आफूहरूलाई कुनै पनि शङ्का वा सन्देहजनक स्थितिबाट टाढा राख्ने प्रण गर्‍यौँ। त्यस दिनदेखि मैले मेरी श्रीमतीबाहेक अरू कुनै महिलासँग एक्लै यात्रा, भेटघाट वा भोजन नगर्ने प्रण गरेँ। हामीले प्रेरित पावलले युवा पादरी तिमोथीलाई दिएको निर्देशनलाई आफ्नो मार्गनिर्देशन बनायौं: "अनि जवानीका अभिलाषाहरूदेखि भाग।" (२ तिमोथी २:२२, टि.बि.एस)।*

*हाम्रो तेस्रो चिन्ता भनेको धेरै सुसमाचार प्रचारकहरूको प्रवृत्ति थियो, जसमा उनीहरू स्थानीय मण्डलीभन्दा बाहिर बसेर कार्य गर्थे, यहाँसम्म कि खुलेर पादरीहरू र मण्डलीहरूको आलोचना गर्थे। तर हामी विश्वस्त थियौँ कि यस्तो प्रवृत्ति मात्र विपरीत परिणाम ल्याउने थिएन, यो बाइबलको दृष्टिकोणबाट पनि गलत थियो। त्यसैले हामीले सुसमाचार प्रचारमा हामीसँग सहकार्य गर्न इच्छुक सबैसँग सहकार्य गर्ने र मण्डलीविरोधी वा पादरीविरोधी दृष्टिकोणबाट टाढै रहने सङ्कल्प गर्‍यौँ।*

*चौथो र अन्तिम मुद्दा प्रचारप्रसार थियो। केही प्रचारकहरू आफ्नो सफलताहरूको बढाइचढाइ गर्न वा वास्तविकभन्दा धेरै ठुलो सहभागिता भएको दाबी गर्न इच्छुक हुन्थे। यसले सुसमाचार प्रचारलाई बदनाम ल्याउँथ्यो र पूरै प्रयासलाई शङ्कालु देखाउँथ्यो। यसले प्रायः सुसमाचार प्रचारहरूप्रति मिडियालाई शङ्कालु बनाउँथ्यो, र तिनीहरूले प्रचारकहरूको कामलाई कदर गर्न इन्कार गर्थे। त्यसैले हामीले मोडेस्टोमा प्रचारप्रसार र प्रतिवेदनमा*

*निष्ठता कायम गर्ने सङ्कल्प गर्‍यौँ।"*

यो निष्ठताको उच्च मापदण्डलाई पालन गर्ने सङ्कल्पले बिली ग्राहम र उनको टोलीलाई अन्तसम्म हजारौँ परीक्षाहरूबाट जोगायो।

बिली ग्राहमको यो अपूर्व सफलतालाई हेर्दै गर्दा हामीले उनले आफ्ना अन्तिम समयहरूमा पछुताएका कुराहरूमा पनि ध्यान दिनु अति उत्तम हुन्छ, जसले हामीलाई उस्तै कुराहरूको लागि पछि पछुताउनुबाट जोगाउँछ।

उनको आफ्नै शब्दले बिली ग्राहमले आफ्नो जीवन र सेवाको बारेमा यस्तो भनेका थिए: *"मैले मेरो जीवनलाई फर्केर हेर्दा धन्यवादी हुनुपर्ने धेरै कुराहरू भए तापनि मैले पछुताउने कुराहरू पनि धेरै छन्। म धेरै पल्ट असफल भएको छु, र धेरै कुराहरूलाई फरक तरिकाले गर्नेछु। एउटा कुराचाहिँ म कम प्रचार गर्नेछु, र बढी अध्ययन गर्नेछु, र मेरो परिवारको साथ बढी समय बिताउने छु।*

*अझ बढी ख्रीष्टजस्तो हुन सकूँ भनी परमेश्वरको नजिक हुन खोज्दै म आत्मिक विकासको लागि बढी समय बिताउने छु। म प्रार्थनामा अझै बढी समय बिताउनेछु, मेरो लागि मात्रै होइन, तर अरूको लागि पनि। म बाइबललाई अध्ययन गर्दै र त्यसको सत्यलाई मनन गर्दै बढी समय बिताउनेछु, प्रवचनको तयारीको लागि मात्रै होइन, तर त्यसको सन्देशलाई मेरो जीवनमा अपनाउनको लागि। मेरो स्थानमा भएको जसलाई पनि धर्मशास्त्रलाई त्यसका पानाहरूमा परमेश्वरले मेरो लागि राख्नुभएको सन्देशलाई बेवास्ता गर्दै भविष्यको प्रवचनमाथि ध्यान राखेर अध्ययन गर्नु अति सजिलो हुन पुग्छ।*

*र मैले अन्य इसाईहरूसितको सम्बन्धमा पनि बढी ध्यान दिनेछु, जसले मलाई सिकाउन, र उत्साह दिन, र आवश्यक परेमा हप्काउन पनि सक्छन्।*

*मैले कुनै पनि स्थितिमा नपछुताउने एउटा कुरा छ, त्योचाहिँ धेरै वर्ष अगि ख्रीष्टको सुसमाचारको प्रचारकको रूपमा सेवा गर्न परमेश्वरले दिनुभएको बोलावटलाई स्वीकार गर्नु हो।"*

बिली ग्राहमले पछुताएको अर्को एउटा कुरा पनि थियो, उनले त्यसको

बारेमा आफ्नो किताबमा यस्तो लेखेका थिए: *"कहिलेकाहीँ म निस्सन्देह राजनीति र सुसमाचार प्रचारकको रूपमा मेरो बोलावट बिचको सीमारेखालाई नाघेको छु । एक सुसमाचार प्रचारकलाई मात्र एक कार्यको लागि बोलाइन्छ, र त्यो एक मात्र कुरा केवल सुसमाचारको घोषणा गर्नु हो । पूर्ण रूपमा राजनीतिक भएका समस्याहरूमा अथवा पक्षपातपूर्ण राजनीतिमा संलग्न हुनु अनिवार्य रूपमा सुसमाचार प्रचारकको प्रभावलाई कमजोर पार्छ र उनको सन्देशलाई सम्झौतापूर्ण बनाउँछ । । यो मैले पहिले नै सिकेको भए हुन्थ्यो भनी चाहने एउटा पाठ हो ।"*

सन् २०१३ मा फक्स न्युजसँग भएको बिली ग्राहमको एउटा अन्तर्वार्तालाई यहाँ उल्लेख गर्नु अति लाभदायक हुन्छ होला।

*पत्रकार: "यदि तपाईंले सबै कुरा दोहोऱ्याएर गर्नुपऱ्यो भने के तपाईंले फरक तरिकाले गर्नुहुन्छ ?"*

*बिली ग्राहम: "हो । म अझै अध्ययन गर्नेछु । म अझै प्रार्थना गर्नेछु । म कम यात्रा गर्नेछु । प्रचारका अवसरहरू कम स्वीकार गर्नेछु । मैले विश्वका धेरै ठाउँहरूमा त्यस्ता धेरै अवसरहरू स्वीकार गरेका थिएँ । यदि मैले फेरि दोहोऱ्याएर गर्नुपऱ्यो भने मैले अध्ययन, र प्रार्थना, र प्रभुलाई मैले कति प्रेम गर्छु, र आदर गर्छु भन्ने कुरालाई बताउनुमा बढी समय बिताउनेछु । म हामीले अनन्ततामा बिताउन गइरहेको समयको आशामा पर्खिरहेको छु ।"*

*पत्रकार: "यति धेरै श्रोताहरूले तपाईंको प्रवचनलाई सुनेको हुँदा किन तपाईं कम प्रचार गर्न चाहनुहुन्छ ?"*

*बिली ग्राहम: "मैले विशाल रङ्गशालाहरूमा कम बोल्नेछु भनी भन्न खोजेको होइनँ, मैले भनेको चाहिँ सम्मेलनहरू र विश्वका अन्य विभिन्न ठाउँहरूमा विशेष गरी बेलायत र संयुक्त राज्यमा बोल्न पाएका निम्तोहरूलाई कम गर्नेछु । किनभने म ती ठाउँहरूमा पुग्नको लागि यात्रा गर्थें र मलाई सोच्न, अध्ययन गर्न र प्रार्थना गर्न समयको अभाव भयो, र मलाई त्यसको लागि समय चाह्यो । यदि म फेरि दोहोऱ्याएर गर्नुपऱ्यो भने म अझै राम्रो तरिकाले सबै कुराको व्यवस्थापन गर्न प्रयास गर्नेछु ।"*

आज हामी परिणामहरूलाई लक्ष्य बनाएर दौडिरहेका छौँ, तर माध्यमलाई

वास्ता गर्दैनौँ। परिणामहरू परमप्रभुबाटका हुन्, माध्यमको लेखा हामीले दिनु पर्छ।

नर्थ क्यारोलिनाको शार्लटस्थित एउटा फार्ममा जन्मेका बिली ग्राहमले आफ्नो जीवनभर झन्डै १८५ राष्ट्रमा प्रचार गरेका थिए। उनले ४०० भन्दा बढी क्रूसेडमार्फत झन्डै २१ करोड मानिसलाई सुसमाचार प्रचार गरेका थिए। ती सबै व्यस्तताका बाबजुद, उनले ३४ वटा पुस्तक पनि लेखेका थिए, र उनको सेवाको प्रभाव प्रायः विश्वका सबै समुदायहरूमा पुगेको छ।

बिली ग्राहमजस्ता समर्पित रूपमा बोलावटको पछि लाग्ने (इच्छाको पछि होइन) मानिसहरूको खाँचो आज पनि छ, जसको समर्पणताको आधार आफ्नो मालिकप्रतिको प्रेम र उहाँलाई खुशी तुल्याउने इच्छा बाहेक अरू केही हुँदैन।

के परमप्रभुले तपाईंलाई बोलाउनुभएको छैन र? *“म कसलाई पठाऊँ? र हाम्रा निम्ति को जाला?”* भन्ने यशैयाले सुनेको त्यो वाणी आज पनि गुन्जिरहेको छ। अन्धकारमा जीवन बिताइरहेका मानिसहरू तपाईँले ल्याउने सन्देशको लागि पर्खिरहेका छन्। एक क्षण आफ्नो स्थानमा घुँडा टेकेर परमप्रभुलाई भन्नुहोस्, *“म यहाँ छु; मलाई पठाउनुहोस्!”*